# लोकनाथ पुडासैनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर
तह द्वितीय वर्षको दसौँ पत्रको आंशिक
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**
**मोदनाथ पौडेल**
पाटन संयुक्त क्याम्पस,
नेपाली शिक्षण समिति
नेपाली स्नातकोत्तर कार्यक्रम
पाटनढोका, ललितपुर

२०७१

# लोकनाथ पुडासैनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर

तह द्वितीय वर्षको दसौँ पत्रको आंशिक

प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**मोदनाथ पौडेल**

शैक्षिक सत्र : २०६५/०६६

रोल नं. २३/०६५

परीक्षा क्रमाङ्क : २२००४०

त्रि.वि.दर्ता नं. : ९-२-२२९-५३-२००७

पाटन संयुक्त क्याम्पस, नेपाली शिक्षण समिति

नेपाली स्नातकोत्तर कार्यक्रम

पाटनढोका, ललितपुर



२०७१

**शोध निर्देशक : प्रा.डा.कृष्णप्रसाद दाहाल**

# लोकनाथ पुडासैनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर

तह द्वितीय वर्षको दसौँ पत्रको आंशिक

प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र

**शोधार्थी**


**मोदनाथ पौडेल**

शैक्षिक सत्र : २०६५/०६६

रोल नं. २३/०६५

परीक्षा क्रमाङ्क : २२००४०

त्रि.वि.दर्ता नं. : ९-२-२२९-५३-२००७

पाटन संयुक्त क्याम्पस, नेपाली शिक्षण समिति

नेपाली स्नातकोत्तर कार्यक्रम

पाटनढोका, ललितपुर


२०७१

# सिफारिस पत्र

शोधार्थी श्री **मोदनाथ पौडेल**ले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तहको दोस्रो वर्षको दसौँपत्रको आंशिक परिपूर्तिका निम्ति प्रस्तुत गर्नु भएको **लोकनाथ पुडासैनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । उहाँले शोधविधिकै मान्यतामा रहेर यो शोधपत्रको लेखन सम्पन्न गर्नु भएको छ । पौडेलको प्राज्ञिक कार्यबाट म सन्तुष्ट छु । उहाँको शोधपत्रको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली शिक्षण समिति, स्नातकोत्तर कार्यक्रम समक्ष सिफारिस गर्दछु । .

.....................................

**प्रा.डा.कृष्णप्रसाद दाहाल**

**शोध निर्देशक**

**नेपाली स्नातकोत्तर कार्यक्रम**

**पाटन संयुक्त क्याम्पस**

**पाटनढोका, ललितपुर**

**मिति** : २०७१/१०/२५

# स्वीकृति पत्र

शोधार्थी श्री **मोदनाथ पौडेल**ले नेपाली स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको आंशिक परिपूर्तिका निम्ति प्रस्तुत गर्नु भएको **लोकनाथ पुडासैनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रको आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ :

**प्रा.डा.कृष्णप्रसाद दाहाल**
**शोध निर्देशक** ..........................
**नेपाली स्नातकोत्तर कार्यक्रम**
**पाटन संयुक्त क्याम्पस**

**सहप्रा. अच्युतराज पराजुली**
**संयोजक** ..........................
**नेपाली स्नातकोत्तर कार्यक्रम**
**पाटन संयुक्त क्याम्पस**

**प्रा.डा.जगदीशचन्द्र भण्डारी**
**विभागीय प्रमुख** ..........................
**नेपाली शिक्षण समिति**
**पाटन संयुक्त क्याम्पस**

**श्री अच्युतरमण अधिकारी**
**बाह्य परीक्षक** ..........................

**मिति :** २०७१/१०/२५

# कृतज्ञताज्ञापन

सिन्धुली जिल्लाको सदरमुकाम सिन्धुलीगढीबाट २५ कि.मी. उत्तरपूर्व बितिजोर गा.वि.स. वडा नं. ३ अवस्थित प्राकृतिक छटाले भरिपूर्ण धारापानी गाउँमा पिता श्री शंकरप्रसाद पौडेल र माता रमादेवी पौडेलको कोखबाट जन्मेका चार सन्तानमध्ये तीन जना बहिनीहरूमा इन्दिरा, लक्ष्मी, सीता पौडेल मध्ये पहिलो सन्तानको रूपमा मलाई जन्म दिई उचित पालन पोषणका साथ सु-संस्कारको पाठ सिकाई यहाँसम्म ल्याई पुऱ्याउनु भएकोमा उहाँहरूप्रति सदा ऋणी रहेको छु । जीवनमा विद्या नै सर्वश्रेष्ठ धन हो भन्ने भावना बोक्नु भएका मेरा बुबाआमाले मेरो प्रारम्भिक शिक्षा घरनजिकै रहेको श्री प्राथमिक विद्यालय धारापानीमा गरिदिने सोचका साथ भर्ना गरिदिनुभयो । विद्यालयको पढाइले मात्र नपुग्नेदेखि घरमा शिक्षक राखी मेरो पढाइलाई अगाडि बढाइदिनु भयो । मैले त्यही विद्यालयबाट प्राथमिक शिक्षा पूरा गरी गाउँमा माध्यमिक विद्यालय नभएकाले गाउँबाट एक घण्टाको पैदल हिंडेर पुगिने श्री शारदा निम्नमाध्यमिक विद्यालय बेखटाडीबाट कक्षा ८ सम्मको निम्नमाध्यमिक शिक्षा हासिल गरेँ । जतिसुकै कठिन परिस्थिति आए पनि शिक्षाको सचेतनाले गर्दा मेरा बुबाआमाले माध्यमिक शिक्षाको लागि मामाघरमा बसेर अध्ययन गर्ने गरी श्री कमला माध्यमिक विद्यालय भुलवाही, सिन्धुलीमा भर्ना गरिदिनुभयो । त्यहीबाट एस. एल.सी. उत्तीर्ण गरी +२ को लागि घरबाट सामल बोकी रामेछाप बजारमा कोठा लिई श्री गौरी शंकर उ.मा.वि. मा भर्ना भई सोही +२ बाट आइ. एड. उत्तीर्ण गरेको हुँ ।

मातापिताको पेसा कृषि भएकोले घरको आर्थिक अवस्था पनि त्यति राम्रो थिएन । वर्षभरि खेतबारीमा काम गर्दा पनि एक वर्ष खान पनि धौँ धौँ पर्थ्यो । घरको खर्चको आय स्रोतको अर्को बाटो कुनै थिएन । घरको आर्थिक अवस्थासँग जुध्दै मैले पढाइलाई अगाडि बढाउने निर्णय गरेँ । त्यसै अनुरूप जनकपुर गएर काम पनि गर्ने र पढाइलाई पनि अगाडि बढाउने सोचका साथ जनकपुर गएँ । जनकपुर क्याम्पस जनकपुरधाममा रातिको कक्षामा भर्ना भएर दिउँसो काम गर्ने र आफ्नो पढाइलाई पनि अगाडि बढाउने गरी बी. एड. मा अध्ययन गर्न थाले । राति कलेज जाने र दिउँसो बोडिङ स्कुलमा पढाउन थाले । जसले गर्दा मेरो पढाइ र कामलाई एकैचोटी समाना गर्नु पर्दा म त्यति बेला साह्रै कठिन अवस्थामा गुज्रिनु पऱ्यो । दु:ख नै जीवन हो भन्दै संघर्ष गर्दै गर्दा जनकपुर क्याम्पसबाट बी. एड. उत्तीर्ण गरी एम. ए. पढ्ने सोचका साथ काठमाडौँ आएपछि फेरि मलाई आर्थिक समस्याले पिरोल्यो । भाग्यवशले मैले फेरि पठाउने काम पाएँ । त्यही कामबाट एम. ए. पढ्ने खर्च र

कोठाभाडा, खाने, बस्ने दुःखले चलाएर पाटन क्याम्पसमा भर्ना भई सोही क्याम्पसबाट एम. ए. पनि उत्तीर्ण गरेँ ।

त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तह द्वितीय वर्षको अध्ययन पूरा गर्ने क्रममा शोधपत्र (५१०) तयार पार्नु पर्ने भएकोले मैले सो पाठ्यांश पूरा गर्नका लागि **लोकनाथ पुडासैनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षक चयन गरेको हुँ । उक्त शीर्षकमा प्रतिवेदन तयार पार्न सहयोग गर्ने पाटन संयुक्त क्याम्पसका नेपाली विषयका आदरणीय शोधनिर्देशक गुरु प्रा.डा. कृष्णप्रसाद दाहालप्रति हार्दिक आभार व्यक्त गर्दछु । मेरो अध्ययनका क्रममा आवश्यक परामर्श र सर-सल्लाह प्रदान गरी सहयोग गर्ने नेपाली शिक्षण समितिप्रति पनि आभारी छु । स्नातकोत्तर कार्यक्रमका संयोजक सहप्रा. अच्युतराज पराजुली र विभागीय प्रमुख प्रा.डा.जगदीशचन्द्र भण्डारीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

आफ्नो कृति र व्यक्तित्वका बारेमा सम्पूर्ण कुरा प्रस्ट रूपमा भनी दिएर मेरो लेखन कार्यमा हौसला प्रदान गरिदिनु हुने आदरणीय शोधनायक लोकनाथ पुडासैनी धन्यवादका पात्र हुनुहुन्छ । यसका साथै मलाई अध्ययन सामग्री सङ्कलनमा सधैँ हौसला प्रदान गर्ने मेरा मित्र नवराज तिमल्सिना, यतिराम दाहालले गर्नु भएको योगदान म भुल्न सक्दिनँ । मलाई सधैँ सही दिशामा हिँड्न हौसला प्रदान गर्ने मेरा आदरणीय दाजु नारायणप्रसाद पौडेललाई धन्यवाद दिन्छु र लेखनकार्यमा सहयोग गर्ने मेरी जीवनसाथी गीता पौडेल तिमल्सिनालाई स्नेहसिक्त आशीर्वाद दिन्छु ।

यो शोधपत्र तयार पार्ने क्रममा कम्प्युटर कार्यमा सहयोग गर्ने हिमाल जि.सी.लाई धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधप्रत्रको उचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली शिक्षण समिति स्नातकोत्तर कार्यक्रम पाटन संयुक्त क्याम्पसमा प्रस्तुत गर्दछु ।

....................

**मोदनाथ पौडेल**

नेपाली स्नातकोत्तर कार्यक्रम

पाटन संयुक्त क्याम्पस

पाटनढोका, ललितपुर

# सङ्क्षेपीकृत शब्द

| | | |
|---|---|---|
| अ.प्र. | : | अप्रकाशित |
| आई.ए . | : | इन्टरमेडियट अफ आर्टस |
| आइ. एड. | : | इन्टरमिडियट अफ एजुकेशन |
| आ.व. | : | आर्थिक वर्ष |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| उ.म.न.पा. | : | उपमहानगरपालिका |
| उप.प्रा. | : | उप-प्राध्यापक |
| इ. | : | इन्जिनियर |
| ए.सं. | : | एघारौं संस्करण |
| एम.ए. | : | मास्टर अफ आर्टस |
| एस.एल.सी. | : | स्कुल लिभिङ्ग सर्टिफिकेट |
| एमाले | : | एकीकृत माक्सवादी-लेलिनवादी |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| चौ.स. | : | चौथो संस्करण |
| डा. | : | डाक्टर |
| जु.इ. | : | जुनियर इन्जिनियर |
| इ.अ.सं. | : | इन्जिनियर अध्ययन संस्थान |
| त्रि.वि. | : | त्रिभुवन विश्व विद्यालय |
| ते.सं. | : | तेस्रो संस्करण |
| दो.सं. | : | दोस्रो संस्करण |
| नं. | : | नम्बर |
| न.पा. | : | नगरपालिका |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| ने.रा.प्र.प्र. | : | नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान |

| | | |
|---|---|---|
| ने.सं. | : | नेपाल सम्वत् |
| ने.का. | : | नेपाली काङ्ग्रेस |
| प्र.अ. | : | प्रधानाध्यापक |
| प्रा. | : | प्राचार्य/प्राध्यापक |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| प्रा.डा. | : | प्राध्यापक डाक्टर |
| प्रा.रा.यु.सं | : | प्राध्यापक राष्ट्रिय युवा सङ्घ |
| प्रा.सं. | : | प्राध्यापक सङ्घ |
| पि.एच.डी. | : | डाक्टर अफ फिलोसोफी |
| पृ. | : | पृष्ठ |
| पं. | : | पण्डित |
| बी.एड. | : | ब्याचलर अफ एजुकेसन |
| बी.ए. | : | ब्याचलर अफ आर्टस |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| ल.पु. | : | ललितपुर |
| लि. | : | लिमिटेड |
| वि.सं. | : | विक्रम सम्वत् |
| स्व. | : | स्वर्गीय |
| सहप्रा. | : | सह-प्राध्यापक |
| सन् | : | इस्वी सम्वत् |
| सं. | : | संस्करण |

# विषयसूची

पृष्ठ संख्या


सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञताज्ञापन

सङ्क्षेपीकृत शब्दावली

विषयसूची

अध्याय - एक

शोध परिचय

| | | |
|---|---|---|
| १.१ | परिचय | १ |
| १.२ | समस्याकथन | ४ |
| १.३ | शोधकार्यका उद्देश्य | ५ |
| १.४ | पूर्वकार्यको समीक्षा | ५ |
| १.५ | अध्ययनको औचित्य | ८ |
| १.६ | शोधकार्यको सीमाङ्कन | ९ |
| १.७ | सामग्री सङ्कलन विधि | ९ |
| १.८. | शोधविधि | ९ |
| १.९ | शोधपत्रको रूपरेखा | १० |

अध्याय - दुई

लोकनाथ पुडासैनीको जीवनीको अध्ययन

| | | |
|---|---|---|
| २.१ | परिचय | ११ |
| २.२ | पारिवारिक पृष्ठभूमि | १२ |
| २.३ | वंश परम्परा | १२ |
| २.४ | जन्म र जन्मस्थान | १४ |
| २.५ | नामकरण | १४ |
| २.६ | बाल्यकाल | १५ |
| २.७ | उपनयन | १५ |

| | | |
|---|---|---|
| २.८ | शिक्षादीक्षा | १६ |
| २.९ | विवाह | १६ |
| २.१० | सन्तान | १७ |
| २.११ | दाजुभाइ-दिदीबहिनी | १७ |
| २.१२ | आर्थिक स्थिति | १७ |
| २.१३ | पेसा | १८ |
| २.१४ | दिनचर्या | १८ |
| २.१५ | व्यक्तिगत रुचि तथा स्वभाव | १८ |
| २.१६ | मानसिक वियोगका क्षणहरू | १९ |
| २.१७ | सन्तुष्टिका क्षणहरू | २० |
| २.१८ | राष्ट्रिय स्तरमा गरेका कार्यहरू | २० |
| २.१९ | सामाजिक जीवन | २१ |
| २.२० | स्रष्टा र जीवन | २१ |
| २.२१ | प्रभाव, प्रेरणा र प्रारम्भ | २२ |
| २.२२ | प्रकाशित कृतिहरू | २३ |
| २.२३ | बसोबास | २३ |
| २.२४ | शारीरिक अवस्था र स्वस्थ्य स्थिति | २३ |
| २.२५ | भ्रमण | २४ |
| २.२६ | सम्मान तथा पुरस्कार | २४ |
| २.२७ | तालिम | २५ |
| २.२८ | साहित्यसम्बन्धी दृष्टिकोण | २५ |
| २.२९ | जीवनजगत् सम्बन्धी दृष्टिकोण | २६ |
| २.३० | निष्कर्ष | २७ |

**अध्याय - तीन**

## लोकनाथ पुडासैनीको व्यक्तित्वको अध्ययन

| | | |
|---|---|---|
| ३.१ | परिचय | २९ |
| ३.२ | निजी व्यक्तित्व | ३० |

३.२.१ शारीरिक व्यक्तित्व ३०
३.२.२ पारिवारिक व्यक्तित्व ३१
३.३ सार्वजनिक व्यक्तित्व ३४
३.३.१ शिक्षक वा शैक्षणिक व्यक्तित्व ३४
३.३.२ साहित्यिक व्यक्तित्व ३५
३.३.२.१ साहित्यमा प्रेरणा ३६
३.३.२.२. साहित्य लेखन प्रारम्भ ३६
३.३.२.३. पहिलो प्रकाशित रचना तथा कृति ३७
३.३.२.४. नेपाली भाषाप्रतिको मोह ३८
३.३.२.५. साहित्यिक व्यक्तित्वसँग भेटघाट ३८
३.३.२.६. साहित्यिक गोष्ठी तथा सम्मेलनमा सहभागी ३९
३.३.३ राजनीतिक व्यक्तित्व ३९
३.३.४ प्रशासकीय व्यक्तित्व ४२
३.३.५ पेसागत साङ्गठनिक व्यक्तित्व ४३
३.३.६ समाजसेवी व्यक्तित्व ४३
३.४ निष्कर्ष ४४

**अध्याय - चार**

## कविता सिद्धान्त र नेपाली कविताको विकासक्रम

४.१ परिचय ४७
४.२ कविताको व्युत्पत्ति ४९
४.३ नेपाली विद्वान्हरूको मतमा कविताको परिभाषा ५०
४.४ कविताका तत्त्वहरू ५२
४.४.१ शीर्षक ५२
४.४.२ विधागत संरचना र आयाम ५३
४.४.३ विषयवस्तु ५४
४.४.४ भाव संयोजन ५४
४.४.५ लयविधान ५५

४.४.६ भाषाशैली ५५

४.४.७ बिम्बप्रयोग ५६

४.४.८ व्यञ्जना ५७

४.४.९ कथनपद्धति ५८

४.५ नेपाली कविताको प्राथमिककाल ५९

४.६. नेपाली कविताको माध्यमिककाल ६०

४.७. नेपाली कविताको आधुनिककाल ६१

४.७.१ परिष्कारवादी धारा (१९७५ -१९९० सम्म) ६२

४.७.२ स्वच्छन्दतावादी-प्रगतिवादी धारा (वि.सं. १९९१ - २०१६) ६४

४.७.३ प्रयोगवादी धारा (वि.सं. २०१७ -२०२९) ६६

४.७.४ समसामयिक धारा (वि.सं. २०३० देखिहालसम्म) ६८

४.८ निष्कर्ष ७१


**अध्याय - पाँच**

## लोकनाथ पुडासैनीको संविधान अवसान कविता सङ्ग्रहको अध्ययन


५.१. परिचय ७२

५.२. चरण विभाजन ७३

५.३. कविताका तत्त्वका आधारमा संविधान अवसान कविता सङ्ग्रहको अध्ययन ७४

५.३.१. शीर्षक ७४

५.३.२. संरचना ७६

५.३.३. विषयवस्तु ७७

५.३.४. भावविधान ७८

५.३.५. लयविधान ९७

५.३.६. विम्बविधान ९८

५.३.७. प्रतीक विधान १०२

५.३.८. भाषाशैली १०५

५.४. निष्कर्ष १०७

### अध्याय - छ

## लोकनाथ पुडासैनीको संविधान अवसान कविताको मूल्याङ्कन

| | | |
|---|---|---|
| ६.१. | परिचय | **१०९** |
| ६.२. | रचना तथा प्रकाशन सन्दर्भ | **११०** |
| ६.३. | अन्तर्वस्तु विधान | **१११** |
| ६.४. | ऐतिहासिक | **११२** |
| ६.५. | सामाजिक विषय | **११३** |
| ६.६. | प्रकृति चित्रण | **११४** |
| ६.७. | राजनीतिक विषय | **११५** |
| ६.८. | सांस्कृतिक विषय | **११६** |
| ६.९. | व्यङ्ग्यात्मक दृष्टिकोण | **११८** |
| ६.१०. | अन्तर्राष्ट्रिय सन्दर्भ | **१२०** |
| ६.११. | स्वच्छन्दतावादी | **१२१** |
| ६.१२. | राष्ट्र, राष्ट्रियता र देशभक्तिको दृष्टिकोण | **१२३** |
| ६.१३. | ग्रामीण जनजीवनको परिवेश | **१२४** |
| ६.१४. | मानवतावादी दृष्टिकोण | **१२६** |
| ६.१५. | शैक्षिक दृष्टिकोण | **१२७** |
| ६.१६. | कृषि प्रधानता | **१२९** |
| ६.१७. | निष्कर्ष | **१३०** |

### अध्याय - सात

## उपसंहार तथा निष्कर्ष

| | |
|---|---|
| उपसंहार तथा निष्कर्ष | १३३ |
| सन्दर्भ सामग्री | १४२ |

# अध्याय - एक

# परिचय

## १.१ परिचय

लोकनाथ पुडासैनीले नेपाली साहित्यको विभिन्न विधामा कलम चलाएका छन् । कथा, उपन्यास, नियात्रा, निबन्ध, कविता, समालोचना आदि विधामा कलम चलाए पनि उनी नेपाली साहित्यमा मूलतः कविको रूपमा आफ्नो उच्च छवि देखाउन सफल व्यक्तित्व हुन् ।

लोकनाथ पुडासैनी पिता श्री गङ्गाप्रसाद पुडासैनी र माता श्रीमती पितादेवी पुडासैनीका पहिलो अर्थात् जेठा सुपुत्र हुन् । वि.सं २०२१ फागुन २३ गते पन्द्रुङ्ग गा.वि.स. वडा नं. १ जराङ्गबेसी, गोरखामा जन्मेका हुन् । केही समय भरतपुर उप म.न.पा. वडा नं ७ कृष्णपुर चितवनमा पनि अस्थायी बसोवास गरेका पुडासैनी जागिरको सिलसिलामा पूर्वाञ्चलको धरान र सुदूर पश्चिमाञ्चलको सेती अञ्चल हुँदै हाल पश्चिमाञ्चलको पोखरा उप.म.न.पा.-१६ लामाचौरमा बसोबास गर्दै आएका छन् ।

दुर्गम पहाडी जिल्लामा जन्मिएर पनि माता पिताको सचेतनाले समयमै गाउँलेहरूले बोलाएर राखेका शिक्षकबाट अध्ययनलाई अगाडि बढाएको देखिन्छ । घरको प्रारम्भिक शिक्षा पछि गाउँकै श्री ब्रह्मचारिणी प्राथमिक स्कुल पन्द्रुङ्ग गाविस वडा नं. ३ जराङ्ग, केराबोट गोरखामा कक्षा ३ सम्मको अध्ययन पूरा गरेका हुन् । अध्ययनको क्रममै श्री सूर्यज्योति मा.वि. ताकुपाल्खु गोरखामा एक वर्षको शिक्षा प्राप्त गरेपछि उनी पछि गएर श्री दुल्लभ मा.वि. घ्याम्पेसाल, गोरखाबाट कक्षा ५ देखि १० कक्षासम्मको अध्ययन पूरा गरेको देखिन्छ ।

शैक्षिक सचेतनाको कारणले गर्दा भविष्यमा उद्यमी र स्वरोजगारमुखी शिक्षा लिनुपर्छ भन्ने उद्देश्यबाट प्रभावित भएर A Project of the United Mission to Nepal द्वारा स्थापित र सञ्चालित Institute of Technology and Industrial Development अन्तर्गत बुटवल टेक्निकल इन्स्टिच्युट बुटवल, रूपन्देहीद्वारा

अध्यापन गराइने चार वर्षे सभिल इन्जिनियरिङ अन्तर्गत क्याविनेट मेकर विषयमा डिप्लोमा तहको (प्रवीणता प्रमाणपत्र तह सरहको) शिक्षा प्राप्त गरेका छन् ।

औपचारिक शिक्षाले मात्रै ज्ञानको क्षेत्र फराकिलो हुने होइन भन्ने कुरा लोकनाथ पुडासैनीले यही कुरा प्रमाणित गरिदिएका छन् । कवि पुडासैनीले विशुद्ध प्राविधिक विषय अध्ययन गरेका भए पनि उनले स्वअध्ययन मार्फत् आफ्नो ज्ञानको क्षेत्रलाई निकै फराकिलो पार्दै आएका छन् । प्राविधिक विषय अध्ययन गरे पनि नेपाली साहित्यमा स्थापित कवि सरह उनको योगदान महत्त्वपूर्ण रहेको छ । साथीभाइको सङ्गत र स्वअध्ययनको परिणामले आज उनी एउटा प्राविधिक क्षेत्रको विज्ञ मात्र नभई एउटा सफल कविको रूपमा परिचित हुन पुगेका छन् ।

सानै उमेरदेखि साहित्यमा रुचि राख्ने लोकनाथ पुडासैनी विद्यालय तहदेखि नै कविता लेख्ने, कविता वाचन गर्ने, निबन्ध लेख्ने र विभिन्न साहित्यिक कार्यक्रमहरूमा भाग लिने गरेको पाइन्छ । विभिन्न साहित्यिक कार्यक्रममा भाग लिएर पुरस्कार समेत प्राप्त गरेकाले पुडासैनीमा नेपाली साहित्यप्रति सानैदेखि रुचि रहेको थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

विद्यार्थी जीवनदेखि नै नेपाली भाषा साहित्यमा एक सफल प्रतिभाका रूपमा प्रवेश पाएका पुडासैनीले विद्यालय जीवनदेखि लेख्न सुरु गरेको भए तापनि वि.सं २०४०/४१ देखिका रचनाहरूलाई भने सङ्कलन गर्न थालेको देखिन्छ । वि.सं. २०४८ मा **बराम जातिको एक परिचय** शीर्षक लेख **प्रगति** साप्ताहिक वर्ष ९ अङ्क २२ मा छापिएपछि भने नेपाली साहित्यमा लेखनको यात्रा अगाडि बढाएका हुन् । लेखरचना प्रकाशन गर्नुभन्दा पनि लेख्ने र आफ्नो साथीहरूलाई सुनाउनमा आनन्द मान्ने पुडासैनीले लेख प्रकाशन गरेपछि विभिन्न विद्वान्हरूको सकारात्मक सुझावहरूले हौसला प्राप्त गरेकाले उनमा लेखरचना प्रकाशन गर्नुपर्ने रहेछ भन्ने लागेर पहिला नै लेखिएको कविता वि.सं २०५० मा **सावधान** शीर्षकको कविता **तन्देरी** द्वैमासिक वर्ष १५ अङ्क ३ मा छापिएपछि भने उनी नेपाली साहित्यमा प्रवेश गरेका हुन् ।

लोकनाथ पुडासैनी वि.सं २०५० पछिको समयमा साहित्यमा समर्पित भई कविता लेख्दै रहे । मौका परेको बेलामा साथीभाइलाई सुनाउन मन पराउने पुडासैनीले साथीभाइको सकारात्मक सुझावले गर्दा कविता रचना गरिरहे । उनी

नेपाली साहित्यको अभिन्न अङ्ग बन्दै गए । त्यसैको परिणाम स्वरूप वि.सं. २०६९ मा **संविधान अवसान** कविता सङ्ग्रह प्रकाशित गरी नेपाली साहित्याकाशमा महत्त्वपूर्ण योगदान गर्न सफल भए भने उनी आफैँ एउटा नितान्त बेग्लै किसिमको कवि बन्न सफल भएका छन् ।

कवि तथा समाजसेवी व्यक्तित्व लोकनाथ पुडासैनीले दश कक्षामा अध्ययन गर्दा गर्दै वि.सं.०३५/०३६ को विद्यार्थी आन्दोलन सुरु भयो । सोही आन्दोलनका कारणले लामो समयसम्म विद्यालय बन्द हुँदा आफ्नो अध्ययनलाई निरन्तरता दिन सकेनन् र केही समय विद्यालयमा पढाइ नहुने भएपछि उनले विकल्पको बाटो रोजेर घर छोडी हिँडेको देखिन्छ । त्यसपछि उनले बुटवलमा रहेको गोबर ग्याँस तथा कृषियन्त्र विकास कम्पनीमा सहायक हेल्परको रूपमा कामसमेत गरेका थिए । हेल्परको काम गर्दा गर्दै बुटवलमै रहेको बुटवल टेक्निकल इन्स्टिच्युटद्वारा लिइएको प्रवेश परीक्षामा सहभागी भए र प्रवेश परीक्षामा राम्रो अङ्क ल्याएर अध्ययनका लागि छनोट भए । त्यसपछि पुडासैनीले सिभिल इन्जिनियनिरङ अन्तर्गतको क्याविनेट मेकर विषयमा ४ वर्षे कोर्ष पूरा गरेपछि वि.सं. २०४१ माघ १८ गतेबाट त्रि. वि. इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गत पूर्वाञ्चल क्याम्पस, धरान सुनसरीमा सहायक प्रशिक्षक पदमा अस्थायी नियुक्ति पाई शिक्षण पेसामा प्रवेश गरेका हुन् । उनले भण्डै डेड दशक जतिको लामो समयसम्म पूर्वाञ्चल क्याम्पस धरानमा सेवा गरेपछि वि.सं. २०५६ देखि इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतकै पश्चिमाञ्चल क्याम्पस, लामाचौर पोखरामा सिभिल इन्जिनियरिङ विभागको वरिष्ठ प्रशिक्षकको रूपमा हालसम्म कार्यरत रहेका छन् । यस अतिरिक्त धरानमै कार्यरत रहँदाको समयमा वि.सं. २०४५ सालमा **ग्रामीण विकासका निम्ति शिक्षा परियोजना**मा त्रि.वि. बाटै काजमा गई सुदूर पश्चिमाञ्चलको सेती अञ्चलमा समेत विद्यालय भवन तथा तिनका भौतिक पूर्वाधार निर्माण गर्ने कार्यमा खटेका थिए । त्यसैगरी विभिन्न सङ्घ, संस्थाहरूमा आबद्ध भई समाज सेवामा समेत लागेका छन् ।

लोकनाथ पुडासैनीले आफ्नो जागिरको सिलसिलामा देखिएका समस्या, नेपाली राजनीतिमा भएको उथलपुथल, नेपाली संस्कृति र समाजसेवा गर्दा

आइपरेका विभिन्न समस्याहरूलाई विषयवस्तु बनाएर आफ्नो साहित्यको सिर्जना गरेका छन् ।

## १.२ समस्याकथन

नेपाली भाषा र साहित्यमा सानैदेखि रुचि राख्ने लोकनाथ पुडासैनीको पुस्तककार साहित्यिक कृतिका रूपमा **संविधान अवसान** भन्ने कविता सङ्ग्रह प्रकाशित भएको छ भने साहित्येत्तर क्षेत्रमा पनि उनले कलम चलाएका छन् । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा लिइने सीप परीक्षणको पहिलो, दोस्रो तथा तेस्रो तहको परीक्षा दिन चाहने व्यक्तिहरूदेखि सिभिल इन्जिनियरिङ प्रवीण (डिप्लोमा) तहमा अध्ययनरत विद्यार्थीहरूको प्रयोजनका लागि उपयोगी **काठ तथा काष्ठ प्रविधि** (wood & woodwork technology) नामक उनका पाठ्यपुस्तक पनि प्रकाशित भएको छ । उपन्यास, फुटकर रूपमा मुक्तक, कथा, नियात्रा र समालोचना विधामा समेत कलम चलाएका छन् भने निकट भविष्यमै उनका एउटा उपन्यास र एउटा मुक्तक सङ्ग्रह प्रकाशोन्मुख कृति रहेका छन् । यस्तो महत्त्वपूर्ण योगदान दिने व्यक्तिको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अन्य विधागत चिनारीका क्रममा सामान्य परिचय मात्र भएकाले उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा विस्तृत विवरण नभएकाले प्रस्तुत शोधपत्र यही विषयमा केन्द्रित रहेको छ ।

प्रस्तुत शोधपत्र लोकनाथ पुडासैनीका जीवनी, व्यक्तित्व र कृतित्वका विविध पक्षलाई प्रकाशमा ल्याउनका लागि निम्नानुसारका समस्यासँग सम्बन्धित रहेको छ :

(क) लोकनाथ पुडासैनीको जीवनी के कस्तो छ ?

(ख) लोकनाथ पुडासैनीको व्यक्तित्व के कस्तो छ ?

(ग) लोकनाथ पुडासैनीको साहित्यिक यात्रा के कस्तो छ ?

(घ) लोकनाथ पुडासैनीका **संविधान अवसान** के कस्तो किसिमको कविता सङ्ग्रह हो ?

(ङ) लोकनाथ पुडासैनीका **संविधान अवसान** कविता सङ्ग्रहका प्राप्ति के कस्ता छन् ?

उक्त समस्याहरूमा केन्द्रित रही स्पष्ट, सुव्यवस्थित एवम् वैज्ञानिक व्याख्या विश्लेषणका लागि प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.३ शोधकार्यका उद्देश्य

विशेषतः शोधसमस्याका क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य रहने हुनाले प्रस्तुत शोधकार्यका समस्या सुव्यवस्थित एवम् वैज्ञानिक ढङ्गले व्याख्या विश्लेषण र समाधान के कसरी गर्ने ? भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्न निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) लोकनाथ पुडासैनीको जीवनीको अध्ययन गर्ने,

(ख) लोकनाथ पुडासैनीको व्यक्तित्वको अध्ययन गर्ने,

(ग) लोकनाथ पुडासैनीको साहित्यिक यात्राको निरूपण गर्ने,

(घ) लोकनाथ पुडासैनीको **संविधान अवसान** कृतिको अध्ययन गर्ने,

(ङ) लोकनाथ पुडासैनीको **संविधान अवसान** कृतिको मूल्याङ्कन गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

मूलतः कविका रूपमा परिचित लोकनाथ पुडासैनीले नेपाली साहित्यका विविध विधामा कलम चलाएर नेपाली साहित्यको भण्डारलाई धनी तुल्याएका छन् तापनि आजसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत रूपमा अध्ययन भएको देखिँदैन । केवल उनलाई विधागत रूपमा चिनाउने क्रममा सङ्क्षिप्त चर्चा मात्र भएको पाइन्छ । उनका बारेमा आजसम्म जे जति कार्यहरू भएका छन् तिनलाई सङ्क्षिप्त र कालक्रमिक रूपमा यसप्रकार प्रस्तुत गरिएको छ :

कृष्णप्रसाद दाहालले **संविधान अवसान** कृतिको भूमिकामा नेपालीहरूले दीर्घ प्रतीक्षा गरेको लोकतान्त्रिक गणतन्त्र नेपालको सपना नेताहरूको नालायकीपनले गर्दा गुमेकोमा यस कृतिले व्यङ्ग्य प्रदान गरेर नेपाली जनतालाई अब फेरि सचेत हुन आग्रह गरेका छन् । कवि लोकनाथ पुडासैनीले नेपाली राजनीति, संस्कार, विभिन्न आन्दोलनका घटनाहरूलाई विभिन्न प्रतीक र बिम्बमार्फत सजाएर व्यक्त गर्न सफल भएका छन् भनेर उल्लेख गरेका छन् ।

दाहालले सोही भूमिकामा कविले आफूभित्रको मानवतालाई समेत छताछुल्ल पारेका छन् भन्दै मानवता विरुद्ध धावा बोल्नेलाई कविले शब्दको झटारो हानेर व्यङ्ग्य प्रदान गरेका छन् । शृङ्गारिक भावनालाई आकर्षक शैलीमा प्रस्तुत गरिएकाले सङ्ग्रहमा अचारको स्वाद दिलाउन कवि सफल छन् । प्राविधिक विषयको

विद्यार्थी भएर पनि कवितामा यति लामो साधना अपनाएर प्रकाशनको जमर्को गर्नु कवि पुडासैनीको वैशिष्ट्य हो भनेर उल्लेख गरेका छन् ।

दाहालले सोही भूमिकामा कवि पुडासैनी रिमाल, भूपि र कटुवालकै पद चिन्ह पहिल्याएर अधि बढ्ने सर्जक हुन् । विषयवस्तु अनुसार अभिधा, लक्षणा र व्यञ्जनाको समुचित प्रयोग गर्दै कविताको विषयवस्तुलाई हाउगुजी बनाउनबाट कवि टाढै बसेका छन् । बरु उनले हाउगुजी शीर्षकमा निकै उत्कृष्ट कवितै लेखेका छन् । पुडासैनी समसामयिक धाराका कवि हुन् भन्दै राष्ट्र, राष्ट्रियता, देशप्रेम, संस्कृति र प्रेमालाप जस्ता विषयले स्वच्छन्दतावादी, प्रगतिवादी र मानवतावादी अवधारणाको त्रिवेणीले यो सङ्ग्रह उत्तुङ्ग बनेको छ भनेर उल्लेख गरेका छन् ।

दाहालले सोही भूमिका शीर्षकमा कवि लोकनाथ पुडासैनी ऐतिहासिक, पौराणिक र राजनीतिक विषयका बिम्ब र प्रतीक खेलाउन सफल देखिएका छन् । उहाँका कविताहरूले राष्ट्र, राष्ट्रियता र देशभक्तिका निम्ति सही दिशानिर्देशन पनि गरेका छन् भनेर उल्लेख गरेका छन् ।

धरानका पूर्व मेयर ध्यानबहादुर राईले **संविधान अवसान** कृतिको मन्तव्य खण्डमा कवि बनुँला भन्ने ध्याउन्नमा यी कवि बनेका कवि हुन् भन्ने लाग्दैन । मन लाग्यो कि कागजमा उतारी हाल्ने, मनको कुरा प्रतिक्रियाका लागि प्रस्तुत गरिहाल्ने बानीले लोकनाथ पुडासैनीलाई कवि बनायो । कविको यो आदत सत्ताइस वर्ष अघिकै हो जो अहिलेसम्म जारिरहेछ । साधनाले उनलाई समृद्ध बनाएछ भनेर उल्लेख गरेका छन् ।

पुण्यप्रसाद शर्माले **संविधान अवसान** कृतिको मन्तव्य खण्डमा राष्ट्र, राष्ट्रियताप्रति माया गर्ने, मानवता हराएकोमा निराश हुने र ग्रामीण जीवन प्यारो मान्ने कवि हुन् भनी मूल्याङ्कन गरेका छन् । राष्ट्रप्रेमप्रति हुरुक्क हुने कविले अब नेताले आफ्नो बानी सुधार्नु पर्ने र जनताले यी विविध कुराको खबरदारी गर्नु पर्ने कुरा उल्लेख गरेका छन् । कविताले राजनीति बोलेको छ भन्दै कविले प्रतीकात्मक रूपमा बूढो ऐजेरुको रूख ढाल्न र खोपीका देवतालाई सीमा ननाघ्न आग्रह गर्दै राजनीतिक सचेतना अघि सारेका छन् । युगले जन्माएका विसङ्गतिको चित्रण पनि कविताको विषय बनेको छ र यस्ता प्रवृत्तिले कविलाई जीवन्त सर्जकका रूपमा उभ्याएको छ भनेर उल्लेख गरेका छन् ।

मदन पुरस्कार विजेता गोपाल पराजुलीले **संविधान अवसान** कृतिको मन्तव्य खण्डमा देश बनाउनेले देशको मुटु दुखाएको, संविधानको अवसान भएको, नयाँ नेपालको सपना बाड्नेहरू मञ्चबाट ओर्लेको, देश सडकमा निरीह एवम् असहाय भएर उभिएको, आफ्नो देशबाट खोलानाला, हिमाल, पहाड र तराईका आँगन नहराऊन् भन्दै कवि पुडासैनीले यी विविध कुरा कवितामार्फत् खबरदारी गरेका छन् भनेर उल्लेख गरेका छन् ।

पशुपति नाथ तिमल्सेनाले **संविधान अवसान** कविता सङ्ग्रहको मूल्याङ्कनका क्रममा वर्तमानका यथार्थलाई कविता सङ्ग्रहले समेटिएको र साहित्यले सधैं परिवर्तनको चाहना गर्नुपर्ने बताउँदै उहाँले लेखकलाई सकारात्मक भविष्यका लागि वकालत गर्न आग्रह गरेका छन् भनेर राष्ट्रिय दैनिक **गोरखापत्र** वर्ष ११२ अङ्क ८९, २०६९ श्रावण १८ गतेमा उल्लेख गरेको छ ।

संवाददाता राष्ट्रिय दैनिक **पोखरा आवाज** वर्ष ५ अङ्क ३३४, २०६९ श्रावण १४ गते पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रह विमोचित शीर्षकमा प्रगतिशील कवि तथा साहित्यकार लोकनाथ पुडासैनीको ६३ वटा गद्य शैलीका कविता सङ्ग्रह विमोचित गरियो भनेर उल्लेख गरेको छ ।

संवाददाता राष्ट्रिय दैनिक **हिमदूत** वर्ष ५२ अङ्क २५४, २०६९ श्रावण १४ गते पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रह विमोचित शीर्षकमा प्रगतिशील कवि तथा साहित्यकार लोकनाथ पुडासैनीको ६३ वटा गद्य शैलीका कविता सङ्ग्रह एक कार्यक्रमका बीच लोकार्पण गरियो भनी उल्लेख गरेको छ ।

संवाददाता राष्ट्रिय दैनिक **आविष्कार** वर्ष १ अङ्क १५९, २०६९ श्रावण १५ गते पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रह विमोचित शीर्षकमा प्रगतिशील कवि तथा साहित्यकार लोकनाथ पुडासैनीको ६३ वटा गद्य शैलीका कविता सङ्ग्रह लोकार्पण गरियो भनेर उल्लेख गरेको छ ।

संवाददाता **चकलेट** राष्ट्रिय साप्ताहिक वर्ष १ अङ्क ३, २०६९ श्रावण १८ गते लोकनाथ पुडासैनीको **संविधान अवसान** विमोचित शीर्षकमा प्रगतिशील कवि तथा साहित्यकार लोकनाथ पुडासैनीको ६३ वटा गद्य शैलीका कविता सङ्ग्रह लोकार्पण गरियो भनेर उल्लेख गरेको छ ।

संवाददाता राष्ट्रिय दैनिक **गोरखापत्र** वर्ष ११२ अङ्क ८९, २०६९ श्रावण १८ गते **संविधान अवसान** विमोचित शीर्षकमा प्रगतिशील कवि तथा साहित्यकार

लोकनाथ पुडासैनीको कविता सङ्ग्रह **संविधान अवसान** को हालै एक कार्यक्रमबीच लोकार्पण गरिएको छ । समालोचक पशुपति नाथ तिमल्सेनाले कविता सङ्ग्रहको लोकार्पण गरेका हुन् भनेर उल्लेख गरेको छ ।

**गोरखापत्र** वर्ष ११३ अङ्क १२४, २०७० साल भाद्र २२ गते **नयाँ कृति** शीर्षकमा निरूपा प्रसूनले संविधान अवसान कविता सङ्ग्रहका बारेमा एउटा लामो समीक्षा लेख प्रकाशित गर्दै कवि लोकनाथ पुडासैनीको विल्कुलै नयाँ नाम हो । तर उहाँका कविता भने सिकारु झैँ लाग्दैनन् । माझिएका, खारिएका र परिष्कृत छन् । समग्र देशका लागि, देशको कलासाहित्यको सकारात्मक सोच र प्रकृति चित्रणले कवितालाई सुन्दर बनाएको छ । सलल बगेको भाषा, गाउँघरमा बोलिने शब्द र शैलीले कवितालाई सुन्दर बनाउन सघाएको छ । कवि लोकनाथ पुडासैनीका कुनै पनि कविता बेकामे छैनन् । सबै कविताले केही न केही सन्देश बोकको छ भनेर उल्लेख गरेका छन् ।

नेपाली साहित्यमा आफ्नो छुट्टै प्रवृति र विशेषता बोकेका कवि लोकनाथ पुडासैनीका बारेमा प्रशस्त मात्रामा टीकाटिप्पणी तथा प्रशंसा भएको पाइन्छ । यति हुँदाहुँदै पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन एवम् विश्लेषण नभएकाले त्यसको परिपूर्तिका लागि कविको जीवनी, व्यक्तित्व र कृतित्वलाई विविध आयामबाट अध्ययन एवम् विश्लेषण गरिएको छ ।

## १.५ अध्ययनको औचित्य

लोकनाथ पुडासैनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई उनका तिनै क्षेत्रको विस्तृत, वैज्ञानिक एवम् सुव्यवस्थित रूपमा विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिएकाले आउने पिँढीलाई उनका बारेमा तथा उनका कृतित्वका बारेमा वस्तुगत एवम् प्रामाणिक जानकारी उपलब्ध गराइएको छ । प्रस्तुत शोधपत्रको अध्ययनबाट उनका बारेमा जान्न इच्छुक व्यक्ति सङ्घ संस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक रूपमा तथ्य प्रस्तुत गरिएकाले अनुसन्धानका क्षेत्रमा यसको महत्त्व रहेको छ । यसरी नै नेपाली साहित्यको इतिहास लेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा पनि यस शोधपत्रले पुडासैनीको स्थान निर्धारण गर्न सहयोग पुऱ्याउने छ । उपयुक्त विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

लोकनाथ पुडासैनीको जीवनी र व्यक्तित्वको विविध पाटाहरूलाई यस अध्ययनमा समेटिएको छ । नेपाली साहित्यका कविता, कथा, उपन्यास, निबन्ध र समालोचना आदि विधामा कलम चलाएका पुडासैनीका एउटा कविता सङ्ग्रह र साहित्येतर क्षेत्रमा सिभिल इन्जिनियरिङ प्रवीणता प्रमाण पत्र तहका विद्यार्थीका लागि उपयोगी **काठ तथा काष्ठ प्रविधि** नामक पाठ्यपुस्तक पनि पुस्तकाकार कृतिको रूपमा आएको छ । तर यहाँ उहाँको साहित्यिक कृति **संविधान अवसान** कविता सङ्ग्रहको मात्र विश्लेषण गरिएको छ । उनको अन्य कृति र फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित कथा, निबन्ध, कविता, मुक्तक र समालोचनाको विश्लेषण प्रस्तुत शोधपत्रमा समावेश गरिएको छैन । उनका पुस्तकाकार साहित्यिक कृति **संविधान अवसान** कविता सङ्ग्रहको विश्लेषणमा प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुतः शोधपत्रलाई विश्वसनीय, प्रामाणिक एवम् पूर्णता दिने क्रममा सामग्री सङ्कलनका लागि पुस्तकालयीयविधि एवम् अन्तर्वार्ता विधिलाई नै प्रयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा सम्बद्ध पुस्तक र पत्रपत्रिकाहरूको अध्ययनका साथै अनुसन्धेय व्यक्तिसँगको भेटघाट साथै लिखित एवम् मौखिक सामग्री सङ्कलन गरिएको छ ।

त्यस्तै अनुसन्धेय व्यक्तिको आफन्त, परिवार एवम् निकटतम् व्यक्तिहरूसँग मौखिक वा लिखित अन्तर्वार्ता लिई सकेसम्म आधिकारिक सामग्री सङ्कलन गर्ने प्रयास गरिएको छ । अतः सामग्री सङ्कलन प्राथमिक र द्वितीय स्रोत गरी दुई विधिबाट गरिएको छ ।

शोधकार्यमा जीवनी र व्यक्तित्व खण्डका लागि सङ्क्षिप्त विवरणात्मक पद्धति एवम् कृतित्व खण्डका लागि परिचयात्मक र विश्लेषणात्मक पद्धतिलाई नै मूल आधार बनाइएको छ । समग्र कृतिको सङ्क्षिप्त समीक्षा गरी उनको योगदानको मूल्याङ्कन गर्दै वस्तुगत निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## १.८. शोधविधि

प्रस्तुत शोधपत्रको सङ्कलित साम्रगीलाई विशेष गरी पुस्तकालयीय पद्धतिको प्रयोग गरी विश्लेषण गरिएको छ । यसका साथै सङ्कलित सामग्रीको अवस्था हेरेर ऐतिहासिक, वर्णनात्मक, तुलनात्मक, विश्लेषणात्मक आदि शोधविधिहरूको यथोचित प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित र सुसङ्गठित रूपमा तयार पार्न निम्नलिखित अध्यायहरूमा वर्गीकरण गरी अध्ययन गरिएको छ साथै शोधपत्रको अन्तिम संरचना पनि निम्नलिखित अध्यायगत रूपमा विभाजन गरी सम्पन्न गरिएको छ :

| | | |
|---|---|---|
| अध्याय एक | : | शोधपरिचय |
| अध्याय दुई | : | लोकनाथ पुडासैनीको जीवनीको अध्ययन |
| अध्याय तीन | : | लोकनाथ पुडासैनीको व्यक्तित्वको अध्ययन |
| अध्याय चार | : | कविता सिद्धान्त र नेपाली कविताको कालक्रमिक अध्ययन |
| अध्याय पाँच | : | लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहको अध्ययन |
| अध्याय छ | : | लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहको मूल्याङ्कन |
| अध्याय सात | : | उपसंहार |

उपर्युक्त अध्यायलाई आवश्यकतानुसार विभिन्न शीर्षक र उप-शीर्षकमा विभाजन गरिएको छ । अन्त्यमा प्रमुख सन्दर्भ सामग्री ग्रन्थ, पत्रपत्रिकाको सूची पनि प्रस्तुत गरिएको छ ।

# अध्याय–दुई

# लोकनाथ पुडासैनीको जीवनीको अध्ययन

## २.१ परिचय

मान्छेको जीवनमा भोगाइको क्रमलाई व्यवस्थित ढङ्गले प्रस्तुत गर्नु नै समग्रमा उसको जीवनीको अर्थ हो । जीवनमा कथामा जस्तो कल्पनाको प्रवलता र इतिहासमा जस्तो कोरा विवरण नभएर तटस्थता वस्तुगतता तथा संयमितता हुनुपर्दछ । जीवनमा जीवनका वैयिक्तिक घटनाहरूलाई सार्वजनिक बनाउने किसिमले जीवनका अनुभूतिलाई स्थापित गरिनु पर्दछ (सुवेदी, २०५६ : १३) । मान्छेको जन्मदेखि मृत्युसम्मको अवधिमा भएका वा घटेका सम्पूर्ण घटनासहितको भोगाइ व्यक्तिको जीवन हो । यही जीवनमा कसैको सम्पूर्ण जीवन चरित्रलाई लिएर लेखिएको रचनालाई जीवनी भनिन्छ (उपाध्याय, २०४९ : १९) । जीवनमा कुनै पनि व्यक्ति विशेषको जीवनीको सम्पूर्ण वा आङ्शिक पक्षको विवरण हुन्छ र सम्पूर्ण जीवनको विवरण एउटा ग्रन्थमा समेटिन सक्छ (थापा, २०५० : २२६) । त्यसैले कुनै पनि व्यक्तिका जीवनसँग सम्बन्धित घटनाहरूको तथ्यपूर्ण जानकारी र जीवनसँग सम्बन्धित घटनाहरूको प्रस्तुतिकरण नै जीवनको मूल मर्म हो । कुनै व्यक्तिको जन्मदेखि मृत्युपर्यन्त उसले गरेका सामाजिक, साहित्यिक, राजनैतिक, आर्थिक, धार्मिक, सांस्कृतिक, शैक्षिक गतिविधि विभिन्न कार्य तथा सेवा अनि उसका मान्यता र धारणाजस्ता जीवनसँग सम्बन्धित विविध पाटाहरूको अध्ययन जीवनीमा गर्ने गरिन्छ (काफ्ले, २०६३ : ५) ।

त्यसैकारणले यस जीवनीमा पनि माथि उल्लिखित जीवनीसम्बन्धी विविध पाटाहरूको अध्ययन गरिएको छ भने यो जीवनी साहित्यकार लोकनाथ पडासैनीसँग सम्बन्धित रहेको छ ।

यस अध्याय अन्तर्गत कवि लोकनाथ पुडासैनीको पारिवारिक पृष्ठभूमि, वंश परम्परा, जन्म र जन्मस्थान, नामकरण, बाल्यकाल, उपनयन, शिक्षादीक्षा, विवाह, सन्तान, दाजुभाइ-दिदीबहिनी, आर्थिक स्थिति, पेसा, दिनचर्या, व्यक्तिगत रुचि तथा स्वभाव, मानसिक वियोगका क्षणहरू, आत्म सन्तुष्टिका क्षणहरू, राष्ट्रिय स्तरमा

गरेका कार्यहरू, सामाजिक जीवन, स्रष्टा र जीवन, प्रभाव, प्रेरणा र प्रारम्भ, प्रकाशित कृतिहरू, बसोबास, शारीरिक अवस्था र स्वास्थ्य स्थिति, भ्रमण, सम्मान तथा पुरस्कार, साहित्यसम्बन्धी दृष्टिकोण र जीवन जगत्सम्बन्धी दृष्टिकोणको विस्तृत अध्ययन गरिएको छ ।

## २.२ पारिवारिक पृष्ठभूमि

लोकनाथ पुडासैनीको मुख्य पेसा शिक्षण भएको प्रस्ट भइसकेको छ । यही शिक्षण व्यवसायकै क्रममा उनी पहिला पूर्वाञ्चल क्याम्पस धरान, सुनसरी र अहिले पश्चिमाञ्चल क्याम्पस पोखरा कास्कीमा बसोबास गरेका छन् । यसो हुँदाहुँदै पनि उनी निम्नमध्यम परिवारका रूपमा रहेका छन् । उनको पारिवारिक पृष्ठिभूमिचाहिँ निम्न मध्यम वर्गीय किसान परिवार नै हो । नेपाल कृषि प्रधान देश भएकाले मुख्य आय स्रोत कृषि नै हो । उनका बुबाआमा आजसम्म पनि खेतीपाती नै गर्नुहुन्छ ।

सामाजिक दृष्टिले लोकनाथ पुडासैनीको परिवार सनातन धर्म र परम्परा अनुसार चलेको देखिन्छ । धार्मिक दृष्टिले हेर्दा पुडासैनीको परिवार हिन्दू धर्म र त्यस मान्यताको अनुशरण गर्ने परिवारका रूपमा रहेको पाइन्छ । संस्कृतिसमेतको अध्ययन गरेका उनका पिता पुर्खाको पारिवारिक वातावरण, धार्मिक, सामाजिक र आर्थिक पृष्ठभूमिको बिचमा यही कुराको अनुशरण र अरु थप उन्नतिप्रगति गर्दै पुडासैनी आजको सफल जीवनमा आइपुगेका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.३ वंश परम्परा

लोकनाथ पुडासैनीको वंशपरम्परा निकै लामो र घुमाउरो रहेको छ । बूढापाकाका भनाइ अनुसार पुडासैनीका पुर्खाहरू कुमाउ गढवालबाट पश्चिम नेपालको बझाङ, डोटी र अछामको (त्यसताका डोटीअछाम एउटै रहेछ) आसपासमा आई बसोबास गरेको देखिन्छ । तत्कालीन अवस्थामा त्यस भेगमा राज्य गर्ने राजा उदय वर्माले सबैलाई बिर्ता दिने क्रममा गुएलापानी, रिडीकोट, रेग्मीस्वाँरा र एक भाइलाई **पुडासैन** बिर्ता दिए भन्ने भनाइ त्यहाँ पाइन्छ । सम्भवत हालको अछाम जिल्लामा रहेको श्रीकोट, साँफे, रिडिकोट वयलपाटा र पायल गा.वि.स. नजिकै रहेको लुङ्ग्रा गा.वि.स. अन्तर्गतको **पुडासैन** भन्ने गाउँ नै उनका पिता पुर्खाहरूको बासस्थलो हुन पुग्यो । किनभने त्यहाँ बसोबास गर्नु हुने दाजुभाइहरूका

रीतिरिवाज, धर्म, संस्कृति, विधिविधानका परम्परा, शारीरिक कद तथा बनोट समेत गोरखामा आई बसोबास गरेका भनिएका पुडासैनीहरूसँग झण्डै सतप्रतिशत मिलेको पाइन्छ । चारभाइ खाना खान सँगै बस्दा कान्छो भाइको कुइनो जेठो दाजुसँग ठोक्किएछ । जेठोदाजुले अलि पर सरेर बस्न भनेर भाइलाई अराउँदा **ए यो घरमा अब म बढी भएछु, नअटाउने भएँ । त्यसो भए तिमीहरू मात्रै बस म हिँडे** भनेर कान्छो भाइ घर छोडेर हिँडेछन् । निकै वर्षको अन्तराल पछि तिर्थाटनमा गएर काशीमा पितृको श्राद्ध गर्न बस्दा पुडासैन ग्रामे....., इत्यादि भनेर दायाँ तर्फ पिण्ड तर्पण गरेर श्राद्ध गरिरहेकाको र आफ्नो स्तोत्र उच्चारण एउटै मिल्न गएको सुनेपछि दुई भाइको काशीमा जम्काभेट भएछ । सोही बेलामा हालको बसोबास कहाँ छ भनेर सोधखोज हुँदा **गोरखा राज्यको च्याङ्ली भन्ने स्थानमा घरजम गरेर बसेको छु । पुडासैनबाट यता आएको हुनाले सबैले हामीलाई पुडासैनी भन्ने गरेका छन्,** भन्ने सम्मको भनाइहरू त्यहाँ रहँदा बस्दा पाइको छ । हुन त त्यहाँ बसोबास गरिरहेकाहरू कसैले पनि पुडासैनी थर लेखेको पाइन्न । त्यहाँ सबैले पाण्डे लेख्छन् । तर त्यहाँबाट बसाइँ सराइ गरी ढकारी गा.वि.स. मा गएका अर्का एकजनालाई भने **पुडासैनबाट** आएको हुनाले **पुडासैनी बाहुन** भनेर भनिने गरेको भेटिन्छ । वि. सं. २०४५ तिरका उनी जागिरको सिलसिलामा त्रि. वि. बाट काजमा सुदूर पश्चिमाञ्चलको सेती अञ्चलमा लागु गरिएको **ग्रामीण विकासका निम्ति शिक्षा परियोजना**मा कार्यरत रहँदा परियोजनाको कामका अतिरिक्त आफ्नो वंश परम्पराको खोजीकार्यमा पनि लागेर अनुसन्धानका क्रममा उनले भेटाएका तथ्यहरू हुन् यी । उनी भन्दछन्, सोहीबेला लुङ्ग्रा गा. वि. स. को पुडासैन भन्ने स्थानमा पुगेर तीन दिनसम्म बस्दा त्यहाँका बूढा पुरानादेखि तन्नेरी युवाहरूले उनलाई तिमी हाम्रै सन्तति हौ । तिम्रा पिता पुर्खाको अंश पनि यहीँ छ । तिमीले चाहेमा अँझै पनि लिन सक्छौ भनेर प्रदान गर्नु भएको भुल्नै नसकिने आतिथ्यता ग्रहण गरेको कुरा उनी आज पनि स्मरण गर्दछन् । त्यहाँ रहेका मानिसहरूको माया ममता र स्नेहका कारणले सोही गाउँमा रहेको लक्ष्मी प्रा.वि. पुडासैनलाई खानेपानी, खेलमैदान र वरिपरि घेर्ने पर्खाल निर्माण गर्न परियोजनामा सिफारिस गरे र स्वीकृत भई उनकै सुपरिवेक्षणमा सो कार्य सम्पन्न पनि गरे । उनको आत्माले अहिले पनि त्यहाँका ती दाजुभाइहरूसँग पक्कै पनि आफ्नो रगत कै सम्बन्ध रहेका होला भन्ने ठानेको छ ।

यसरी इतिहासको कालखण्डमा गोरखाको च्याङ्लीमा आएर घरजम गरी बसोबास गरे पछि जन्मिएका पाँचभाइ सन्तान मध्ये एकभाइ गोरखाकै हालको मसेल गा.वि.स.मा गई बसेका रहेछन् । त्यहाँ गएर बसेकाबाट सातभाइ छोराहरू जन्मेका रहेछन् । ती सातभाइ मध्ये छ भाइ मसेल मै रहेका र एकभाइ ठाकुरप्रसाद पुडासैनी मसेलबाट गोरखाको जराङ्गबेँसी भन्ने गाउँमा गई बसोबास गरेको र त्यहाँ उहाँका चारभाइ छोराहरू जन्मिए । ठाकुरप्रसादका तिनै चारभाइ मध्ये माइला छोरा काशीनाथ पुडासैनीका चार भाइ छोराहरू भए । चार भाइ मध्ये माइला र साहिँला छोराको विवाह नहुँदै मृत्यु भयो र बाँची बसेका जेठा र कान्छा दुईभाइ मध्ये कान्छा छोरा गङ्गाप्रसाद पुडासैनीका तीनभाइ छोरा र दुई बहिनी छोरीहरू जन्मिए । तिनै मध्ये जेठो छोरो अर्थात् लोकनाथ पुडासैनी हुन् । लोकनाथ पुडासैनीका एक छोरा इ. कौशल पुडासैनी र दुई बहिनी छोरीहरूमा इ. कुसुम र नर्सिङ्-स्नातक कला पुडासैनी रहेका छन् । उनले सबैको बिहेदान पनि गरिदिए र हाल जेठी छोरीका तर्फबाट नातिनी आयुशी र कान्छी छोरीको तर्फबाट नातिनी अंशु जन्मिएका छन् । तसर्थ लोकनाथ पुडासैनी पारिवारिक नाताले हजुरबुबा समेत बनिसकेका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.४ जन्म र जन्मस्थान

लोकनाथ पुडासैनीको जन्म वि.स. २०२१ फागुन २३ गते गण्डकी अञ्चल अन्तर्गत गोरखा जिल्ला पन्द्रुङ्ग गा.वि.स. वडा नं. १ जराङ्गबेँसीमा भएको हो । पिता श्री गङ्गाप्रसाद पुडासैनी र माता श्रीमती पितादेवी पुडासैनीको कोखबाट जन्मिएका उनी पहिलो सन्तान हुन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.५ नामकरण

लोकनाथ पुडासैनीको न्वारनको नाम चेतनाथ पुडासैनी भए पनि बुबा श्री गङ्गाप्रसाद पुडासैनीको अस्थाई निस्सामा दरपिट लेखाउँदा लेखिदिनेले लोकनाथ पुडासैनी लेखिदिएकाले हालसम्म प्रमाण पत्र तथा कागजपत्रहरूमा त्यही नाम कायम रहेको देखिन्छ । उहाँले सोही नाम मात्र लेख्ने हुनाले उनको साहित्यिक नाम पनि लोकनाथ पुडासैनी नै रहेको छ (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.६ बाल्यकाल

लोकनाथ पुडासैनीको बाल्यकाल परिवारको संरक्षण र सम्बर्द्धनमा सामान्य ग्रामीण वातावरणमा नै बितेको देखिन्छ । देशमा राजाहरूको निरङ्कुश पञ्चायती शासन व्यवस्था सञ्चालन गरिरहेको समयमा जन्मिएका पुडासैनीले बाल्यकाल बिताउँदाको समयमा समाज पूर्ण स्वतन्त्र तथा शैक्षिक रूपमा सचेत बन्न पाएको थिएन । त्यसो भए पनि परिवार चेतनशील भएकाले पढ्ने अवसर पाएका पुडासैनीले आजको जस्तो आधुनिक स्कुले बाल्यजीवन भने पाएनन् । सामान्यतया विद्यालय आउँदा जाँदा नै फुर्सद हुँदैनथ्यो । बिहान अढाइ तीन घण्टा र साँझ पनि उत्तिनै हिँडेर विद्यालय जानु आउनु पर्दथ्यो । केही गरी साँझ बिहान फुर्सद मिल्दा र छुट्टीको समयमा बुबाआमा सँगसँगै घाँस दाउरा, वनपाखा, गोठालो, मेलापर्म र खेतबारी खनजोत गरेर खेतीकिसानी गर्दै १५ वर्षको उमेरसम्म उहाँको जन्मथलो गोरखाको पन्द्रुङ्ग गा.वि.स. अन्तर्गतको वडा नं. १ जराङ्गबेँसी मै बितेको देखिन्छ ( शोध नायकबाट प्राप्त जानकारी) ।

## २.७ उपनयन

लोकनाथ पुडासैनीको उपनयन हिन्दू धर्म परम्परा अनुसार विधिपूर्वक भएको हो । गण्डकी अञ्चल गोरखा जिल्ला बधुवा गा.वि.स. वडा नं. १ सिखेगाउँमा रहेको मामाघरमा ब्रतबन्ध भएको थियो । वि.स. २०३० माघ महिनामा ठुलोमामा विष्णुप्रसाद बगालेले गोठमा गाईको दाम्लोले बाँधेर कपाल खौरेपछि उपनयन पूर्व छेवर गरेर सानो मामा वेदप्रसाद बगालेसँगै उपनयन भएको हो भन्नु हुन्छ । गायत्री मन्त्र भने त्यसबेला उपनयन कर्म गराउनु हुने बधुवा गा.वि.स. कसिन्थोकका गुरु श्री गणेशदत्त भट्टराईबाट प्राप्त भएको हो । (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.८ शिक्षादीक्षा

लोकनाथ पुडासैनीको शिक्षादीक्षा घरबाट सुरु भई विभिन्न विद्यालय हुँदै अन्तिममा प्राविधिक शिक्षामा गएर टुङ्गिएको छ । दुर्गम पहाडी जिल्लामा जन्मिएर पनि मातापिताको शिक्षाप्रतिको झुकाव र सचेतनाले गर्दा गाउँलेहरूद्वारा निजि खर्चमा राखिएका शिक्षकहरूद्वारा अध्ययनलाई अगाडि बढाएका हुन् ।

लोकनाथ पुडासैनीको प्रारम्भिक शिक्षा खगराज कोइराला र बुद्धिबहादुर क्षेत्रीद्वारा गाउँमै दिइयो । पुडासैनीको प्राथमिक शिक्षा श्री ब्रह्मचारणी प्राइमरी स्कुल (हाल निमावि) पन्द्रुङ्ग ३ केराबोट जराङ्ग, गोरखाबाट कक्षा १ देखि ३ सम्मको अर्थात् तीन वर्षको शिक्षा हासिल गरेको देखिन्छ । त्यसैगरी श्री दुल्लभ मा. वि. ध्याम्पेसाल गोरखाबाट कक्षा ४ देखि १० सम्मको अर्थात् ६ वर्षको शिक्षा हासिल गरेका हुन् । यसबिच उनले एकवर्ष श्री सूर्यज्योति मा.वि. ताकुपाल्खु, गोरखामा पनि अध्ययन गरेको देखिन्छ ।

अध्ययनका क्रममा विविधखाले उतार चढावहरू आए तापनि शैक्षिक सचेतनाको कारणले गर्दा उनले भविष्यमा उद्यमशील र स्वरोजगारमूखी शिक्षा लिनुपर्छ भन्ने उद्देश्यबाट प्रभावित भई United Mission to Nepal द्वारा वि. सं. २०२० सालमा स्थापित A Project of the United Mission to Nepal, Institute of Technology and Industrial Development, अन्तर्गत बुटवल टेक्निकल इन्स्टिच्युट बुटवल, रूपन्देहीद्वारा सञ्चालित सिभिल इन्जिनियरिङ अन्तर्गतको क्याविनेट मेकर विषयमा चार वर्षे डिप्लोमा तहको (प्रवीणता प्रमाणपत्र तह सरहको) उपाधि र इन्जिनियरिङ शिक्षाको अभिवृद्धिका निम्ति पटक पटक विभिन्न किसिमका तालिमहरू प्राप्त गरेका छन् । (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.९ विवाह

लोकनाथ पुडासैनीको वि.स. २०३९ मा १८ वर्षको उमेर हुँदा हिन्दू धर्म परम्परा अनुसार मागी विवाह भएको हो । गण्डकी अञ्चल गोरखा जिल्ला पन्द्रुङ्ग गा.वि.स. वडा नं. ३ माथिल्लो जराङ्गटार निवासी स्व. पदमप्रसाद देवकोटा र स्व. भगवती देवकोटाकी (जो त्यस बेलाका जीवितै हुनुहुन्थ्यो) १७ वर्षकी कान्छी सुपुत्री कमला देवकोटासँग वि.स. २०३९ वैशाख १४ गते उनको विवाह सम्पन्न भएको हो ।

ससुराली परिवारमा हाल जेठानहरूमा वेदप्रसाद देवकोटा, अमृत देवकोटा, नरेन्द्र देवकोटा, स्व. ढकप्रसाद देवकोटा, भूमिनन्द देवकोटा र एकभाइ सालो भवप्रसाद देवकोटा रहेका छन् भने जेठी सासूहरूमा स्व. दिलकुमारी अम्गाइँ, टङ्ककुमारी अम्गाइँ र सीता भट्ट रहेका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.१० सन्तान

एक छोरा र दुई छोरीका धनी लोकनाथ पुडासैनीलाई वि.सं. २०४२ पौष २४ गते पहिलो सन्तान प्राप्त भएको हो । पहिलो सन्तानको रूपमा इ. कौशल पुडासैनी र क्रमशः छोरीहरू इ. कुसुम पुडासैनी (ढकाल) र नर्सिङ्-स्नातक कला पुडासैनी (गौतम) जन्मनु भएको हो । छोराछोरीहरूका बिहेदान भइसकेको हुनाले हाल परिवारमा उनकी श्रीमती कमला पुडासैनी, स्वयम् लोकनाथ पुडासैनी, छोरा इ. कौशल पुडासैनी र बुहारी इ. सङ्गीता पाण्डे (पुडासैनी) गरी चार जनाको सुखी परिवार रहेको छ । (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.११ दाजुभाइ-दिदीबहिनी

लोकनाथ पुडासैनीका माता पिता, पितादेवी र गङ्गाप्रसाद पुडासैनीका पाँच सन्तान देखिन्छन् । उनी पहिलो अर्थात् जेठो सन्तान हुन् भने उनका भाइहरूमा मुख्य प्राविधिक सहायक पदम पुडासैनी र ज.इ. विवेक पुडासैनीका साथै बहिनीहरूमा मिश्रा पुडासैनी (देवकोटा) र स्व. विनादेवी पुडासैनी (पाण्डे) भएको देखिन्छ । (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.१२ आर्थिक स्थिति

लोकनाथ पुडासैनी निम्न मध्यम वर्गीय परिवारका सन्तान हुन् । त्यसैले उनको पैतृक सम्पत्ति पनि खासै रहेको पाइँदैन । यसो हुँदाहुँदै पनि उनले दुःखकष्टका साथ विद्यालय तहको शैक्षिक योग्यता हासिल गरेका उनले दश कक्षाको अध्ययन पश्चात गोबरग्यास तथा कृषियन्त्र विकास कम्पनी बुटवलमा सहायक हेल्परको रूपमा जागिर खान थालेका हुन् । हालको आर्थिक अवस्था विगतको तुलनामा राम्रो र सन्तोषजनक रहेको छ । उनको मेहनतले गर्दा आजका दिनमा

खान लाउन दुःख छैन भन्ने कुरा शोधनायक खुलासा गर्छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.१३ पेसा

लोकनाथ पुडासैनीको पेसागत जीवन पनि सम्झन योग्य छ । बुटवल टेक्निकल इन्स्टिच्युटको प्रवेश परीक्षा दिनु पूर्व वि.स. २०३५/३६ मा गोबरग्यास तथा कृषिऔजार कम्पनी बुटवलमा साधरण हेल्पर भएर करिब डेड वर्ष कार्य गरेका छन् ।

सिभिल इन्जिनियरिङ अन्तर्गतको क्याविनेट मेकर विषयमा डिप्लोमा तहको अध्ययन पश्चात् इन्जिनियरिङ अध्ययन संस्थान पूर्वाञ्चल क्याम्पस धरान सुनसरीमा वि.स. २०४१ माघ १८ गतेदेखि सिभिल इन्जिनियरिङ विभाग अन्तर्गतको सहायक प्रशिक्षक पदमा योजना अवधिभरका लागि अस्थायी नियुक्ति प्राप्त गरी विश्वविद्यालय सेवा आरम्भ गरेका हुन् । वि.स. २०४३ मा सोही पदमा स्थायी भई वि.स. २०५६ जेठसम्म पूर्वाञ्चल क्याम्पस धरान सुनसरीमा कार्यरत रहेका हुन् ।

वि.स.२०५६ आषाढदेखि हालसम्म इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतकै पश्चिमाञ्चल क्याम्पस पोखराको सिभिल इन्जिनियरिङ विभागमा वरिष्ठ प्रशिक्षकका रूपमा कार्य गर्दै आएका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.१४ दिनचर्या

लोकनाथ पुडासैनीको दिनचर्या सामान्यतया शिक्षण प्रशिक्षण तथा प्राध्यापनमा बित्ने गर्दछ । यसका अतिरिक्त पुडासैनी साहित्यिक व्यक्तित्व भएकाले फुर्सतको समयमा पाठ्यपुस्तक पढ्ने तथा साहित्य लेख्न मन पराउँछन् । त्यसै गरी समाजसेवा भनेपछि हुरुक्क हुने पुडासैनी समाजसेवामा पनि सक्रिय रूपमा लागेका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.१५ व्यक्तिगत रुचि तथा स्वभाव

लोकनाथ पुडासैनीका व्यक्तिगत रुचि तथा स्वभावमा खासै फरक छैन । सामान्य मान्छेमा हुनु पर्ने रुचि र स्वभावहरू नै उनमा रहेका छन् । साहित्य लेखन, इतिहासको अध्ययन, सामाजिक कार्य, अवलोकन भ्रमण र भान्छामा बसेर खाना

पकाएर अरुलाई चखाइ चखाइ ख्वाउन पनि मन पराउँछन् । त्यसैले पाहुनापाछ्राहरू आउँदा श्रीमतीलाई सघाउने बाहाना गरेर भए पनि खानाको परिकार बनाउन अधि सर्ने पुडासैनी साह्रै मिजासिलो, हासेर बोल्ने, अरुका कुरा पनि सुन्ने र आफ्नो कुरा पनि राखिहाल्ने व्यक्तित्वका छन् । यसका साथै अरुलाई सजिलै विश्वास गर्ने, ढाँट्न नजान्ने, मनमा लागेको र आत्माले देखेको कुराहरू निडरताका साथ समाजका अगाडि राख्ने गर्दछन् । जो छलफल र समीक्षाको विषय बनोस् भन्ने चाहान्छन् । सत्य आखिर जहाँ गए पनि जसका सामु व्यक्त गरे पनि सत्य नै हुन्छ भन्ने मान्यता राख्छन् । त्यसैले आफूले लुकाउन पर्ने र कानुन अनुसार गोप्य राख्नु पर्ने विषयवस्तु बाहेक उनी कुनै पनि पक्ष गोप्य राख्दैनन् र राख्दिन पनि भन्छन् । त्यसैले पुडासैनी एउटा खुला किताव हुन् । निडर, खरो मात्र नभई खस्रो स्वभाव भएका मान्छे हुँ भन्छन् । घर परिवारप्रति ध्यान नदिने गैर जिम्मेवार र सामाजिक दायित्वको ठेक्का एक्लैले लिएको ठेकेदार जस्तो मान्छे हो भनेर परिवारबाट उनमा बेलाबेलामा लाग्ने गरेको ठाडो आरोप हो (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.१६ मानसिक वियोगका क्षणहरू

लोकनाथ पुडासैनीका मानसिक वियोगका क्षणहरू सम्झदा वि. सं. २०५५ मा २७/२८ वर्ष पुग्दा नपुग्दैको कलिलो उमेर मै ४/४ जना लालावालालाई टुहुरो पारेर ठुलीबहिनी बिनाको निधन हुँदा अति नै दुखी बने । त्यो बेला उनी teacher’s training को सिलसिलामा भारतको नागपुर पोलिटेक्निकमा तालिम लिइरहेका थिए । तालिममा बाधा पुग्दछ भनेर उक्त घटनाको बारेमा घरपरिवारका कसैले पनि थाहा दिइएको थिएन । जब उनी तालिम सकेर नेपाल फर्किए तब मात्रै त्यो वियोगान्त घटनाको बारेमा जानकारी पाए । जुनबेला उनी अत्यन्त दुःखी भए । भन्छन् जहिले पनि त्यो घटना सम्झँदा आँङै सिरिङ् भएर आउँछ । बिर्स्यु भन्दा पनि हेरक वर्षको भाइटीकाले खाटा उप्काइ दिन्छ र निको हुन खोजेको घाउ ताजै भएर बल्झीदिन्छ । थेग्नै नसक्ने गरी मन भकान्निएर आउँछ भनेर दुःखको त्यो क्षणका बारेमा सुनाउँछन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.१७ सन्तुष्टिका क्षणहरू

लोकनाथ पुडासैनीका सन्तुष्टिका क्षणहरू सम्झदा उहाँका तीनै जना छोराछोरी र टुहुरा भान्जा भान्जीहरूले बढो दुःख र लगनका साथ अध्ययन गरेकोमा अत्यन्त खुसी छन् । आँफूमा तीब्र इच्छा हुँदाहुँदै पनि उनले उच्च अध्ययनको चाहनालाई गति दिन सकेनन् । आफूले नसके पनि मेरा त्रिलोचन तीनैजना छोराछोरीहरूले इन्जिनियरिङ र नर्सिङमा डिग्री लिँदा पहिलो पटक खुसीका आँसु आए । राम्रो घरघरानामा सम्बन्ध स्थापित गरेर उनीहरूको विवाह कर्म सम्पन्न गरी अविभावकीय दायित्व पूरा गर्न पाउँदा र सावाँको भन्दा ब्याजको माया बढी भने झैँ कान्छीछोरीका तर्फबाट पहिलो नातिनी **अंशु** र ठुली छोरीका तर्फबाट पनि पहिलो नातिनी **आयुषी** जन्मेर काखमा लिन पाउँदा उनी र उनकी जीवन सङ्गीनी अति नै हर्षित भएका छन् ( शोध नायकबाट प्राप्त जानकारी) ।

## २.१८ राष्ट्रिय स्तरमा गरेका कार्यहरू

लोकनाथ पुडासैनी आफ्नो युवा अवस्थामा सँगैका साथी तथा दाजुभाइभन्दा प्राविधिक शिक्षा पढेर बेलैमा नै स्वरोजगार बन्न सकेका व्यक्तित्व हुन् । उनले शिक्षाजस्तो संवेदनशील क्षेत्रमा कार्य गर्नुका साथै स्वदेश र विदेशको समेत भ्रमण गर्ने अवसर पाएका छन् । जीवनका यी समयमा उनले एउटा सामान्य मान्छेले दैनिक जीवनयापनमा गर्नु पर्ने सामान्य कार्य भन्दा उपल्लो स्तरमा कार्य गर्न भ्याएका छन् । उनले नेपाल रेडक्रस सोसाइटी, नेपाल ब्लड डोनर्स एसोसियसन, भूकम्पीय क्षति पुनः निर्माण कार्यमा समेत महत्त्वपूर्ण योगदान गरेका छन् । श्रम गरेर आर्जन गरेको थोरै कमाइलाई सहकारीका माध्यमबाट भए पनि सञ्चित गर्दै आफ्नो र समाज परिवर्तनका लागि सहयोग पुऱ्याउन सकिन्छ भन्ने उद्देश्यले उनी लगायतका व्यक्तिहरू मिलेर वि. स. २०५२ मा धरान नगरपालिका वडा नं. १५ मा आधारभूत सहकारी संस्था लि. नामक संस्था खोलिएका थिए भने उनी त्यो संस्थाको संस्थापक सदस्यसमेत रहेका थिए । भलै त्यो संस्था आज अस्तितत्वमा रहेको पाइँदैन (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.१९ सामाजिक जीवन

लोकनाथ पुडासैनीको जीवन भोगाइमा सामाजिक पाटो पनि महत्त्वपूर्ण रहेको छ । बौद्धिक सचेतनासँगै समाजसेवामा झुकाव रहेका उनले आफ्नो जागिरसँगै वि.सं. २०४५ भाद्र ५ गते विहान ५ बजेको समयमा गएको भूकम्पबाट क्षतिग्रस्त धरान नगर क्षेत्रमा राहत तथा उद्धार कार्यमा सक्रियता पूर्वक खटेका थिए । रक्तदानले मानिसहरूको जीवन बचाउन सकिने हुनाले उनले हालसम्म ३१ औँ पटकसम्म रक्तदान गरी सकेका छन् । नेपाल रेडक्रस सोसायिटी सुनसरीको सचिवजस्तो जिम्मेवार पदमा रहेर कार्य गरेका छन् । नेपाल ब्लड डोनर्स एसोसियसनको विधान निर्माण कार्यमा सक्रिय सहभागिता र सोही एसोसियशनको सुनसरी जिल्ला कमिटीको सचिव भई कार्यसमेत गरेका छन् । यसका साथै पूर्वेली क्लब धरानको संस्थापक सदस्यसमेत हुन् । उपभोक्ता मञ्च सुनसरी धरानको गठनमा सक्रिय र सो मञ्चको सचिव भई उपभोक्ता हित संरक्षणको निम्ति काम पनि गरेका छन् । नेपाल जनजाति उत्थान मञ्च र नेपाल दलित उत्पीडित जातीय मुक्ति समाज गठनमा सक्रिय भूमिका निर्वाह गरेका छन् । मदनस्मृति प्रतिष्ठान निर्माणमा सक्रिय उनी सो प्रतिष्ठानको संस्थापक सदस्य पनि हुन् । कालापानीदेखि पशुपति नगरसम्म नेपालका कैयौँ भूभागमा मित्र राष्ट्र भारतद्वारा भइरहेको सीमा अतिक्रमणका विरुद्ध झापाको भद्रपुर र मेची किनारमा गरिएको विरोध कार्यक्रममा सक्रिय सहभागिता जनाएका थिए । भारतीय नेपालीहरूद्वारा दार्जिलिङ्मा गरिएको स्वतन्त्र गोर्खाल्याण्डको आन्दोलनलाई नैतिक समर्थन गर्दै आर्थिक सहयोग जुटाइ उपलब्ध गराउन सक्रिय भूमिका निभाएका छन् । पोखरामा अन्तराष्ट्रिय विमान स्थल निर्माणका लागि आयोजित दवावमूलक कार्यक्रम अन्तर्गत २४ घण्टे रिले अनसनमा सहभागिता जनाउँदै आफूले गर्न सक्ने सामाजिक सेवामा दिनरात खटिरहेका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.२० स्रष्टा र जीवन

लोकनाथ पुडासैनीको जीवनमा साहित्यले ठूलो प्रभाव पारेको छ । उनी साहित्यलाई समाजको ऐनाको रूपमा हेर्छन् । देश विदेशका साहित्यिक व्यक्तित्वहरूको साहित्यिक कृति पढ्न मन पराउने पुडासैनीले माक्सिम गोर्की,

यन्तम चेखव, महाकवि लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, विजय मल्ल, गोविन्दबहादुर मल्ल गोठाले, इन्द्रबहादुर राई, मदनमणि दीक्षित, लीलबहादुर क्षेत्री, कृष्णचन्द्रसिंह प्रधान, भूपी शेरचन, पारिजात, युद्धप्रसाद मिश्र, आनन्ददेव भट्ट, प्रा.डा. कृष्णप्रसाद दाहाल, मोदनाथ प्रश्रित, नारायण ढकाल, झमककुमारी घिमिरे लगायत अमर न्यौपानेसम्मका स्रष्टाहरू र तिनका सबै रचनाहरू मन पराउँछन् । तिनै कृतिहरूको अध्ययनबाट आफ्नै भोगाइ र अनुभवका आधारमा जीवन र जगतलाई बुझ्ने प्रयत्न गरिरहेको बताउँछन् । आफ्नो अनुभवबाट खारिएर निस्किएको अनुभूतिहरूलाई सिर्जनामार्फत् समाजका सामु पस्कनु पर्दछ र यसले समाजका अगाडि ऐनाको काम गर्न सकोस् । उँचनिच, होचो अर्घेलो, हुनेखाने र हुँदा खाने दीनहीनहरू बिचको अन्तर खोट्याउन सकियोस् र सहिष्णुता, आपसी सद्भाव र भाइचाराको सुमधुर सम्बन्धलाई सदैव जीवन्त राख्न हरेकले आफैँबाट थालनी गर्नु पर्दछ भन्ने सोचाइबाट सधैँ प्रेरित भइरहन्छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.२१ प्रभाव, प्रेरणा र प्रारम्भ

कुनै पनि साहित्यको सिर्जनात्मक गतिविधिमा पृष्ठभूमि र परम्परा रहेको हुन्छ । साहित्यकार कुनै व्यक्ति, घटना, राष्ट्रियअन्तर्राष्ट्रिय परिवेश, जीवन भोगाइ, समाज, संस्कृति आदिबाट प्रेरित प्रभावित भएको हुन्छ तर पुडासैनीको कुनै एक व्यक्तिको विशेष प्रभाव र प्रेरणाबाट उनको साहित्यिक यात्रा प्रारम्भ भएको पाइँदैन । आफ्नै रुचि र अध्ययनको प्रतिफलबाट स्वत स्फूर्त नै कोर्न थालेका उनलाई घरपरिवारबाट साथसहयोग भने राम्रो पाएको देखिन्छ । लहडमा कोरिएका उनका लिखतहरूलाई अध्ययन गरे पछि **साथी राम्रो लेख्नुहुन्छ निरन्तरता दिनूस्** भनेर पूर्वमा छँदा प्रा. डा. कृष्णप्रसाद दाहाल, ध्यानबहादुर राई र राजेश वान्तवाज्यूहरूले कलम चलाउनका लागि सधैँ प्रेरित गरिरहनुभएको स्मरण गर्छन् । जानी नजानी लेख्दै थन्क्याउँदै गर्न थालेका पुडासैनी, पूर्वबाट स्थानान्तरण भई पश्चिम अर्थात् पोखरामा आइसकेपछि प्रा. डा. पशुपतिनाथ तिमल्सेना, पुण्यप्रसाद शर्मा, नारायण परिश्रमी र अल्पविरामहरू लगायतले लेख्नका लागि सधैँ प्रेरित गरिरहेका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.२२ प्रकाशित कृतिहरू

लोकनाथ पुडासैनीको पुस्तकाकार साहित्यिक कृतिका रूपमा **संविधान अवसान** कविता सङ्ग्रह (२०६९) र साहित्यत्तर कृतिका रूपमा सिभिल इन्जिनियरिङ प्रवीण अध्ययन गरिरहेका विद्यार्थीहरूका लागि उपयोगी **काठ तथा काष्ठ प्रविधि** (wood & woodwork technology) नामक पाठ्यपुस्तक पनि प्रकाशित भएको छ भने निकट भविष्यमै उहाँको एउटा सामाजिक उपन्यास पनि प्रकाशित हुँदैछ । अन्य पत्रपत्रिकामा थुप्रै फुटकर कविता, कथा, समालोचना, नियात्रा समेत प्रकाशित गर्नु भएको देखिन्छ (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.२३ बसोबास

लोकनाथ पुडासैनीको स्थायी बसोबास गण्डकी अञ्चल गोरखा जिल्ला पन्द्रुङ्ग गा.वि.स. वडा नं. १ जराङ्गबैंसी भए तापनि अध्ययन र जागिरको सिलसिलाले गर्दा नेपालको विभिन्न ठाउँमा बसोबास गर्दै आएका छन् । अध्ययनका सिलसिलामा रूपन्देही जिल्लाको बुटवलमा चार/पाँच वर्षको बसाइपछि जागिर खाने क्रममा सुनसरी जिल्लाको धरानमा १४ वर्ष अस्थायी बसोबास गरे भने केही समय सुदूर पश्चिमाञ्चलमा पनि बस्न पुगे । त्यसै गरी हाल जागिरकै सिलसिलामा कास्की जिल्लाको पोखरा उप महानगरपालिका-१६ लामाचौरमा बसोबास गर्दै आएका छन् । उनी करिब १४ वर्ष जति नै नारायणी अञ्चल चितवन जिल्ला भरतपुर उप महानगरपालिका वडा नं. ७ कृष्णपुरमा पनि अस्थायी रूपले बसोबास गरेको कुरा शोधनायक बताउँछन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.२४ शारीरिक अवस्था र स्वस्थ्य स्थिति

५ फिट ३ इन्च उचाइ, झण्डै ७७/७८ किलो तौल भएका लोकनाथ पुडासैनी गहुँगोरो वर्ण, सामान्य दाह्रीजुँगा, फुल्न थालेका कपाल र उमेरअनुसार मोटो नै शरीर रहेका व्यक्तित्व देखिन्छन् । प्रायः सधैँ भादगाउँले वा नेपाली ढाकाटोपीमा ठाँट्टिने उनी गम्भीर प्रकृति र मिजासिलो स्वभावका रहेका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

स्वस्थ्यका सवालमा पुडासैनीलाई अहिलेसम्म खासै रोग केही छैन । उनी स्वस्थ्य र हिस्टपुष्ट देखिन्छन् । उमेरले ४९ वर्षका भए पनि झलक्क हर्ने मान्छेले

उनलाई त्यति उमेर पुगेको जस्तो ठान्दैनन् । राता गाला, खाइलाग्दो शरीर र सधैँ सफा चटक्क परेको परिहनमा हिँड्ने पुडासैनी आकर्षक व्यक्तित्वका धनी छन् ।

## २.२५ भ्रमण

मानिस चेतनशील प्राणी हो । यही चेतनाको कारण विविध उद्देश्य तथा आवश्यकताको परिपूर्ति गर्न मानिस विभिन्न ठाउँमा भ्रमण गर्ने गर्दछ । ज्ञान तथा अनुभव लिन्छ र आफ्नो इतिहास बनाउँछ । लोकनाथ पुडासैनीले पनि स्वदेश तथा विदेशको भ्रमण गरेर आफ्ना अनुभव सङ्कलन गरेका छन् । उनको भ्रमणको सुरुवात अन्तर जिल्ला स्तरमा १४ वर्षको कलिलो उमेरबाट गरेका हुन् । यस समयमा उनी अध्ययनका सिलसिलामा बुटवलसम्म पुगेका छन् । एउटा तहको पढाइ पूरा गरिसकेपछि जागिर खाने क्रममा नेपालको पूर्वाञ्चल धरानमा १४ वर्ष बसोबास गरेका हुन् भने सोहीक्रममा सुदूर पश्चिमाञ्चलमा केही समयको बसाई पश्चात् हाल पश्चिमाञ्चलको पोखरामा बस्दै आएका छन् । नेपालको विभिन्न ठाउँ भ्रमण गरी आफ्नो ज्ञानको मार्ग फराकिलो बनाएका उनले नेपालमा इन्जिनियरिङ शिक्षाको स्तरोन्नतिका लागि teacher's training को सिलसिलामा भारतको समेत भ्रमण गरेका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.२६ सम्मान तथा पुरस्कार

कुनै व्यक्तिले आफ्नो सामान्य दैनिकी चलाउने मात्र नभएर समाजले नै अनुकरण गर्न योग्य कार्य गर्दा सम्मान तथा पुरस्कार प्राप्त गर्दछन् । पुडासैनीले पनि यस्तै अनुकरणीय कार्य गरेर सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् । उनले विश्वविद्यालय सेवामा २० वर्षभन्दा बढी समयसम्म सेवा गरे वापत् नेपाल प्राध्यापक सङ्घ पश्चिमाञ्चल क्याम्पस एकाइद्वारा सम्मानित भएका छन् । त्यसैगरी त्रि. वि. दीर्घ सेवा पदकबाट पनि सम्मानित भएका छन् । क्याम्पस रजत वर्ष २०६९ को उपलक्ष्यमा आयोजित **नारा** लेखन प्रतियोगितामा प्रथम भई नगद पुरस्कार तथा प्रमाणपत्रद्वारा सम्मानित भएका छन् । त्यसैगरी पश्चिमाञ्चल क्याम्पसमा नेपाल प्राध्यापक सङ्घ एकाइ गठनको २५ औं वर्ष तथा रजत वर्ष २०६९ को उपलक्ष्यमा पूर्व सभापतिको हैसियतमा त्रि. वि. प्रा. सङ्घ पश्चिमाञ्चल क्याम्पस एकाइद्वारा सम्मानित भएका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

यसरी विविध पुरस्कार, कदर र सम्मानपत्र पाएका उनले कार्यक्रम तथा सभाहरूमा पनि पटकपटक अभिनन्दित हुने अवसर पाएका छन् ।

## २.२७ तालिम

लोकनाथ पुडासैनीले आफ्नो शिक्षण कलालाई सुधार्न विभिन्न किसिमका तालिम पनि लिएका छन् । तालिमले मानिसलाई सीप प्रदान गर्नुका साथै कलालाई पनि विकसित गर्छ । त्यसैले तालिम मानिसको लागि अपरीहार्य हुन्छ । त्यही भएर उनले लिएको तालिमलाई यहाँ उल्लेख गरिएको छ ।

i) **"Certificate Programme in Teacher Training"** For Development of Engineering Education in Nepal, *organized by* Technical Teachers' Training Institute, Shamla Hills, Bhopal, India

ii) **"Training of Trainers for Junior Biogas Technicians"** & **"Tranining of Trainers for Biogas Supervisors and Masons"**, *Organized by* BSP, Netherlands Development Organization .

iii) **"Skill Test Assessor' Training"** *Organized by* Council for Technical Education and Vocational Training (CTEVT) Training Institute for Technical Instruction (TITI), National Skill Testing Board (NSTB) and EVENT Project.

iv) **Training on Research Methodology** *Organized by* Research Management Cell, IOE, WRC, Pokhara .

v) **Instructor Upgrading Training,** on Civil Engineering. *Organised by* IOE, Paschimanchal Campus Pokhara. (शोध नायकबाट प्राप्त जानकारी)

## २.२८ साहित्यसम्बन्धी दृष्टिकोण

साहित्य कला हो । यो प्रतिभावान् व्यक्तिको सिर्जनात्मक अभिव्यक्ति हो । समाजलाई चेतना र संवेदना सहित अगाडि बढाउने एक माध्यम हो । लोकनाथ पुडासैनी पनि साहित्यको बारेमा यी मान्यतालाई स्वीकार गर्दछन् तर साहित्यबारे उनको बुझाइ यतिमा मात्र सीमित भने छैन । अन्तरमनका भावनाहरूलाई लेखनका माध्यमबाट समाजका सामु सरल ढङ्गले प्रस्तुत गरिने साहित्य कला हो । साहित्य छ्याङ्ग उग्रिएको आकाश गङ्गा जस्तै प्रस्टिएको भावनात्मक अभिव्यक्ति हो । साहित्य सिर्जनामार्फत् समाजलाई चिन्हित गर्ने गराउने र सचेत भूमिका खेल्ने

सशक्त माध्यम पनि हो । समाज रूपान्तरणका निमित्त स्रष्टाका सिर्जनामार्फत् हेर्ने हेरिने आँखा हो, ऐना पनि हो र साहित्य दर्पण हो । साहित्यमा ढाँटिनु हुँदैन । समाजको यथार्थ जस्तो छ, साहित्यका माध्यबाट सत्य ओकल्न सक्नु पर्दछ । साहित्यिक व्यक्तित्वहरूले यसै भन्ने गरेको र यसमा विमति रहने कुरै भएन भनेर भन्छन् ।

वास्तवमा सर्जकको सिर्जनाको कुनै मूल्य नहुनु पर्ने हो । कलम चलाएकै भरमा बाँच्ने स्रोतको जोहो गर्न विवश स्रष्टाहरूले थोरै भए पनि परिश्रमको फल पाउनु पर्ने हो तर विडम्बना, पठन संस्कृति हराउँदै गएकाले हो कि श्रमको मूल्य हराउँदै गएकाले हो, एकै छाकमा हजारौ रूपैयाँको रमझम गर्न गराउन नहिच्किचाउनेहरूले सय, दुईसय मूल्य पर्ने एउटा पुस्तक किनेर पढ्न नरुचाएकै पाउँछन् । यति मात्र कहाँ हो र एउटा स्रष्टाले अर्को स्रष्टाको सिर्जनाको मूल्य तिरेर पुस्तक खरिद गर्दा रहेनछन् । आफ्नै मात्र बिकाउनका लागि बल गरिँदो रहेछ । लोकार्पण कार्यक्रममा जाँदा ल मित्र तपाइँलाई मेरो पनि भन्दै आफ्नो सिर्जना उपहार स्वरूप थमाउँदा उनको हातले मेरो पनि तपाइँलाई उपहार भयो भनेर नभनिँदो रहेछ । त्यसैले उनीले जहाँ जाँदा पनि पुस्तक किन्ने गरेका छन् । यस्तो अवस्थामा लेखेर मात्रै त्यसको भरमा सरल ढङ्गले जीवन बाँच्न पक्कै पनि सकिँदैन भन्ने गुनासो व्यक्त गर्दछन् । उनी साहित्य सिर्जनामा लाग्नेहरूका लागि बाँच्ने आधार तयार हुनुपर्ने कुरा ठान्छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.२९ जीवनजगत् सम्बन्धी दृष्टिकोण

लोकनाथ पुडासैनी कुनै एक दशकको संसारलाई चिहाउने मात्र नभएर करिब आधा शताब्दी पुरैको संसारिक अनुभव प्राप्त गर्ने भाग्यमानी व्यक्ति हुन् । विज्ञान, प्रविधि, चेतना विकास आदिको चमत्कार भएको आजको वैज्ञानिक तथा यान्त्रिक युग अनि सापेक्षित रूपमा विज्ञान र प्रविधि कम विकास भएको अर्ध शताब्दी अगाडिको अध्यात्मिक विश्वासका युगका अनुभव समेत बटुलेका उनले जीवनसम्बन्धी दृष्टिकोण पनि अध्यात्मिक र भौतिक दुबै मान्यताबाट सङ्क्रमित छ । उनका बुबाहजुरबुबाले दाउराको चुलोमा पकाएको खाना धोती फेरेर खाने गरेको भए पनि उनले भने त्यस कर्मलाई निरन्तरता दिएनन् । उनको जीवनशैलीले पनि यही कुराको पुष्टि गर्दछ ।

एकातिर उनी विज्ञानका चमत्कारले मान्छेले उपयोग गर्न पाएका सुविधाप्रति दङ्ग छन् भने अर्कातिर मान्छेले बिर्सदै गएको नैतिक मूल्य मान्यता र आपसी विश्वास, आस्था तथा मानवीय संवेदनालाई भुलेर एकआपसमा हुने गरेको झैंझगडाबाट चिन्तित छन् । यसैले उनी मानिसको जीवनलाई विज्ञान र धर्म दुबैले बुझ्न नसकेको अपार रहस्यको पोको तथा संसारलाई हेर्ने र बुझ्ने स्वर्ण अवसर ठान्दछन् । जति जति विकास हुँदै गएको छ, त्यति नै आजका मान्छेलाई प्रविधिले भित्रभित्रै खोक्रो बनाइसकेको छ । पूँजीवादको दबदबाबले गर्दा दिनदिनै मानिसहरू गरिब, असाहय, र पीडित बन्दैछन् । यसको निराकरणको अन्त्य मान्छे आफैँले खोज्नुपर्छ । धनी मानिसहरू दिनदिनै धनी बनिरहेका छन् भने गरिबहरू झनझन दिन प्रति दिन गरिब बन्दै गएका छन् । जसले गर्दा मानिस-मानिसका बिच गहिरो खाडल बन्दै छ । जसले गर्दा गरी खाने वर्गले स्वतन्त्रपूर्वक गरी खान पाएका छैनन् । यी विविध कुराको अन्त्य भई पूर्ण स्वतन्त्रता सहितको समाज निर्माण हुनु पर्ने ठान्छन् । यान्त्रिक बनेको जीवनलाई मानवीय संवेदनाका साथ जीवन जिउन पाउनु पर्ने महसुस गर्छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.३० निष्कर्ष

लोकनाथ पुडासैनीको जन्म वि.स. २०२१ फागुन २३ गते गण्डकी अञ्चल गोरखा जिल्ला पन्द्रुङ्ग गा.वि.स. वडा नं. १ जराङ्गबेँसीमा भएको हो । कृषि व्यवसाय गर्ने पिता गङ्गाप्रसाद पुडासैनी र माता पितादेवी पुडासैनीको कोखबाट पहिलो सन्तानका रूपमा जन्मिएका पुडासैनी गाउँमै पाटीमा खरीले लेखेर कखरा सिके भने गाउँमै रहेका विद्यालयबाट प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक शिक्षा लिने अवसर पाए । त्यसपछि १४/१५ वर्षको कलिलो उमेरमै बुटवलको गोबरग्यास तथा कृषियन्त्र विकास कम्पनीमा सहायक हेल्परको समेत जागिर खान भ्याए । उनले १० कक्षाको अध्ययनपश्चात् प्राविधिक शिक्षा लिएर स्वरोजगार हुनुपर्छ भन्ने उदेश्यबाट प्रभावित भई सिभिल इन्जिनियरिङ अन्तर्गतको क्याविनेट मेकर विषयमा चार वर्षे डिप्लोमा अध्ययन पूरा गरेपछि लगत्तै पूर्वाञ्चल क्याम्पस धरानबाट जागिरे जीवनको यात्रा आरम्भ गरेका हुन् ।

हिन्दू धर्मको अनुशरण गर्ने ब्राह्मण परिवारमा जन्मिएका उनले वैदिक विधि अनुसारको उपनयन गोरखा जिल्ला बधुवा गा.वि.स. वडा नं. १ सिखेगाउँमा पर्ने

आफ्नो मामा घरमा गरे भने १८ वर्षको उमेरमा गोरखा जिल्लाकै पन्द्रुङ् गाविस वडा नं. ३ माथिल्लोजराङ्गटारका स्व. पदमप्रसाद देवकोटा र स्व. भगवती देवकोटाकी १७ वर्षकी कान्छी सुपुत्री कमला देवकोटासँग वि.स. २०३९ वैशाख १४ गते मागी विवाह गरेका हुन् । त्यसपछि पारिवारिक दायित्व निर्वाह गर्दै सामाजिक क्षेत्र र साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । जागिर खाने क्रममा उनले जन्मस्थान भन्दा बाहिर नै धेरै समय बिताएका छन् । हाल पनि जागिरकै सिलसिलामा पोखरामा बसोबास गरिरहेका छन् । उनका मातापिताका तीन भाइ छोराहरूमा तीनै भाइ जागिर कै सिलसिलामा पोखरामा नै बस्ने गर्दछन् । अहिलेसम्म कुनै पनि दाजुभाइ अलग नभएकाले जन्मथलोमा सबैजना आउने जाने गरिरहन्छन् भने अहिले उनका बुबाआमा पुरानो गाउँ छाडेर बाटोघाटोको अलिक सुविधा भएको स्थान गोरखाकै गाँखु गाविसमा पर्ने महटारमा नै बसोबास गर्दछन् ।

लोकनाथ पुडासैनीले आफ्नो अमूल्य समय सरकारी शिक्षण सेवा, समाजसेवा तथा साहित्य सिर्जनाको कार्यमा खर्च गरेका छन् । सानै उमेरदेखि कविता विधामा कलम चलाएका उनले वि.सं. २०४८ सालदेखि राष्ट्रियस्तरका विभिन्न पत्रपत्रिकाहरूमा आफ्ना रचनाहरू प्रकाशित गर्दै वि.सं. २०६९ मा **संविधान अवसान** भन्ने कविता सङ्ग्रह प्रकाशित गरेका छन् । उनको यस कविता सङ्ग्रहमा ६३ वटा गद्यशैलीका कविताहरू सङ्ग्रहित छन् । उनलाई यस कविता सङ्ग्रहले प्रगतिशील कवि तथा साहित्यकारको रूपमा चिनाएको छ ।

त्यसै गरी उनका प्रकाशोन्मुख कृतिहरूमा उपन्यास, कविता सङग्रह, मुक्तक सङ्ग्रह, निबन्ध, र प्राविधिक विषयका कृतिहरू निकट भविष्य मै प्रकाशनको तयारीमा रहेका छन् । साहित्य र कलालाई मान्छेको आवश्यक तत्त्व मान्ने उनले देशका विभिन्न ठाउँहरू तथा छिमेकी राष्ट्र भारतको समेत भ्रमण गरेका छन् । आफ्नो पेसा र समाजसेवा गरेबापत् विभिन्न सम्मान र पुरस्कार प्राप्त गर्ने अवसर पनि पाएका छन् । जीवनलाई एक रहस्य र अवसर मान्ने पुडासैनी ४९ वर्षको उमेरमा संसारको गतिविधि हेर्दै दैनिकी बिताइरहेका छन् ।

# अध्याय-तीन

# लोकनाथ पुडासैनीको व्यक्तित्वको अध्ययन

## ३.१ परिचय

कुनै पनि व्यक्तिले आफ्नो जीवनमा गरेका कार्यहरूबाट बनाएको पहिचान उसको व्यक्तित्व हो । यसलाई व्यक्तिको अनुभव, ज्ञान र शिक्षादीक्षा मूल प्रवृति तथा गुणहरूको समूहका रूपमा पनि लिन सकिन्छ । व्यक्तिका व्यक्तिगत एवम् सामूहिक जीवन भोगाइका क्रममा उसका जीवनमा देखा परेका साधारण एवम् असाधारण स्थितिबाट व्यक्तित्वको निर्माण हुन्छ । यस्तै व्यक्तित्व वंश परम्परा जैविकवृत्ति पुञ्जका रूपमा सृजित हुन्छ र शिक्षादीक्षा सङ्गति वातावरणका आलोकबाट प्राप्त वा आर्जित अनुभवद्वारा सम्वृद्ध बन्छ (उपाध्याय, २०३९ : ३९) । व्यक्तित्वको अर्थ एकरूपता निर्माण हो । व्यक्तिले आफ्ना आन्तरिक स्वरूपलाई दृढ बनाउने क्रममा प्रत्येक परिवर्तन स्थितिमा प्रतिभाको स्पष्ट र गहन छाप छाडेको हुन्छ । त्यसैले व्यक्तित्वको अर्थ परिवर्तनशीलता नभई प्रतिकूल स्थितिको अनुकूल स्थितिमा चल्न सक्ने त्यो शक्तिसत्ता हो, जसले मानिसलाई प्रत्येक क्षणमा आफ्ना दृष्टिकोण राख्न अभिप्रेरित गरेको हुन्छ । त्यही व्यक्तिभित्र निहीत प्रतिभाले नै व्यक्तित्वलाई चिनाएको हुन्छ (ओझा, २०५७ : ३१) ।

व्यक्तित्वबाट नै व्यक्ति समाजमा परिचित हुन्छ । कुनै व्यक्तिले गरेका विकासात्मक र रचनात्मक कार्यमा आफ्नो व्यक्तित्वको छाप छाडेको हुन्छ । एउटै व्यक्ति साहित्य, समाज, शिक्षा आदि क्षेत्रमा समर्पित हुँदा उसको व्यक्तित्वका भिन्न पाटाहरूको निर्माण हुन्छ । लोकनाथ पुडासैनीले पनि आफ्नो जीवन भोगाइका विभिन्न कार्यहरू गरेर त्यसै अनुरूपको व्यक्तित्वको निर्माण गरेका छन् । यस अध्यायमा पुडासैनीका तिनै व्यक्तित्वका भिन्न पाटाहरूको अध्ययन गर्ने प्रयास गरिएको छ ।

## ३.२ निजी व्यक्तित्व

व्यक्तिको निजी व्यक्तित्व भन्नाले उसको बाह्य शारीरिक अवस्था र उसको व्यवहारबाट झल्कने निजत्वलाई बुझ्न सकिन्छ । व्यक्तिको सार्वजनिक व्यक्तित्वको स्पष्ट छवि किटान गर्नका लागि पनि उसको निजी व्यक्तित्वको पहिचान आवश्यक हुन्छ किनकि व्यक्तिका निजी व्यक्तित्वको प्रस्ट स्वरूप उसका सार्वजनिक व्यक्तित्वका चरण चरणमा उजिलिएको हुन्छ । कुनै पनि व्यक्तिको शील, स्वभाव, आचरण प्रवृति आदिका सन्दर्भमा आन्तरिक व्यक्तित्वको अध्ययन हुन्छ । लोकनाथ पुडासैनीको निजी व्यक्तित्वलाई हेर्दा उनी मिहेनती, तीक्ष्ण बुद्धि, लगनशील तथा अध्ययनशील स्वभावका देखिन्छन् । पढ्ने रुचि र अवसरको सदुपयोग गर्दै सानै उमेरदेखि घरबाहिर रहेका उनी शान्त र कर्मशील रहेका छन् । काम गरेपछि प्रतिफल पक्कै प्राप्त हुन्छ भनेर मेहनत गरिरहने उनी स्वाभिमानी, निडर, धीर प्रकृतिका छन् । जीवनमा प्राविधिक शिक्षा क्षेत्रको अध्ययन र क्याम्पसमा शिक्षण गरिरहेका उनी कसैको कुभलो चिताउँदैनन् र अरुले कुभलो गरेको सहन पनि सक्दैनन् । जनताको स्वतन्त्रता र न्याय माग गर्ने तथा निरङ्कुशताको अन्त्य चाहने हुँदा जागिर सँगसँगै साहित्यिक रचानाहरू पनि सिर्जना गर्ने गरेका छन् । हालको अधबैँसे उमेरमा पनि अध्ययन र लेखनमा उत्तिकै रुचि राख्ने हुँदा नै उनी आजसम्म पनि साहित्य सिर्जना गरिरहेका छन् । देशप्रेम, धार्मिक नास्तिकता, समाजसेवा आदि उनका प्रिय विषयहरू बनेका छन् ।

### ३.२.१ शारीरिक व्यक्तित्व

५ फिट ३ इन्च उचाइ ७७ किलो तौल भएका लोकनाथ पुडासैनी गहुँगरो वर्ण, सामान्य दाह्रीजुँगा, फुल्न थालेका कपाल र उमेरअनुसार मोटो शरीर भएका व्यक्तित्व देखिन्छन् । उनी प्रायः सधैँ भादगाउँले वा नेपाली ढाकाटोपी लगाउने गर्दछन् । उनी गम्भीर प्रकृति र मिजासिलो स्वभावका मानिस  रहेका छन् ।

स्वस्थ्यका सवालमा पुडासैनीलाई अहिलेसम्म खासै रोग लागेको छैन । उनी स्वस्थ्य र हिस्टपुष्ट देखिन्छन् । उमेरले ४९ वर्षका भए पनि झलक्क हर्ने मान्छे उनलाई त्यति उमेर भएको मान्छे जस्तो ठान्दैनन् । राता गाला, खाइलाग्दो शरीर र

सधैँ सफा चटक्क परेको परिहनमा हिँड्ने पुडासैनी आकर्षक व्यक्तित्वका धनी छन् ( शोध नायकबाट प्राप्त जानकारी) ।

### ३.२.२ पारिवारिक व्यक्तित्व

पहाडी जनजीवन, गाउँले परिवेश, निम्नमध्यम वर्गीय किसान परिवारमा हुर्केका लोकनाथ पुडासैनीको परिवारलाई बुबाआमाको मिहिनेतको भरमा मात्र खानलाउन कठिन नै थियो । तापनि बुबाआमाले आफू भोको बसेर भए पनि छोराछोरीलाई कहिल्यै भोको राख्नु भएन । बुबाआमाको जेठो सन्तान भएकाले पुडासैनीले बढी नै ममता पाए । जब उनी शारीरिक रूपमा श्रम गर्न सक्ने भए, तब खेतीपातीको काममा बुबाआमालाई सघाउन थाले । बुबाआमाका पाँचै सन्तान पुडासैनीहरू हुर्कँदै गए । उनीहरूका खाने आहारा र लगाउने लुगाफाटाको आकार पनि बढ्दै गयो । जसोतसो खान पुग्ने जमिनको आयस्था बाहेक अरु कतैबाट थप आम्दानीको श्रोत थिएन । आवश्यकता बढ्दै गयो । अभावहरू खड्कँदै गए । सोही क्रममा माध्यामिक तहको अध्ययन गर्दा गर्दै रोजगारमुलक शिक्षा र रोजगारी कै खोजीमा बुटवल पुगेर गोबरग्यास तथा कृषियन्त्र विकास कम्पनीमा हेल्परको काम गर्न थाले । बाआमाको आर्थिक आम्दानीको श्रोत नभएकाले घरमा नुन तेलदेखि भाइबहिनीलाई पढाउनका लागि बुबाआमालाई सघाउने दायित्व उनी माथि थपिँदै गयो । गोबर ग्याँस कम्पनीमा जागिर खाँदाखाँदै बुटवल टेक्निकल इन्स्टिच्युटद्वारा लिइएको प्रवेश परीक्षामा सम्मिलित भई उतीर्ण भएपछि उनले चार बर्षे प्राविधिक शिक्षा अध्ययनको प्रारम्भ गरे । त्यस बेला इन्ष्टिच्युटले हरेक हप्ता ११ रूपैयाँ पकेट खर्च उपलब्ध गराउँथ्यो । सेमेष्टर परीक्षामा राम्रो नतिजा ल्याउने जेहेन्दार विद्यार्थी भए बापत पकेट खर्च दोब्बर पाउँथ्यो । आठवटा सेमेष्टरको परीक्षामा उनले पाँच वटा सेमेष्टरमा उत्कृष्ट नतिजा ल्याएर पाँचै पटक दोब्बर पकेट खर्च प्राप्त गरेका थिए । यसरी प्राप्त हुन आएको रकमले उनले घरको लागि नुनतेल, मरमसलाका अतिरिक्त ओड्ने ओछ्याउने सिरक डस्ना, खाना खाने थाल, पकाउने भाँडा, कचौरा, कसौँडी र पानी पिउने अँम्खोराहरू किनेर घरको आवश्यकता परिपूर्ति गरेका हुन् ।

चार वर्षको अध्ययनपश्चात् जब पुडासैनीले त्रि.वि. सेवामा प्रवेश गरेर जागिर खान थाले । त्यसपछि त झनै सबै परिवारका सबै सदस्यहरू उनी माथि आश्रित हुन थाले । वि.सं.२०४६ सालको परिवर्तनपछि पार्टीहरूमा देखिएको राजनीतिक खिचातानीले गर्दा एउटाको बर्चस्व देखिएको गाउँमा अर्को विचार र आस्था बोकेकाहरूलाई जीउन गाह्रो परेको थियो । औचोपैँचो, मेला र एकअर्कामा विगतदेखि चलिआएको काम पनि नचल्ने भइसकेको थियो । हुँदा हुँदा यतिसम्म कि काङ्ग्रेसका मान्छेले काटेको खसीको मासु एमालेकाहरूले नखाने, एमालेकाहरूले काटेको खसीको मासु काङ्ग्रेसकाहरूले नखानेजस्ता पानी बाराबार गर्नेसम्मको स्थिति पनि पैदा भयो । त्यसैको मारमा उनका बुबाआमा पनि पर्न थालेका थिए । त्यसैले उनका बाआमाले अप्रत्यासित रूपमा गोरखाको पन्द्रुङ् गाविसमा रहेको आफ्नो पुर्ख्यौली घर र घरबारी बेचेर धरानमा रहेका उनैसँग आश्रय लिन पुगे । त्यसपछि उनीको थाप्लोमा झनै ठूलो अविभारा थपियो । त्यो समयमा उनलाई एउटा जागिरको भरमा त्यत्रो ठुलो परिवारको पालनपोषण र रेखदेख पुऱ्याउन ज्यादै कठिन परेको दखिन्छ । जे जति भए पनि बेच्न बाँकी रहेको आफ्नो पैत्रिक सम्पत्ति गोरखा मै रहेको हुनाले झण्डै चार/पाँच बर्षको धरान बसाइपछि उनका बाआमा पुनः गोरखाको गाँखु गाविस वडा नं. ६ अन्तर्गतको महटारमा थोरै जमिन किनेर गोरखामै बसोबास गर्न थाले । त्यसको केही वर्षपछि अल्पायुमै उनकी ठुलीबहिनीको असामयिक देहवसान हुन गयो । सानो छँदै बाबुआमा गुमाएकाले उनकै माइलाबुबाले पालेर हुर्काएका टुहुरा केटोलाई बाआमाले उनकी बहिनीलाई बिहे गरी दिएका थिए । निरक्षर ज्वाइँको कमजोर घरायसी स्थितिका कारणले गर्दा चार-चार जना भान्जाभान्जीहरूलाई समेत सघाएर हुर्काउन पर्ने स्थिति पुडासैनी स्वयम्लाई आइलाग्यो । त्यसबेलामा उनीसँग पूर्वाञ्चल क्याम्पसको आवासगृहमा सँगै बस्ने परिवारको संख्या १३ जनाको थियो । जसमा विद्यालय र क्याम्पस पढ्नेहरूको संख्या मात्रै ७ जना थिए । सुत्केरी भएको एघार दिनको दिन नवजात शिशुलाई छोडेर बितेकी जेठीसासुका छोरालाई पनि त्यसबेला उनैले पालेका थिए । हजुरआमाको देहवसानपछि विरक्तिएर हिँडेका मावलीका हजुरबालाई पनि लामो समयसम्म आँफैले पाले । सकेसम्म सबैलाई सघाउनु पर्दछ भन्ने उनको भावना र मान्यता

थियो । त्यसैले हजुरबादेखि आफ्ना भाइबहिनी, भतिजा, र भान्जीहरूलाई पनि सँगै आफ्नै साथमा राख्ने काम गरे । यसमा उनकी श्रीमती कमला पुडासैनीको ज्यादै ठूलो सहयोग रहेको छ । श्रीमतीको असहयोग भएको भए पुडासैनीले कसैलाई केही गर्न पनि सक्दैन थिए । उनको आफ्नो कमाइ आफ्नै लागि हो भनेर उनले कहिल्यै सोचेनन् । भविष्यका लागि भनेर कहीँ कतै केही सञ्चित गर्ने काम पनि गरेनन् । लोग्नेको कमाइप्रति श्रीमतीले पनि कुनै दिन लालच देखाइनन् । त्यसैले आफ्नी श्रीमतीप्रति पुडासैनी सधैँ आभारी रहेका छन् । उनको आफ्नो सञ्चित बचत भनेको सञ्चय कोषको रकम थियो । त्यही सञ्चय कोषबाट हरेक वर्ष ऋण सापटी झिकेर दैनिक गुजारा र छोराछारी र भान्जाभान्जीहरूको पढाइ खर्च तथा भाइबहिनी र भतिजाहरूका क्याम्पसको मासिक शुल्क तिर्ने कार्यसमेत गरे । उनका छोराछोरी मात्र हैन भाइबहिनी, भतिजा र भान्जाभान्जीहरू सबैलाई उनको क्षमताले भ्याएसम्म वातावरण मिलाउँदै निकै संघर्ष गरेर पढाए र लेखाए । आज प्रायः ती सबै जना एउटा-एउटा पेसामा संलग्न रहेका छन् । आ-आफ्नो कमाइ खाएका छन् । त्यसैले उनी आज विगतका ती अभाव र समस्याहरूबाट लगभग मुक्त भएका छन् । उनका बुबाआमाहरूलाई पनि कुनै चिजको अभाव छैन । तीनैजना दाजुभाइले आलोपालो सघाएका छन् । उनलाई पनि छोराछोरीहरू सबैले आ-आफ्ना ढङ्गले सघाएका छन् । आजभन्दा चार/पाँच वर्ष पहिलेबाट बल्ल विद्यालय र क्याम्पसको फिस तिर्नबाट मुक्त भएका पुडासैनीले त्यसभन्दा पहिले उनैमा आश्रित परिवारको सङ्ख्या धेरै भएका कारणले निकै अभाव र सङ्कटपूर्ण जीवन गुजारा गरेका थिए । यद्यपि जति अभाव भए पनि उनी बेखुसी त कहिल्यै भएनन् । भोकै बस्नु परे पनि संघर्ष गर्दै रहे, कहिल्यै आत्तिएनन् । घरको जेठोबाठो भएको नाताले आफ्नो कर्तव्य र दायित्व ठानी हरेक समस्याहरू पार लगाउँदै गए । आफ्नै बा-आमाका सामु पनि उनले आफ्नो समस्या कहिल्यै बताएनन् र आँफैले सल्ट्याउँदै गए (शोध नायकबाट प्राप्त जानकारी) ।

यसरी उनले पारिवारिक दायित्व सधैँ पूरा गर्दै रहे । हाल पनि उनी आफ्नो कर्तव्य र दायित्वबाट कहिल्यै पछि हटेका छैनन् ।

## ३.३ सार्वजनिक व्यक्तित्व

कुनै पनि व्यक्तिले निजको आफ्नै सरोकारसँग मात्र सम्वन्धित नरहेर सार्वजनिक महत्त्व राख्ने कार्य गर्दै आफ्नो पहिचान बनाउनुका साथै व्यक्तित्वको समेत निर्माण गरेको हुन्छ भने त्यस दृष्टिबाट उसको सार्वजनिक व्यक्तित्वलाई हेर्दा उनको जीवन यात्रामा साहित्येतर र साहित्यिक व्यक्तित्वको विकास भएको पाइन्छ । लोकनाथ पुडासैनीले आफ्नो जीवनमा सामाजिक, साहित्यिक सेवा र शिक्षणजस्ता कार्य गरेर साहित्येतर व्यक्तित्वको निर्माण गरेका छन् भने साहित्य सिर्जनाद्धारा साहित्यिक व्यक्तित्वको निर्माण गरेका छन् । पुडासैनीको नाम समाजसेवी व्यक्तित्वका रूपमा पनि उत्तिकै परिचित रहेको छ । सामाजिक र शैक्षिक उन्नयनका लागि उनले विभिन्न सङ्घ-संस्थाहरूलाई सहयोग दिएका छन् । सङ्घ संस्थाहरूको व्यवस्थापन तथा संस्थापकमा पदीय जिम्वेदारी पूरा गरेर र प्रचार प्रसारका कार्यमा जुटेर यो व्यक्तित्व निर्माण गरेका हुन् । विभिन्न सङ्घसंस्थाका प्रचार तथा प्रसार गर्ने सन्दर्भमा विभिन्न समयमा पत्रपत्रिका तथा रेडियोमा अन्तर्वार्ता दिएबाट पनि उनको यस क्षेत्रको व्यक्तित्वको बारेमा प्रस्ट हुन्छ (शोध नायकबाट प्राप्त जानकारी) ।

उनका यी विभिन्न क्षेत्रका क्रियाकलापहरू सार्वजनिक भएकाले त्यसबाट विकसित व्यक्तित्वको अध्ययन यहाँ गरिएको छ ।

### ३.३.१ शिक्षक वा शैक्षणिक व्यक्तित्व

लोकनाथ पुडासैनीको शिक्षण व्यक्तित्व पनि सम्झन योग्य छ । बुटवल टेक्निकल इन्ष्टिच्युटको प्रवेश परीक्षा दिनु पूर्व वि.स. २०३५/३६ मा गोबरग्यास तथा कृषिऔजार कम्पनी बुटवलमा साधरण हेल्पर भएर करिब डेड वर्ष कार्य गरेका छन् ।

सिभिल इन्जिनियरिङ अन्तर्गतको क्याविनेट मेकर विषयमा डिप्लोमा तहको अध्ययन पश्चात् त्रि.वि.इन्जिनियरिङ अध्ययन संस्थान, पूर्वाञ्चल क्याम्पस धरान, सुनसरीमा वि.स. २०४१ माघ १८ गतेदेखि सिभिल इन्जिनियरिङ विभाग अन्तर्गतको सहायक प्रशिक्षक पदमा योजना अवधिभरका लागि अस्थायी नियुक्ति प्राप्त गरी विश्वविद्यालय सेवा आरम्भ गरेका हुन् । वि.स. २०४३ मा सोही पदमा स्थायी भई वि.स. २०५६ जेष्ठ मसान्तसम्म झण्डै १५ वर्ष जति पूर्वाञ्चल क्याम्पस धरान, सुनसरीमा कार्यरत रहेका हुन् ।

वि.सं. २०५६ अषाढदेखि हालसम्म इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतकै पश्चिमाञ्चल क्याम्पस पोखराको सिभिल इन्जिनियरिङ विभागमा वरिष्ठ प्रशिक्षकका रूपमा कार्य गर्दै आएका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## ३.३.२ साहित्यिक व्यक्तित्व

कुनै पनि व्यक्तिको साहित्यिक कृतिका आधारमा उसको साहित्यिक व्यक्तित्व निर्माण भएको हुन्छ । साहित्यिक क्षेत्रमा सानै उमेरदेखि रुचि भएका लोकनाथ पुडासैनीले सिर्जनाका कृति तथा लेखरचना प्रकाशित गराएर आफ्नो साहित्यिक व्यक्तित्वको निर्माण गरेका छन् । उनको साहित्यिक व्यक्तित्व कविको रूपमा रहेको छ भने साहित्यका अन्य विधामा समेत कलम चलाएका छन् । यहाँ उनलाई कविको रूपमा हेरिएको छ ।

सानै उमेरदेखि साहित्यमा रुचि राख्ने लोकनाथ पुडासैनी विद्यालय तहदेखि नै कविता लेख्ने, कविता वाचन गर्ने, निबन्ध लेख्ने र विभिन्न साहित्यिक कार्यक्रमहरूमा भाग लिने गरेको पाइन्छ । विभिन्न साहित्यिक कार्यक्रममा भाग लिएर पुरस्कार समेत प्राप्त गरेकाले पुडासैनीमा नेपाली साहित्यप्रति सानैदेखि रुचि रहेको थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

विद्यार्थी जीवनदेखि नै नेपाली भाषा साहित्यमा एक सफल प्रतिभाका रूपमा प्रवेश पाएका पुडासैनीले वि.सं २०४०/४१ देखि लेख्न सुरु गरेका हुन् । वि.सं. २०४८ मा आएर **बराम जातिको एक परिचय** शीर्षकमा लेखिएको एउटा लेख प्रगति साप्ताहिक वर्ष- ९ अङ्क २२ मा छापिएपछि भने नेपाली साहित्यमा लेखनको यात्रा अगाडि बढाएका हुन् । लेखरचना प्रकाशन गर्नुभन्दा पनि लेख्ने र आफ्नो साथीहरूलाई सुनाउनमा आनन्द मान्ने पुडासैनीले लेख प्रकाशन गरेपछि विभिन्न विद्वानहरूको सकारात्मक सुझावहरूले हौसला प्राप्त गरेकाले उनमा लेखरचना प्रकाशन गर्नुपर्ने रहेछ भन्ने लागेर पहिला नै लेखिएको कविता वि.सं २०५० मा **सावधान** शीर्षकको कविता **तन्देरी** द्वैमासिक वर्ष १५ अङ्क ३ मा छापिएपछि भने उनले नेपाली साहित्यमा पूर्ण प्रवेश गरेका हुन् ।

लोकनाथ पुडासैनी वि.सं २०५० पछिको समयमा साहित्यमा समर्पित भई कविता लेख्दै रहे । मौका परेको बेलामा साथीभाइलाई सुनाउन मन पराउने पुडासैनीले साथीभाइको सकारात्मक सुझावले गर्दा कविता रचना गरिरहे । उनी

नेपाली साहित्यको अभिन्न अङ्ग बन्दै गए । त्यसैको परिमाण स्वरूप वि.सं. २०६९ मा **संविधान अवसान** कविता सङ्ग्रह प्रकाशित गरी नेपाली साहित्यआकाशमा महत्त्वपूर्ण योगदान दिन सफल भए भने उनी आफैँ एउटा नितान्त बेग्लै किसिमको कवि बन्न सफल भएका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

यसरी लोकनाथ पुडासैनीले नेपाली साहित्यमा आफ्नो राम्रो छवि बनाउन सफल भएका छन् ।

### ३.३.२.१ साहित्यमा प्रेरणा

कुनै पनि साहित्यको सिर्जनात्मक गतिविधिमा पृष्ठभूमि र परम्परा रहेको हुन्छ । साहित्यकार कुनै व्यक्ति, घटना, राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश, जीवन भोगाइ, समाज, संस्कृति आदिबाट प्रेरित र प्रभावित भएको हुन्छ । तर पुडसैनीको कुनै एक व्यक्तिको विशेष प्रभाव र प्रेरणाबाट उनको साहित्यिक यात्रा प्रारम्भ भएको पाइँदैन । आफ्नै रुचि र अध्ययनको प्रतिफलबाट स्वत स्फूर्त नै कोर्न थालेका उनलाई घरपरिवारबाट साथसहयोग भने राम्रो पाएको देखिन्छ । लहडमा कोरिएका उनका लिखतहरूलाई अध्ययन गरे पछि **साथी राम्रो लेख्नुहुन्छ निरन्तरता देनूस्** भनेर पूर्वमा छँदा प्रा. डा. कृष्णप्रसाद दाहाल, ध्यानबहादुर राई र राजेश वान्तवाज्यूहरूले कलम चलाउनका लागि सधैँ प्रेरित गरिरहे । जानी नजानी लेख्दै थन्क्याउँदै गर्न थालेका पुडासैनी, पूर्वबाट स्थानान्तरण भई पश्चिम अर्थात पोखरामा आइसके पछि पनि त्यहाँ प्रा. डा. पशुपतिनाथ तिमल्सेना, सरुभक्त, पुण्यप्रसाद शर्मा, नारायण परिश्रमी, डा. यदुनन्दन उपाध्याय, डा. कृष्णराज अधिकारी, भीम रानाभाट, मदन भण्डारी, नारायण मरासिनी, शरण आँसु र अल्पविरामहरू लगायतले लेख्नका लागि सधैँ प्रेरित गरिरहेका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

### ३.३.२.२. साहित्य लेखन प्रारम्भ

सानै उमेरदेखि साहित्यमा रुचि राख्ने लोकनाथ पुडासैनी विद्यालयदेखि नै कविता लेख्ने, कविता वाचन गर्ने, निबन्ध लेख्ने र विभिन्न साहित्यिक कार्यक्रममा भागलिने गरेको पाइन्छ । विभिन्न साहित्यिक कार्यक्रममा भाग लिएर पुरस्कार समेत प्राप्त गरेकाले पुडासैनीमा नेपाली साहित्यप्रति सानैदेखि रुचि रहेको थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

विद्यार्थी जीवनदेखि नै नेपाली भाषा साहित्यमा एक सफल प्रतिभाका रूपमा प्रवेश पाएका पुडासैनीले वि.सं २०४०/४१ देखि लेख्न सुरु गरेको पाइन्छ । वि.सं. २०४८ मा **बराम जातिको एक परिचय** शीर्षक लेख **प्रगति** साप्ताहिक वर्ष ९ अङ्क २२ मा छापिएपछि भने नेपाली साहित्यमा लेखनको यात्रा अगाडि बढाएका हुन् । लेखरचना प्रकाशन गर्नुभन्दा पनि लेख्ने र आफ्नो साथीहरूलाई सुनाउनमा आनन्द मान्ने पुडासैनीले लेख प्रकाशन गरेपछि विभिन्न विद्वान्हरूको सकारात्मक सुझावहरूले हौसला प्राप्त गरेकाले उनमा लेखरचना प्रकाशन गर्नुपर्ने रहेछ भन्ने लागेर पहिला नै लेखिएको कविता वि.सं २०५० सालमा **सावधान** शीर्षकको कविता **तन्देरी** द्वैमासिक वर्ष १५ अङ्क ३ मा छापिएपछि भने नेपाली साहित्यमा प्रवेश गरेका हुन् ।

लोकनाथ पुडासैनी वि.सं २०५० सालपछिको समयमा साहित्यमा समर्पित भई कविता लेख्दै रहे । मौका परेको बेलामा साथीभाइलाई सुनाउन मन पराउने पुडासैनीले साथीभाइको सकारात्मक सुझावले गर्दा कविता रचना गरिरहे । उनी नेपाली साहित्यको अभिन्न अङ्ग बन्दै गए । त्यसैको परिमाण स्वरूप वि.सं. २०६९ मा **संविधान अवसान** कविता सङ्ग्रह प्रकाशित गरेका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

यसरी लोकनाथ पुडासैनीले नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान गर्न सफल भए भने उनी आफैँ एउटा निर्तान्त बेग्लै किसिमको कवि बन्न सफल भएका छन् ।

### ३.३.२.३. पहिलो प्रकाशित रचना तथा कृति

लोकनाथ पुडासैनीको वि.सं. २०४८ मा **बराम जातिको एक परिचय** शीर्षक लेख **प्रगति** साप्ताहिक वर्ष ९ अङ्क २२ मा छापिएपछि भने नेपाली साहित्यमा लेखनको यात्रा अगाडि बढाएका हुन् । पहिला नै लेखिएको कविता वि.सं २०५० सालमा **सावधान** शीर्षकको कविता **तन्देरी** द्वैमासिक वर्ष १५ अङ्क ३ मा छापिएपछि भने नेपाली साहित्यमा प्रवेश गरेका हुन् ।

उनको पुस्तकाकार साहित्यिक कृतिका रूपमा **संविधान अवसान** कविता सङ्ग्रह (२०६९) प्रकाशित भएको छ भने सिभिल इन्जिनियरिङ प्रवीणको पाठ्यक्रममा आधारित भएर प्रकाशित साहित्येतर कृति **काठ तथा काष्ठ प्रविधि** (wood & woodwork technology) नामक एउटा पाठ्यपुस्तक पनि २०७० मा प्रकाशित भएको छ । यसका साथसाथै थुप्रै पत्रपत्रिकामा फुटकर कविता, कथा,

समालोचना, नियात्रा र अन्य विषयका लेखरचनाहरू प्रकाशित भएको देखिन्छ (शोध नायकबाट प्राप्त जानकारी) ।

## ३.३.२.४. नेपाली भाषाप्रतिको मोह

लोकनाथ पुडासैनीमा नेपाली भाषाप्रतिको मोह विद्यालय पढ्दादेखि नै थियो । उनले सानै उमेरदेखि कविता लेख्ने र साहित्यिक कार्यक्रम भाग लिने गर्दथे । कहिलेकाहीँ त साहित्यिक कार्यक्रम भाग लिएर पुरस्कार पनि प्राप्त गर्दथे । त्यही भएर प्राविधिक विषयका विद्यार्थी हुँदा हुँदै पनि उनमा नेपाली भाषाप्रति ठूलो मोह थियो ।

नेपाली भाषा आफैँमा राष्ट्रियता हो । नेपाली हुनुको पहिचान हो । भाषाले नै मुलुक र समाजलाई एकीकृत तुल्याएको हुन्छ । भाषाले एकापसको सम्वन्धलाई नजिक्याउँदै प्रगाढ बनाउँछ र अपनत्वको विकास गराउँदछ । नेपाली भाषा हामी नेपालीको आफ्नै भाषा र नेपालीको शान, पहिचान र गौरब हो । यति मात्र नभई अब त नेपाली भाषा पनि अन्तर्राष्ट्रिय भाषा बनिसकेको छ । त्यसैले आफ्नो भाषाको संरक्षण र सम्बर्धनमा हामी सवैले आआफ्ना क्षेत्रबाट जुट्नु पर्दछ । यसका निम्ति सदैव ध्यान पु¥याउन पनि उत्तिकै जरुरी उनी ठान्छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## ३.३.२.५.साहित्यिक व्यक्तित्वसँग भेटघाट

लोकनाथ पुडासैनी साहित्यिक व्यक्तित्वहरूसँग बारम्बार भेटघाट गरी रहन्छन् । पूर्वाञ्चलमा छँदासम्म कुन्ता शर्मा, लीला श्रेष्ठ सुब्बा, राजेश वान्तवा, प्रा. डा. कृष्णप्रसाद दाहाल, प्रा.डा.बद्रीविशाल पोखेल, ध्यानबहादुर राई, बद्री पलिखे, प्रा. डा. खेमनाथ दाहाल, बद्रीविनोद प्रतीक लगायतका व्यक्तित्वहरूसँग भेटघाट गर्थे भने स्थानान्तरण भई पोखरा आइसके पछि पोखरेली वरिष्ठ साहित्यकारहरू सरुभक्त, तीर्थ श्रेष्ठ, डा. रविलाल अधिकारी, प्रा. डा. पशुपतिनाथ तिमल्सिना, डा. यदुनन्दन उपाध्याय, डा. कृष्णराज अधिकारी, भिम रानाभाट, रमेश श्रेष्ठ, नारायण परिश्रमी, मदन भण्डारी, सरस्वती प्रतीक्षा, पुण्यप्रसाद शर्मा, अल्पविराम, मन क्षेत्री, शरण आँसु लगायतका साहित्यिक व्यक्तित्वहरूसँग बेलामौकामा भेटघाट गरी रहन्छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

यसरी लोकनाथ पुडासैनीले विभिन्न साहित्यिक व्यक्तित्वहरूसँग भेटघाट गरेर नजानेका कुरा सिक्ने र जानेका कुरा बताउने गर्दछन् ।

### ३.३.२.६. साहित्यिक गोष्ठी तथा सम्मेलनमा सहभागी

लोकनाथ पुडासैनी एक व्यक्ति अनेक व्यक्तित्व भएका स्रष्टा हुन् । नेपाली साहित्यलाई मनैदेखि माया गर्ने पुडासैनी मूलतः प्रगतिशील कवि हुन् । उनले कवितामार्फत् नेपाली साहित्यको फाँटलाई धनी तुल्याएका छन् । उनको कविताले देशको पीडा बोलेको छ । नेपाली जनताका दुःख सुखले उनलाई कविताको विषय प्रदान गरेका छन् । समाजमा भइरहेको कुसंस्कार, शोषण, अन्याय, अत्याचार र दमनविरुद्ध आवाज उठाएका छन् ।

लोकनाथ पुडासैनीले कसैको प्रेरणाबाट आफ्नो लेखन यात्रा अगाडि बढाएका होइनन् । मनमा लागेका कुरालाई कागजमा उतारी हाल्ने बानीले उनलाई साहित्यकार बनाएको हो । साहित्य भनेपछि हुरुक्क हुने पुडासैनी साहित्यिक कार्यक्रममा सहभागी हुने गर्दछन् । आफ्नो कामको चाँजोपाँजो मिलाएर निम्ता पाएको साहित्यिक कार्यक्रममा जसरी भए पनि उपस्थित हुने गर्दछन् । अरुका रचनालाई सम्मान गर्ने पुडासैनी साहित्यिक कृतिहरू किनेर पढ्ने गर्दछन् । उनले प्राविधिक विषयको अध्ययन गरेको भए पनि स्वअध्ययनको माध्यमले आफ्नो ज्ञानको मार्ग फराकिलो बनाएका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

लोकनाथ पुडासैनी साहित्यिक गोष्ठी तथा सम्मेलनमा भाग लिएर त्यहाँ भएका अन्तरक्रियाबाट सिक्ने अवसर हुने धारणा राख्छन् । त्यही भएर साहित्यिक कार्यक्रममा भाग लिन्छन् । विभिन्न ठाउँमा हुने पुस्तक प्रदर्शनी मेला र साहित्यिक व्यक्तित्वहरूको जमघटमा उपस्थिति हुने गर्दछन् । जसले गर्दा पुस्तकहरू पनि किन्न पाइने र साहित्यिक व्यक्तित्वहरूसँग परिचय र भेटघाट हुने भएकाले साहित्यिक कार्यक्रममा सहभागी हुने गर्दछन् ।

### ३.३.३ राजनीतिक व्यक्तित्व

लोकनाथ पुडासैनीले शिक्षण कार्य गर्दा जुन सोच राखेर शिक्षण कार्य गरेका थिए, त्यही धरातलमा उनले बामपन्थी राजनीतिको अबलम्बन पनि गरेका छन् । वि.सं. २०२८ देखि २०३४/०३५ तिर  श्री दुल्लभ मा. वि. घ्याम्पेसाल, गोरखामा

अध्ययन गर्दा विद्यालय नजिकै रहेको बुढामावली अर्थात् बुबाको मामाघर ( कोयापानी, तान्द्राङ्ग) जाँदा बस्दा तत्कालीन अवस्थामा हजुरबुबा (बुबाको मामा) स्व. चन्द्रकान्त बस्ताकोटी र त्यहाँ बारम्बार आई राख्ने पाहुनाहरूका बीच हुने गरेका वार्तालाप सुनेर उहाँहरूप्रति विश्वस्त रहँदै कम्युनिष्ट विचारधारा प्रति आकर्षित भएका हुन् । पछि थाहा पाएअनुसार त्यहाँ आउने पाहुनामध्ये एकजना बाचस्पति देवकोटा लगायतका व्यक्तित्वहरू रहेछन् । जागिर र अध्ययनको सिलसिलामा बुटवल झरे पछि २०३५/०३६ मा प्रारम्भ भएको विद्यार्थी आन्दोलनमा तत्कालीन कम्युनिष्ट पार्टी माले निकट विद्यार्थी र मजदुर सङ्गठनसँग निकट रहेर आन्दोलनमा सरिक र साङ्गठनिक गतिविधिमा सहभागी भएका थिए ।

डिप्लोमाको अध्ययन पश्चात रोजगारीका सिलसिलामा उनका अनन्य मित्र एकबहादुर गाहाको (हाल सहायक क्याम्पस प्रमुख पूर्वाञ्चल क्याम्पस धरान) साथ लागेर धरान पुगेका रहेछन् । उनैको सहयोगले तत्कालीन पूर्वाञ्चल क्याम्पस योजनाका कोअर्डिनेटर तथा क्याम्पस प्रमुख प्रा. श्री सरोज देवकोटा (हाल निवृत्त) र सहायक क्याम्पस प्रमुख प्रा. डा. जीवराज पोखेल (इ.अ.सं. का पूर्व डिन, हाल पुल्चोक क्याम्पस), इ.अ.सं. का पूर्व सहायक डिनहरू प्रा. तेजराज थापा र प्रा. टकबहादुर गलामी, (हाल पुल्चोक र थापाथली क्याम्पस) लगायतका व्यक्तित्वहरूको साथ सहयोगले सोही क्याम्पसको सिभिल इन्जिनियरिङ विभाग अन्तर्गतको सहायक प्रशिक्षक पदमा नियुक्त भएका हुन् । सोही बेलादेखि नेकपा मालेको भूमिगत सङगठनसँग आवद्ध भएका हुन् । त्यसैगरी पूर्वाञ्चल क्याम्पसका तात्कालिन सहायक प्रशिक्षक ध्यानबहादुर राई (पूर्व नगर प्रमुख धरान) र उहाँ मार्फत राजेश वान्तवा, लीला श्रेष्ठ सुब्बा, (पूर्व उपसभामुख), गुरु बराल, भीमप्रसाद आचार्य, धर्मप्रसाद निरौला, खेमराज पोखेल (पूर्व नगर प्रमुख, इनरुवा) इन्दु आचार्य, सावित्री श्रेष्ठ लगायतका थुप्रै कमरेडहरूसँग सम्पर्क स्थापित भयो । उहाँहरूसँगको सम्पर्कले सेल कमिटीमा रहेर सङ्गठन निर्माणको काममा सक्रिय भएका देखिन्छन् । नेपाल ओभरसियर्स एसोसिएसन सुनसरी, मोरङ्ग जिल्ला कमिटी र नेपाल प्रगतिशील प्राध्यापक सङ्गठन (न्युक्लियस) मार्फत् क्याम्पसका प्राध्यापकहरूका माझमा क्रियाशील भएका हुन् । वि.सं. २०४६ सालको जनआन्दोलनमा धरान लगायत पूर्वाञ्चलका विभिन्न स्थानहरूमा सक्रिय र नेतृत्वदायी सहभागिता निर्वाह गरेका

थिए । वि.सं. २०४६ सालको परिवर्तन पछिको खुल्ला राजनीतिमा टोलमा सक्रिय हुँदै वडा कमिटीमा आवद्ध भएका हुन् । प्रा.रा.यु. सङ्घ नेपालको गठन सँगसँगै जिल्ला कमिटी सचिव र पछि अध्यक्ष समेत भएका हुन् । नेकपा माले, नेकपा मार्क्सवादी, नेकपा संयुक्त, वर्मा समूह एवम् सर्वहारा श्रमिक सङ्गठन लगायतका पार्टीहरू बीच पार्टी एकीकरण भई नेकपा एमाले गठन भए पछि नेकपा एमाले धरान नगर कमिटीको अधिवेशनबाट नगर कमिटीको सदस्यमा निर्वाचित भएका हुन् । वि.स. २०५३ सालमा नेकपा एमाले सुनसरी जिल्ला कमिटी र प्रचार विभाग सदस्यसमेत भएका छन् । वि.स. २०५३ सालमा नेकपा एमाले निर्वाचन क्षेत्रीय समन्वय कमिटीमा सदस्य र पार्टी शुद्धिकरण र सुदृढीकरण अभियानको जिल्ला प्रतिनिधि भएरसमेत पार्टी प्रशिक्षणको काम गरेका छन् ।

वि.स. २०४६ सालको परिवर्तनपश्चात् पूर्व प्रधानमन्त्री मनमोहन अधिकारी, भरतमोहन अधिकारी, कमल कोइराला, प्रभुनारायण चौधरी, अशोक राई, रामप्रसाद खनाल, गुरु बराल, वंशी मोक्तान, लीला श्रेष्ठ सुब्बा, ध्यानबहादुर राई, आनन्दसन्तोषी राई, कुन्ता शर्मा, प्रमोद श्रेष्ठ, ओम कोइराला, पारश सुब्बा, इन्दु गौतम, सावित्री श्रेष्ठ, बद्रीविशाल पोखेल, डम्बर खतिवडा, केशव स्थापित, महेश रेग्मी, अजम्बर काङ्वाङ, मनोज मेयाङ्वो, मणि लामा, तारा सुब्बा लगायतका व्यक्तित्वहरूसँग पार्टी र जनवर्गीय सङ्गठन निर्माण कार्यमा सँगसँगै काम गर्ने अवसर पाएका छन् । प्रा.रा.यु. सङ्घ नेपाल कोशी अञ्चल समन्वय समितिको सदस्य र नेपाल बुद्धिजीवी परिषद्, नेपाल प्रगतिशील प्राध्यापक सङ्गठन आदिमा समेत आवद्ध भएका हुन् । पार्टीको महाधिवेशन प्रतिनिधि छनोटका लागि सुनसरी क्षेत्र नं. १ मा मतदान अधिकृत भई निर्वाचन कार्य सम्पन्न गराएको कार्य अनुभव पनि हासिल गरेका छन् ।

भारतसँग भएको महाकाली सन्धिको विषयलाई लिएर विवाद चर्किए पछि नेकपा एमालेमा फुट भयो र पार्टीले गल्ती नै गरेको हो भन्ने ठहर गर्दै फुटे पछि नेकपा मालेमा आवद्ध भएका हुन् । धरानबाट पोखरामा स्थानान्तरण भई गएपछि पनि उनी तत्कालिन नेकपा मालेमा आवद्ध भई सो पार्टीको बुद्धिजीवि इलाका कमिटिमा रहेर काम गरे । जव फेरि एमाले र मालेको एकीकरण भयो तब, उनी फरि एमालेमै रहेर पार्टी कामको लागे । यसरी वि.सं. २०४६ भन्दा पहिले पूर्वमा

रहँदा पार्टी काममा सक्रिय भएर खट्दा पनि क्याम्पसले दिएको जिम्मेवारीमा कहिल्यै बाधा पुऱ्याएनन् । बिदा र १०/५ अघि पछिको अतिरिक्त समयलाई अधिकतम् सदुपयोग गर्दथे । रात बिहान खट्दथे । साँझ ६ बजे धरानबाट बसमा गएपछि भेडेटारबाट पैदल हिँडेर धनकुटाको राजारानी, मोरङ्गको उत्तरी भेग लगायतका विभिन्न स्थानहरूमा पार्टी कमिटी गठन गरेर बिहान चार बजे धरान फर्कने काम समेत गरेका छन् । त्यस्तै दक्षिण पश्चिममा विराटनगरदेखि सप्तरीको राजविराज, भारदह, कन्चनपुर एवम् फत्तेपुरसम्म पनि पार्टी सङ्गठन विस्तारका लागि खटेका छन् । यति हुँदा पनि क्याम्पसमा पठन पाठनको काममा कहिल्यै ठगेनन् । कुनै दिन गुनासो सुन्न परेन । उनी भन्छन्, त्यसबेला काम गर्ने शैली र विधि नै फरक थियो । मानिसमा इमान थियो । एकअर्कामा विश्वास थियो । राजनीतिमा लागेकाहरू पार्टीप्रति समर्पित थिए । गोपनियता थियो, कसले कहाँ के गर्दैछन् कसैलाई पत्तो हुँदैन थियो तर काम राम्रोसँग भइरहन्थ्यो । सङ्गठनहरू चुस्त दुरूस्त थिए । मात्र काम गर्दा प्रशासनसँग जोगिएर काम गर्नु पर्दथ्यो । यसरी एउटा राजनीतिक पार्टीको इमान्दार कार्यकता तथा नेताको रूपमा काम गर्दै जाँदा वि.सं. ०३६, ०४६ र २०६२/०६३ को जनआन्दोलनहरूमा सक्रिय र नेतृत्वदायी भूमिका निर्वाह गर्दा उनी पुलिस प्रसाशनबाट पटक पटक गिरफ्तार हुँदै रिहा भएका छन् ( शोध नायकबाट प्राप्त जानकारी) ।

यसरी राजनीतिमा अरु व्यक्तिभन्दा फरक व्यक्तित्व बनाएका पुडासैनीले यो कुरो भन्न हुने नहुने के हो ? तापनि मेरो यथार्थ जे हो त्यो सत्य तपाईंका सामु राखिदिएँ भन्छन् । उनी अहिलेसम्म पनि पाटीसँग आवद्ध रहेकाले एक इमान्दार राजनीतिक व्यक्तित्वको रूपमा देखिन्छन् ।

## ३.३.४ प्रशासकीय व्यक्तित्व

लोकनाथ पुडासैनीलको प्रशासकीय व्यक्तित्व पनि उत्तिकै महत्त्वपूर्ण देखिन्छ । सात वर्षसम्म पूर्वाञ्चल क्याम्पस धरानमा छात्रावास सुपेरिवेक्षकको जिम्मेवारी पूरा गरेका छन् । उनले कार्पेन्ट्री तथा ज्वाइनरी विषय शिक्षण समितिको अध्यक्षको गहन जिम्मेवारी पाएका थिए । कुनैबेला इन्जिनियरिङ अध्ययन संस्थानको सल्लाहाकार सदस्य र नेपाल गुणस्तर तथा नापतौल विभागमा wood screw को प्राविधिक विषेशज्ञ भएर पनि केही समय काम गरेका छन् । पूर्वाञ्चल क्याम्पसबाट

स्थानान्तरण भई पश्चिमाञ्चल क्याम्पस पोखरामा गएपछि पनि त्यहाँको छात्रावास प्रमुख हुनुको साथै कार्पेन्ट्री शाखा प्रमुख पनि भएका छन् । यसरी कार्यानुभव बटुलेका पुडासैनीलाई इन्जिनियरिङ अध्ययन संस्थान डिनको कार्यालयले उनको कार्य क्षमताप्रति उच्च मूल्याङ्कन गर्दै पश्चिमाञ्चल क्याम्पस पोखरामा सहायक क्याम्पस प्रमुख जस्तो गरिमामय पदमा नियुक्त गऱ्यो र उनले सो जिम्मेवारी दुई दुई पटकसम्म सफलता पूर्वक बहन गरेका छन् । पोखरा बस्दा क्याम्पसमा घटेका विभिन्न खाले घटनाहरूको सत्य तथ्य छानविनका लागि गठित छानविन समितिको संयोजक भएर कार्यसमेत गरेका छन् । यसका अतिरिक्त पुडासैनीले स्ववियु तथा प्राध्यापक, कर्मचारी सङ्घहरूको निर्वाचन सम्पन्न गराएको प्रशासकीय अनुभव पनि उनीसँग रहेको छ (शोध नायकबाट प्राप्त जानकारी) ।

## ३.३.५ पेसागत साङ्गठनिक व्यक्तित्व

लोकनाथ पुडासैनी एक व्यक्ति अनेक व्यक्तित्व भएका व्यक्ति हुन् । उनले जागिरको सिलसिलामा पेसागत सङ्गठनमा समेत सक्रिय भूमिका निर्वाह गरेका छन् । नेपाल प्राध्यापक सङ्घ पूर्वाञ्चल क्याम्पस एकाइको सहसचिव तथा सचिव भई कार्य गरेका छन् । त्यस्तै पोखरामा स्थानान्तरण भएर गइसकेपछि नेपाल प्राध्यापक सङ्घ पश्चिमाञ्चल क्याम्पस एकाइको उपसभापति भई कार्य गरेर पेसागत साङ्गठनिक व्यक्तित्वको रूपमा परिचित छन् । त्रिभुवन विश्वविद्यालय प्राध्यापक सङ्घको पश्चिमाञ्चल क्याम्पस एकाइको सभापति भई कार्य गरेका छन् । हाल बुटवल टेक्निकल इन्स्टिच्युट टेनिङ एसोसिएशनका केन्द्रीय उपाध्यक्षसमेत भएका छन् । विभिन्न सभा समारोह, सेमिनार तथा गोष्ठीहरूमा सक्रियताका साथ भाग लिएर अन्याय परेका पेसागत साथीहरूलाई सहयोग र तिनको वृति विकासमा समेत सहयोग गर्नुपर्छ भन्ने मान्यता राख्दछन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## ३.३.६ समाजसेवी व्यक्तित्व

लोकनाथ पुडासैनीको जीवन भोगाइमा सामाजिक पाटो पनि महत्त्वपूर्ण रहेको छ । बौद्धिक सचेतनासँगै समाजसेवामा झुकाव रहेका उनले आफ्नो जागिरसँगै वि.सं. २०४५ साल भाद्र ५ गते बिहान ५ बजेको समयमा गएको

महाभूकम्पबाट क्षेतिग्रस्त धरान नगर क्षेत्रमा राहत तथा उद्धार कार्यमा सक्रियता पूर्वक खटेका छन् । उनले हालसम्म ३१ औँ पटक रक्तदान गरी सकेका छन् । नेपाल रेडक्रस सोसाइटीमा रहेर कार्य गरेका छन् भने नेपाल ब्लड डोनर्स एसोसियशनको विधान निर्माण कार्यमा सक्रिय सहभागिता र सोही एसोसियशनको सुनसरी जिल्ला कमिटीको सचिव भई कार्यसमेत गरेका छन् । यसका साथै पूर्वेली क्लब धरानको संस्थापक सदस्यसमेत हुन् । उपभोक्ता मञ्च सुनसरी धरानको गठनमा सक्रिय र सो मञ्चको सचिव भई उपभोक्ता हित संरक्षणको निम्ति काम पनि गरेका छन् ।नेपाल जनजाति उत्थान मञ्च र नेपाल दलित उत्पीडित जातीय मुक्ति समाज गठनमा पनि सक्रिय भूमिका निर्वाह गरेका छन् । मदनस्मृति प्रतिष्ठान निर्माणमा सक्रिय र सो प्रतिष्ठानको संस्थापक सदस्य पनि हुन् । कालापानीदेखि पशुपति नगरसम्म नेपालका कैयौँ भूभागमा मित्र राष्ट्र भारतद्वारा भइरहेको सीमा अतिक्रमणका विरुद्ध झापाको भद्रपुर र मेची किनारमा गरिएको विरोध कार्यक्रममा सक्रिय सहभागिता जनाएका थिए । भारतीय नेपालीहरूद्वारा दार्जिलिङ्मा गरिएको स्वतन्त्र गोर्खाल्याण्डको आन्दोलनलाई नैतिक समर्थन गर्दै आर्थिक सहयोग जुटाइ उपलब्ध गराउन सक्रिय भूमिका निभाएका छन् । मुलुकका विभिन्न भागमा गएको बाढीपहिरोमा परेका मानिसहरूलाई राहत सङ्कलन गरी वितरण गर्ने कार्यमा समेत खटेका उनी पोखरामा अन्तर्राष्ट्रिय विमान स्थल निर्माणका लागि आयोजित दवावमूलक कार्यक्रम अन्तर्गत २४ घण्टे रिले अनसनमा सहभागिता जनाउँदै आफूले गर्न सक्ने सामाजिक सेवामा दिनरात खटिरहेका छन् (शोधनायबाट प्राप्त जानकारी) ।

यसरी लोकनाथ पुडासैनी सामाजिक सेवामा पनि अतुलनीय योगदान गर्दै हाल पनि समाजसेवाको ढोका खुला राखेका छन् ।

## ३.४ निष्कर्ष

लोकनाथ पुडासैनी एक व्यक्ति र अनेक व्यक्तित्व भएका प्रतिभा हुन् । निम्न मध्यम वर्गीय परिवार र कृषि व्यवसायबाट अध्ययन, रोजगार र समाजसेवामा अग्रसर हुँदै जीवनलाई अगाडि बढाएका उनले त्यसैअनुसार व्यक्तित्वको पनि निर्माण गरेका छन् । व्यक्तिगत जीवनको व्यवहारिक पक्ष एकातिर र सामाजिक, राजनैतिक तथा शिक्षण सेवाजस्ता सार्वजनिक जीवनका बीचबाट साहित्यिक सिर्जना र

प्रकाशन गरेर उनले आफ्नै साहित्यिक यात्रालाई अघि बढाएका मात्र छैनन्, सिङ्गो नेपाली साहित्यको विकासमा पनि सहयोग पुऱ्याएका छन् । साहित्येत्तर क्षेत्रमा प्रविधिक विषयका पाठ्यपुस्तक समेत लेखिसकेका उनले कवितादेखि यात्रा सुरु गरेर मुक्तक, कथा, उपन्यास, नियात्रा, र समालोचनाका आयमसम्मका लेखनबाट उनको यो साहित्यिक यात्रा अगाडि बढेको छ । यसरी अन्य पाटाहरू जस्तै साहित्यिक व्यक्तित्वको पनि निर्माण भएको छ । जीवन भोगाइ, धार्मिक अनास्था, जनपक्षीय राजनैतिक आस्था, समसामयिक घटना आदि विषयको काव्यात्मक र वर्णनात्मक अभिव्यक्तिहरू कवितामार्फत् दिने उनको यो व्यक्तित्व स्वच्छ र छर्लङ्ग रहेको देखिन्छ ।

लोकनाथ पुडासैनीले नेपाली साहित्यमा सानैदेखि कलम चलाउन थालेका हुन् । सानै उमेरदेखि कविता लेख्न थालेका पुडासैनीले विद्यालय उमेरमा विद्यालयमा भएका कविता वाचन प्रतियोगिता, निबन्ध लेखन प्रतियोगिता जस्ता विभिन्न कार्यक्रममा भाग लिएर पुरस्कार समेत प्राप्त गरेका छन् । नेपाली भाषा र साहित्यलाई सानै उमेरदेखि माया गर्दै आएका छन् ।

लोकनाथ पुडासैनी नेपाली साहित्यको कविता विधाका सर्जक हुन् । मनमा लागेका कुरा कागजमा उतारीहाल्ने बानीले उनलाई आज प्रगतिशील कविको रूपमा आफ्नो व्यक्तित्व निर्माण गरेका छन् । मनमा लागेका कुरा लेख्ने र साथीभाइहरूलाई सुनाउन मन पराउने पुडासैनीले नेपाली साहित्यमा वि.सं. २०४०/४१ देखि कलम चलाउन थालेका हुन् । आफ्नो लेख रचना पत्रपत्रिकाका प्रकाशन गर्नुभन्दा पनि उनी साथीहरूलाई सुनाउन मन पराउँछन् । साथीभाइहरूको सकारात्मक सुझावले हौसला प्राप्त गरेका उनले वि.सं. २०४८ मा **बराम जातिको एक परिचय** शीर्षकको लेख प्रकाशन गरेर समालोचनाको क्षेत्रमा प्रवेश गरेका हुन् । पूर्वाञ्चलको बसाइको क्रममा वि.सं. २०५० मा पहिला नै लेखिसकेको **सावधान** शीर्षक कविता प्रकाशित गरेपछि भने नेपाली साहित्यको उत्थान र सम्बर्द्धनमा ठूलो योगदान गर्दै आएका छन् । समय अनुकूल मनमा लागेका अभिव्यक्तिहरू कविताको विधामार्फत् व्यक्त गर्दै रहे । समाजमा देखिएका कुसंस्कार, थिचोमिचो, शोषण, अन्याय, अत्याचार, दमन र राजनीतिमा गैह्रजिम्मेवारीपनले गर्दा देशमा आएका वेथितिमाथि कलम चलाउँदै रहे । त्यसैको परिमाण स्वरूप वि.सं. २०६९ साउन १२ गते **संविधान अवसान** कविता सङ्ग्रह प्रकाशित गरेका छन् । यस कविता सङ्ग्रहमा ६३

वटा कविता गद्य शैलीका विभिन्न बिम्ब र प्रतीकको प्रयोग गरेर लेखिएका कविताहरू सङ्ग्रहित छ । यस कविता सङ्ग्रहले उनलाई प्रगतिशील कविको रूपमा चिनाएको छ ।

लोकनाथ पुडासैनीले पूर्वाञ्चलमा बसोवास गर्दा प्रा.डा. कृष्णप्रसाद दाहाल, ध्यानबहादुर राई, जस्ता व्यक्तित्वहरूबाट हौसला प्राप्त गरेका थिए भने मध्यपश्चिमाञ्चल पोखरा, कास्कीमा गएपछि प्रा. डा. पशुपतिनाथ तिमल्सेना, सरुभक्त, डा. कृष्णराज अधिकारी, भिम रानाभाट, पुण्यप्रसाद शर्मा, नारायण परिश्रमी, मदन भण्डारी, शरण आँसु र अल्पविरामहरू लगायत मदन पुरस्कार बिजेता गोपाल पराजुली जस्ता थुप्रै व्यक्तित्वहरूका साथ र सहयोग प्राप्त गरेका छन् । यसरी नेपाली साहित्यमा नथाकी निरन्तर कलम चलाउन विभिन्न साहित्यिक व्यक्तित्व र उनको आफ्नै घरपरिवारको ठुलो साथ र सहयोग रहेको छ ।

यसका अतिरिक्त लोकनाथ पुडासैनीमा अत्यधिक पाठ्यपुस्तक पढ्ने बानी रहेको छ । फुर्सतको समय मिलाएर पाठ्यपुस्तक पढ्ने र मनमा लागेका कुराहरू लेख्ने पनि गर्छन् । नेपाली साहित्यका प्रायःजसो साहित्यकारहरूको रचना पढ्न मन पराउँछन् । त्यही पढ्ने बानीले गर्दा उनलाई यहाँसम्म आइपुग्न सजिलो भएको छ । त्यसकारण यी विविध कुराहरूले गर्दा पुडासैनी एक साहित्यिक व्यक्तित्व हुन् ।

# अध्याय- चार

# कविता सिद्धान्त र नेपाली कविताको विकासक्रम

## ४.१ परिचय

कविता, आख्यान, नाटक र निबन्ध गरी सैद्धान्तिक दृष्टिले साहित्यमा प्रमुख चार विधाहरू विद्यमान छन् । यीमध्ये कविता सर्वप्राचीन विधा मानिन्छ । संसारको जुनसुकै भाषाका साहित्यमा पनि अन्य विधाका तुलनामा कवितालाई नै सबैभन्दा समृद्ध र विकसित विधा मानिन्छ । मानव सभ्यताको विकासक्रमको अत्यन्त क्रान्तिकारी घटना मानिने भाषाको सम्प्रदायदेखि यता प्राचीन लोकगीत, गाथा र गाथाचक्रका क्रमिक श्रृङ्खला हुँदै कविताको प्रारूप विकसित भयो र कथ्य-श्रव्य भाषाले सङ्गीत कलासँग मितेरी लगाउँदै भाषिक श्रव्यकलाका रूपमा गीत गाथामार्फत् कविताको प्रारूपलाई जन्म दियो (त्रिपाठी, २०६०:४) । कविताका सम्बन्धमा चर्चा गर्दा यसलाई मानव-सभ्यता र मानवीय भाषाको प्राप्तिसँगै उत्पत्ति भएको मानिन्छ । मनका भावनालाई सूक्तिमय रूपमा अभिव्यञ्जित गर्दा वक्ता र श्रोता दुवैलाई अत्यन्त प्रिय लाग्ने भएकाले यसको क्रमिक विकास र विस्तार हुँदै गएको पाइन्छ । लोक जीवनको साहित्यलाई यसको आदर्श मान्न सकिन्छ । जीवनका सुख दुःखमा अभिव्यक्त हुने लोककविताहरू कथ्य परम्परामा पुस्तौँपुस्तादेखि हस्तान्तरित हुँदै वर्तमान समयसम्म गतिशील भएका पाइन्छन् । कविताको लेख्य परम्परा भने भाषाको उत्पत्तिको धेरै वर्षपछि मात्रै आरम्भ भएको पाइन्छ । पूर्वीय साहित्यको आदि स्रोत वेदलाई मानिन्छ र जुन वेदव्यासले संहिताको रचना गर्नुपूर्व जनगानका रूपमा मात्र थियो । यस्तै पाश्चात्य जगत्मा देखापरेका आदि महाकाव्य इलियड र ओडिसीलाई समेत लयात्मक काव्यको नमुना मान्न सकिन्छ । यसरी हेर्दा कविता विधाको उत्पत्तिको आदिस्रोत लोकसाहित्य नै हो भन्ने कुरामा विमति देखा पर्दैन । ऋग्वेद चार वेदको मूल स्रोत हो र वैदिक साहित्यको काव्यात्मक अभिव्यक्ति पनि हो । वेदचतुष्टयमा ऋग्वेद आदिम कृति हो (शर्मा, २०६३:१६) भन्ने कथनले पुष्टि हुन्छ । ऋग्वेदमा प्रशस्त मात्रामा कवितात्मक सूक्तहरू पाइन्छन् । त्यसपछिका प्राप्त ग्रन्थहरू वैदिक संहिता, उपनिषद् र

पुराणहरूमा पनि काव्यात्मक अभिव्यक्ति पाइन्छ । वेदमा देवदेवीका स्तुतिहरूको अभिव्यक्ति मुख्यतः दुई प्रकारले गरिएका पाइन्छन् । पहिलो अभिप्राय हो भौतिक, साधनले सम्पन्न बन्नका लागि र दोस्रो अभिप्रायचाहिँ मानसिक र आध्यात्मिक भावनाको प्राप्तिका लागि हो । यस स्थितिमा मानसिक उदारता र आध्यात्मिक परितृप्ति प्रदान गर्ने क्रममा गम्भीर चिन्तन र उत्कृष्ट अनुभूतिको प्रतिबिम्बन गरिने हुनाले पनि वैदिक संहिताहरू भावमय बन्न सफल भएका छन् ।

पूर्वीय संस्कृत साहित्यमा रामायण र महाभारत वैदिक संस्कृत युग तथा लौकिक संस्कृत युगका सन्ध्याकालीन प्रतिनिधि ग्रन्थ हुन् (शर्मा, २०६३:५८) । यी ग्रन्थहरूले कथावस्तु र शिल्पविधान दुवै दृष्टिबाट प्रशस्तै काव्य प्रतिष्ठा आर्जन गर्न समेत सफल भएका छन् । रामायण भाषा, भाव, छन्द, रचनाविधान र रसव्यञ्जनाका दृष्टिले संस्कृत साहित्यको सर्वोत्कृष्ट आर्ष महाकाव्य हो । यसका रचनाकार संस्कृत साहित्यका प्रख्यात महाकवि वाल्मीकि हुन् । यसमा सौन्दर्य सृष्टिको चरम आकर्षणका साथै काव्यकलाको समुचित र मनोहारी प्रयोग पाइन्छ । यसपछि देखापरेको महाभारत संसारकै सबैभन्दा ठूलो काय भएको महाकाव्य हो । काव्य शिल्पका दृष्टिबाट समेत महाभारतलाई उच्च कोटिको रचना मानिन्छ । कवितात्मक विकासका कोणबाट समेत यसको उल्लेखनीय महत्त्व देखापर्दछ । महाभारतका रचयिता व्यास हुन् । भारतीय साहित्यमा व्यासको नाम विशेषगरी युगनिर्माता र उत्कृष्ट प्रतिभाका रूपमा लिइन्छ (शर्मा, २०६३:७८) । यसै परम्परामा अश्वघोष, कालिदास, भारवि, माघ, श्रीहर्ष जस्ता कविहरूले पनि संस्कृत साहित्यमा कविता विधाको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । यिनै स्रष्टाहरूका सिर्जनाको बलमा नै संस्कृत साहित्यले आफूलाई गौरवान्वित महसूस गर्ने अवसर पाएको हो ।

पाश्चात्य जगत्मा कलाका विभिन्न भेदमध्ये साहित्य मुख्य देखापर्दछ । साहित्यको श्रव्य र पद्यात्मक विधालाई कविता मानिएको पाइन्छ । पश्चिममा पनि गाथा चक्रसँगै कविता विधा जोडिएको छ भन्ने कुरालाई स्वीकार गरिएको छ । होमरका इलियड र ओडिसी पश्चिमका प्रथम महाकाव्य हुन् । यसपछि भर्जिल, गेटे, वर्डस्वर्थ, सेली, वायरन, किट्स, इलियट जस्ता कविहरूका महान् कवितात्मक कृतिले पाश्चात्य साहित्यमा कविता विधालाई उच्चतामा पुऱ्याएको देखिन्छ ।

पूर्वीय तथा पाश्चात्य समीक्षकहरूले कविता विधाका सन्दर्भमा गहन चिन्तन र मनन गरेको देखिन्छ । पूर्वीय आचार्य भामह र पाश्चात्य महान् चिन्तक अरिस्टोटलको चिन्तनलाई प्रास्थानिक बिन्दुका रूपमा मान्दै र उत्तरवर्ती समीक्षकहरूले निरन्तरता दिँदै नयाँ चिन्तन, वाद, सिद्धान्त, धारा प्रवृत्ति आदिका आधारमा चिनाउने प्रयत्न गरेका छन् । समग्र चिन्तनहरूलाई आधार मानेर नै कविताको स्वरूप निर्धारण गर्नु सान्दर्भिक हुन्छ । पूर्वीय साहित्य शास्त्रमा प्रचलित काव्य लेखनको परम्परा र प्रयोगलाई हेर्दा छन्दोबद्ध पदयोजनाहरूको समुचित वितरणलाई नै पद्य रचनाका रूपमा चिनाइएको पाइन्छ छन्दमै कलम चलाएर ।

सफलताको शिखरमा पुग्न सफल वाल्मीकि र कालिदास जस्ता कविहरूको लोभलाग्दो कवित्वबाट पनि छन्द कविताको सामर्थ्य पहिल्याउन सकिन्छ । छन्द प्रयोगको थालनी मूलतः वैदिक वाङ्मय उपनिषद् एवम् श्रीमद्भागवतबाट भई लौकिक युगसम्म आइपुग्दा वर्णमात्रिक वृत्त र मात्रिक वृत्तका रूपमा यो स्थापित भएको छ । वैदिक युगमा प्रचलित छन्दमा थोरैमात्र भए पनि लयात्मक अनुशासन भेटिन्छ र निकै मुक्तता पनि भेटिन्छ तर दण्डक आदिका दीर्घतर पङ्क्ति योजनामा लयात्मक नियमितता थोरै र मुक्तता बढी रहेको छ । लेख्य संस्कृति अन्तर्गत पद्य कविताको लेख्य आकृतिले त्यसको उच्चार्य-श्रव्य मन्त्रवत् स्वरूपलाई मुख्यतः प्रत्येक पाउको छाँट परेको अलग-अलग लहर र तिनका पूर्वार्ध र उत्तरार्ध लगायत चार पाउका सम वा विषम दुबैथरी श्लोकबन्धका रूपमा प्रतिनिधित्व गर्ने गरेको पाइन्छ । वास्तवमा पद्यात्मक लय नियमित कथन र यसको श्रव्य सङ्गीतको स्वाट्ट-स्वाट्ट छुट्टिने लहर-लहरलाई श्लोकका विशिष्ट लेख्य ढाँचाद्वारा प्रस्तुत गरिएको बुझिन्छ (त्रिपाठी, २०६०:५६) । यस्तै प्रयोग पाश्चात्य साहित्यसँग सम्बन्धित छन्द प्रयोग र छन्द शास्त्रका इतिहासमा पनि भेटिने भएकाले पद्य कविताको स्थान साहित्यमा उच्च रहेको प्रस्ट हुन्छ ।

## ४.२ कविताको व्युत्पत्ति

पूर्वीय साहित्यमा काव्य शब्दको पर्यायवाचीका रूपमा कवितालाई लिने गरिन्छ । यसरी हेर्दा काव्य शब्दको व्युत्पत्ति कवि शब्दमा य प्रत्यय लागेर भएको पाइन्छ । यसको अर्थ कविद्वारा गरिएको रचना अथवा कविबाट सम्पन्न कार्य भन्ने हुन्छ । त्यसै गरी पश्चिमी साहित्यशास्त्रका कवितालाई poeatry भन्ने गरेको पाइन्छ ।

त्यस्तै ग्रिक भाषामा poerts भनिने poet शब्दले कवि वा कविताको रचना गर्ने व्यक्ति भन्ने अर्थ प्रदान गर्दछ । त्यसकारण poet बाट निर्माण भएको poetry शब्दको अर्थ कविद्वारा सिर्जित पद्यात्मक रचना वा कविकर्म भन्ने हुन्छ (लुइँटेल, २०६०:१) ।

## ४.३ नेपाली विद्वान्हरूको मतमा कविताको परिभाषा

कविता के हो ? भन्ने सन्दर्भमा विभिन्न समयमा नेपाली साहित्यका विद्वान्हरूले आ-आफ्नै ढङ्गले व्याख्या र विश्लेषण गरेका छन् । नेपाली विद्वान्हरूबाट व्यक्त भएका कविता सम्बन्धी विचारहरू विशिष्ट भए पनि मतैक्यता भने पाइदैन । पूर्व तथा पश्चिममा प्रचलित सिद्धान्तहरूलाई समन्वय गर्दै नेपाली कविताले आफूलाई अगाडि बढाएको पाइन्छ । यसक्रममा पूर्वीय तथा पाश्चात्य विद्वान्हरूका कविता सम्बन्धी चिन्तनलाई आत्मसात् गर्दै नेपाली विद्वान्हरूले केही मौलिक परिभाषाको निर्माण गर्न भने सफल भएका छन् । नेपाली साहित्यमा कविताका बारेमा अधिकतम् चर्चा परिचर्चाहरू भए पनि सर्वमान्य परिभाषा पाइदैन । कविता परिवर्तनशील विधा भएकाले पनि यसको सर्वमान्य वा अन्तिम परिभाषा हुन कठिन छ । कविता साहित्यको भेद भएकाले साहित्यको सापेक्षतामा कविताको विधागत स्वरूप स्पष्ट रूपमा चिनिन सक्छ । साहित्य भाषिक कलाका रूपमा चिनिन्छ, यो वाङ्मयको रागात्मक वा सौन्दर्यपरक शाखा हो, यो भाषिक प्रयोग क्षेत्रको व्यावहारिक र बौद्धिक प्रयोजनभन्दा भिन्न सौन्दर्यात्मक प्रयोजन मुख्य भएको भाव प्रधान प्रयोग स्थल हो (त्रिपाठी, २०६३:१५) । नेपाली वृहत् शब्दकोशमा कविद्वारा आफ्ना संवेद्य अनुभूति या स्फूर्ति भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक कृति वा रचना भनेर कविताको परिभाषा गरेको पाइन्छ (नेपाली वृहत् शब्दकोष, २०५५:११५) । नेपाली साहित्यकोशमा कवितालाई यस्तो छोटो लयात्मक रचना मानिएको छ जसमा रचनाकारको अनुभूति प्रासङ्गिक विषयप्रति बौद्धिकताको स्पर्श र कल्पना चातुर्यका साथै ठोस बिम्बविधानद्वारा पाठकलाई केही हदसम्म विस्मित पार्ने गरी अभिव्यक्त भएको हुन्छ (बराल, २०५५) । खनाथ पौडेलले कोमल भावको माध्यमबाट नैतिक र आध्यात्मिक चेतना जगाई समाज सुधारकको सन्देश दिनु कविता हो (थापा, २०३६:४३) । बालकृष्ण समले कवितलाई भावनाको बौद्धिक कोमलता मानेका छन् (सम, २०६१: भूमिका) । लक्ष्मीप्रसाद देवकोटाले लक्ष्मी निबन्ध सङ्ग्रहको भूमिकामा कविलाई त्यहाँबाट लेख्न मन लागेस् जहाँ सत्यको

आमन्त्रण आरम्भमा सुन्दरको ध्वनिमा स्पष्टिकृत हुन्छ । कवि बोलोस् जसरी चराहरू बोल्दछन् न कि जसरी वस्ताजहरू कसरत गर्दछन् । हृदयले हृदयलाई बोलाओस् कवितामा जसबाट नालाहरू आफसे आफ भुलभुलाउँदै उठ्छन् (देवकोटा, लक्ष्मी निबन्ध सङ्ग्रहः २३) भन्ने धारणा राखेका छन् । कवि माधवप्रसाद घिमिरेले शब्द र सङ्गति, अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो (घिमिरे, २०३०:२७) भनेका छन् । कवि केदारमान व्यथितले **तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो** (कुँवर, २०५०:५३) भनेका छन् । नेपाली साहित्यका समालोचक रामकृष्ण शर्माले कविलाई म सौन्दर्यको पुजारी ठान्छु नैतिकताको छहरा ठान्छु, आदर्शताको दर्पण मान्छु (शर्मा, २०४९:३) भन्ने धारणा व्यक्त गरेका छन् । यसरी रामकृष्ण शर्माले काव्यको परिभाषामा सुन्दर, नैतिक एवं आदर्श पक्षलाई मूल केन्द्र स्वीकार गरेका छन् । समालोचक केशवप्रसाद उपाध्याय तीव्रतम् अनुभूतिको सशक्त अभिव्यक्ति नै कविता हो (उपाध्याय, २०६७:२९) भन्ने धारणा राख्छन् ।

विभिन्न विद्वान्हरूको परिभाषालाई हेर्दा देवकोटाको परिभाषामा स्वच्छन्दता, हृदयस्पर्शिता सङ्गीतमयता आदिको अभिव्यक्ति नै कविता हो भन्ने भाव व्यक्त भएको पाइन्छ । समले काव्यमा बौद्धिकताको अपेक्षा गरेका छन् । लेखनाथ पौडेल भने कवितामा नैतिक तथा आध्यात्मिक चेतनाको अपेक्षा राख्छन् । कवि व्यथितको परिभाषामा भावुकता कल्पना एवम् विचारको समन्वय हुनुपर्ने भाव देखिनुका साथै उनका विचारमा कविता सौन्दर्यात्मक प्रयोजनपरक रागात्मक अनुभूति हो जसमा भाषिक कलाको सशक्त प्रकटीकरण हुन्छ । कवि घिमिरे भने कवितामा शब्द र अर्थको सङ्गति हुनुपर्ने धारणा राख्छन् । यसरी कविताका सन्दर्भमा पूर्वी, पश्चिमी एवम् नेपाली विद्वान्हरूले विभिन्न कोणबाट आफ्नो चिन्तन प्रस्तुत गरे पनि कवितालाई अर्थ्याउन सजह छैन । मानिसको अनुभूतिमा आधारित रहने हुनाले कवितालाई बुझ्ने दृष्टिकोणमा पनि व्यक्ति अनुसार भिन्नता पाइन्छ । पूर्व र पश्चिममा भएका कवितासम्बन्धी विभिन्न किसिमका मतमतान्तर तथा विभिन्न छन्द, अलङ्कार, रस, ध्वनि, प्रतिक, विम्ब, भावना तथा उच्च विचारको सम्मिश्रणबाट तयार हुने हुँदा कविता साहित्य विधाको एक शास्वत तथा सुन्दरतम् अभिव्यक्ति रहेछ । अतः विभिन्न विद्वान्हरूले प्रदान गरेका ज्ञान, चिन्तन, विचार,

अनुभव तथा आफ्नै अनुभूतिबाट पनि यो निष्कर्षमा पुग्न सकिन्छ कि कविता मानवीय संवेदनालाई भाषाका माध्ययमबाट कलात्मक ढङ्गले गरिएको लयात्मक अभिव्यक्ति हो ।

## ४.४ कविताका तत्त्वहरू

कविताका सैद्धान्तिक पक्षको अध्ययन गर्दा कविताको एउटा सिङ्गो संरचना तयार हुनका लागि भूमिका खेल्ने अवयवहरू केके हुन् ? भन्ने बारेमा बुझ्नु अत्यन्त आवश्यक छ । कुनै पनि अभिव्यक्तिलाई कवितात्मक आकार प्रदान गर्न जुन् जुन् अवयवहरूको आवश्यकता पर्छ तिनीहरू नै कविताका तत्त्व मानिन्छन् । कविता पनि भाषाको एउटा सिङ्गो संरचना भएकाले यसलाई पूर्ण रूपाकृति प्रदान गर्न केही घटकहरूको समुचित मेलबाट नै उत्कृष्ट कविताको निर्माण हुन्छ । कविताका तत्त्वहरूका सम्बन्धमा पूर्वीय तथा पाश्चात्य विद्वान्हरूका बीचमा विभिन्न मत भिन्नताहरू पाइन्छन् । पूर्वीय काव्यशास्त्रमा रस, ध्वनि, रीति, वक्रोक्ति, अलङ्कार आदिलाई काव्यतत्त्व मानी तिनमध्ये रीति, अलङ्कार आदिलाई बाह्य तत्त्व तथा रस, ध्वनि आदि अनुभूतिजन्य पक्षलाई आन्तरिक तत्त्वका रूपमा चर्चा गरिएको पाइन्छ । त्यसैगरी पाश्चात्य विद्वान्हरूले विषयवस्तु, भाषा, शैली, छन्द, लय, बिम्ब, प्रतीक आदिलाई कविताको तत्त्वका रूपमा स्वीकार गरेका छन् ।

विशिष्ट लयात्मक भाषिक अभिव्यक्ति मानिने कविताको आफ्नै खालको संरचना हुन्छ । यसको संरचनालाई आन्तरिक र बाह्य गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ । शीर्षक, पङ्क्ति, पङ्क्तिगुच्छ, श्लोक, सर्ग आदि कविताका बाह्य वा सहायक अङ्ग हुन् । यिनलाई कविताका सङ्गठनात्मक तत्त्व पनि मानिन्छ । कविताको आन्तरिक संरचनाभित्र विषयवस्तु, लयविधान, विम्ब प्रतीक, अलङ्कारविधान, भाषा, शैली र कथनपद्धति पर्दछन् । कविताका सन्दर्भमा पूर्व र पश्चिम दुवैतिर प्रचलित घटकहरूको अध्ययन गरेर हेर्दा कवितका तत्त्वहरू निम्नलिखित देखापर्दछन् ।

### ४.४.१ शीर्षक


शीर्षक कविताका विभिन्न तत्त्वहरूमध्ये एक महत्त्वपूण तत्त्व हो । कविता सिर्जना गर्नका लागि निश्चित शीर्षको आवश्यकता पर्दछ । त्यो शीर्षकले कुनै पनि

सिङ्गो रचनाको भाव, विचार भाषाशैली तथा विषयवस्तुको प्रतिनिधित्व गरेको हुन्छ । कृतिमा वर्णन गरिएको विषय र शीर्षको बीचमा अन्तरसम्बन्ध मिलको हुनुपर्दछ । कविताको शीर्षक अभिधात्मक र लक्षणिक गरी दुई किसिमको पाउन सकिन्छ (त्रिपाठी, २०५७ : १७) ।

## ४.४.२ विधागत संरचना र आयाम

कुनै कविताकृतिको आयाम भनेको कविताको अध्ययनका लागि कृतिको आकार वा पाठकलाई अध्ययनका लागि लाग्ने समय र कृतिमा वर्णित भावगत, वस्तुगत विस्तृतिको सीमा हो । यसै आयामगत अध्ययनका आधारमा कविताको रूप निर्धारण गरिन्छ ।

वस्तुतः कवितागत लम्बाइ, चौडाइ, गहिराइ वा त्रिआयामिक अध्ययन पनि यसैमा पर्दछ । कविताको लघुत्तम रूपदेखि बृहत्तम रूपसम्मको भावगत, संरचनागत र स्वरूपगत आधारमा कविताको आयाम निर्धारण गरिन्छ । कविताको आयामलाई हेर्दा दुई चार हरफका मुक्तक र सायरीदेखि लिएर महाकाव्यसम्म कविताका विविध रूप प्रचलित छन् र तीमध्ये प्रत्येक रूप स्वयम्मा पूर्ण हुन्छ (जोशी, २०४० :२) । अकारका दृष्टिले (खास गरी लमाइका परिप्रेक्ष्यमा) कवितालाई मूलतः पाँच श्रेणीमा विभाजन गर्न सकिन्छ :



### ४.४.३ विषयवस्तु

कविताको लागि चयन गरिएको भावभूमि नै कविताको विषयवस्तु हो । कविले जीवनजगत्को मानवीय स्वभाव, प्रकृति, धर्मसंस्कार र आफ्ना अनुभवहरूलाई कविताको शीर्षक बनाएर काव्य वा कविताको रचना गर्दछ ।कविले जे विषयमा कविताको सिर्जना गर्दछन्, त्यसैलाई कविताको विषयवस्तु भनिन्छ । अर्को शब्दमा भन्नु पर्दा कविता जुन पृष्ठभूमिमा लेखिन्छ, त्यही नै कविताको विषयवस्तु हो ।

### ४.४.४ भाव संयोजन

भाव वा विचार कविताका लागि चाहिने पहिलो आवश्यक तत्त्व हो । कवितामा जीवन जगत्को सेरोफेरो, मानव चेतना, मानव मन र मानव जगत्का समग्र अनुभवहरूको अभिव्यक्ति भएको हुन्छ । कविता सिर्जनाका लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणालाई भाव वा विचार भनिन्छ (लुइँटेल, २०६०:६७ ) । सर्जक विषयवस्तुको चयनमा पूरै स्वतन्त्र हुन्छ र ऊ निर्वाध रूपमा विषयवस्तुको छनौट गरी त्यसमा विचारको समन्वय गरी कविता सिर्जना गर्छ । कवितामा प्रकृति, मानवीय समाज, पुराकथा, इतिहास, दर्शन र मानवीय अनुभूतिको अभिव्यक्ति हुने भएकोले भाव वा विचार कविताको अनिवार्य तत्त्व हो । कवितामा प्रयोग गरिने विषयवस्तु जति सशक्त हुन्छ काव्य पनि त्यति नै सशक्त बन्दछ । कवितामा कथन गरिएको सारतत्त्वलाई कविताको केन्द्रीय कथ्य पनि भनिन्छ । कविताको त्यो केन्द्रीय कथ्यद्वारा नै कविले आफूले दिन चाहेको विचार वा सन्देश प्रस्तुत गर्दछ । युगीन आवश्यकता र समयको गतिलाई ठम्याउने क्रममा स्रष्टाको सोचमा पनि परिवर्तन आउन सक्छ । त्यससँगै मानवीय जीवनशैलीमा आउने परिवर्तनले गर्दा केन्द्रीय कथ्य आदिको प्रस्तुतीकरणमा पनि परिवर्तन आउन सक्छ । सूक्ष्म रूपमा विश्लेषण गरेर हेर्दा जीवनजगत्सम्बन्धी सम्पूर्ण विषयवस्तु कविताका कच्चा सामग्री हुन् भने जीवन जगत्प्रतिको कविको दृष्टिकोण र त्यसको परिणामस्वरूप निस्किएको प्रतिक्रिया नै भावविधान हो । भावविधान पनि मूर्त र अमूर्त गरी दुई प्रकारको हुन्छ । सजिलैसँग बुझ्न सकिने वा धेरै बुद्धि खियाउनु नपर्ने भावलाई मूर्त भाव भनिन्छ भने बुझ्न कठिन हुने र बुझ्नका लागि दिमागको कसरत गर्नुपर्ने भावलाई अमूर्त भाव

भनिन्छ । कवितालाई रागात्मक, सौन्दर्यमूलक, संवेदनायुक्त र रमणीय बनाउनका लागि सुन्दर भाव वा विचारको प्रयोगमा विशेष ध्यान दिनुपर्दछ ।

## ४.४.५ लयविधान

लयविधान कविताको अधारभूत तत्त्व हो । साहित्यका अरू विधाबाट कवितालाई बेग्लै रूपमा चिनाउने तत्त्व पनि लयविधान नै हो । लयविधान प्रथमतः भाषिक स्वर-व्यञ्जन वर्गका वर्णगत ध्वनिको साम्यवैषम्य दुवै भएको वितरण प्रक्रियाको कालगत प्राप्ति हो र यो कविता कृतिका चरण/पाउ वा हरफको गतिक्रम र यति विधानबाट थालिन्छ (त्रिपाठी :२०६०:१८) ।

लय विधानले अभिव्यक्तिमा श्रुतिरम्यता र श्रुतिमधुरता पैदा गर्दछ । कविताका पङ्क्तिपुञ्ज, श्लोक वा अनुच्छेदका पङ्क्ति वा पाउकाबीच वर्णको वा मात्राको वा वर्ण मात्रा दुवैको नियमित प्रयोग भएका बद्ध लय वा छन्द हुन्छ भने त्यो क्रम नियमित वा अनियमित भएका मुक्त लय वा गद्य कविता हुन्छ ( प्रधान/पौडेल, २०६७:७) । छन्दोबद्ध पद्य कवितामा छन्दको बन्धन हुन्छ भने छन्दमुक्त गद्यकवितामा छन्दको कुनै बन्धन हुँदैन । लयविधानलाई अर्को शब्दमा छन्द पनि भन्ने गरिन्छ । छन्दले कवितामा स्वर व्यञ्जन वर्णको साम्य वैषम्यबाट नाद वा सङ्गीत पैदा गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । लय अमूर्त रूपमा रहेको हुन्छ । यसले छन्दलाई मूर्त रूप प्रदान गर्न सहयोग पुऱ्याउन सक्ने भएकाले लय र छन्द पृथक भएर पनि एक अर्कासँग गाँसिएका छन् । छन्दबिना काव्यसिर्जना सम्भव हुनसक्छ तर लयबिना त कविता बन्नै सक्दैन । त्यसैले लयलाई कविताका विन्यास तहको अनिवार्य तत्त्व मानिन्छ । कवितालाई अन्य गद्यविधाबाट पृथक तुल्याउन सक्ने भएकाले लय कविताको आधारभूत तत्त्व हो । कविताका पङ्क्तिभित्र र पङ्क्तिका अन्यमा अनुप्रासको समुचित प्रयोग भएमा कविताको लय अझ बढी मिठासयुक्त बन्दछ ।

## ४.४.६ भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो । मानवीय अनुभूतिलाई व्यक्त गर्नका लागि यसको आवश्यकता पर्दछ । समग्र साहित्य एउटा भाषिक कला भएकाले भाषा पनि कविताको एउटा प्रमुख तत्त्व हो । कविताले दिन खोजेको मूल सन्देशलाई प्रस्तुत

गर्नका लागि उपयुक्त हुने वर्ण शब्द शब्दावली वाक्य र अनुच्छेद आदिको प्रयोग यसमा गरिन्छ र ती इकाइहरूको निर्माण भाषकै माध्यमबाट सम्भव हुन्छ । यसर्थ भाषालाई सहित्यको माध्यम घटकका रूपमा लिइन्छ । साहित्यका सबै विधाको अभिव्यक्ति भाषाकै माध्यमबाट गरिए पनि कविता र अन्य गद्य विधामा धेरै ठूलो अन्तर छ । गद्य विद्याहरूमा प्रयोग हुने भाषा स्थूल हुनाका साथै न्यून लयात्मक हुन्छ भने कवितामा भाषाको प्रयोग सूक्ष्म हुन्छ र बढी लयात्मक हुन्छ ।

यस क्रममा कविताको भाषा अभिधात्मक, लाक्षणिक र व्यञ्जनार्थक हुनाका साथै सङ्केतात्मक समेत बन्न पुग्दछ । कविताको भाषा अभिधात्मक हुनुभन्दा लाक्षणिक र व्यञ्जनात्मक हुनु उपयुक्त मानिन्छ । कविताको भाषा अभिधात्मक हुनुभन्दा लाक्षणिक र व्यञ्जनात्मक हुन्छ । कवितामा मानक आधारभूत भाषिक व्याकरणको पालना गरेर पनि पद, पदावलीगत, वाक्यगत र अनुच्छेदगत विचलन गरिन्छ । यस्तो विचलनबाट कवितामा भाषाले बढी व्यञ्जकता र लयात्मकता प्राप्त गर्दछ । कविता विशिष्ट शब्द र शब्दावलीयुक्त पङक्ति तथा पङक्तिपुञ्जमा उत्तरोतर विकसित गरिने कलात्मक अभिव्यक्ति र यसको भाषामा कलात्मकता, लयात्मकता, रागात्मकता जस्ता विशिष्ट अभिलक्षण हुन्छन् (लुइँटेल, २०६०:१०८) । कविताको भाषा कोमल र ललित हुने भएकाले अन्य विद्याबाट कवितालाई फरक देखाउन सक्ने सामर्थ्य भाषामा नै निहित हुन्छ । भाषा सधैँ परिवर्तनशील हुने भएकाले भाषाका माध्यमबाट निर्माण हुने कविता पनि स्थिर नभएर परिवर्तनशील हुन्छ । कवितालाई साकार र मूर्त तुल्याउने प्रमुख साधन भाषा भएकाले कवितामा नाद र सौन्दर्यको आयोजनाका लागि सहज अकृत्रिम र प्रवाहशील भाषिक गुण हुनु अत्यन्तै आवश्यक छ ।

### ४.४.७ बिम्बप्रयोग

**सर्जकका मनसपटलमा रहेको मानसिक तस्वीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो** (गौतम, २०६०:१) । प्रस्तुतबाट अप्रस्तुतको बोध गराउनु वा प्रयुक्त शब्दका माध्यमबाट अन्यार्थको बोध गराउनु नै , प्रतीक, हो । बिम्बको प्रयोग भने कुनै पनि वस्तुको लाक्षणिक अर्थ बुझाउनका लागि गरिन्छ । बिम्बले कुनै शब्द वा वस्तुको प्रतिच्छायाँका रूपमा विशिष्ट अर्थको अभिव्यक्ति दिन्छ । बिम्बहरू जीवन जगत्का विभिन्न सन्दर्भबाट टिपिएका हुन्छन् । बिम्बको उचित

संयोजन र प्रयोगबाट कविता भव्य र सुन्दर बन्दछ । बिम्बकै कारणबाट अर्थमा आलङ्कारिक चमत्कार उत्पन्न हुन्छ । बिम्ब प्रयोगबाट भाव सम्प्रेषण हुने र कवितामा अदृश्य ध्वनि तथा गति उत्पन्न हुने दुवै कार्य एकैचोटि पूरा हुन्छ । कवितामा प्रयोग भएका बिम्बहरू जहिले पनि भावलाई सबल बनाउनका लागि उपस्थित भएका हुन्छन् । जीवन जगत्का विभिन्न सन्दर्भ सामग्रीबाट बिम्बविधान हुन सक्ने भएकाले अर्थालङ्कारहरू बिम्बविधानकै उपक्रम हुन् भन्न सकिन्छ । बिम्बहरू कविताका भाव व्यञ्जक तत्त्व समेत भएकाले कुनै बिम्ब पूरै कवितात्यापी बृहत् बिम्ब पनि हुन्छन् र यिनै बिम्ब व्यञ्जनाधर्मी पनि हुन्छन् । बिम्ब जब कविता कृतिमा कवितात्यापी भएर आउँछ अथवा कथन सौन्दर्यमा गहन भूमिका खेल्न थाल्दछ तब बिम्ब व्यञ्जनाधर्मी हुन्छ । कवितात्यापी बनेर सौन्दर्य अभिवृद्धि गर्ने बिम्बहरूमा रूपक, स्वभावोक्ति, अतिशयोक्ति आदि हुन् । कविता कृतिका ठाउँ-ठाउँमा आउने स्थानीय बिम्बहरू सबैले कविताको सौन्दर्यलाई बढाएका हुन्छन् । बिम्बविधानका माध्यमबाट कथनपद्धति, लय, शैली, सङ्गति, व्यतिरेक, प्रश्न, संशय, तर्कवितर्क, द्वन्द्व, अतिरञ्जना, विरोधाभाष, प्रशंसा, व्यङ्ग्य, उपहास आदिका साथै सामाजिक, सांस्कृतिक, दार्शनिक आदि पक्षहरू उद्घाटित हुन्छन् । आलङ्कारिक चमत्कृतिद्वारा कवितामा सौन्दर्य पैदा गर्ने भएकाले कविताको महत्त्वपूर्ण तत्त्व हो । समाज, संस्कृति, ज्ञान विज्ञान आदि जीवन जगत्का अनेक सन्दर्भबाट परम्परित एवं नवीन बिम्ब प्रतीकको छनौट गरी प्रयोग गर्न सके कविता अझ सुन्दर र कलात्मक बन्दछ । बिम्ब र प्रतीकको सन्तुलित प्रयोगद्वारा नै स्तरीय कविताको जन्म हुन्छ ।

### ४.४.८ व्यञ्जना

कवितालाई उत्कृष्ट बनाउने अर्को महत्त्वपूर्ण सामग्रीका रूपमा व्यञ्जना शक्तिलाई लिन सकिन्छ । यसलाई अनेकार्थकता पनि भनिन्छ । संस्कृत काव्यशास्त्रमा व्यञ्जना शक्तिलाई वक्रोक्तिवादी तथा ध्ववादीहरूले बढी महत्त्व दिएका छन् । यसलाई अर्थ्याउनुपर्दा कविले कविताका माध्यमबाट शब्द र अर्थ दुवैका कारणले कथन वा कृतिमा खुलाउन सक्ने जुन् घुमाउरो भाव वा विचार हो त्यसैलाई व्यञ्जना भनिन्छ । अर्को भाषामा भन्दा कवितामा अन्तर्निहित भावले

वाच्यार्थभन्दा व्यङ्ग्यार्थमा चमत्कारपूर्ण तरिकाले उत्कर्ष प्राप्त गर्दछ भने त्यसलाई पनि व्यञ्जना भन्ने गरिन्छ । कविताको मर्म व्यञ्जनात्मक अभिव्यक्तिमा नै रहने हुँदा व्यञ्जना शक्तिले कृतिको कलात्मक मूल्यलाई अभिवृद्धि गर्दछ । शब्द र अर्थ दुवैका कारणबाट यसले अकथित अर्थलाई झल्काउँछ । यसका लागि प्रतीक, बिम्ब आदि मात्र नभई साङ्केतिक भाषा सूच्य शब्द र कतै कतै अतिशयोक्ति र चामत्कारिक कथनले समेत यसमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । थोरै शब्दमा धेरै भन्ने कला नै यसको विशेषता हो । उत्कृष्ट कविताका लागि व्यञ्जना अपरिहार्य तत्त्व बन्न पुगेको छ ।

### ४.४.९ कथनपद्धति

कवितामा कविका भाव, विचार र अनुभूतिलाई पाठक समक्ष प्रस्तुत गर्ने तरिका नै कथनपद्धति हो । हरेक साहित्यिक रचनामा रचनाकारकै अभिव्यक्ति भएता पनि विभिन्न कवितामा कवि कथनका भिन्नै तरिकाहरू अपनाएको हुन्छ । कविता मूलतः आत्मालाप वा मनोलाप (एकान्त आत्म-गुन्गुन) गर्ने भाषिक लयात्मका कला हो ता पनि त्यसमा मनोलाप वा मनोगुन्गुनको अभिव्यक्ति गर्ने श्रुतिरम्य कथन अपेक्षित नै हुन्छ (त्रिपाठी,२०६०:१९) ।

त्यसै कारणले कथनपद्धति कवितामा एउटा महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको हुन्छ । भाषाको प्रस्तुति एवम् शैली नै यथार्थमा कथनपद्धति हो । कविले अनुभूत गरेका जीवन र जगत्सम्बन्धी विषयवस्तुलाई बाह्य रूपमा प्रकट गर्दा कथनपद्धतिको विनियम गर्ने साधन कथनपद्धति हो । यसैमा आधारित भएर कविले भाव र विषयवस्तुलाई कवितात्मक रूपमा प्रस्तुत गर्दछ । कविको भावना, अनुभूति, चिन्तन, संवेग आदिलाई अभिव्यक्त गर्ने सूक्ष्म प्रक्रियालाई कथनपद्धति भनिन्छ । कवितामा प्रयुक्त पात्रका माध्यमबाट कथनपद्धति के कस्तो छ भन्ने कुरा प्रष्ट हुन्छ ।

कथनपद्धति कवि प्रौढोक्ति र कविनिबद्धवक्तृ प्रौढोक्ति गरी दुई प्रकारको हुन्छ । कवि प्रौढोक्ति कथन पद्धतिमा कविले आफैँ सोझै कवितात्मक अभिव्यक्ति दिन्छ तर कविनिबद्धबक्तृ प्रौढोक्ति कथन पद्धतिमा कविले पात्र र घटनाका बारेमा सम्पूर्ण कुराको जानकारी दिई पात्रको विचार, अनुभव, उद्देश्य, कार्यव्यापार आदिको सचित्र प्रस्तुत गरेको हुन्छ । यसमा कविले कुनै एक पात्रको अनुभव र विचारका रूपमा

आफूलाई  समेट्दै वस्तुपरक अभिव्यक्ति दिएको हुन्छ । कवि र पाठकका बीचमा सम्बन्ध स्थापित गर्ने पुलको काम गर्ने भएकाले कथनपद्धति कविताको आत्यन्तै महत्त्वपूर्ण घटक हो ।

## ४.५ नेपाली कविताको प्राथमिककाल

नेपाली साहित्यको कविता क्षेत्रमा वि.सं. १८२५/२६ देखि वि.सं. १९४० सम्मको समावधिलाई प्राथमिक कालअन्तर्गत लिइन्छ । यस कालमा कवितालाई दुई धारामा विभाजन गर्न सकिन्छ । वीरधारा र भक्तिधारा प्रमुख हुन् । वि.सं. १८२५/२६ देखि १८७२ सुगौली सन्धी अगाडिको समयमा सुवानन्द दासका वीरधारा कविताहरू प्रमुख स्थानमा रहेको पाइन्छ । यस समयका कवितामा वीरहरूको बन्दना, युद्ध वर्णन, राष्ट्रप्रतिको आस्था तथा राष्ट्रिय एकताको उच्च भावना प्रकट भएको पाइन्छ । यस समयको प्रमुख कविहरूमा शक्तिबल्लभ अर्ज्याल, उदयनन्द अर्ज्याल, राधाबल्लभ अर्ज्याल, यदुनाथ पोखरेल, शुमानी पन्त आदि हुन् । प्राथमिक कालको वीरधाराका कवितामध्ये यदुनाथ पोखरेलको स्तुतिपद्यलाई प्रतिनिधि कविता मान्न सकिन्छ (ढुङ्ग्ल र दाहाल, २०६४ : ०९) ।

वि.सं. १८७२ सुगौली सन्धी भएपछि युद्धको त्रासले तड्पिएका आत्माहरूलाई ईश्वरको शरणमा लगी भजन कीर्तनको माध्यमले भक्तिधाराले प्रमुख स्थान ओगटेको पाइन्छ । यस समयमा पनि कृष्णभक्ति धारा, रामभक्ति धारा र निर्गुणभक्ति धारामा विभिन्न कवि तथा कवियत्रीहरूले कलम चलाएको पाइन्छ । कृष्णभक्ति धारामा कलम चलाउनेहरूमा बसन्त शर्मा, इन्द्रिरस विद्यारण्यकेशरी, वीरशीला पन्त आदि प्रमुख हुन् भने रामभक्ति धारामा कलम चलाउनेहरूमा रघुनाथ पोखरेल, भानुभक्त आचार्य र पताञ्जली गजुर्‍याल आदि हुन् । त्यसैगरी निगुर्णभक्ति धारामा कलम चलाउनेहरूमा शशिधर, अगम दिलदास, अखण्ड दिलदास, ज्ञान दिलदास आदि प्रमुख हुन् (ढुङ्ग्ल र दाहाल, २०६४ : १०) ।

यसरी नेपाली कविताको प्राथमिक काल अगाडि बढेको देखिन्छ । त्यसैले यस कालखण्डमा नेपाली कविताको विकासक्रमको इँटा राखेको पाइन्छ भने माध्यमिक काललाई पनि आमन्त्रण गरेको देखिन्छ ।

## ४.६. नेपाली कविताको माध्यमिक काल

यस कालदेखि नेपाली साहित्यको लेखोट युगबाट प्रकाशन युगमा प्रवेश गऱ्यो । नेपाली भाषा लोखोट युगबाट छापाखाना युगमा प्रवेश सँगसँगै मोतीराम भट्टले नेपाली कवितामा माध्यमिक कालको प्रवर्तन गरेका हुन् । वि.सं. १९४१ देखि वि.सं. १९७४ मा सूक्तिसिन्धु प्रकाशनसम्मको नेपाली कविता यात्रालाई नेपाली कविताको माध्यमिक काल मानिन्छ । यस कालका नेपाली कविता मूल रूपमा शृङ्गार प्रधान भए तापनि वीर र भक्ति भावका कविताहरू पनि छिटपुट रूपमा लेखिएका पाइन्छन् । माध्यमिक काललाई पनि दुई भागमा विभाजन गरिएको छ । पूर्वमाध्यमिक काल (वि.सं. १९४१-१९६१) र उत्तरमाध्यमिक काल (वि.सं. १९६२-१९७४) सम्म प्रमुख मानिएको छ (ढुङ्ग्ल र दाहाल, २०६४ : १३)।

पूर्वमाध्यमिक कालमा मोतीराम भट्टको सक्रियतामा मोतीमण्डली निर्माण गरी शृङ्गारिक प्रवृत्तिका कविताहरू रचना गरेको पाइन्छ । यस समयका विशेष गरी शृङ्गारिक चेत भएका कविताले प्रबलता रहेको पाइन्छ । यस समयका उल्लेख्य कविहरूमा मोतीराम भट्ट, राजीवलोचन जोशी, लक्ष्मीदत्त पन्त आदि हुन् । यस कालका केन्द्रीय कवि मोतीराम भट्ट हुन् भने उत्तरमाध्यमिक काल काठमाडौँमा बसी संस्कृत अध्ययन गरिरहेको युवा कविहरूले शृङ्गारिक कविताको सङ्कलनको रूपमा वि.सं. १९६२ मा कविताकल्पद्रुम प्रकाशित गरे । यसै कविता सङ्ग्रहबाट नेपाली कविताको उत्तरमाध्यमिक काल सुरु भएको हो । वि.सं. १९७४ मा सूक्तिसिन्धु प्रकाशित भएपछि यस युगको समापित पनि भएको हो । सुन्दरीहरूको नखशिख वर्णनमा केन्द्रीत भई कविता रच्ने प्रवृत्तिका कारण यस कालका कविहरूलाई अश्लीलताको दोष पनि लगाइन्छ । शम्भुप्रसाद ढुङ्गेल यसका केन्द्रीय प्रतिभा हुन् भने यस कालमा कलम चलाउनेहरूमा रामप्रसाद सत्याल, कृष्णप्रसाद रेग्मी आदि हुन् (ढुङ्ग्ल र दाहाल, २०६४ : १३)।

यसरी नेपाली कविताको माध्यमिक कालले पनि विभिन्न आरोह-अवरोध पार गर्दै गुण र दोषको मार्ग पार गरेर आधुनिक कालमा प्रवेश गरेको छ ।

## ४.७. नेपाली कविताको आधुनिक काल

नेपाली कविताको आधुनिक काल माध्यमिककालीन शृङ्गारिक कविता सङ्ग्रह वि.सं. १९७४ पछि आरम्भ भएको मानिन्छ । वि.सं. १९७५ देखि सुरू भएर हालसम्म पनि चालू नै रहेको समयावधि नै नेपाली कविताको आधुनिक काल हो । नेपाली लेख्य व्याकरण र हलन्त बहिष्कार आन्दोलनको प्रभाववृद्धिसँगै कवि लेखनाथ पौडेलका केन्द्रीयतामा नेपाली कविताको आधुनिक कालको सूत्रपात भएको हो । तत्कालीन कविहरूले व्याकरणका नियमहरूलाई मान्दै कविताको स्तरीयताप्रति चासो राख्नुका साथै कवितात्मक सौन्दर्यलाई समेत उच्च महत्त्व दिएका छन् । आधुनिक नेपाली कविहरूमा बङ्गला र हिन्दीजस्ता भाषामा लेखिएका कविताहरूको गहिरो प्रभाव परेको छ । आधुनिक नेपाली कविताले नेपालको सामाजिक, राजनैतिक, आर्थिक र सांस्कृति जागरणलाई आफूमा समाहित गर्न सफल भएको देखिन्छ । बीसौं शताब्दीका अन्तर्राष्ट्रिय घटनाक्रम, मानवता र मानवजीवनसँग सम्बन्धित विषयलाई वहन गर्न सक्नु यसको विशेषता हो । नेपाली राष्ट्रिय चेतनाको विकास हुने क्रममा यसले धेरै द्वन्द्वहरूको सामना गर्नुपरेको देखिन्छ । नेपाली समाजले रूपान्तरण र विकासको अभियानमा धेरै आरोह अवरोहहरू झेल्नु परे जस्तै नेपाली कविताले पनि आधुनिक कालसम्मको यात्रामा अनेक घुम्ती र मोडहरू पार गरेको छ । यस क्रममा आधुनिक नेपाली कविताले पूर्वीय र पाश्चात्य दुवै काव्यमान्यताहरूलाई अङ्गीकार गर्दै आएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिले पनि आधुनिक नेपाली कविताको अभ्युदयका क्रममा महत्त्वपूर्ण भूमिका खेलेको छ । नेपालको राजनैतिक, सामाजिक, आर्थिक, साँस्कृतिक र बौद्धिक चेतनाका विषयसँग प्रत्यक्ष सम्बन्ध गाँसिएको आधुनिक नेपाली कविता यात्रालाई (वि.सं. १९७५-२०१६) देवकोटाको निधनसम्मको समयलाई पूर्वार्द्धकाल र (वि.सं. २०१७ - यताको समय) लाई अध्ययनको सहजताका लागि दुई चरणमा बाँडेर हेर्न सकिन्छ । त्यसैगरी पूर्वार्द्धको समयावधिलाई परिष्कारवादी धारा, (१९७५-९०) र स्वच्छन्दतावादी धारा (वि.सं. १९९१-२०१६) गरी दुई धारामा बाँडेर अध्ययन गर्न सकिन्छ भने उत्तरार्द्धको समयवधिलाई प्रयोगावादी धारा (वि.सं. २०१७ - ३०) र समसामयिक धारा (वि.सं. २०३० - हालसम्म) गरी दुई भागमा नै बाँडेर अध्ययन गर्न सकिन्छ ।

### ४.७.१ परिष्कारवादी धारा (१९७५ -१९९० सम्म)

यस धारालाई क्लासिकल वा शास्त्रीयतावादी धाराका नामले चिनिन्छ । यो धारा पुरानो नेपाली कविता र आधुनिक नेपाली कविताका यात्रा क्रमको दोसाँधको युग हो र यसलाई आधुनिक नेपाली कविताको उषाकाल वा प्रथम प्रहर भन्न सकिन्छ (त्रिपाठी,२०६०:११४) । माध्यमिक कालमा प्रचलित परम्परागत कविता लेखनको परम्परालाई तोड्दै नेपाली कवितालाई आधुनिकतातर्फ डोऱ्याउने श्रेय लेखनाथ पौडेललाई जान्छ । उनी नै यस धाराका केन्द्रीय प्रतिभा हुन् । वि.सं. १९७३-७५ तिरबाट लेखनाथ पौडेलको नेतृत्वमा देखापरेको यो धारा वि.सं. १९९० सम्म आधुनिक नेपाली कविताको केन्द्रीय धाराका रूपमा रहन सफल भएको छ । यस धारालाई अगाडि बढाउन धरणीधर कोइराला, महानन्द सापकोटा, भवानीप्रसाद खतिवडा र बालकृष्ण समजस्ता कविहरूको बलियो साथ पाएको थियो ।

माध्यमिक कालको उत्तरार्द्धतिर प्रकाशन सुरू भएको **माधवी** पत्रिकाले पनि परिष्कारवादी धाराको जग बसाल्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस पत्रिकामा प्रकाशित हलन्त बहिष्कारसम्बन्धी सन्दर्भ सामीग्रहरूले तत्कालीन कविहरूलाई सचेत तुल्याएको छ । परिष्कारवादी कविहरूले हलन्त बहिष्कारमूलक लेख्य व्याकरणको अनुशासनलाई पालना गरी कविता लेखेका छन् । यिनीहरूका कवितामा नीतिचेतनामूलक, आध्यात्मिक चेतना र हिन्दू पुनर्जागरणको स्वर जस्ता प्रवृत्तिहरू पाइन्छन् । यस धाराका कविहरू समाजोत्थान र मानवोत्थानमा केन्द्रित देखिन्छन् । कवितामा भाषा, लय, अलङ्कार र परिष्कृत शैली शिल्पको समन्वयात्मक प्रयोग गरी यस धाराका कविहरूले नयाँ छाँटका कविताको रचना गरेका छन् । वि.सं. १९६९ सालमा प्रकाशित **लालित्य** कविता सङग्रह भाग एक भित्रको **कवि कवितालाप** फुटकर कविताका माध्यमबाट नै लेखनाथले नवीनताको उद्घोष गरेका छन् । वि.सं. १९७२ देखि १९८० को बीचमा प्रकाशित फुटकर कविताहरूमार्फत् नै उनले नयाँ विषय क्षेत्रतर्फ नेपाली कवितालाई अगडि बढाउन खोजेका छन् । शैलीमा परिष्कार, बौद्धिक, स्पर्श, भावनाको संयमता, नैतिक चेतना, र व्याकरणात्मक अनुशासन जस्ता विशेषताहरूलाई आत्मसात् गर्दै अघि बढ्ने भएकाले नै यस काललाईलाई परिष्कारवादी धारा भनिएको हो ।

प्रवृत्तिगत कोणबाट मूल्याङ्कन गर्नुपर्दा यस धाराका केन्द्रीय प्रतिभा लेखनाथ पौडेलले अपनाएको परिष्कारवादी काव्यलेखन पूर्वीय साहित्यशास्त्र र साहित्य सिर्जनासँग निकट देखिन्छ । यस धारामा देखापरेका कुलचन्द्र गौतम र सोमनाथ सिग्द्यालले भने पाण्डित्य प्रदर्शनमा बढी रूचि लिएका छन् तर लेखनाथ पौडेल सु-संस्कृत काव्यलेखन र व्यक्तिप्रतिभाकाबीच समन्वय कायम गर्न सफल भएका छन् । यसै धारा अन्तर्गतका धरणीधर कोइराला, महानन्द सापकोटा, र भवानीप्रसाद खतिवडा जस्ता कविहरू भने परिष्कृत अलङ्कार शिल्प, वर्णमत्रिक छन्दमाधुर्य र युगीन आध्यात्मिक चिन्तन बोकेर समाज उत्थानका लागि अग्रसर देखिएका छन् । यस धाराका अर्का अग्रणी प्रतिभा बालकृष्ण सम हुन् । समको आगमनपछि नेपाली कवितामा पाश्चात्य चिन्तनले परिष्कारवादी शैलीलाई अपनाएको पाइन्छ । निरीश्वर भौतिक अध्यात्मको चिन्तनलाई अँगाली लेखिएका उनका रचनाहरू परिष्कृत र बौद्धिक छन् ।

परिष्कारवादी धाराको मुख्य समयावधि वि.सं. १९९० मा नै टुङ्गिएको भए तापनि अन्य धाराहरूको समानान्तर रूपमा नै यो धारा अगाडि बढेको देखिन्छ । यस धाराको मुख्य अवधिपछि देखापरेका अन्य कविहरू हुन्- साम्बभक्त शर्मा सुवेदी, देवीदत्त पराजुली, झपटबहादुर राणा, प्रेमप्रसाद भट्टराई, गुणराज उपाध्याय, पिनाकीप्रसाद आचार्य, तारानाथ उपाध्याय, नयराज पन्त, विद्यादेवी आचार्य दीक्षित, भीमनिधि तिवारी, माधवप्रसाद देवकोटा, भरतराज पन्त, हेमचन्द्र पोखरेल, भवानीशङ्कर कफल्लक, गोपाल पाँडे **असीम** आदि ।

परिष्कारवादी कविताका मुख्य अवधिमा र त्यसपछि पनि यस धरामा देखापरेका दार्जिलिङ्तिरका कविहरू हुन्- धरणीधर कोइराला, महानन्द सापकोटा, पारसमणि प्रधान, हर्कजङसिंह क्षेत्री, रामचन्द्र गिरी, गम्भीर राई, भूपतदास राई आदि ।

यस धारामा कविताका लघुरूपदेखि लिएर बृहत् रूपसम्मका रचनाहरू लेखिएका छन् । यस धारामा कविताको मध्यमरूप लेखनाथको प्रकृतिकाव्य **ऋतुविचार** (वि.सं. १९९१),समको **आगो र पानी** खण्डकाव्य र बृहत् रूपमा रचिएको सोमनाथ सिग्द्यालको **आदर्श राघव** (२००५) र समकै **चिसो चुल्हो** (२०१५) जस्ता उत्कृष्ट परिष्कारवादी काव्यकृतिहरूको रचना भएको पाइन्छ ।

यसरी कविशिरोमणि लेखनाथ पौडेलले आरम्भ गरेको यस धाराले आधुनिक नेपाली कविताको मानक र स्तरीय काव्यरचनाका लागि स्पष्ट मार्गनिर्देश गर्न सफल भएको छ ।

## ४.७.२ स्वच्छन्दतावादी-प्रगतिवादी धारा (वि.सं. १९९१ - २०१६)

वि.सं. १९९१ सालदेखि वि.सं. २०१६ सालसम्मको करिब साँढे दुई दशकको कालखण्डलाई नेपाली काव्य फाँटमा स्वच्छन्दतावादी-प्रगतिवादी धाराका नामले चिनिन्छ । वि.सं १९९१ सालमा **शारदा** नामक साहित्यिक पत्रिकाको प्रकाशनसँगै लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठका कविताबाट यस धाराको सुरूवात भएको हो । यो आधुनिक नेपाली कविताको दोस्रो मोड हो । स्वच्छन्दतावादी धारा पाश्चात्य साहित्यमा अठारौँ शताब्दीमा देखा परेको प्रेम, साहस, भावुकता, कल्पना, संवेदना आदि तत्त्वलाई समावेश गरेर काव्य लेख्ने एउटा मान्यता हो । यो धारा पाश्चात्य साहित्यबाट हिन्दी हुँदै नेपाली साहित्यमा प्रवेश गरेको हो । सर्वसाधारणका लागि विद्यालयहरू खुल्नु तथा पटना विश्वविद्यालयको पाठ्यक्रममा अंग्रेजी स्वच्छन्दतावादी कविताहरूको कविता समावेश गरिनुलाई पनि नेपाली कविहरूलाई यस धारातर्फ आकर्षण गर्ने उत्प्रेरक तत्त्वका रूपमा लिन सकिन्छ । आधुनिक नेपाली कवितामा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ र गोपालप्रसाद रिमाल जस्ता कविहरूले काव्य सिर्जनामा परिष्कारवादका शास्त्रीय नियम र मान्यतालाई परित्याग गरी नवीन मान्यताका साथ कविता सिर्जना गर्न थालेपछि स्वच्छन्दतावादी प्रवृत्ति र आधुनिकताले प्रवेश पाएको मानिन्छ । शास्त्रीय छन्दमा कविता लेख्ने परम्परित मान्यताका विरूद्ध गोपालप्रसाद रिमालको १९९२ सालको **शारदा** पत्रिकामा **कविको गान** शीर्षकको गद्यकविता प्रकाशित भएपछि परम्परित छन्दोबद्ध मान्यता भत्किएको देखिन्छ । रिमालले छन्दको बन्धन तोडेर, नयाँ पदावली सिर्जना गरेर अनि बिम्ब र प्रतीकको प्रयोग गरेर कविताको अत्याधिक रूप फेरे भने लक्ष्मीप्रसाद देवकोटाले पूरै परिष्कारवादी मान्यताका विपरीत रहेर कलम चलाए (गौतम, २०६६:१३) । प्रवृत्तिगत आधारमा विश्लेषण गर्दा वि.सं. २००३ सालसम्मका कविताहरू विशुद्ध स्वच्छन्दतावादी देखिन्छन् भने २००४ पछि त्यसमा व्यङ्ग्य, विद्रोह, प्रगतिशील स्वर तथा क्रान्तिकारी भावनाको सम्मिश्रण भएको पाइन्छ ।

स्वच्छन्दतावादी काव्य लेखनलाई वि.सं. १९९७ सालमा भएको **सहिद काण्ड** र २००४ सालको **जयतु संस्कृतम्** जस्ता राजनैतिक घटनाले प्रभावित तुल्याएको देखिन्छ । तत्कालीन कविहरूले प्रजातान्त्रिक आन्दोलनका क्रममा देखापरेको विद्रोही क्रान्तिकारी चेतनालाई आफ्ना कविता मार्फत् अभिव्यक्त गरेका छन् । त्यही कारणले गर्दा नै वि.सं. २००४ देखि २००१६ सालका बीचको समयावधिलाई स्वच्छन्दतावादी प्रगतिवादी धारा भनिएको हो । स्वच्छन्दतावादी कविहरूमा प्रगतिवादी प्रवृत्तिलाई समेत पर्याप्त मात्रामा अङ्गीकार गर्ने समकालीन र उत्तरवर्ती प्रमुख कविहरू हुन्- लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, केदारमान व्यथित, धर्मराज थापा, युद्धप्रसाद मिश्र, विजय मल्ल, भूपि शेरचन, कृष्णप्रसाद पराजुली, कुलमणि देवकोटा आदि । अन्य स्वच्छन्दतावादी कविहरू हुन्- लक्ष्मीनन्दन चालिसे, भवदेव पन्त, भीमदर्शन रोका, श्यामदास वैष्णव, माधव घिमिरे, नीरविक्रम प्यासी आदि । प्रगतिवादी विचारधारातर्फ झुकाव राख्ने कविहरू हुन्- हृदयचन्द्रसिंह प्रधान, कृष्णचन्द्र सिंह प्रधान, गोकुलप्रसाद जोशी, देवीप्रसाद **किसान** आदि । प्रवासमा रहेर स्वच्छन्दतावादी कविता लेख्ने स्रष्टाहरू हुन्- ध्रुव दवाडी, नरेन्द्र कुमाई, वीरेन्द्र सुब्बा, ओकिउयामा ग्वाइन दानियल खालिङ, रामकृष्ण शर्मा, तुलसी **अपतन,** शिवकुमार राई, हरिभक्त कटुवाल, अगमसिंह गिरी, गुमानसिंह चामलिङ आदि ।

यस धारामा देखापरेका कविहरूमध्ये कविताको लघुतम रूप मुक्तकतर्फ भीमदर्शन रोका सफल देखिए भने फुटकर कवितालाई देवकोटाले उचाइमा पुऱ्याएका छन् । देवकोटाको **मुनामदन** (१९९२) **कुञ्जिनी** (२००२) र **मायाविनी सर्सी** (२०१७) जस्ता खण्डकाव्यहरूले यस धाराको बलियो प्रतिनिधित्व गर्दछन् । त्यसैगरी माधव घिमिरेका **गौरी** (२००४-१५), **राजेश्वरी** (२०१७), सिद्धिचरण श्रेष्ठको **उर्वशी** (२०१७), अगमसिंह गिरीको **युद्ध र योद्धा** खण्डकाव्यहरूले पनि यस धाराको उत्कर्षमा सघाउ पुऱ्याएका छन् । मौलिक र स्तरीय महाकाव्यका रूपमा देवकोटाले **नै शाकुन्तल** (२००२), **सुलोचना** (२००३), **महाराणा प्रताप** (२००घ-०४) **प्रमिथस** (२०१०) जस्ता उत्कृष्ट कृतिहरूको रचना गरे ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको नेतृत्वमा देखापरेको नेपाली कविता साहित्यको स्वर्णयुग समेत मानिने स्वच्छन्दतावादी-प्रगतिवादी धारालाई अन्य धेरै

वरिष्ठ कविहरू सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, भूपि शेरचन, केदारमान व्यथित आदिको साथ, समर्थन र सहयोग प्राप्त भएको छ । उत्कृष्ट कविहरूका उत्कृष्ट रचनाका बलमा यो धाराले नेपाली कविताको इतिहासमा सर्वाधिक उपलब्धि हासिल गर्न सफल भएको छ । महाकविको निधन भएपछि भने यो धारा शिथिल बने पनि गौण रूपमा अहिलेसम्म पनि यसले महत्त्व पाएकै छ ।

### ४.७.३ प्रयोगवादी धारा (वि.सं. २०१७ -२०२९)

वि.सं. २०१६ साल महाकवि लक्ष्मीप्रसाद देवकोटाको निधन भएपछि आधुनिक नेपाली कविताको पूवार्द्ध चरणले विश्राम लियो र उत्तरार्द्ध चरणको श्रीगणेश भयो । नेपाली कवितामा प्रयोगधर्मी कविताले देवकोटा युगमा नै अर्थात् **प्रगति** (२०१०) **इन्द्रेणी** (२०१२) जस्ता तत्कालीन पत्रपत्रिकाहरू मार्फत् सूक्ष्म प्रवेश गरिसकेको थियो । यसै क्रममा वि.स. (२०१७) सालको **रूपरेखा** पत्रिकामा भाव, भाषा र शैली आदिको नवीन प्रयोग गरेर लेखिएको **घाइते युग** कविताको प्रकाशन भएपछि प्रयोगवादी धाराको सुरूवात भएको मानिन्छ । मोहन कोइराला यस धाराका प्रवर्तक हुन् । आधुनिक नेपाली कवितामा पाश्चात्य साहित्य जगत्मा १९ औँ शताब्दीको अन्तिम चरणदेखि २० औँ शताब्दीसम्ममा देखापरेका अनेक धारा वाद तथा प्रवृत्तिहरूको गहिरो प्रभाव परेको देखिन्छ । यस धारालाई त्यसताकाका बङ्गला र हिन्दी भाषाका प्रयोगवादी नवकविताले पनि प्रभावित पारेको पाइन्छ । यस धाराले नेपाली कवितालाई पाश्चात्य जगत्मा नवीन ढङ्गले कविता रच्ने प्रयोगधर्मी प्रवृत्तिहरूको नजिक पुऱ्यायो । मोहन कोइरालाको अगुवाइमा अन्य प्रयोगवादी कविहरूको साथ लिँदै यस धाराले नेपाली कविता लेखनको परम्परामा नयाँ गोरेटो निर्माण गर्न सफल भयो ।

यस धारामा प्रतीकवादी, अतियथार्थवादी विसङ्गतिवादी, अवचेतन लेखन र अमूर्त लेखनका विश्रृङ्खलाको समष्टि प्रभावमा कविता अर्थिनुपर्ने भएकाले परिष्कारवादी र स्वच्छन्दतावादी परम्परामा रमाएका नेपाली पाठकहरूका लागि यो नवीन प्रयोगधर्मी प्रवृत्ति विश्रृङ्खलित, जटिल, अगम्य र विवादास्पद बन्न पुग्यो ।

प्रयोगवादी कविहरू अवचेतन मनका अनूभूतिजन्य कल्पनालाई विश्रृङ्खल र विसङ्गत रूपमा अभिव्यक्ति दिने प्रयत्न गर्छन् । यस प्रयोगवादी कविता लेखनले

प्रायः ईश्वररहित र विकासवादी जीवशास्त्रीय पृष्ठभूमिमा मानवजीवनलाई यौन वासनाको आँखाले हेर्ने गर्दछ र जीवनलाई विद्रूप, वीभत्स, विसङगत, व्यर्थ, निस्सार, र शून्य पनि देख्छ (त्रिपाठी, २०६०:१२८) यसमा जीवनेच्छालाई भन्दा बढी मृत्युबोधलाई बढी सुम्सुम्याएर काव्य लेख्ने प्रवृत्ति पाइन्छ । जीवनका विसङ्गत पक्षहरूको अन्त्य गरी मानवीय अस्तित्व र अस्मिताको अन्वेषण गर्नु यस धाराको विशेषता हो । यस धाराका प्रमुख कविहरूमा मोहन कोइराला, द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, मदन रेग्मी, जगदीशमशेर राणा, तुलसी दिवस, पुष्कर लोहनी, उपेन्द्र श्रेष्ठ, पारिजात, कुन्दन शर्मा, कुमार नेपाल, पोषण पाण्डे, रत्नशमशेर थापा, कृष्णप्रसाद श्रेष्ठ आदि पर्न आउँछन् ।

**तेस्रो आयाम** प्रयोगवादी धाराकै समयावधि (वि.सं. २०१९/२०) सालमा दार्जिलिङबाट गरिएको एउटा साहित्यिक आन्दोलन हो । आयामेली आन्दोलनका नामले पनि चिनिने यो अभियानले प्रयोगवादी धारालाई उचाइमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेलेको छ । यस धाराका प्रमुख कवि प्रतिभाहरू इन्द्र बहादुर राई, वैरागी काइँला र ईश्वर वल्लभ हुन् । साहित्यलाई चेप्टो र भावुकताबाट हेरिनुपर्छ र जीवनको सम्पूर्णतालाई समात्ने चेष्टा गरिनुपर्छ भन्ने वैचारिकतामा आधारित भएर लेखिएका उक्त कविका कविताहरू अत्यन्तै क्लिष्ट र दुर्बोध्य छन् ।

आधुनिक नेपाली कविताको यस धारामा सरल र सम्प्रेषणीय कविताका माध्यमबाट समानान्तर रूपमा कलम चलाउने प्रतिभाहरूमध्ये भूपि शेरचन, वासु शशी र हरिभक्त कटुवालको नाम अत्यन्तै आदरपूर्वक लिने गरिन्छ । प्रयोगवादी धाराको यस अवधिमा झुल्किएका प्रगतिवादी कविहरूमा आनन्ददेव भट्ट, मोदनाथ प्रश्रित, जगत्‌बहादुर जोशी, गोविन्द भट्ट, जनकप्रसाद हुमागाइँ, भवानी घिमिरे, टी.आर विश्वकर्मा, मेघराज मञ्जुल, रामचन्द्र भट्टराई, दिल साहनी आदि प्रमुख मानिन्छन् । त्यसैगरी स्वच्छन्दवादी-प्रगतिवादी पद्य धाराका कविहरूमा कञ्चन पुडासैनी, कृष्णप्रसाद पराजुली, भानुभक्त पोखरेल, वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने, रामबाबु सुवेदी, गणेश विषम आदि हुन् भने यस अवधिमा देखा परेका परिष्कारवाद र स्वच्छन्दवाद र स्वच्छन्दतावादका बीचका कविप्रतिभाहरूमा घटराज भट्टराई, भरतराज मन्थलीय, पीताम्बर भोला, मुकुन्दशरण उपाध्याय, हरिहर शास्त्री आदि हुन् । हास्यव्यङग्यलाई पद्य वा गद्यकविताका माध्यमबाट प्रयोग गर्ने यस

अवधिका चर्चित कविहरूमा दाताराम शर्मा, वासुदेव लुइँटेल, भैरव अर्याल र ध्रुवकृष्ण दीप उल्लेख्य मानिन्छन् ।

प्रयोगवादी प्रवृत्तिलाई आत्मसात् गरेर लेखिएका कविताहरू अत्यन्तै क्लिष्ट भएकोले नेपाली कविताका पाठकहरूका लागि ती कविता फलामको चिउरा सरह भए । त्यसै कारणले गर्दा केही जागरूक युवाहरू प्रयोगवादी क्लिष्टताले उत्पन्न गरेको सङ्कटबाट नेपाली कवितालाई मुक्त गर्ने प्रयासमा लागे । त्यसैको फलस्वरूप यस धाराको अन्त्य भयो र समसामयिक धाराको आरम्भ भयो ।

## ४.७.४ समसामयिक धारा (वि.सं. २०३० देखिहालसम्म)

वि.सं. २०३० देखि हालसम्मको ३८ वर्षीय समयावधिलाई नेपाली काव्य जगत्मा समसामयिक धाराका नामले चिनिन्छ । प्रयोगका साथ आरम्भ भएको प्रयोगवादी कविता धाराको एक दशक पनि बित्दा नबित्दै राल्फा, अकविता, भोको पिँढी, योङ राइटर्स, फ्रन्ट, बुट, पालिस, अमलेख आदि साहित्यिक अभियानहरू चल्न थाले । गोजीका आन्दोलन, हवाईपत्र, मिनी-मुक्तक तथा लघ ुकविताका माध्यमबाट प्रयोगवादी क्लिष्टतालाई पन्छाउँदै सम्प्रेष्यता र समसामयिक यथार्थप्रति तत्कालीन कविहरू आकर्षित भए । यसै क्रममा प्रयोगवाद र समसामयिक धाराका बीचको समयावधिमा देखापरेका प्रतिभाशाली कविहरूमा शैलेन्द्र साकार, जनार्दन जोशी, रमेश श्रेष्ठ, भुवन ढुङ्गाना, मन्जु काँचुली, कविताराम, हरि अधिकारी, शङ्कर सुब्बा फागो, श्याम सुब्बा लिवाङ, महेश प्रसाइँ, कणाद महर्षि, अविनाश श्रेष्ठ, आदि उल्लेख्य मानिन्छन् । स्वच्छदतावादी-प्रगतिवादी कविका रूपमा परिचित हरिभक्त कटुवाल काठमाडौँमा रहन थालेपछि उनले अनेक नयाँ युवा प्रतिभाहरूलाई आफ्ना गोजीका (लघु पत्रिका) अभियान र मुक्तक कविता प्रयोगका साथै समसामयिक यथार्थबोध र व्यङ्ग्यात्कमतामा आधारित सम्प्रेष्य कविताद्वारा उत्प्रेरित गरेको पाइन्छ । प्रयोगवादी क्लिष्टताको युग पार गर्दै समसामयिक नेपाली कविता धाराका उत्थानमा उनको पनि देन रहेकोछ (त्रिपाठी, २०६०:१३१) आधुनिक नेपाली कविताको समसामयिक धाराले २०३० यताका करिव डेढ-दुई दसकमा देखापरेका नेपाली समाजका समसामयिक भोगाइका अनुभूतिलाई कवितामार्फत् अभिव्यक्त गर्ने गरेको पाइन्छ । समसामयिक कविताहरूले प्रयोगवादी वा विसङ्गत अवचेतन लेखनलाई पूर्ण रूपले बहिष्कार गरेका छन् । पाठकहरूको रूचिलाई स्थान दिँदै

उनीहरूले सम्प्रेषणीय कविता लेखनतर्फ चासो देखाएका छन् । यस समयमा लेखिएका अधिकांश कवितामा नेपाली समाजको राजनीतिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सवालहरूलाई उच्च महत्त्वका साथ प्रस्तुत गरिएको पाइन्छ । त्यस्तै प्राकृतिक र ग्रामीण परिवेशप्रति भन्दा सहरिया अस्तव्यस्त परिवेश यथार्थवाद तथा अतियथार्थवादप्रति नरम निष्ठा देखाउनु यस समयका कविहरूको विशेषता नै हो (प्रधान/पौडेल, २०६७:३३) । समसामयिक कविहरूले देशको बिग्रँदो र गिर्दो आर्थिक स्थिति, विकृत सामाजिक मूल्य मान्यताप्रति गहिरो चिन्ता प्रकट गरेका छन् । समसामयिक धारा यथार्थबोध र वस्तुनिष्ठताप्रति बढी सजग बन्दै नेपाली समाजका समस्या विकृति र विसङ्गतिलाई उजिल्याउने कार्यमा अग्रसर देखिन्छ । यस समयमा पूर्ववर्ती स्वच्छन्तावादी-प्रगतिवादी प्रवृत्तिका कविताहरू पनि प्रशस्तै लेखिएका छन् । प्रगतिवादी काव्यलेखनलाई आंशिक रूपमै भए पनि नवीन ढङ्गले गतिशीलता प्रदान गर्ने प्रवृत्ति पाइएकाले यस धारालाई नवप्रगतिवादी धारा पनि भन्ने गरिन्छ । यस अवधिका बीचमा नेपाली कवितामा मार्क्सवादी विचारप्रति प्रतिबद्ध भएर कलम चलाउने स्रष्टाहरूको सङ्ख्या पनि अधिक देखिन्छ । यो समसामयिक धारा सामाजिक परिप्रेक्ष्यप्रति र त्यसको युगीनता र वर्तमान समयका यथार्थ भोगाइका अनुभव सञ्चेतनातर्फ नै आफ्ना कथ्य वस्तु र स्वरका दृष्टिले पनि बढी संवेदनशील रहेको छ (त्रिपाठी, २०६०:१३३) वि.सं. २०४० सालपूर्व लेखिएका कविताहरूमा तत्कालीन शासन व्यबस्था तथा राजनीति, विकास, आर्थिक क्षेत्रमा देखापरेका विसङ्गति र वैचारिक विचलनप्रति तीखो व्यङग्य प्रहार गरिएको पाइन्छ । नागरिक अधिकार र मानव अधिकारको पुनस्थापना जस्ता स्वरलाई पनि तत्कालीन कवितामा कलात्मक ढङ्गले व्यक्त गरेको पाइन्छ । २०४६ साल पश्चात् लेखिएका कविताहरूमा अभिव्यक्ति स्वतन्त्रताका कारणले विद्रोही भावना तीव्र रूपमा अभिव्यक्त भएको पाइए पनि व्यङ्ग्य आक्रमण तीव्र हुँदा कविताको कलात्मक पक्ष भने कमजोर बनेको देखिन्छ । प्रयोगवादोत्तर नवलेखन पनि भनिने नेपाली कविताको समसामयिक धारा अझैपनि गतिशील नै रहेको छ । यस धाराका चर्चित कविहरूमा मीनबहादुर विष्ट, विनोद अश्रुमाली, विजय बजिमय, तोया गुरूङ, अनिता तुलाधर, दिनेश अधिकारी, विमल कोइराला, विश्वमोहन श्रेष्ठ, सरूभक्त, अशेष मल्ल, प्रमोद

प्रधान, नवराज कार्की, शिव अधिकारी, विष्णु घिमिरे, कृष्णभूषण बल, पूर्णविराम, विमल निभा, भागीरथी श्रेष्ठ, चाँदनी शाह, विक्रम सुब्बा, कृष्ण धरावासी, प्रेम छोटा आदि उल्लेखनीय मानिन्छन् । यस धारामा कलानिधि दाहाल, प्रल्हाद पोखरेल, कृष्णप्रसाद दाहाल, प्रतीक ढकाल, मथुरा के.सी, तीर्थराज अधिकारी, कैलाश भण्डारी, श्रवण मुकारूङ, विप्लव ढकाल र करूणा अर्याल जस्ता दोस्रो पुस्ताका थुप्रै कविहरूले कलम चलाएका छन् । यसै समयवधिमा यही समसामयिक धाराकै परिप्रेक्ष्यमा २०४० मा फणीन्द्र नेपाल, विनय रावल, तीर्थ श्रेष्ठ आदिले द्रवणशीलता, घनत्व ,तरलता, अज्यामितीय संरचना एवं बिम्ब प्रतीकको कुशल प्रयोग जस्ता प्रवृत्तिहरूको खोज गरेर यसलाई उठाउने काम गरेका छन् ।

यो समसामयिक कविता धारा प्रयोगवादी र नवप्रगतिवादी स्वर समेतबाट केही प्रेरित रहेको छ । यस धाराका कविहरूमा असीत राई, शरद छेत्री, लक्ष्मण श्रीमल, मोहन दुखुन, जसयोञ्जन प्यासी, भूपेन निसाद, जीवन वान्तवा, आदि देखापरेका छन् । यस धारामा देखापर्ने सिक्किमेली कविहरूमा जीवन थिङ, केदार गुरूङ, राजेन्द्र भण्डारी, पवन चामलिङ, घनश्याम नेपाल र गोपाल गाउँले आदिको नाम अग्र पङ्क्तिमा आउँछ ।

यस धाराकै अवधिमा प्रकृतिप्रति विशेष झुकाव रहेका परिष्कारवादी तथा स्वच्छन्दतावादी-प्रगतिवादी धाराका चर्चित पद्यकविहरूमा कुलचन्द्र कोइराला, घनश्याम कँडेल, बालकृष्ण पोखरेल, श्रीहरि फुयाँल, कृष्णप्रसाद भट्टराई, प्रयागराज वाशिष्ठ, आदि प्रमुख मानिन्छन् । यस समयका अन्य प्रमुख प्रतिभाहरूमा यज्ञनिधि दाहाल, निर्मोही व्यास, गोविन्द भट्टराई, काशीनाथ न्यौपाने, शैलेन्दुप्रकाश नेपाल आदि । यसैताका देखापरेका गीति कवित्वका दृष्टिले उत्कृष्ट कविहरूमा राजेन्द्र थापा, राजेन्द्र रिजाल, कृष्णहरि बराल, विश्वम्भर प्याकुरेल, दिनेश अधिकारी, शम्भुकुमार मिलन, क्षेत्रप्रताप अधिकारी, हरिभक्त कटुवाल आदिको नाम आदरपूर्वक लिने गरिन्छ ।

यसरी १९७५-२०४६ सालको बीचको समयावधि र त्यसपछिका अवधिमा आधुनिक नेपाली कविताले विभिन्न मोड र चरण पार गर्दै आजको यो स्थितिमा आइ पुग्न सफल भएको छ ।

## ४.८ निष्कर्ष

करिब अढाईसय वर्ष अघिबाट सुरु भएको नेपाली कविता लेखनले हालसम्म आइपुग्दा आफ्नो मौलिक र विशिष्ट परिचय बनाउन सफल भएको छ । यस अवधिमा असङ्ख्य कविहरूको आगमन भयो । कुनै कविहरूले शासक वर्गको पक्षपोषणमा तल्लीन भएर कविता लेखे भने कुनै कविहरूले राष्ट्रिय स्वार्थ र जनहितलाई सर्वोपरी महत्त्व दिएर कलम चलाए । विभिन्न विचार धारालाई अवलम्बन गरेर कविता लेख्ने परम्परा अझैसम्म चली नै रहेको छ तर विचार निरपेक्ष भएर काव्य सिर्जनामा लाग्ने परम्पराको विकास भने अझै हुन सकेको छैन । युगीन महत्त्व र आवश्यकतालाई सम्बोधन गरेर लेख्न सक्ने कविहरूको अभावलाई पूर्ति गर्न सके नेपाली कविता अझै समृद्ध बन्ने निश्चित छ । हालको काव्य लेखनमा वि.सं. २०५२ सालको दशवर्षे  जनयुद्ध, २०६२/०६३ को दोस्रो जनआन्दोलन, तराई आन्दोलन, लोकतान्त्रिक विचार, गणतान्त्रिक शासन व्यवस्था जस्ता कतिपय राजनैतिक घटनाक्रम र विभिन्न साहित्यिक आन्दोलनहरूले तीव्र प्रभाव पारेका छन् ।

अध्याय - पाँच

# लोकनाथ पुडासैनीको 'संविधान अवसान' कविता सङ्ग्रहको अध्ययन

## ५.१. परिचय

लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रह (२०६९) पहिलो कृति हो । उनको जीवनका विविध आयामहरूको माध्यमबाट विस्तारित भएको पाइन्छ । ती विविध आयाममध्ये साहित्य सिर्जना उनको एउटा महत्त्वपूर्ण पाटो हो । जीवनको आरम्भिक समयदेखि नै साहित्य सिर्जनामा लागेका पुडासैनीको साहित्य सिर्जना अन्तर्गत पनि उनले कवितामा आफूलाई विशेष संलग्न तुल्याएका छन् । उनको **संविधान अवसान** कविता सङ्ग्रहभित्र समसामयिक यथार्थ चित्रण, विभिन्न सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, विसङ्गतिहरूप्रति व्यङ्ग्य गरिएको छ । प्रकृतिको चित्रण, मानवीय संवेदनाहरूको प्रस्तुति, सीमान्तकृत वर्गहरूको जीवन, सामाजिक मूल्य र मान्यताहरूको अवस्थितिलाई समेत यस सङ्ग्रहमा समावेश गरिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति आदि विविध विषयवस्तुहरूलाई प्रस्तुत कविता सङ्ग्रहका कविताहरूमा समावेश गरिएको छ । उनले विशेष गरी वि.सं. २०४१ देखि २०६९ सालसम्मको अवधिका परिवेशगत घटनाहरूलाई कविता सङ्ग्रहले समेट्न खोजेको पाइन्छ । यस **संविधान अवसान** कविता सङ्ग्रहका कविताहरूमा प्रणय र यौन तथा शृङ्गारिक भावलाई पनि विषयवस्तुका रूपमा अँगालिएको छ । जीवन जगत् सम्बन्धी र अध्ययन तथा स्वअध्ययनमार्फत् खारिएका धारणाहरूलाई कविले यहाँ उद्घाटित गरेका छन् ।

लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहमा वि.सं. २०४१ देखि २०६९ सालसम्मको लेखेका जम्मा ६३ वटा लामा छोटा कविताहरू सङ्ग्रहित छन् । विभिन्न बिम्ब प्रतीक र अलङ्कारहरूको प्रयोग पनि पाइन्छ । कविले आफ्ना भावनाहरू सरल भाषाशैलीमा व्यक्त गरेका छन् । यस अध्याय अन्तर्गत अध्ययन सरलताको लागि कवि पुडासैनीको साहित्यिक यात्राको चरण विभाजन र **संविधान**

**अवसान** कविता सङ्ग्रहलाई शीर्षक संरचना, विषयवस्तु, लयविधान, भावविधान, बिम्बविधान, प्रतीक विधान, भाषाशैलीलाई कविता तत्त्वका आधार मानी यस सङ्ग्रहका कविताहरूको विश्लेषण गरिएको छ ।

## ५.२. चरण विभाजन

कवि लोकनाथ पुडासैनीको समग्र साहित्य लेखन यात्रालाई सूक्ष्म रूपले विश्लेषण गरेर हेरेको खण्डमा निम्नलिखित रूपमा उनको लेखन यात्रा अगाडि बढेकाले अध्ययन सरलताका लागि निम्नअनुसार चरण विभाजन गरिएको छ ।

१) पूर्वाद्ध चरण (२०४१ देखि २०६८ सालसम्म)

२) उत्तराद्ध चरण (२०६९ देखि हालसम्म )

## १) पूर्वाद्ध चरण (२०४१ देखि २०६८ सालसम्म)

यो चरणमा कवि लोकनाथ पुडासैनीको कविता लेखनको प्रारम्भिक समयका रूपमा लिन सकिन्छ । सुरुवातको समयमा कविले मुक्तक र छोटाछोटा कविता लेखेर सुरुवात गरेको पाइन्छ । सानैदेखि नेपाली साहित्यमा रुचि भएका कारणले गर्दा उनको साहित्यप्रति अनुराग रहेको हुनुपर्छ । त्यही भएर उनले नेपाली साहित्यमा नवप्रवेशी खुट्किला टेक्न थाले । उनको साथीसङ्गत पनि साहित्यप्रेमीसँग हुन पुग्यो । विभिन्न साहित्यिक गोष्ठी र समारोहमा तनमनका साथमा सहभागी हुन थाले । साहित्य रचना गरेर पत्रपत्रिकामा छपाउनुभन्दा आफ्ना सहयात्री साथीहरूलाई सुनाउन मन पराउने पुडासैनीले यस समयमा थुप्रै गद्य कविता लेखेर साथीहरूलाई सुनाउने र आफ्नो डायरीमा सीमित राख्ने काम गरे । यसै बखतमा पूर्वाञ्चल क्याम्पस धरान, सुनसरीमा जागिर खान पनि थालेका हुनाले उनमा साहित्यको अनुराग बढ्दै गयो । उनको सङ्गत साहित्यप्रेमी व्यक्तिहरूसँग हुन पुग्यो । त्यही साथी सङ्गतले गर्दा कविता लेख्दै अगाडि बढिरहे । उनको यात्रामा वि.सं. २०४८ मा **बराम जातिको एक परिचय** लेख लेखी **प्रगति** साप्ताहिक वर्ष ९ अङ्क २२ मा छापिएपछि भने नेपाली साहित्यमा क्रमबद्ध ढङ्गबाट समालोचना क्षेत्रमा पनि पाइला टेके । त्यसताका उनी उक्त साप्ताहिकको पङ्क्तिकारका रूपमा विभिन्न लेख रचनाहरू लेख्ने गर्दथे । यसका साथै वि.सं.

२०५० मा **सावधान** शीर्षकको कविता **तन्देरी** द्वैमासिक वर्ष १५ अङ्क ३ मा छापिएपछि भने नेपाली कविता क्षेत्रमा उज्याला नक्षत्र भएर उदाएका हुन् ।

(२) **उत्तरार्द्ध चरण (२०६९ देखि हालसम्म)**

कवि लोकनाथ पुडासैनी वि.सं. २०५० साल पछि भने कविता क्षेत्रमा सक्रिय रूपमा देखा परिरहे । वि.सं. २०५० देखि २०६९ सालसम्म विभिन्न पत्रपित्रकामा छापिएका वा अप्रकाशित कवितालाई समेटेर वि.सं. २०६९ मा उनले **संविधान अवसान** कविता सङ्ग्रह प्रकाशित गरेका छन् । उनको कविता सङ्ग्रहमा ६३ वटा लामाछोटा गद्यशैलीका कविता लेखेर समसामयिक युगका सशक्त गद्यशैलीका कविता लेखी युवा कविका रूपमा स्थान सुरक्षित गरेका छन् । उनले आफ्ना कवितामा समाजमा रहेका अन्धविश्वास, देशमा परेको सङ्कट र सामाजिक जन जीवनप्रति सरल र सहज तरिकाले आफ्ना कवितामा व्यक्त गरेका छन् । कवि लोकनाथ पुडासैनी प्राविधिक विषयका शिक्षक भएकाले उनले प्राविधिक सीपलाई समेटेर प्राविधिक विषयको पाठ्यपुस्तक **काठ तथा काष्ठ प्रविधि** (wood & woodwork technology) (**२०७१**) पनि प्रकाशित गरेका छन् । यसका अतिरिक्त समालोचक र गद्यमा पनि उनले कलम चलाएका छन् ।

## ५.३. कविताका तत्त्वका आधारमा संविधान अवसान कविता सङ्ग्रहको अध्ययन

कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहलाई कविता तत्त्वका आधारमा विश्लेषण गरिएको छ । उनको कविता सङ्ग्रहमा ६३ वटा गद्य शैलीका कविताहरू सङ्ग्रहित गरेका छन् । समग्र कवितालाई न्याय गर्दै कविताको तत्त्वको आधारमा विश्लेषण गरिएको छ । **संविधान अवसान** कविता सङ्ग्रहलाई शीर्षक, विषयवस्तु, भावविधान, लयविधान, बिम्बविधान, प्रतीक विधान, भाषाशैली, कथनपद्धति वा दृष्टिबिन्दु र व्यञ्जनाको कसीमा ढाली अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ५.३.१. शीर्षक

कवि लोकनाथ पुडासैनीद्वारा रचना गरिएको **संविधान अवसान** नामक कविता सङ्ग्रहमा जम्मा ६३ वटा लामा छोटा गद्य कविताहरू सङ्ग्रहित गरिएका छन् । यो कविता सङ्ग्रहले क देखि न सम्म प्रकाशन, भूमिकाले र समालोचनका

क्षेत्रले भरिएका छन् भने ६३ वटा गद्य कविताले १ देखि १४९ पृष्ठ र १५० पृष्ठमा कविको परिचय राखिएको छ । वि.सं. २०४१ देखि २०६९ जेठ महिनासम्म रचना गरिएका कविताहरू यस सङ्ग्रहभित्र रहेका छन् ।

शीर्षक कविताको मूल तत्त्व हो । यसले कविता कतिको भाव, विचार र मर्मलाई उद्घाटित गर्दछ । कवितामा व्यक्त भएका भाव, विचार आदिलाई शीर्षकसँग जोडेर हेर्ने गरिन्छ । त्यसैले शीर्षक र विषयबीच घनिष्ट सम्बन्ध रहेको हुन्छ । शीर्षकले व्यक्त गर्ने अर्थमा अभिधा, लक्षणा र व्यञ्जना कुनै पनि आधारमा चयन गर्न सकिन्छ । शीर्षकले अभिधात्मक वा व्यञ्जनात्मक मध्ये कुनै एकलाई समातेको हुन्छ । यस सङ्ग्रहमा रहेका कविताका शीर्षक यिनै सेरोफेरोमा बाँधिएका छन् । **संविधान अवसान** कविता सङ्ग्रहमा एक शब्ददेखि पाँच शब्दसम्मका शीर्षकहरू कविले आफ्ना कवितामा जुराएका छन् ।

**संविधान अवसान** कविताका शीर्षकहरूलाई अध्ययन गर्दा एक शब्दका शीर्षकहरूमा सावधान, युद्ध, शान्ति, अस्तित्व, साँढे, मृत्युघोष, मूलमन्त्र, डण्डाराज, मर्ज, शुभकामना, अन्योल, पत्रकार, आँधी, तमासेहरू, आत्मा, नरभक्षी, रखवारी, पिकनिक, नातिनी, ढिँडो, परिमाण, मृत्युमेला, लज्जाबोध, जराङ्गवेसी, सुनामी, खबरदार, सूर्योदय र हाउगुजी गरी जम्मा २९ वटा कविताहरू रहेका छन् भने दुई शब्दका शीर्षक हुने कविताहरूमा थिति-बेथिति, नयाँ वर्ष, गाउँको नियति, मानव+दानव, खोया विर्के, **संविधान अवसान**, घमाउनु पर्छ, खोसिएका अधिकारहरू, लिभिङ्ग पार्टनर, भूकम्प दिवस, सम्याउनु पर्छ, इतरिने मन, एउटै टपरी, क्याम्पसको नियति, अन्तरात्माको आवाज, रैबन्दी भाग र तीज विशेष गरी जम्मा १७ वटा कविताहरू रहेका छन् । त्यसैगरी तीन अक्षर शीर्षक हुने कविताहरूमा आफ्नै अस्मिताको अवमूल्यन, रूपान्तरित हुनु पर्दछ, कस्ती कस्तीलाई देखेँ, मुटुभित्र दुख्दो रैछ, दिउँसै सपना देख्नेहरू, पराइले उपचार गर्दैनन्, कोही छैनन् पराई, बुबाआमा खोजिरहेका छन्, पापीको मलामी हुँदैनन् र गाई र जोक्करहरू गरी १० वटा कविताहरू छन् भने चार अक्षरका शीर्षक हुने कविताहरूमा अदृश्य संसार खोज्दै जाँदा, तुवाँलो नहटेको मेरो बस्ती, माटो कोपेर चुलो बल्छ, सेपिले रुख ढल्नुपर्छ, काठमाडौँ, आन्दोलन र परिवर्तन गरी जम्मा ५ वटा कविताहरू रहेका छन् । यस्तै पाँच शब्दका शीर्षक हुने कविताहरूमा खोपाका देवताले सीमा नाघ्न हुँदैन र

आफ्नै मान्छे हुन् कि कुन्नि ? गरी जम्मा २ वटा कविताहरू रहेका छन् । एक, दुई, तीन शब्दका शीर्षक हुने कविताहरू धेरै छन् भने चार र पाँच शब्दका शीर्षक हुने कविताहरू थोरै रहेका छन् ।

कवि लोकनाथ पुडासैनीले यस कविता सङ्ग्रहको नाम नै राजनीतिक शब्दलाई वा विषयवस्तुलाई चुनेर **संविधान अवसान** शीर्षक राखेका छन् । **संविधान अवसान** यो सङ्ग्रहको एउटा कविताको शीर्षक पनि हो । नेपाली जनताले व्यग्र प्रतीक्षा गरेको संविधान सभाको मृत्यु भएको छ । कविले संविधान अवसान भन्ने अभिधात्मक अर्थ कविता सङ्ग्रहको शीर्षक जुराएका छन् । यस कविता सङ्ग्रहमा रहेका कविता शीर्षकहरू कुनै अभिधात्मक रूपमा आएका छन् भने कुनै प्रतीकात्मक र कुनै व्यङ्ग्यात्मक रूपमा आएका छन् । यसरी समग्र कविताहरूको र शीर्षकहरूको अध्ययन गर्दा कविताको शीर्षक वा मूल भाव बीच तालमेल मिलेको चाहिँ स्पष्ट रूपमा देख्न सकिन्छ ।

## ५.३.२. संरचना

कवि लोकनाथ पुडासैनीद्वारा लिखित **संविधान अवसान** कविता सङ्ग्रहभित्र विविध शीर्षकमा संरचित ६३ वटा गद्य शैलीका कविताहरू रहेका छन् । जसले १५० पृष्ठमा आफ्नो आयाम विस्तार गरेको छ । जस अनुसार भूमिका र प्रकाशकीय क देखि न सम्मका पृष्ठ ओगटेका छन् भने ६३ वटा गद्य शैलीका कविताले पृष्ठ १ देखि १४९ पृष्ठसम्मका आयाम ओगटेका छन् । यसको अतिरिक्त पृष्ठ १५० मा कविले आफ्नै परिचय राखेका छन् । यसरी समग्रमा कविता सङ्ग्रहको आयाम मध्यम आकारको देखिन्छ । यस कविता सङ्ग्रहको सबैभन्दा छोटो कविता **पत्रकार, रखबारी, आत्मा, आँधी र अन्योल** शीर्षकका कविता हुन् । जुन एउटै अनुच्छेदमा आठ हरफमा सीमित छन् । त्यसैगरी यस कविता सङ्ग्रहको सबैभन्दा लामो कवितामा **नातिनी** शीर्षकको कवितामा १३ अनुच्छेदमा ११९ हरफहरू रहेका छन् ।

**संविधान अवसान** कविता सङ्ग्रहमा एक शब्ददेखि ५ शब्दसम्मका शीर्षकहरू रहेका छन् भने एक शब्ददेखि ७ शब्दसम्मका हरफहरू छन् । कविताका शब्दहरू अत्यन्त व्यङ्ग्यात्मक सामाजिक, कुरीति, अन्याय, शोषण र अत्याचार आदिलाई मुखरित गर्ने खालका चुनेर राखेका जस्ता छन् । यस कविता सङ्ग्रहका हरफहरूमा एक शब्दका हरफहरू प्रायजसो कवितामा पाउन सकिन्छ भने सात शब्दका हरफचाहिँ

गणना गर्न सकिने कवितामा मात्रै प्रयोग गरेका छन् । पुडासैनीको **संविधान अवसान** सङ्ग्रहका कविताहरूको अध्ययन गर्दा प्रत्येक हरफमा तीन, चार र पाँच शब्दका हरफहरू भने कविताहरूमा बढी मात्रामा पाउन सकिन्छ ।

कवि लोकनाथ पुडासैनीले **संविधान अवसान** का कवितालाई एक अनुच्छेददेखि सोह्र अनुच्छेदसम्मको आयममा विस्तार गरेका छन् । एक अनुच्छेदका कविताहरूमा पत्रकार, आत्मा, रखबारी, आँधी र अन्योल गरी पाँचवटा कवितामा एउटा मात्र अनुच्छेद छ भने सबैभन्दा बढी अनुच्छेद हुने कवितामा **ढिँडो** शीर्षकको छ । छोटो अनुच्छेद भएको कवितामा थिति-बेथिति हो भने यस कवितामा एक हरफको अनुच्छेद रहेको छ । लामो अनुच्छेदमा **बुबा आमा खोजिरहेका छन्** शीर्षकको कवितामा एक अनुच्छेदभित्र संरचित कवितामा ५१ हरफहरू रहेका छन् । यस कविता सङ्ग्रहभित्रका कविताहरू संरचनागत ढङ्गले हेर्दा एक आपसमा तालमेल मिलेको भान हुन्छ । कवितामा प्रयोग भएका शब्दले सहज ढङ्गबाट कविताको भाव प्रकट गरी कवितालाई मर्मस्पर्शी बनाएको छ ।

### ५.३.३. विषयवस्तु

कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहमा समसामयिक विषयवस्तुको उठान गरिएको छ । समाजमा घटेका जल्दा बल्दा विषयवस्तुलाई कविले टपक्कै टिपेर आफ्नो कविताको विषयवस्तु बनाएका छन् । कविता सङ्ग्रहमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिवेशमा भएका महत्त्वपूर्ण कालखण्डका विम्ब र प्रतीक प्रयोग गरी आफ्ना कविताका विषयमा टेकेर कवि पुडासैनीले नेपाली समाजभित्र रहेका विद्यमान विकृति, विसङ्गति, अन्याय, अत्याचार, आँसुहाँसो, शोषण, दमन, थिचोमिचो, घातप्रतिघात, पीडा, रोदन आदिको जरो समातेर यथार्थलाई उद्घाटन गरेका छन् । उनले विभिन्न विषयमा कलम चलाएर समसामयिक युगको आवाज कवितामार्फत् व्यक्त गरेका छन् । कविले जीवन जगत्का वास्तविकतालाई नजिकैबाट नियालेर यस सङ्ग्रहको विषयवस्तु छनोट गरेका छन् । समाजमा घट्ने घटनालाई सानाभन्दा साना विषय समेटेर कविले मिठासपूर्ण ढङ्गले कवितामा उठाएर सबैलाई सचेत गराएका छन् ।

कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहको अध्ययन गर्दा स्वछन्दतावादी, प्रयोगवादी, यथार्थवादी, राष्ट्रवादी, प्रकृतिप्रेमी, व्यङ्ग्यचेत,

सांस्कृतिक, सामाजिक, सुधारवादी स्वर, स्पष्ट रूपमा उनका कवितामा देख्न सकिन्छ । त्यसैगरी राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक विषयवस्तुलाई सूक्ष्म दृष्टि दिँदै तिनमा देखिएका विसङ्गतिलाई हटाउनु पर्ने विचार कविले अगाडि सारेका छन् । यहाँ कवि पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रह मूलतः राजनीतिक प्रधान विषयवस्तुले भरिएको छ । स्रोत र सम्पदाको धनी हुँदा पनि हामी पछि परिरहेका छौ भन्दै कविले यो हुनमा हाम्रै कमजोरी हो भनेर कवितामार्फत् भनेका छन् । त्यसकारण यसको मुख्य विषयवस्तु राजनीतिक व्यङ्ग्य र समाजसुधार नै मुख्य रहेका छन् ।

## ५.३.४. भावविधान

कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहभित्र लामा छोटा गरेर जम्मा ६३ वटा गद्य शैलीका कविताहरू रहेका छन् । २०४१ सालदेखि २०६९ जेठसम्मका कविताहरू यस सङ्ग्रहमा समावेश गरिएको छ । कविका मन लागेका भावनालाई कागजमा उतार्ने बानीले गर्दा कवि पुडासैनीलाई **संविधान अवसान** कविता सङ्ग्रहसम्म ल्याइ पुर्‍याएको हो । उनका कविता राष्ट्र, राष्ट्रियता, व्यङ्ग्य, प्रकृतिचित्रण र संस्कृतिप्रेमका विषयहरूले सजिएका छन् । **संविधान अवसान** शीर्षकको कविता यस कविता सङ्ग्रहको सबैभन्दा पछाडि रचना गरिएको कविता हो । यही कविताको शीर्षकबाट समग्र कविता सङ्ग्रहको नाम यसै कविताबाट जुराएका छन् । राष्ट्र र राष्ट्रियताको खोजी गर्दै जीवनमा थिचिएका प्रश्नहरूको उत्तर दिन सफल भएको छ । देश प्रति माया गर्नेले देशमा भइरहेका कुकर्मप्रति चोटिलो व्यङ्ग्य प्रदान गरेको छ । देशमा सही नियम, कानुन नबन्दा त्यसबाट पिल्सेका आम नेपालीहरूको दुःख, पीडा, मर्म र यथार्थलाई व्यङ्ग्यात्मक तरिकाले प्रस्तुत गरिएको छ ।

देशमा नयाँ नयाँ परिवर्तन भए पनि आम नेपालीको समस्या एउटै छ । जुन समस्याले कहिल्यै नछोड्ने देखेर यहाँ कवि अदृश्य संसारको कल्पना गर्न पुगेका छन् । जसले नेपाली जनतालाई केही हदसम्म राहत दिन सकिन्छ भन्ने सोच्दछन् । जति जति परिवर्तन भए, उति उति नेपाली जनता पिल्सेका छन् । झन्झन् दुःखी र पीडादायक जीवन बिताउन बाध्य भएका छन् ।

पुराना विचार मान्यताले यहाँ जरैदेखि उखलेर भाग्ने क्रममा छ । बुद्धका विचार पुराना भए, त्यसले समाजमा परिवर्तन गर्न सकेन । अमेरिका पत्ता लगाउने कोलम्बसका पाइला खिइसकेर काम नलाग्ने भए, जसले नयाँ अमेरिका पत्ता लगाउन सक्दैनन् । जसले गर्दा संसारका मानिसहरू झन्झन् गरिब हुँदै गए । प्रगति के कुरा अचेल मान्छेलाई पेटको समस्याले पिरोल्न थालेको छ ।

यो कविताले आफ्नो देश र जनताप्रति मात्र नभई विश्वप्रति चिन्ता व्यक्त गरेको छ । युद्ध विभिषिकाले गर्दा मान्छे आज लङ्गडोजस्तो भएको छ । पुराना संस्कृति, धर्म, परम्पराले नेटो काट्ने क्रममा छन् भने नयाँ पनि बन्न सकेका छैनन् । बाटोघाटो मठमन्दिर भत्किएका छन् । आफ्नै गाउँ सहर पनि पुराना लाग्ने भएका छन् । जनताहरू गरिबमाथि गरिब भएका छन् । शोषण गर्नेहरू रातारात धनी बन्दै गएका छन् भन्दै **अदृश्य संसार खोज्दै जाँदा** कवितामा कविले यसरी व्यक्त गरेका छन् :

प्रश्नै प्रश्नको भुँवरीमा
अदृश्य, अव्यक्त संसारको खोजी गर्न
खण्डहर, झोडा, अनि
तरङ्ग, छालहरू पार गर्दै
विशृङ्खलित भावनाहरूलाई समेटेर
गन्तव्यको निर्क्योललाई कतै थन्क्याएर
यात्राको तरङ्गमा बगिरहेँ

(**संविधान अवसान, २०६९:१**)

नेपाली जनताले २००७ सालदेखि प्रतीक्षा गरेको संविधान सभाको चुनावबाट संविधान लेखिनुपर्छ भन्ने मान्यतालाई पूरा हुन लागेको बेलामा नेताहरूको नालयकीपनले गर्दा २०६९ जेठ १४ सारा नेपालीहरूको सपना साकार बन्न सकेन । देश फेरि अन्धकारतिर धकेलिन पुग्यो । त्यसैको प्रतिउत्तरमा कविले **संविधान अवसान** कविता सङ्ग्रहले व्यङ्ग्य प्रदान गरे । प्रत्येक जनताले **संविधान अवसान** कसरी भयो भनेर खोजिरहेका छन् । देशलाई कहिलेसम्म बर्बाद गर्छौ ?

मेचीदेखि महाकालीसम्मका जनताले यही उत्तर गरिरहेका छन् भनेर कविले **संविधान अवसान** कवितामा यसरी व्यक्त गर्छन् :

संविधानसभाको अवसान गरेर
गोहीको आँसु बगाउँदै
सार्वभौम नेपालीको माथमा
जङ्गबहादुरीय तान्डव नृत्य प्रदर्शन गर्ने
संघीय नेपालका कथित हिमायतीहरू हो
यतिखेर
नेपाली जनता
कोसी र गण्डकी आँसु बगाउँदै
संविधान अवसानको
उत्तर खोजिरहेका छन्

(**संविधान अवसान,** २०६९: ४६)

कवि लोकनाथ पुडासैनीका कविताले राष्ट्र र राष्ट्रियताको खोजी गर्दै जीवनमा थिचिएका प्रश्नहरूको उत्तर दिन सफल भएका छन् । देशमा सही नियम कानुन नबन्दा त्यसमा पिल्सेका आम नेपालीको दुःख, पीडा र मर्म व्यक्त गरेका छन् । देशमा नयाँ-नयाँ परिवर्तन आए पनि आम नेपालीको समस्या एउटै छ । जुन समस्याले कहिल्यै नछोड्ने देखेर यहाँ कवि अदृश्य संसार कल्पना गर्न पुगेका छन् । देशमा जति-जति परिवर्तन भए पनि उत्तिनै नेपाली जनता पिल्सेका छन् । जसले गर्दा झन् पीडादायी जीवन बिताउन बाध्य भएका छन् । जसलाई कविले **अदृश्य संसार खोज्दै जाँदा** कवितामा कविले यसरी व्यक्त गर्छन् :

असाहय, असक्त
झल्याँस, व्युझिएँ अविदितको यात्राबाट
देखें आँखा अगाडि
पाइताला मुनि गरिबीको लास सुतेको
अनायास मुटु दुख्ने, टिठ लाग्यो
फरक्क फर्किएँ
अतीत ड्यास् ड्यास् ड्यास् ।

(**संविधान अवसान,** २०६९: २)

नेपाली जनताले जङ्गबहादुरको शासन खप्नुपऱ्यो । २००७ सालमा प्रजातन्त्र आयो । जनता खुसी भए फेरि पञ्चायती व्यवस्थाको सिकार हुनु पऱ्यो । २०४६ सालमा बहुदलीय शासन व्यवस्था आयो । फेरि पनि नेपाली जनताले सपनाको लामो सास फेरे । त्यो पनि साकार हुन नपाउँदै, देश १० वर्ष गृहयुद्धमा फस्न पुग्यो । जसले गर्दा कैयौं नेपाली जनताका छोराछोरीले ज्यान गुमाउनु पऱ्यो भने कैयौं नेपाली चेलीहरूको सिन्दूर पुछिन पुग्यो । त्यही कुरालाई व्यङ्ग्य गर्दै कविले **तुवाँलो नहटेको मेरो बस्ती** कवितामा यसरी व्यङ्ग्य गरेका छन् :

प्रतीक्षा छ उसैको आज

तर कुन्नि किन हो

राता बिते, दिन बिते

समय अनि, बितिसके मासहरू

अब त बाटो हेर्दैमा

थाकिसके आँखाहरू

प्रतीक्षा थियो यहाँ तिम्रो

झुप्रा अनि कटेराहरूको

विश्वास अटल थियो तिमीप्रति

निरीह अनि पवित्र आत्माहरूको ।

(**संविधान अवसान, २०६९: ४**)

कवि लोकनाथ पुडासैनीले कवितामार्फत् राष्ट्र, राष्ट्रियता र देशभक्त भावनालाई शब्दका सहायताले मुखरित गरेका छन् । हाम्रो देश नेपाल बचेँ मात्रै हामी नेपाली गोर्खाली बच्छौं भन्दै देशमा कुकृत्य रच्नेलाई कविले **सावधान** कवितामा यसरी भनेका छन् :

ए देशभक्त इमान्दारहरू हो

ए देशभक्त, सच्चा पहरेदारहरू हो

ए क्रान्ति जुझारु योद्धाहरू हो

होस् गर

कतै तिम्रो देशको

अस्मिता लुटिएला

विखण्डनको भेलमा

धसाई देलान् पातालमा

(**संविधान अवसान**, २०६९: ६)

देश ठगी खाने भाँडो होइन । यो त तीन करोड नेपालीको साझा बासस्थान हो । देशलाई जोगाओ, देशको अस्मितामाथि खेलवाड नगर, देशलाई संरक्षण गर । देशको अवमूल्यन नगर, देशलाई माया गर भन्दै कविले **आफ्नै अस्मिताको अबमूल्यन** कवितामा यसरी व्यक्त गरेका छन् :

हिजोका जय नरेशहरू

भोलिपल्टै जय नेपाल भएका छन्

मतिभ्रम भई

निर्लज्ज

प्रजातन्त्रको चिरहरण गर्दै

साँचो प्रजातन्त्र र जय नेपालका

अवमूल्यन गर्दैछन्/गरिरहेका छन्

यहाँ

फेरिएको छ, फेरिएको छैन ।

(**संविधान अवसान**, २०६९: १०)

कवि लोकनाथ पुडासैनीले कुसंस्कार र कुरीतिप्रति तिव्र आक्रोश पोखेका छन् । सामाजिक संस्कारको नाममा पशुवली दिनुपर्ने मानवको व्यवहारलाई सच्चिन आग्रह गरेका छन् । के को बली ? कसलाई वली आदि प्रश्न उठाउँदै **थिति-बेथिति** कवितामा कविले यसरी व्यक्त गर्दछन् :

चलन हो बस्न गयो किन ?

आत्मा एकै रगत एकै

लालाबाला सबै एकै,

आदर्शवादी कम छैन

सभ्य आफू मात्र ठान्दछ,

पशु पन्छी वध गरी

सभ्यताको डिङ हाँक्दै

शान्तिको कामना गर्दछ मानव

(**संविधान अवसान,** २०६९:१२)

युद्धले नेपालीलाई सयौँ वर्षदेखि सताइरहेको छ । युद्धको कारणले नेपाल आमाका हजारौँ छोराछोरीले अकालमा ज्यान गुमाउनु परेको छ । कति त गाउँ नै सखाप भयो रे युद्धले । कतिको घर खाली भयो रे ? कहिलेसम्म ? के को लागि युद्ध ? युद्ध आखिर युद्ध हो । यसले विनाश गर्छ । निर्माण गर्दैन भन्दै कविले **युद्ध** कवितामा यसरी व्यक्त गरेका छन् :

युद्ध आखिर

तिमी युद्ध नै हौ,

तसर्थ

तिमीले रोकिनै पर्छ ।

(**संविधान अवसान,** २०६९: .२४)

नेपाल आमाले सदियौंदेखि युद्धको मार खेप्दै आएको छ । देश विकास युद्धले होइन शान्तिले गर्न सकिन्छ । हिमाल, पहाड र तराई एकजुट भई उठेमा देशको विकास अवश्य सम्भव हुन्छ । देशको विकासका मार्ग खुल्ला गर्न शान्ति चाहिन्छ । नेपाली नेपाली बीचमा फाँटो ल्याउने काम कोही कसैबाट गर्नु हुन्न । नेपाल आमाले नेपालीहरू एक आपसमा हातेमालो गरेर देशको विकास भएको हेर्न चाहन्छिन् । त्यसकारण हामीलाई शान्ति चाहिएको छ भन्दै कविले **शान्ति** कवितामा यसरी व्यक्त गरेका छन् :

परिश्रम गर्दा एउटैले पनि

परिवार पाल्दछ

विचार सफा आत्माले राखे

समाजै चल्दछ

भावना एकै कामना एकै

भएमा हित हुन्छ नै सबैको

आँटेर लाग्यौँ साटेर मन

फेरिन्छ मुहार यो हाम्रो देशको

**(संविधान अवसान, २०६९: २६)**

हाम्रो देश नेपाल सदियौंदेखि युद्धको पीडाले तड्पिदै आएको छ । अबदेखि युद्ध गर्ने र युद्ध दमन गर्नेले सोच्नुपर्ने बेला आएको छ । हाम्रो समाजलाई रूपान्तर गर्न युद्ध रोक्नुपर्छ । समाजलाई पनि नयाँ तरिकाले रूपान्तरण गर्नुपर्छ भन्दै **रूपान्तरित हुनु पर्दछ** भन्ने कवितामा कविले यसरी व्यक्त गर्दछन् :

विचलित आत्माहरूको

पुनर्स्थापना र आत्मसम्मान गर्दै

यथास्थितिको वर्तमानलाई

आमूल परिवर्तन सहितको

अग्रगति दिन

स्थायी शान्तिमा

रूपान्तरित हुनु पर्दछ

**(संविधान अवसान, २०६९: ३१)**

वर्षौदेखि नेपालमा असल नेतृत्वको अभाव खड्किएको छ । जसले गर्दा देश विकास हुनुको साटो झन् झन् गरिब अशक्त बन्न पुगेको छ । यसको मुख्य कारण हाम्रा देशका नेता हुन् । जसले असल नेतृत्व दिन सकेनन् । यहाँ नियम, कानुन बन्छन् तर साँढेको शैलीमा त्यसलाई भत्काउने सक्रिय हुँदा आज नेपालको यस्तो स्थिति आएको हो भन्दै कविले **साँढे** कवितामा यसरी व्यक्त गरेका छन् :

नियमहरू बन्छन् बनाइन्छन्

फगत अर्काको लागि

साँढेहरूद्वारा नै

मिचिन्छन्, उलङ्घन भइरहेका छन्:

**(संविधान अवसान, २०६९: ३३)**

हाम्रो समाजमा इज्जत र प्रतिष्ठाको नाममा विकृति बढिरहेको सन्दर्भ पनि कविले कवितामा उठाएका छन् ।  जसले गर्दा सुन्दर भविष्य कोर्ने युवा वर्गलाई नराम्रोसँग गाँजेको छ । आफ्नो देश बनाउनको लागि हामी सबैको हातहरू जुट्नुपर्छ । जबसम्म हातहरू जुट्न सक्दैनन् तबसम्म देशको विकास हुन सक्दैन ।

त्यसैले युवा शक्तिलाई कुलतको बाटो नहिँडाऔँ । उनीहरूलाई राम्रो शिक्षा दिएर देश विकासमा समर्पण गरौँ । जसले गर्दा देशको मुहार फेरिन्छ भन्दै कविले **खोका बिर्के** कवितामा यसरी व्यक्त गरेका छन् :

बाँचुन्जेल कर्म गरौँ
समाज उत्थान खातिर
मर्ने चोला दुई दिनको
लानु के छ, आखिर

(**संविधान अवसान, २०६९: ३७**)

जन्म लिएपछि मानिसले जीवनमा सत्कर्म गर्नुपर्छ । कर्म नगर्ने मान्छे बत्ती मुनिको अन्धकार मात्र हो । आमाबुबाले दुःख गरेर हुर्काउँछन्, बढाउँछन् र ठूलो पार्छन् । त्यसैगरी छोराछोरीले पनि आफ्नो कर्म गर्न सिक्नुपर्छ । कर्म गरेपछि मात्र फलको आशा गर्न सकिन्छ । कर्मविना फलको आशा बेकारको हुनजान्छ भन्दै कविले आम मानिसलाई कर्ममा रमाउन आव्हान गर्दै **मृत्युघोष** कवितामा यसरी व्यक्त गर्दछन् :

समयलाई ख्याल गरी
इमान्दारीताका साथ
बेलैमा काम फत्तै गर्नू
आवश्यकताभन्दा बढी
अपेक्षा नगर्नू

(**संविधान अवसान, २०६९: ३८**)

नेपाल सरकारको नीति, नियम, अनुशासन भन्ने कुरा पालन गर्नेलाई मात्रै हो । जसले त्यसलाई तोड्न सक्छ ऊ ठूलो बन्न सक्छ भन्ने कुरा कविले आफ्ना कवितामार्फत् व्यङ्ग्यको रूपमा व्यक्त गरेका छन् । सत्य सेवा सुरक्षणम् मन्त्र लिएर आफ्नो पेसामा दत्तचित्त भएर बसेका राष्ट्रका सेवक प्रहरीलाई पनि कविले व्यङ्ग्य प्रदान गरेका छन् । जनताले पसिना बगाएर तिरेको करको तलब खाएर जनताको सेवा गर्छौं भन्नेले जनतालाई सास्ती दिइरहेका छन् । दिनदिनै जनतालाई दुःख दिइरहेका छन् भन्ने व्यङ्ग्य कविले **डण्डाराज** कवितामार्फत् यसरी व्यक्त गर्दछन् :

निरंकुश राजतन्त्रको छत्रछायाँमा
जनताको पसिना र करबाट

दाना, पानीको जो हो छँदैछ

सत्यसेवा सुरक्षणम्, भजाएर

**(संविधान अवसान, २०६९: ४८)**

कविले हाम्रा देशका नेताहरूलाई नेपाली जनतालाई शान्ति प्रदान गरी देऊ । दुःख, सुखमा काम गरेर एक छाक खानको लागि बाटो बनाई देऊ भनेर आग्रह गरेका छन् । १० वर्षको गृहयुद्धले नेपाली जनताको मन छियाछिया भएर दुखेको वा कोरेको छ । त्यसलाई मलम लगाइदिने र साहारा दिने सरकारको आवश्यकता छ भन्दै कविले **शुभकामना** कवितामार्फत् यसरी व्यक्त गरेका छन् :

भोकालाई खान देऊ

नाङ्गाहरूको लाज बचाऊ

जोत्नेहरूलाई जमिन देऊ

किसानलाई मल, जल र बिउ देऊ

**(संविधान अवसान, २०६९: ५०)**

हाम्रा देशका नेताहरू भुटको खेती गर्न सिपालु छन् । सोभ्का-साभ्का जनतालाई फकाएर जब आफूमाथि पुग्छन् । त्यसपछि ती जनताको वास्तै गर्दैनन् । नेताहरू आफ्नो दुनो सोभ्काउनको लागि वा चुनावमा भोट माग्नको लागि आफ्नो औकातभन्दा तल गिर्न पनि तयार हुन्छन् तर चुनाव जितेर गएपछि आफूले दिएका आश्वासनहरू सबै बिर्सन्छन् । आफू पछि लागेका गरिब, असाहय जनताको दुःख र पीडा जहाँको त्यही राख्छन् भन्दै नेताको पछि लागेर आफ्नो कर्म नछोड्न कविले **माटो कोपरे, चुल्लो बल्छ** कवितामा यसरी व्यक्त गरेका छन् :

माटो नकोपरी

आफ्नो भुपडीमा

कुनै दिन पनि

चुलो बल्दो रहेनछ

महत्त्वाकाङ्क्षी फोस्रा आश्वासनले

जिन्दगीको पैया

त्यसै गुड्दो रहेनछ ।

**(संविधान अवसान, २०६९: ५७)**

हाम्रो देश नेपाललाई तमासेहरूले बिगारी सकेका छन् । घुस र कमिसनले गर्दा नेपालका नदीनालाहरू बेचिएका छन् । जङ्गलका जडीबुटी र महत्त्वपूर्ण औषधि पनि बेचिएका छन् । वर्षामा भेल आएको नदी भारतले थुन्दा यहाँका नेताहरू तमासे बनेर हेर्ने सिवाय अरु केही गर्न सक्दैनन् । दुःख र पीडा खप्नेचाहिँ नेपाली जनतै हुन् भन्दै यस्ता नालायकीपन भएका नेतालाई देश चलाउन दिनु हुन्न भन्दै कविले **तमासेहरू** कवितामा यसरी व्यक्त गरेका छन् :

हाम्रै नदी थुनेर
पारिपट्टि बाँध बाँध्दा
मानवीयता सँगसँगै
राष्ट्रियता
सार्वभौमिक अखण्डता
चुर्लुम्मै डुब्छन्/डुबाइन्छन्

(**संविधान अवसान, २०६९: ६०**)

यो संसारमा सुरक्षित भन्ने कुरा केही छैन । अनावश्यक होडबाजीले गर्दा आज मानव दानव वा सो सरहकै अवस्थामा पुगेको व्यङ्ग्य प्रदान गर्न कविले खोजेका छन् । पशुको हत्या गरेर रमाउने मानव समुदायले प्रकृतिको सुन्दर उपहारलाई पनि धावा बोल्न थालिसकेका छन् भनेर कविले **नरभक्षी** कवितामा यसरी व्यक्त गरेका छन् :

अनावश्यक होडवाजीले
स्वच्छ पर्यावरण
प्रदूषित भएको मात्र हैन
सामाजिक सहअस्तित्व, र
सांस्कृतिक सद्भाव समेत
विकृत र धुमिल भएका छन् ।

(**संविधान अवसान, २०६९: ६४**)

नेपाल हिमाल, पहाड र तराईले भरिएको विशिष्ट भौगोलिक वातावरण भएको देश हो । यहाँ हिमालदेखि तराईसम्म र सहरदेखि विकट गाउँसम्म मानिसहरूको बसोबास रहेको छ । सहरमा बस्ने मानिसहरूले तथा धनी वर्गले

ठूलाठूला अस्पताल र महङ्गा क्लिनिकमा उपचार गराउन सक्लान् तर गरिब निमुखा गाउँका सोझासाझा जनताले उपचार बिना मृत्युवरण गर्न बाध्य भएका छन् । साधारण रोगको पनि उपचार नपाएर निमुखा जनताको अकालमा ज्यान गएको छ । गाउँमा गएका डाक्टर पनि सहरमा क्लिनिक खोलेर पैसा कमाउने दाउमा गाउँमा जाँदैनन् । गरिब जनताको पसिना बगाएर तिरेको करको जागिर खान्छन् तर आफ्नो जिम्मेवारी पूरा गर्दैनन् भनेर डाक्टरहरूलाई चोटिलो व्यङ्ग्य गर्दै कविले **पराइले उपचार गर्दैन** शीर्षकमा यसरी व्यक्त गरेका छन् :

त्यसैले डाक्टर सापहरू ?
सहर छाड्दैनन्
खवटेले गाउँ
सोत्तर भएका छन् ।
अभावमा बाँचेकाहरू सँग
राजधानी आउने ल्याकत छैन

**(संविधान अवसान, २०६९: ६७)**

कवि पुडासैनीले राजनीतिको व्यङ्ग्यका मात्र कविता नलेखेर शृङ्गारिक कविता पनि लेख्न भ्याएका छन् । पिकनिक कवितामा मादक पदार्थको विभिन्न रूपको वर्णन गरेका छन् । मान्छेले पिउनको लागि अनेक वहाना बनाउँछन् र पिउँछन् । पिउँदाको रमाइलोमा गीत गाउँछन्, नाँच्छन् अनेक थरिका कुरा गर्न पनि भ्याउँछन् भन्दै कविले **पिकनिक** कवितामा यसरी व्यक्त गरेका छन् :

नसा लाग्दा गीत गाउँछन्
कोही नाच्छन् मस्त
कोही खेल्छन् कड्पत्ती
पिकनिकमै कमाउँछन् कुस्त,
खप्पिस कुरा राजनीतिको
को भन्दा को कम हुन्छ र
नजानेको भन्ने केही छैन
सरकार बन्छ, छिनमै ढल्छ ।

**(संविधान अवसान, २०६९: ७०)**

कवि लोकनाथ पुडासैनीले कवितामा हाम्रो देश नेपाल विशाल संस्कृति सम्पन्न देश हो । हिमाल, पहाड र तराई मिलेर बनेको हाम्रो देश नेपालमा विभिन्न जातजातिले बसोबास गर्दछन् । हामीले एक अर्काप्रति माया, सद्भाव राख्नुपर्छ । हामी नेपालमा बस्ने सबै नेपाली हौँ । तराईमा बस्नेलाई पहाडीले हेप्नु हुँदैन भने पहाडमा बस्नेलाई तराईले हेप्नु हुँदैन । एक अर्कामा मिलेर बस्नुपर्छ । एक अर्कालाई सहयोग गर्नुपर्छ । पहाडलाई दु:ख पर्दा तराईले हेर्नुपर्छ भने तराईलाई दु:खपर्दा पहाडले हेर्नुपर्छ । हाम्रो संस्कृतिको हामी आफैँले संरक्षण गर्नुपर्छ भन्दै **कोही छैन पराई** कवितामा कविले यसरी लेख्छन्:

साना, ठूला, ऊँच, निँच नगरौ विभेद
हिमाल, पहाड, मधेस, तराई
सबै धर्म, जाति र सम्प्रदाय
आफन्तै हुन् कोही छैनन् पराई

(**संविधान अवसान, २०६९: ७३**)

कवि लोकनाथ पुडासैनीले समाजमा रहेका शोषक वर्गलाई व्यङ्ग्य गर्दै **समाजका ब्याक्टेरियाहरू** कवितामा समाजमा रहेको शोषण र दमन प्रवृत्तिको अन्त्य हुनुपर्छ । समाज रूपान्तरित हुनुपर्दछ । पुराना र थोत्रा नियमहरू आगोमा जलाउन सक्नुपर्छ । हिम्मत गरौं नेपाली दाजुभाइ हो । यस्तो शोषण र अन्याय सहनु हुँदैन । समाजमा इज्जतका साथ बाँच्न पाउनुपर्छ । आफूले कमाई गरी स्वतन्त्रपूर्वक खान पाउनुपर्छ । कुप्रथालाई जरैदेखि उखलेर फाल्नुपर्छ । मान्छेले पैसाको लागि आफ्नो अस्मिता समेत गुमाइ सकेका छन् । समाजमा यस्तो हुनु हुँदैन । समाजमा परिवर्तनशील हुनुपर्दछ भन्दै कविले **समाजका ब्याक्टेरियाहरू** कवितामा यसरी लेख्छन्

उहिल्यै कहिले हो
मालिकको अन्नपात राख्न
घरको सिरान तलामा
हजुरबुबाले बुनेर दिएका
घुमाउने भकारी
आजसम्म चुलिएको चुलियै छन् ।

(**संविधान अवसान, २०६९: ७४**)

कवि लोकनाथ पुडासैनीले समाजमा देखिने घटनालाई आफ्ना कविताको विषयवस्तु बनाएका छन् । त्यही विषयमा उनले आफ्ना कविता लेखेका छन् । सडक बालबालिकाको के दोष थियो ? सडकमा पुग्नुपर्ने ? दोषी को हो ? क्षणिक आनन्दमा परेर बुबाआमाले अवैधानिक जन्माएको बच्चाको स्थान सडक हो त ? उनीहरूको अधिकार खै त ? यत्रा संस्था नेपालमा खुलेका छन् । बालबालिकाका लागि काम गर्ने भनेका छन् ? खै त ती संस्थाले काम गरे ? समस्या जहाँको त्यही छ । बालबालिकाको अवस्था उस्तै छ । ती बालबालिकालाई अनेक नामले सराप्ने हेला गर्ने गरिन्छ । तिनीहरूको बारेमा कसले सोच्ने ? उनीहरूको भविष्य के हो त भन्दै कविले उनीहरूको उचित शिक्षादीक्षा र खानपिनको व्यवस्था हुनुपर्छ भन्दै ती बालबालिकाले पनि आफ्ना बुबाआमा खोजिरहेका छन् भन्दै **बुबाआमा खोजिरहेका छन्** भन्ने कवितामा यसरी लेख्छन्:

बाँचेका कलिला अबोधहरू
सहरका पेटी र गल्लीहरूमा
कथित खातेको सम्बोधनले
टुहुरा र बेवारिस भएका छन्

(**संविधान अवसान,** २०६९: ७८)

कवि लोकनाथ पुडासैनीले नेपाली राजनीतिको संस्कारलाई व्यङ्ग्य गर्दै गणतन्त्र दिवस, लोकतन्त्र दिवस, भूकम्प दिवस र सहिद दिवस मनाउँदैमा नेपाली जनता खुसी हुँदैनन् । आपत्विपत्मा परेर कतिको गाँस, बास र कपास छैन । तिनीहरूलाई सरकारले केही वास्ता गरेको छैन । तर विभिन्न दिवस मनाउन को लागि करोडौं खर्च गर्दछन् । त्यो खर्चचाहिँ नेपालीहरूको दुखेको मनलाई शान्त पार्ने काममा लगाउन सके कति राम्रो हुने थियो भन्दै कविले **भूकम्प दिवस** कवितामा यसरी लेखेका छन् :

गास, बास, साथ हरण भई
हजारौ हजार मनहरू
चरचरी चिरिएका बेला
राहत र परिवर्तनको विकल्पमा
आपुताली स्याहार्दै
बाँच्नेहरू

राजधानीमा

लोकतन्त्र/गणतन्त्र

अनि

भूकम्प दिवस मनाइरहेका छन् ।

**(संविधान अवसान, २०६९: ८६)**

कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहमा राजनीतिक, व्यङ्ग्य, सामाजिक, सांस्कृतिक जस्ता विषयलाई मात्र स्थान नदिई माया, ममता र प्रेमलाई पनि कवि पुडासैनीले आफ्नो कविताको विषयवस्तु बनाएका छन् । घरमा सानो मान्छे कोही नहुँदा कविले माया र ममता देखाउन नपाई आफ्नै मन भित्र राखेका थिए । जब घरमा सानी नातिनीको आगमन भयो तब वर्षौंदेखि खुम्चिएर रहेका मनभित्रका ममतामयी संवेदनाहरू कविले आफ्नो **नातिनी** कवितामा यसरी व्यक्त गरेका छन्:

नातिनी ईश्वर जस्ती

मुसुक्क मुस्कुराउँदा

ईश्वर पनि

नाति, नातिना जस्ता,

चुलबुल चुलबुल

चन्चले छन्, साह्रै

ईश्वर जस्तै फिस्स

हाँसी दिने कस्ता

**(संविधान अवसान, २०६९: ९३)**

कवि लोकनाथ पुडासैनीले **संविधान अवसान** कविता सङ्ग्रहमा सांस्कृतिक विषयवस्तुलाई पनि महत्त्वपूर्ण ढङ्गले प्रस्तुत गरेका छन् । नेपाल बहुजाति, बहुभाषी र बहुसंस्कृति भएको सम्बृद्धशाली देश हो । यहाँ जातै पिच्छे फरक-फरक संस्कृति र संस्कारहरू रहेका छन् । हिमालमा बस्ने नेपालीको वा हिमालीहरूको आफ्नो छुट्टै संस्कृति छ, त्यस्तै पहाडमा र तराईमा बस्ने पहाडी र तराईबासीहरूको आफ्ना आफ्ना छुट्टाछुट्टै संस्कृति रहेका छन् तर पनि नेपाली-नेपालीमा एक आपसमा राम्रो सम्बन्ध रहेको छ । जसले गर्दा राम्रो संस्कृतिलाई जाति विशेष नमानेर सम्पूर्ण

हिमाल, पहाड र तराईमा बस्ने मानिसहरूले मनाउँछन् । संस्कृतिको नाममा विसङ्गति र विकृतिहरू पनि प्रशस्त मात्रामा हाम्रो समाजमा देख्न पाइन्छ । कविले यस्ता विकृतिले हाम्रो समाजलाई सभ्य, असलतिर लैजानुको साटो विसङ्गति र विकृतितिर धकेल्दै लैजान्छ । संस्कृतिका नाममा हुने गरेका खर्च आफ्नो क्षमताभन्दा बाहिर पुगेर गर्ने र आफ्नो भएको घर र जग्गा बेचेर संस्कृति मनाउने जस्ता विकृति कार्यलाई रोक्नुपर्छ भन्दै कविले चाडपर्वलाई मनाउँदा प्रत्येक समुदायका घर परिवारले छिमेकीको देखासिकी गर्नुभन्दा आफ्नो घाँटी हेरी हाड निल्नुपर्छ भन्ने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई सन्देश दिँदै **परिणाम** कवितामा कविले यसरी लेख्छन्:

सालीधानमा साहुकै दाइँ
वर्षैभरि उनका दसैं
उसैसँग ऋण मागी
लाज ढाक्ने धोती लाएँ
हिउँद वर्षा बादल झरी
देउता सम्झि यज्ञ लाएँ
घैया कुटी अक्षता लाएँ
वर्ष दिनमा बल्ल दसैं मनाएँ ।

**(संविधान अवसान, २०६९: ९८)**

कवि लोकनाथ पुडासैनीले **संविधान अवसान** कविता सङ्ग्रहका प्रत्येक कविताले छुट्टाछुट्टै किसिमका महत्त्व राख्छन् । हरेक कवितामा हाम्रो समाज घट्ने प्रत्येक फरक फरक घटनालाई कविले आफ्नो कविताको विषयवस्तु बनाएर कविता सिर्जना गरेका छन् । मानवीयताको नमुना **मृत्युमेला** कवितामा प्रस्तुत गरेका छन् । कवि प्रत्येक मानवको मनमा बस्न चाहन्छन् । दुखेको आत्मालाई मलम लगाउन चाहन्छन् । एउटा नेपालीलाई दु:ख पर्दा अर्को नेपाली हाँस्न सक्तैन । एउटा नेपाली शोषित र पीडित हुँदा अर्को नेपाली त्यस्तो कार्यलाई टुलुटुलु हेरेर रहन सक्दैन भन्दै कविले मानवीय नाताले सबै मानवलाई समान रूपमा हेर्नु पर्दछ । मानव-मानव बीचको खाडल अन्त्य गरी समुन्नत समाजको निर्माण गर्नुपर्छ भन्दै **मृत्युमेला** कविता कविले यसरी लेख्छन्:

धरानको आकास खसेर
मृत्युवरण गर्ने अनुयायीहरूले
के यसुख्रिष्ट जस्तै बौरिएर
पुनर्जन्म र स्वर्ग प्राप्त गर्न सक्लान् ?
तिनका आफन्त, र
बाँचेका परिवारजनहरूले
त्यो,
अपुरणीय मानवीय क्षतिको
क्षतिपूर्ति प्राप्त गर्न सक्लान् ?

(**संविधान अवसान**, २०६९:१०४)

कवि लोकनाथ पुडासैनीले **संविधान अवसान** कवितामा नेपाल रहे मात्र नेपाली रहने कुरा व्यक्त गर्दै हामी सम्पूर्ण देशभरिका नेपालीहरू मिलेर रहनु पर्छ । जाति-जातिमा विभेद धर्म-संस्कृतिमा विभेदजस्ता कुरालाई जरैदेखि उखलेर फाल्नुपर्छ । चाहे हामी हिमालमा बसौँ चाहे पहाडमा बसौँ, चाहे हामी ब्राह्मण हौँ, चाहे हामी क्षेत्री, वैष्णव वा शूद्र जे भए पनि आखिर हामी नेपाली हौँ । हाम्रो कर्मथलो वा जन्मघर भनेको नेपाल हो । नेपाललाई हामी सबै जातजातिको साझा फुलबारी बनाउनु पर्छ । धर्म, संस्कृतिहरूको खुल्ला पाठशाला बनाउनु पर्छ । जाति-जातिमा भेदभाव गर्ने फुटाउने, एक अर्काको रीस गर्ने जस्ता कु-कृत्यहरू जसले समाजमा गर्छ तिनीहरूलाई हामीले चिन्न सक्नुपर्छ भन्दै कविले **एउटै टपरी** कवितामा यसरी व्यक्त गरेका छन्:

जातीय र क्षेत्रीय स्वार्थले
विभाजनको दूषित अत्तरमा
मातृभाषा टुक्रा-टुक्रामा विभक्त गर्ने
कुत्सित मनसाय भएका
बुच्चरहरूको समूल अन्त्य सँगै,
जातीय र वर्गीय विभेदको जन्जिर तोड्न
समावेशी र समानताका
हिमायतीजनहरूले,

अर्को बुद्धको

खोजी गर्नु पर्दछ

फेरि,

अर्को बुद्ध जन्मनु पर्दछ ।

(**संविधान अवसान, २०६९:११४**)

कवि लोकनाथ पुडासैनीले **संविधान अवसान** कविता सङ्ग्रहमा प्रकृतिको खुलेर वर्णन गरेका छन् । आफू अहिले गाउँघरबाट टाढा बसे पनि आफू जन्मेको ठाउँ, आफू हुर्केको ठाउँ, आफू गोठालो गएको, ऐसेलु, बयर टिपेर खाएको, खोलामा पौडी खेलेको र साथीसङगीसँग गाउँघरको उकाली-ओराली दौडदै पिङ खेलेको स्मरण गर्न पुगेका छन् । गाउँको सुन्दर वातावरणमा जन्मी हुर्की मेहनत गरेका कविले असार महिनामा गरिने रोपाइको स्मरण गर्न समेत पुगेका छन् । यहाँ कवि प्राकृतिक सुन्दरतामा पोखिएका छन् । आनन्दित र भावुक बन्न पुगेका छन् । यस्तो प्राकृतिक सम्पदालाई हामी सबैले संरक्षण र जगेर्ना गर्नुपर्ने भन्दै प्रकृतिको स्मरण **जराङ्गबेँसी** कवितामा कविले यसरी व्यक्त गर्छन् :

सडक दायाँ, बायाँ

वन, जंगल भिर, पहरा

खोला, नाला, गल्छीहरू, देख्दा

मलाई मेरो प्रिय गाउँ

मेरै जन्म थलो

“जराङ्गबेँसी”

पुगे जस्तै लाग्यो ।

(**संविधान अवसान, २०६९:११८**)

कविले **संविधान अवसान** कविता सङ्ग्रहमा सामाजिक, सांस्कृतिक, राजनीतिक, ग्रामीण, प्रकृतिका साथसाथै तीव्र व्यङ्ग्य र आक्रोश पोखिएका कविताहरू प्रशस्त मात्रामा भेट्न सकिन्छ । समाजमा रहेका शोषण, दमनको विरुद्धमा लाग्न सम्पूर्ण नेपालीहरूलाई आव्हान गरेका छन् । राजनीतिमा जति परिवर्तन भए पनि पुरानै अनुहारका नेताहरूमा कहिल्यै परिवर्तन हुन सकेनन् । सामाजिक, राजनीति व्यवस्था परिवर्तन भए पनि मान्छेको प्रवृति परिवर्तन हुन

सकेन । पञ्चायती व्यवस्था पनि त्यही नेता, बहुदलीय व्यवस्थामा पनि त्यही नेता र गणतन्त्र र लोकतन्त्र आएपछि पनि तिनै नेताहरू भएकाले पुरानो सोचले देशको विकास हुन सक्दैन । देशको विकास र यसलाई समृद्धशाली बनाउन नयाँ सोच र जाँगरको आवश्यक छ । थोत्रा र पुराना कुराहरूलाई फ्याँलेर नयाँ विचार पलाउनु पर्छ भन्दै कविले **सेपिलो रुख ढल्नु पर्छ** भन्ने कवितामा व्यङ्ग्य यसरी व्यक्त गरेका छन् :

त्यसैले
अब उप्रान्त
एउटै मात्र रुख हुर्कन हुँदैन
सेपिलो रुख ढल्नु पर्छ,
थरीथरीका बिरुवाहरू उम्रदै
सबैले फुल्ने फल्ने
समान अवसर पाउनुपर्छ,
कसैलाई कसैको सेप नलाग्ने
खुला आकाश र
स्वतन्त्रसँग मिलिजुली
जीवन जिउन पाउनु पर्दछ ।

(**संविधान अवसान, २०६९:१२८**)

कवि लोकनाथ पुडासैनीले **संविधान अवसान** कविता सङ्ग्रहमा प्रगतिवादी सोच अगाडि बढाएका छन् । उनले आफ्ना कवितामा व्यङ्ग्य चेतलाई प्रश्रय दिँदै हामी वर्षौंदेखि शोषण र पीडित बन्दै आएका छौं । अब यसको अन्त्य हुनुपर्छ । सम्पूर्ण नेपालीले स्वतन्त्रपूर्वक बाँच्न पाउनुपर्छ । हाम्रो देश पनि विकसित हुनुपर्छ । हामी नेपाली कति अभावमा बाँच्ने, अब नेपालीहरू पनि समृद्धशाली जीवन बाँच्न पाउनुपर्छ । देशमा परिवर्तन हुनुपर्छ । नयाँ बिहानी उदाउनुपर्छ । सोचमा परिवर्तन हुनुपर्दछ । सच्चिनलाई बाँकी भएकाहरू पनि सच्चिनुपर्छ । देशमा नयाँ सोचका साथ परिवर्तनको विकास हुनुपर्दछ भन्दै कविले **सूर्योदय** कवितामार्फत् व्यङ्ग्य यसरी व्यक्त गरेका छन् :

निस्सास्सिदो तुँवालो फाट्न
तराई, फाँट र गल्छीहरूमा
बेस्सरी मडारिँदै बेगवान्
आँधी आउनै पर्छ,
पट्यार लाग्दो कालो रातबाट
उन्मुक्ति पाउन
बिहानी सूर्योदय हुनै पर्छ,
प्रकृतिको अकाट्य नियम, र
इतिहासको गर्भबाट
सबैले पाठ सिक्नै पर्ने हुन्छ ।

(**संविधान अवसान**, २०६९: १३८)

कवि लोकनाथ पुडासैनी **संविधान अवसान** कविता सङ्ग्रहमा सामाजिक रीति रिवाजको जगेर्ना गर्नुपर्दछ । संस्कृतिले हाम्रो इज्जत जोगाउँछ । हाम्रो शान भनेकै संस्कृति हो । संस्कृतिमा हामी सम्पूर्ण नेपालीको परिचय लुकेको छ । हाम्रो इज्जत प्रतिष्ठा लुकेको छ । संस्कृतिको हामीले संरक्षण गर्नुपर्छ भन्दै संस्कृतिक मर्म र भावनालाई विकृति पार्ने काम राम्रो हुँदै होइन । संस्कृति, परम्परा र धर्म मान्ने मनाउने नाममा विकृतिले प्रश्रय पाउनु हुँदैन भन्दै **थिति-बेथिति** कवितामा कविले यसरी लेख्छन् :

नाना, थरी देव देवी पुकार्दै
अकर्मण्यताको भुमरीमा
कथित सामाजिक मान्यताको निमित्त
अर्काको आत्मालाई बन्धकमा
अचानोको प्रयोजनका लागि
भाकल गर्दछन् मानव

(**संविधान अवसान**, २०६९:११)

कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहमा कवितामा विभिन्न किसिमका भाव सम्प्रेषण भएका छन् । पुडासैनी **कवि एक, भाव अनेक** भएका कविताहरू लेख्न मन पराउने कविले समाजमा घट्ने यथार्थपरक घटनालाई

कविताका विषयवस्तु बनाएर आफ्ना कविता सिर्जना गरेका छन् । समाजमा घट्ने घटनालाई विषयवस्तु बनाएर कविता रचना गर्ने कविले आफ्ना कवितामा सामाजिक, सांस्कृतिक, राजनीतिक, ग्रामीण जीवनको परिवेश, प्रकृति र व्यङ्ग्यात्मक भाव सम्प्रेषण गर्ने खालका कविता सिर्जना गरेका छन् ।

कवि लोकनाथ पुडासैनीले आफ्ना कवितामा मूलतः २०४१ साल यताका राजनीतिले निम्त्याएको प्रतिमूर्तिको रूपमा **संविधान अवसान** कविता सङ्ग्रह आएको छ । राजनीतिमा देखा परेका विकृति र विसङ्गतिलाई सूक्ष्म किसिमले नियालेका छन् । लोकतन्त्र र गणतन्त्रलाई अनुशरण गर्ने कविले हाम्रो देश नेपाल नेताहरूको नालाकीपनले गर्दा नै पछाडितिर धक्केलिरहेको यथार्थलाई आफ्ना कविताको विषयवस्तुलाई जीवन्त रूप प्रदान गरेका छन् । यसका अतिरिक्त कवि भित्र रहेको मानवतावादलाई पनि कविले आफ्ना कविताको विषयवस्तु बनाएका छन् । त्यस्तै धर्म र संस्कृतिको नाममा हुने गरेको विकृति र विसङ्गतिलाई पनि सच्याउन आग्रह गरेका छन् । यसका साथै प्रकृति र प्राकृतिक सम्पदाको कुरालाई पनि कविले रमणीय तरिकाले व्यक्त गरेका छन् । आफ्नो जन्मथलो, नदी नाला, वनपाखा जस्ता प्रकृतिका अनुपम उपहारलाई सहिढङ्गले संरक्षण गर्न सके हामी नेपालीको इज्जत र प्रतिष्ठा बढ्ने कुरामा पनि कविले सङ्केत गरेका छन् । यसका अतिरिक्त उनका कवितामा व्यङ्ग्यचेत भरिएका कविताहरू प्रशस्त मात्रामा पाउन सकिन्छ । व्यङ्ग्यचेतमार्फत् समाज सुधार गर्नतर्फ उनका कविता अग्रसर रहेका छन् । समाज र नेपाली राजनीतिमा हुने विकृति र विसङ्गति जनतासामू छर्लङ्ग पारेर समाजसुधारको अपेक्षा गरेका छन् ।

## ५.३.५. लयविधान

कवि लोकनाथ पुडासैनी मूलतः गद्य कवि हुन् । यिनका सबै कविता गद्य लयमा रचना गरिएका छन् । उनले यस सङ्ग्रहका सम्पूर्ण कविताहरूमा गद्य कवितात्मक लयको उत्कर्ष रूप प्रस्तुत गरेका छन् । लय कविताको मुटु हो । यही लयगत विशेषताले गर्दा कविता साहित्यका अन्य विधाभन्दा फरक छ । भाषामा प्रयोग हुने स्वर-व्यञ्जन वर्णहरूको उच्चारणबाट निस्कने साङ्गीतिक ध्वनिलाई लय भनिन्छ । लयले भाषिक उच्चारण अवस्थामा वर्णगत आरोह-अवरोह वा सुरताललाई सङ्गीत दिएर श्रुतिमधुर बनाउँछ । कविताको भाव सौन्दर्यलाई सघनरूप दिन

सुकोमल र सुललित भाषाको प्रयोग गरिएकोले पुडासैनीका गद्य कवितामा पनि लयात्मक चेतना पाइन्छ । पुडासैनीका कविता विविध शब्दयोजना, अनुप्रास, समानान्तरता बन्न पुगेका छन् । छन्दमुक्त गद्य कविताहरूमा पुडासैनीले आफ्ना अनुभूतिहरूलाई, आक्रोशहरूलाई, विचार, दर्शन र सिद्धान्तहरूलाई मार्मिक रूपमा अभिव्यक्त गरेका छन् । उनका यस सङ्ग्रहका गद्य कविताहरू सहज र स्वतः स्फूर्त रूपले अनुप्रासको संयोजन भई लयात्मक बनेका छन् । यसरी गद्यात्मक लय माधुर्यले गद्य कविता उत्कृष्ट बनेको छ ।

कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहमा गद्य ढाँचाको नमुना **बुबाआमा खोजिरहेका छन,** कवितामार्फत् कविले यसरी व्यक्त गरेका छन् :

नदी, तलाउ तथा पुलमुनि गल्छीहरूमा
फोहोरसँगै मिल्काइन्छन्
भोका बाजहरू झम्टन खोज्दैछन्
गिद्धहरू फोहोर हेर्दै
आकाशमा फन्को लाउँदैछन्,
फालिएका प्राय; सबै मर्दछन्
बाँच्छन् त केबल, केही भाग्यमानीहरू,
बाँचेका कलिला अबोधहरू
सहरका पेटी र गल्लीहरूमा
कथित खातेको सम्बोधनले
टुहुरा र बेवारिस भएका छन् ।

**(संविधान अवसान, २०६९: ७८)**

## ५.३.६. विम्बविधान

कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहमा सहज एवम् विविधापूर्ण स्वभाविक विम्बविधान पाइन्छ । कविले बिम्वका निम्ति र अलङ्कारका निम्ति कविता रच्ने कवि नभई हार्दिक भावहरूको स्वभाविक प्रकाशनका निम्ति कविता रच्ने कवि भएकाले **संविधान अवसान** कविता सङ्ग्रहमा पनि उनले भावलहरकै सहजातका प्रतीक हुने र कथ्य अर्थलाई पारदर्शी रूपमा झल्काउने

थरीथरीका विम्बहरूको स्वभाव सुन्दर प्रयोग गरेका छन् । कवितालाई बढी मर्मस्पर्शी बनाउने महत्त्वपूर्ण अङ्ग नै विम्ब हो । कवि कल्पनाको महत्त्वपूर्ण सामग्रीका रूपमा विम्बलाई लिन सकिन्छ । एउटा वस्तुको प्रतिच्छायाका रूपमा कवितामा आउने अर्को सहवर्ती अर्थ नै विम्ब हो । विम्बको प्रयोग बिना कविताको भित्री मर्म नबुझिने हुनाले बिम्बको प्रयोग महत्त्वपूर्ण मानिन्छ । कविले मनमा उब्जेका भावना, कल्पना, विचारलाई कुनै वस्तुको माध्यमद्वारा प्रस्तुत गर्ने प्रयास नै बिम्ब हो । बिम्बको प्रयोगबाटै कविता अलङ्कारिक बन्दछ किनभने बिम्ब अलङ्कारको नजिक हुन्छ ।

कविले कविता सङ्ग्रहको कथ्य अर्थलाई पारदर्शी रूपमा झल्काउन प्रयोग गरेका त्यस्ता बिम्बहरू खास गरी प्रकृति, पुराकथा, वायुमण्डलीय, नक्षत्रमण्डलीय, वनस्पतिस्रोतका प्राणी जगत्का र भूमण्डलीय स्रोतका बिम्बहरू प्रशस्त मात्रामा भेट्न सकिन्छ । वनस्पतिस्रोतका बिम्बहरूलाई सहज र स्वतःस्फूर्त रूपमा कविले **एउटै टपरी** कवितामा यसरी सजाएका छन् :

हिमाल, पहाड, तराईका
बलेँसी, करेसा र आँगनहरूमा
गोदावरी, भूईँचम्पा, जाइजुही
लालुपाते र गुराँस उमार्दै

(**संविधान अवसान, २०६९:११४**)

कविले **संविधान अवसान** कविता सङ्ग्रहमा वायुमण्डलीय स्रोतका बिम्बहरूलाई पनि आफ्ना कवितामा सहज रूपमा प्रयोग गरेका छन् । वायुमण्डलीय बिम्बलाई कविताको अर्थ सम्प्रेषण गर्न सहयोग गर्दै कविले **तुवाँलो नहटेको मेरो बस्ती** कवितामा यसरी प्रयोग गरेका छन् :

ग्रीष्मकालीन प्रचण्ड धुपमा
अतिवृष्टि उन्माद थपियो,
सुख्खा आँतहरू रसाए
फाँटहरूमा दबिएका आत्माहरू जरैदेखि टुसाए,
वर्षा, भेलादि चले बगरहरू सम्याउँदै
सिञ्चित गर्दै फाँट, फाँटमा

साना ढिस्काहरू त के मुस्लो मडारिँदा
अजर पहाड समेत ढल्नु पऱ्यो
कहालिँदो युगको दाहसंस्कार
जीवन न्यौछावर गरी
शरद् आगमनका खातिर
रक्त कुलाहरू समेत रित्याइए

(**संविधान अवसान,** २०६९: ३)

त्यसैगरी कवि लोकनाथ पुडासैनीले **संविधान अवसान** कविता सङ्ग्रहमा नक्षेत्रमण्डलीय स्रोतका बिम्बलाई पनि कविले स्वतःस्फूर्त रूपमा आफ्ना कवितामा सजाएका छन् । जसले गर्दा कविताको कथ्यलाई सम्प्रेषण गर्न सहयोग पुऱ्याएको छ । नक्षेत्रमण्डलीय स्रोतका बिम्बलाई कविले **आफ्नै अस्मिताको अवमूल्यन** कवितामा यसरी सजाएका छन्:

बिहान सूर्योदयको किरणसँगै
नेपाल आमाको कोखमा
तातो रगतका आत्माहरू
आश्रित हुँदै गए,
लाखौं लाख योद्धाहरू
पुनर्जन्म लिदै गए ।
फेरि तिनले पनि
जनताको मुक्ति र प्रजातन्त्रको लडाइँ लड्दै गए
तर खै कहाँ छ ? प्रजातन्त्र ।

(**संविधान अवसान,** २०६९: ८)

त्यस्तै कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहमा प्राणी जगत्का बिम्बहरू प्रशस्त मात्रामा प्रयोग गरेका छन् । उनका कविताले ग्रामीण परिवेशको प्रतिनिधित्व गरेका हुनाले प्राणी जगत्का बिम्बहरू उनका **लिभिङ्ग पार्टनर** कवितामा यसरी प्रयोग भएका छन् :

नगरपालिकाको आन्दोलनमा
भुस्याहाहरू मारिएछन्,

सहर पसेका
भोटे छाउराहरू
रैथाने भैसकेछन्,
घर र गोठको रक्षार्थ
ऊ जमानामा
बाघै मार्ने सिकारीहरू,
जङ्गली अर्गानिक छाडेपछि
विषादीको सङ्ग्रहले
करेसाको रखेदेख गर्न पनि
नसक्ने भइसकेछन्,
हिजो कहलिएका
तिनै सिकारी कुकुरहरू
बाघ, भालुको के कुरा
बाँदर मार्न पनि सक्दैनन्,
विमातृका सन्तानसँग
बिहे हुने त कुरै भएन ।

(**संविधान अवसान, २०६९: ८४**)

कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहमा विविध किसिमका बिम्बहरू प्रयोग भएका छन् । यस सङ्ग्रहमा भूमण्डलीय स्रोतका बिम्बहरू पनि उनले आफ्ना कवितामा प्रशस्त रूपमा प्रयोग गरेका छन् । बिम्बहरूले गर्दा उनका कविताको कथ्य बोधलाई सजिलै पाठकसामू सम्प्रेषण गर्न सकेका छन् । कविले कुशल रूपमा भूमण्डलीय स्रोतका बिम्बहरू **जराङ्गबेँसी** कवितामा यसरी प्रयोग गर्दछन् :

लक्ष्य गन्तव्यको पृथक थियो,
तर
सडक दायाँ, बायाँ
वन, जंगल, भिर, पहरा
खोला, नाला, गल्छीहरू, देख्दा

मलाई मेरो प्रिय गाउँ
मेरै जन्म थलो
"जराङ्गबेँसी"
पुगे जस्तै लाग्यो ।

(**संविधान अवसान, २०६९:११८**)

कविले कवितामा अनेक बिम्बहरूको सहज-स्वभाविक रूपमा प्रयोग गरेको पाइन्छ । त्यसैगरी शिव, पार्वती, कृष्ण, हिरण्यकश्यपु, कंस, जरासन्ध, देवलोक, कलियुग, राम, सीता आदि पुराकथात्मक बिम्बहरूका साथै ज्ञानविज्ञानका र अन्य स्रोतका कतिपय बिम्बहरू पनि यसमा भेटिन्छन् । यस्ता बिम्बहरूको प्रयोगले प्रस्तुत कविता सङ्ग्रहमा रूपक, उपमा, उत्प्रेक्षा, दृष्टान्त, सम्भावना, सन्देह, प्रश्न, स्वभावोक्ति आदि अनेक अर्थालङ्कारको सौन्दर्य स्वभाविक र सहज रूपमै प्रसारित भएको छ । त्यसै गरी यस कविता सङ्ग्रहमा विविध बिम्बको प्रयोगले गर्दा यसको बिम्ब विधानगत शिल्पपक्ष निकै रोचक बनेको छ ।

## ५.३.७. प्रतीक विधान

कवि लोकनाथ पुडासैनीले **संविधान अवसान** कविता सङ्ग्रहमा स्वतः स्फूर्त रूपमा प्रतीकको प्रयोग गरेका छन् । प्रशस्त मात्रामा प्रतीक विधानलाई **संविधान अवसान** कविता सङ्ग्रहमा भेट्न सकिन्छ । प्रतीक विधानले गर्दा कविता सङ्ग्रहको कथ्यलाई पाठक सामू प्रकट गर्न सरल बनाएको छ । कविले आफ्ना मनका अमूर्त विचार वा भावनालाई सजीव र मूर्त रूप दिन भावना सुहाउँदो स्वरूप वा विचार सृष्टि गरेर त्यही मूर्त रूपमा कवि संस्कारको अभिव्यञ्जना चाहेको गौण विचार तथा भावना व्यक्त गर्दछ, त्यही स्वरूप नै प्रतीक बन्दछ । प्रतीकले अप्ठ्यारा, अपरीचित र अमूर्त गुण वा कुरालाई ज्यादै स्पष्टसित तीव्र प्रभाव पार्ने गरी व्यक्त गर्न सक्छ अथवा प्रकाश पार्न सक्छ । कविले कविता सङ्ग्रहमा प्रतीक विधानलाई तीव्र महत्त्वका साथ प्रयोग गरेका छन् । प्रतीककै आडमा लिएर उनले वर्तमान जीवनका जटिलता र विषमतालाई प्रभावपूर्ण र कलापूर्ण रूपमा अभिव्यक्ति गरेका छन् भने प्रतीककै माध्यमद्वारा राष्ट्र, राष्ट्रियता र अन्तर्राष्ट्रिय जीवनको अस्तित्वलाई समेत सशक्त र जीवन्त रूपमा अभिव्यक्त गर्न सक्षम भएका छन् । कविले

कवितामा प्रयोग गरेका विविध प्रतीकहरूले समाजभित्रको वास्तविक चित्र उतार्न मद्दत पुगेको देखिन्छ ।

कविले **संविधान अवसान** कविता सङ्ग्रहमा नेपालमा शोषण, अन्याय, अत्याचार वर्गको प्रतिनिधित्व गर्न जङ्गबहादुरीय शासन व्यवस्थालाई अगाडि सारेका छन् । नेपाली जनताले वर्षौ देखि अन्याय र अत्याचार सहदै आएका छन् । त्यसको प्रतिनिधित्व विभिन्न कुव्यवस्था र राणाशासनलाई कविले प्रतीक बनाएर **संविधान अवसान** कविता सङ्ग्रहमा यसरी सजाएका छन् :

सार्वभौम नेपालीको माथमा
जङ्गबहादुरीय तान्डव नृत्य प्रदर्शन गर्ने
संघीय नेपालका कथित हिमायतीहरू हो !
यतिखेर
नेपाली जनता
कोशी र गण्डकी आँसु बगाउँदै
संविधान अवसानको
उत्तर खोजिरहेका छन् ।

(**संविधान अवसान, २०६९: ४६**)

कवि लोकनाथ पुडासैनीले **संविधान अवसान** कविता सङ्ग्रहमा युद्ध, विनाश र अमानवीयको परकाष्ट देखाउँदै हिटलरलाई कविताको प्रतीक बनाएर समाज, राष्ट्र र अन्तर्राष्ट्रिय परिवेशमा विभत्सकारी व्यवस्था निरूपण गरेको भन्दै युद्ध, विनाश र अमानवीय क्रियाकलापले कोही कसैलाई फाइदा हुँदैन भन्दै **सावधान** कवितामा कविले प्रतीक विधानलाई यसरी सजाएका छन् :

हिटलर एक जमानामा फलामकै मान्छे थियो
तर इतिहासमा पानीको फोका झै फुट्यो
सावधन !
अर्को हिटलर यल्तसिनको कोखमा जर्जबुशको
पराग बनेर गर्भधान भएको छ
झुक्किएर पनि
जन्म लिन नपाओस्,

कथित खुलापनको खोलले
राष्ट्रियता निर्वस्त्र नहोस्
साम्राज्यवादको दूषित अत्तरमा
गौरवको अस्मिता नअल्मलियोस्

(**संविधान अवसान,** २०६९: ७)

त्यसैगरी कवि लोकनाथ पुडासैनीले **संविधान अवसान** कविता सङ्ग्रहमा माया, ममता, स्नेही र मानवीय रूपमा पुराकथाका कृष्णलाई उभ्याएका छन् । संसारमा विनाशले क्षति पुऱ्याउँछ, अमानवीय क्रियाकलाप हुन्छ । मानव-मानवबीच विशाल खाडल तयार हुन्छ । जसले गर्दा मानव समुदायमा नमेटिने खालको दाग बस्छ भन्दै कविले ममताले मात्र संसार सिर्जना गर्न सकिन्छ भनेर **नातिनी** कवितामा प्रतीक विधान यसरी गरेका छन् :

गोकुलमा
यसोदा र
आमा पनि
छक्क पर्छन्,
'सू' गरेर
भूइँ पोत्ने
ढोको पल्टाई
दही चोर्छन्,
आची गरी
खानै खोज्ने
कस्तो होला
यिनको बेला,
छिनमै हाँस्ने
छिनमै रुने
बुझ्निसक्नु छ
ईश्वरीय लीला ।

(**संविधान अवसान,** २०६९: ९२)

यसरी **संविधान अवसान** कविता सङ्ग्रहमा प्रशस्तै मात्रामा प्रतीकहरूको प्रयोग भएका छन् । जसले गर्दा कविताको कथ्य पाठक सामू सम्प्रेषण गर्न कविले सहज र सरल बनाइदिएका छन् ।

### ५.३.८. भाषाशैली

भाषा र शैली फरक फरक तत्त्व हुन् । यी एक आपसमा नङ र मासुजस्तो सम्बन्ध भएकोले दुवैको सँगै अध्ययन गरिन्छ । भाषा र शैली दुईवटा शब्दबाट मिलेर भाषाशैली बनेको हुन्छ । व्यक्तिको विचार व्यक्त गर्ने माध्यम भाषा हो भने व्यक्त गर्ने तरिका नै शैली हो । तसर्थ व्यक्तिको मनको विचार वा भावनालाई कसरी व्यक्त गरिएको छ भनेर हेर्ने काम भाषाशैली अन्तर्गत पर्दछ । कविको निजत्व भाषाशैलीले झल्काउँछ । स्थापित साहित्यकारलाई त्यही भाषाशैलीका माध्यमले सजिलै चिन्न सकिन्छ । भाषाशैली कविताको मुख्य अङ्ग हो । कवितालाई लयात्मक बनाउने काम भाषाशैलीले गर्दछ । कवितामा सरल, आलङ्कारिक, वर्णनात्मक आदि शैली प्रयोग गरिन्छन् । कवितालाई काव्यात्मक उचाइ थप्ने र स्रष्टालाई निजी पहिचान दिने काम भाषाशैलीले गरेको हुन्छ ।

कवि लोकनाथ पुडासैनीले **संविधान अवसान** कविता सङ्ग्रहमा सरल र सहज भाषाशैलीको प्रयोग गरेका छन् । भाषा प्रयोगमा आफ्नै प्रकारले शिल्पगत चमत्कार एवम् नवीनता कवि पुडासैनीका कवितामा पाइने हुँदा उनका कविता रोचक र मर्मस्पर्शी देखिन्छन् । यिनले आफ्ना कवितामा विषय अनुकूल भाषाको प्रयोग गरेका छन् । यिनका कवितामा बौद्धिकता, जटिलता, क्लिष्टता, दुर्वोधता जस्ता कठिन कुराहरू पाइँदैन बरु सहजता, सरलता र सामान्यभन्दा सामान्य पाठकले बुझ्ने भाषा प्रयोग गरेको पाइन्छ । तसर्थ समाजका सबै वर्गले बुझ्ने सरल भाषामा तत्कालीन समयलाई कैद गरेका छन् । उनले आफ्ना कवितामा समाजको प्रतिनिधित्व गरेका छन् । कोमल भावनालाई सरल ढङ्गले अभिव्यक्त गर्नु कवि पुडासैनीको विशेषता हो । उनले कवितामा उपमा, रूपक, दृष्टान्त, प्रश्न, सम्प्रेषण आदि अलङ्कारको प्रयोग गरेका छन् । यसरी सचेत पाठकका निम्ति सुबोध्य हुने गरी नेपाली जन जीवनसँग तारतम्य राख्ने सम्बन्धित सुकोमल पदावलीहरूको प्रयोग गरी कविता प्रस्तुत गर्नु कवि पुडासैनीको भाषिक वैशिष्ट्य हो । कविले **समाजका व्याक्टेरियाहरू** कवितामा यसरी लेख्छन् :

पटक पटक पात्रहरू फेरिए
प्रवृत्ति उस्ताका उस्तै,
पद्धति फेरिएका छैनन्
आदत फेरिएनन् कसैको,
फेरिएका छन् त केवल
काटीकुटी तिनै जस्ता
नव पात्रहरूका
लुट्याई, फट्याईका विधि
र, अभिनय फेरिएका छन् ।

(**संविधान अवसान, २०६९:७५**)

प्रथम पुरुष र तृतीय पुरुष कथन पद्धतिको बढीभन्दा बढी अनुपम प्रयोग गरी नेपाली समाज र समाजभित्रका सूक्ष्म कुरालाई समेत प्रकाशमा ल्याउने जमर्को गर्ने पुडासैनीको दृष्टि राष्ट्रमा मात्र सीमित नरही अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पुग्न सफल भएको छ । अन्तर्राष्ट्रियस्तरमा भएका गलत विकृतिले हाम्रो देश पनि अछुतो नरहेको भाव व्यक्त गर्ने कविले यस कविता सङ्ग्रहमा विविध भाषाशैली प्रयोग गरेका छन् । उनले आफ्ना कवितामा अभिधा, लक्षणा र व्यञ्जना तीन वटै शक्तिको प्रयोगद्वारा कवितालाई सरल, सहज, सुन्दर, सुकोमल, व्यञ्जनात्मक, प्रतीकामक र आलङ्कारिक तुल्याएका छन् । सबै प्रकारका कविताको स्वाद पुडासैनीको कविता सङ्ग्रहमा पाउन सकिने कुरामा कविता पढ्नेहरूको दुईमत नहोला । उनले तत्सम, तद्भव र आगन्तुक तीनै प्रकारका शब्दको प्रयोग गरेर कविता सिर्जना गरेका छन् । **माटो कोपेर, चुलो बन्छ** कवितामा यसरी लेख्छन् :

हरेक पल्ट
उनी आउँदा
रित्तो पेटमा सारंगी रैट्दै
मिठो मसिनोले स्वागत गर्छन्,
दशकाम बिताएर
भोक भोकै
आलाकाँचा सिधा साधा गाउँलेहरू

तिनका बोलीमा

लोरी मिलाउँदै

चिप्ला र विलासी भाषण छाँट्दा

जबर्जस्त समर्थनका ताली

पर्ररर........पिट्छन् ।

(**संविधान अवसान**, २०६९: ५६)

भाषागत ढङ्गले हेर्दा सबै प्रकारका शब्द र शैलीको प्रयोग गरी समय सापेक्ष सुहाउँदा कविताको रचना गरी तत्कालीन समाजको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक विविध विषयको ज्वलन्त नमुना प्रस्तुत गर्न सफल भएका छन् भने वर्णविन्यासगत रूपमा भने कवि कही कतै चुकेका हुन् कि भन्ने लाग्दछ । उनका कवितामा आज्ञार्थक क्रिया, सम्भावनार्थक क्रियाजस्ता शब्दहरूमा वर्णगत सम्बन्ध बिग्रेको जस्तो लागेपनि कविता सङ्ग्रह भाषाशैलीका हिसाबले सरल, सहज, लयात्मक र बोधगम्य बन्न पुगेको छ ।

## ५.४. निष्कर्ष

कवि लोकनाथ पुडासैनी मूलतः समसायिक धाराका प्रगतिवादी कवि हुन् । उनको **संविधान अवसान** कविता सङ्ग्रहका कविताको अध्ययन गर्दा यस सङ्ग्रह बहुआयमिक दृष्टिकोण समेटिएको कविता सङ्ग्रहका रूपमा अध्ययन गर्दा फरक नपर्ला । स्वच्छन्दवादी तथा प्रगतिवादी धारामा आबद्ध हुँदै समसामयिक युगको प्रतिनिधित्व गर्न कविता सङ्ग्रह सक्षम भएको छ । यथाकता उनका कविताको यथार्थवादी धारा पनि भेट्न सकिन्छ । विशेष गरी २०४१ सालपछिको राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक अवस्थाको चित्रण गर्दै मानवीय चरित्रको अध्ययन गर्न कविता सङ्ग्रह सक्षम देखिन्छ ।

कवि पुडासैनीको धेरैजसो कविताहरू प्रगतिवादी चिन्तनले ओतप्रोत भएका छन् । उनीले समाजमा शोषित वर्गको प्रतिनिधित्व कवितामार्फत् गरेका छन् । उनका कवितामा प्रत्येक विषयले वा प्रत्येक कविताले प्रगतिका स्वर उरालेका छन् । यसका साथसाथै उनका कवितामा स्वच्छन्दवादी चिन्तन पनि प्रशस्त मात्रामा देख्न सकिन्छ । कविता लेख्दै जाने क्रम भावमा बहदा शीर्षक एकातिर र भाव अर्कोतिर

पनि हुन पुगेको हो कि जस्तो लाग्छ तर कवितामा भने स्वतःस्फूर्त रूपमा शीर्षक र भावको मेल गराएका छन् ।

कवि लोकनाथ पुडासैनीको कतिपय कवितामा मानवीय र प्रेमप्रणयको भाव पाइन्छ । यिनका कवितामा राष्ट्रप्रेम झल्किनुका साथै अन्तर्राष्ट्रिय चासो समेत देख्न सकिन्छ । आशावादी कवि पुडासैनीका कवितामा व्यङ्ग्य र विद्रोहको स्वर उरालिएको छ । यिनका कवितामा राष्ट्रमा व्याप्त अन्याय र अत्याचारका विरुद्ध आक्रोश व्यक्त गर्नुका साथै खराब नेताहरूप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । कवि पुडासैनीले कवितामा कतै स्वच्छन्दवादी, कतै प्रगतिवादी, कतै यथार्थवादी र कतै राष्ट्रवादी स्वर पाइनुका साथै समग्रमा मानवतावादी, विसङ्गतिवादी अस्तित्ववादी स्वर पाइन्छ । मझौला आकारका कवितादेखि केही मुक्तक भन्न मिल्ने खालका कवितासम्म यस सङ्ग्रहमा सङ्ग्रहित छन् । अभ्यासिक साहित्यिक यात्रा पार गर्दै यिनले पहिलो कविता सङ्ग्रह **संविधान अवसान** प्रकाशनमार्फत् आफूलाई प्रतिभाशाली कविका रूपमा उभ्याएका छन् । २०४१ सालदेखि नेपाली साहित्याकाशको कविता विधामा कलम चलाउन थालेका कवि पुडासैनीले **संविधान अवसान** कविता सङ्ग्रहमार्फत् राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश सार्वजनिक जीवन, मानवीय चाहनाका प्रसङ्गप्रति कलात्मक प्रहार र सुन्दर सिर्जनात्मक अभिव्यक्ति प्रदान गरेका छन् ।

कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कवितामार्फत् अवसरवाद, कृपावाद नातावाद, स्तुतिवाद र समाजमा हुने विसङ्गति, विकृति विरुद्ध सबैलाई एकजुट हुन आव्हान गरेका छन् । कविले आफ्ना ६३ वटा गद्य शैलीका कवितालाई बिम्बप्रतीकको माध्यमले लयात्मक बनाउँदै सरल र सहज भाषाशैलीको प्रयोग गरी सामान्य पाठकले बुझ्न सक्ने किसिमका कविता रचना गर्नु यिनको विशेषता हो । उनको यो सङ्ग्रहमा सामाजिक विकृति र विसङ्गतिप्रतिको व्यङ्ग्य विद्रोहसहित देशप्रेम, राष्ट्रिय चिन्तन सांस्कृतिक चिन्तन, प्रकृतिप्रेम, ग्रामीण परिवेश, कृषिजस्ता विषयले कविता सङ्ग्रह उत्कृष्ट बन्न पुगेको छ ।

# अध्याय - छ

# लोकनाथ पुडासैनीको 'संविधान अवसान' कविता सङ्ग्रहको मूल्याङ्कन

## ६.१. परिचय

यस अध्याय अन्तर्गत कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** (२०६९) कविता सङ्ग्रहमा सङ्कलित कविताहरूको प्राप्ति र वैशिष्ट्यहरूको अध्ययन विश्लेषण गरिएको छ । साहित्यका विभिन्न विधामध्ये कविता प्राचीन र लोकप्रिय विधा हो । कवितामा रसात्मक अनुभूतिलाई लयात्मक ढङ्गबाट प्रस्तुत गरिने सशस्त्र माध्यम हो । कवितालाई लयात्मक प्रसङ्गबाट पनि प्रस्तुत गरिन्छ । कविले आफ्नो मनको अनुभूतिलाई भाषिक, लयात्मक र कलात्मक ढङ्गले अभिव्यक्ति गरिएको सिर्जनात्मक अभिव्यक्ति कविता हो । कविताले मानव जीवनको गहिराइसम्म पुगेर उत्पन्न भएका अनेक भावलाई अर्को मानव मनमा प्रवेश गराई बौद्धिक र हार्दिक भावको प्रकट गराउँछ । कविता नेपाली साहित्य विधाको सबैभन्दा पुरानो र सशक्त विधा हो । कविताले मानव मनमा उत्पन्न भएका सम्वेदनालाई कलात्मक तरिकाले अभिव्यक्ति गर्ने काम गर्छ । कविता विधा सबैभन्दा पुरानो विधा भए पनि अहिलेसम्म उत्तिकै लोकप्रिय र कर्णप्रिय बन्न पुगेको छ । कवितालाई विभिन्न विद्वान्हरूले अनेक प्रकारका वा विभिन्न प्रकारका परिभाषा र सैद्धान्तिक मान्यतामा राखेर कवितालाई जाँच्ने, पर्घेल्ने वा हेर्ने गरेका छन् । विद्वान्हरूका अनुसार कविता संरचनागत मेलबाट संरचनात्मकगत कविताको निर्माण हुन्छ । कवितामा भाव, विचार, व्यङ्ग्य, विषयता र भाषागत श‍ृङ्खलाको क्रमबद्ध योजनाले मात्रै कविताको निर्माण हुन सक्छ । कविता अरु विधाभन्दा भिन्न प्रकारको बनाउनको लागि लयात्मक र भाषाशैलीले यसलाई साथ दिएको हुन्छ । कविता लय, भाषा, भावको संरचनामा एउटा कविताको निर्माण भएको हुन्छ । कविताको शीर्षक संरचना, भाव, लय, भाषाशैली, विषयवस्तु, बिम्ब, प्रतीक, कथनपद्धति आदिबाट कविताको स्वरूप तयार भएको हुन्छ । कविताको सैद्धान्तिक मान्यता आउने यी कविताको मुख्य तत्त्वहरूका आधारमा कवि लोकनाथ पुडासैनीको **संविधान अवसान**

कविताको सङ्ग्रहमा पाइने प्रवृत्तिगत विशेषताहरूलाई संक्षिप्त रूपमा कोट्याउने काम गरेको छु । यस कवितामा प्रयोग भएका रचना प्रकाशन सन्दर्भ, शीर्षक, संरचना, विषयवस्तु, लयविधान, भावविधान, व्यङ्ग्य चेतना, सामाजिकता, सांस्कृतिकता, बिम्ब, प्रतीक र भाषाशैलीमा केन्द्रित भएर पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहका कविताहरूको समग्रमा मूल्याङ्कन गरिएको छ ।

## ६.२. रचना तथा प्रकाशन सन्दर्भ

कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रह पहिलो कृति हो । संविधान अवसान कविता सङ्ग्रहमा वि.सं. २०४१ देखि २०६९ जेठ महिनासम्मका कविताहरू समेटिएका छन् । कविले जीवनमा भोगेका, देखेका र अनुभव गरेका सामाजिक, राजनीतिक, व्यङ्ग्यात्मक जस्ता गहन विषयवस्तु ग्रहण गरेका ६३ वटा गद्य कविताहरूको सङ्ग्रह २०६९ साल असार महिनामा प्रकाशित भएको हो । यी कविताहरू विभिन्न पत्रपत्रिकामा विभिन्न समयमा प्रकासित भएका तथा अप्रकासित सबैलाई कवि पुडासैनीले किताबको आकार दिई प्रकासित गरेका हुन् । यस सङ्ग्रहको प्रथम संस्करण २०६९ सालमा असारमा उहाँकी श्रीमती कमला पुडासैनीले प्रकाशन गरेकी हुन् । यो प्रकाशनको आवरणकला टाइम्स क्रियसन, पुतलीसडक काठमाडौँले गरेको हो भने यसको सम्पादन प्रा.डा.कृष्णप्रसाद दाहालले गरेका हुन् । यस कविता सङ्ग्रहको प्रकाशक श्रीमती कमला पुडासैनी हुन् भने वितरक पाँच पोखरी बुक स्टोर न्यूरोड, काठमाडौँ हो (भलै उसले कुनै सहयोग नगरेको गुनासो गर्छन् कवि पुडासैनी) । यो कविता सङ्ग्रहको सर्वाधिकार रचनाकारमा रहेको छ भने यो कृतिको लेआउट श्री हिमाल जि.सी.ले गरेका छन् । यो कविता सङ्ग्रहको मुद्रक बगलामुखी अफसेट प्रेस, कोपुण्डोल, ललितपुरले गरेको हो ।

**संविधान अवसान** कविता सङ्ग्रहको भूमिकामा प्रा.डा. कृष्णप्रसाद दाहाल, उप प्रा. पुण्यप्रसाद शर्मा, धरानका पूर्व मेयर ध्यानबहादुर राई र मदन पुरस्कार विजेता गोपाल पराजुलीहरूको ओजपूर्ण भनाइले कविता सङ्ग्रहको सौन्दर्य बढाएको छ । यस सङ्ग्रहमा समावेश गरिएका कविताहरू कतिबेला लेखिएका हुन् भन्ने कुरा कवितामा उल्लेख नगरेकाले कुन बेला वा कहिले रचना गरिएको हो भनेर पत्ता लगाउन गाह्रो छ । त्यसको बाबजुद पनि कविताले समाजमा रहेका अनेक विषय र

प्रकृतिको मनोरम दृश्यले व्यक्त गर्ने अदृश्य भावनालाई कविले कवितामार्फत् अभिव्यक्त गरेका छन् । वि.सं. २०४१ सालदेखि २०६९ साल जेठ महिनासम्मको राजनीतिक परिस्थिति, त्यसले उत्पन्न गरेको अन्याय, अत्याचार, दमन, शोषण, उत्पीडन, सामाजिक विकृति, विसङ्गतिप्रति सचेत गराउँदै त्यसका विरुद्ध एकजुट हुन आव्हान गर्नुका साथै त्यस प्रवृत्तिप्रति चोटिलो व्यङ्ग्य प्रहार गरी समुन्नत समाजको स्थापना गर्न आजैबाट लाग्नुपर्ने आवाज उठाएका छन् । कवितामा राजनीतिक, सामाजिक, प्राकृतिक आदि विषयवस्तुका साथसाथै प्रेमप्रणयलाई समेत केही स्थान दिन भ्याएका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा रहेर लेखिएका पुडासैनीका कविताले समसामयिक सन्दर्भलाई प्रतिनिधित्व गरेका छन् ।

## ६.३. अन्तर्वस्तु विधान

कवि लोकनाथ पुडासैनीले **संविधान अवसान** कविता सङ्ग्रहमा समसामयिक विषयवस्तुको उठान गरिएको छ । समाजमा घटेका जल्दा बल्दा विषयवस्तुलाई कविले टपक्कै टिपेर आफ्नो कविताको विषयवस्तु बनाएका छन् । कविता सङ्ग्रहमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिवेशमा भएका महत्त्वपूर्ण विषयवस्तुमा टेकेर कवि पुडासैनीले नेपाली समाजभित्र रहेका विद्यमान विकृति, विसङ्गति, अन्याय, अत्याचार, आँसु-हाँसो, शोषण, दमन, थिचोमिचो, घातप्रतिघात, पीडा, रोदन आदिको जरो समातेर यथार्थलाई उद्घाटन गरेका छन् । उनले विभिन्न विषयमा कलम चलाएर समसामयिक युगको आवाज कवितामार्फत् व्यक्त गरेका छन् । कविले जीवन जगत्का वास्तविकतालाई नजिकैबाट नियालेर यस सङ्ग्रहको अन्तर्वस्तु छनोट गरेको पाइन्छ । समाजका सानाभन्दा साना प्रसङ्गलाई पनि कविले मिठासपूर्ण ढङ्गले कवितामा उठाएर सबैलाई सचेत गराएका छन् । पुडासैनीको कविता सङ्ग्रहको अध्ययन गर्दा स्वच्छन्दतावादी, प्रगतिवादी, यथार्थवादी, राष्ट्रवादी, प्रकृतिप्रेमी, व्यङ्ग्यात्मकता, सांस्कृतिक, सामाजिक एवम् सुधारवादी स्वर स्पष्ट देख्न सकिन्छ । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक विषयवस्तुका सूक्ष्म दृष्टि दिँदै तिनमा देखिएका विसङ्गतिलाई हटाउनु पर्ने विचार कविले अगाडि सारेको पाइन्छ । यहाँ कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहका विभिन्न विषयहरूमध्ये मुख्य मुख्य विषयहरूमा केन्द्रित रहेर विश्लेषण गरिएको छ ।

## ६.४. ऐतिहासिक

कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहका कविताले कविता एक भाव अनेक सम्प्रेषण गर्न पुगेका छन् । उनका कवितामा समसामयिक विषयवस्तु मात्र उठान नगरेर ऐतिहासिक विषयवस्तुलाई पनि समसामयिक विषयसँग तुलना गरेर उनले कविता लेखेका छन् । उनका कवितामा ऐतिहासिक विषयवस्तुका बिम्ब र प्रतीक प्रयोग गरेर वर्तमान समयमा व्यङ्ग्य प्रदान गर्न सफल भएका छन् । नेपाल आमाले १०४ वर्षे राणाशासनदेखि पञ्चायती व्यवस्थाको सकस समेत खेप्नु पर्‍यो । त्यति बेलादेखि नै नेपाली जनताहरूले शोषण, अन्याय र अत्याचारहरू सहँदै आउनुपर्‍यो । कविले कवितामा नेपालमा हुनुपर्ने विकास, नेपाली जनताले पाउनुपर्ने अधिकार र स्वतन्त्राको आवाज कवितामार्फत् व्यक्त गरेका छन् । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरिदिए । नेपाललाई विशाल बनाई दिए तर त्यसलाई जोगाइ राख्न सकेनन् हाम्रा देशका अगुवा भनाउँदा नेताहरूले । भीमसेन थापाले आफूभित्र रहेको देशभक्त देखाउन खोज्दा अपमानित भई आत्महत्या गर्न बाध्य बनाइयो । इतिहासलाई नियाल्दा उछिनपाछिन मारकाट सत्ता हात पार्ने दाउ, जो सत्तामा पुग्छ, उही मोजमस्ती गर्ने जस्ता प्रवृत्तिहरू पहिलेदेखि अहिलेसम्मै विद्यमान रहेका छन् । देशमा प्रजातन्त्र आए पनि परिपाटी र देशको व्यवस्था भने पहिलाको भन्दा केही फरक भएको छैन । मोजमस्ती गर्ने र देशलाई लुट्नेहरूले अहिले पनि लुटिरहेका छन् । कोही एकाध लुट्ने पात्रहरू फेरिएका छन् । सत्ताको लागि हानाथाप र उछिनपाछिन अहिले पनि चलिरहेको छ । चाहे राणा शासन होस्, चाहे पञ्चायती व्यवस्था होस् वा प्रजातान्त्रिक व्यवस्था, फरक केही भएको छैन । राणा शासन र पञ्चायती व्यवस्थामा नेताहरू कम हुन्थे भने अहिले ठुटे नेताको सङ्ख्या चाहिँ वृद्धि भएको छ । फरक यत्ति हो । जनताले खोजेको र चाहेको संविधान अझसम्म पनि नेताले दिन सकेनन् । जनताले रोजेको व्यवस्था र विकास हाम्रो देशमा अझसम्म हुन सकेन । बल्लतल्ल संविधान सभाको चुनाव भएको थियो त्यो पनि नेताहरूको अकर्मण्यता र नालायकीपनले गर्दा अवसान हुन पुग्यो भन्दै कविले **संविधान अवसान** कविता सङ्ग्रहमा अगाडि यसरी लेख्छन्:

संविधानसभाको अवसान गरेर
गोहीको आँसु बगाउँदै

सार्वभौम नेपालीको माथमा
जङ्गबहादुरीय तान्डव नृत्य प्रदर्शन गर्ने
ए संघीय नेपालका कथित हिमायतीहरू हो !
यतिखेर
नेपाली जनता
कोसी र गण्डकी आँसु बगाउँदै
संविधान अवसानको
उत्तर खाजिरहेका छन् ।

(**संविधान अवसान**, २०६९:४६)

## ६.५. सामाजिक विषय

कवि लोकनाथ पुडासैनीले मानवीय नियति, सङ्घर्ष, जीवन दृष्टिकोण आदिलाई लिएर थुप्रै कविताको सिर्जना गरेका छन् । अतीत र भविष्यलाई नियाल्दै आफ्नो यात्रा सञ्चालन गर्नुपर्ने परिस्थितिको चित्रण उनका कवितामा भएको पाइन्छ । राष्ट्र, राष्ट्रियता र देशभक्तिको भावना सामाजिक परिवेशमा रहेर पूरा गर्नुपर्ने विचार अगाडि सारेका छन् । पुडासैनीले समाजमा देखेका र आफूले जीवनमा प्रत्यक्ष भोगेका कुराहरूलाई विषयवस्तु बनाएर कविता लेख्ने कवि हुन् । समाज परिवर्तनशील छ, त्यही परिवर्तनसँग समाज वा त्यहाँका मानव समुदाय पनि चल्न सक्नुपर्छ भन्ने भावना कविको रहेको छ । नेपाली समाजमा देखा परेका रुढीवादी परम्परा, अन्धविश्वास, कुरीति र कुसंस्कारले समाज र नेपालीहरूको हित गर्दैन भन्दै यस्तो खराब संस्कारको जरैदेखि उखलेर फ्याक्न कविले कवितामार्फत् आग्रह गरेका छन् । एक्काइसौं शताब्दीमा आएर पनि समाजमा हुने विकृतिलाई नै आत्मसाथ गर्ने हो भने हाम्रो समाज कहिले रूपान्तरित हुने भन्दै समाजमा देखिने असमनता, कुसंस्कार, जातभात, छुवाछुत र गलत प्रवृत्तिको अन्त्य गर्न सक्नु पर्छ । कविले उक्त समस्याको समाधान शिक्षाको ज्योति बालेर गर्न सकिन्छ भनी उल्लेख गरेका छन् । यस्ता खराब प्रवृत्तिबाट समाजलाई जोगाउन सकिएन भने समाज त बिग्रन्छ बिग्रन्छ त्यसको असर समग्र देशमा पनि पर्न सक्छ । मानिसमा भ्रम, अन्धविश्वास, गलत प्रवृत्ति रहेसम्म समाजको उन्नति र प्रगति सम्भव छैन भन्दै परिवर्तनका लागि कविले **संविधान अवसान** कविता सङ्ग्रहमा यसरी लेख्छन्:

आस्था बोकेर तीर्थाटन गर्न जाँदा
दुर्घटना सँगै मृत्युवरण गर्ने
निर्दोष तीर्थालु आत्माहरूले
बाच्नेहरूको समवेदना बाहेक
चौरासी लाख जुनी पार नगर्दै
मुक्तिको मार्ग भेट्न सक्लान् ?

(**संविधान अवसान, २०६९:१०३**)

हवन कुण्डलाई साक्षी राखी
घरबार बसाएकाले
तिनका बोलीमा लोली मिलाई
सिको गर्न बाध्य
ठूलीआमा, काकी र
गन्धे बाबुहरूसँग
साँझको रमझममा रम्न अभिशप्त
कैयन आमाहरू पनि
अबोध बाल हृदयमा
ठूलो मान्छे हुन् ? ? जानी नजानी
आशीर्वादको साटो
कालकुट विष पिउने
सन्देश दिइरहेछन् ।

(**संविधान अवसान, २०६९:११०**)

## ६.६. प्रकृति चित्रण

कवि लोकनाथ पुडासैनीको विभिन्न प्रवृत्तिमध्ये प्रकृतिप्रेम पनि एउटा प्रवृत्ति हो । उनले कवितामा प्रकृतिलाई मानव बनाएर कविता रचना गरेका छन् । प्रकृतिमा हुने फेरबदल, प्रकृतिको रमाइलो वातावरण र दृश्यावलोकन नै कविको कविताको विषयवस्तु बनेका छन् । कविलाई वनपाखा, झरना, छहरा, हरियो वन, फूल बास्ना, लता, रुख बिरुवा आदिसँग भलाकुसारी गर्दै कविता लेखेका छन् भने कतै नदीनालाको ज्यादतिले गाउँघर बगाएकोमा भने विरक्त हुँदै कविता लेख्न

समेत पुगेका छन् । उनका धेरै कवितामा प्रकृतिको मधुरताको वर्णन पाइन्छ । उनी प्रकृतिप्रेमी कवि भएकाले प्राकृतिक सौन्दर्य र त्यसको मूल्य मान्यतालाई सधैं सम्मान गर्नुपर्छ भन्ने पक्षमा छन् । प्राकृतिक सौन्दर्यभित्र मानवीय सुन्दरता लुकेको हुन्छ, भन्दै कविले प्रकृतिको विशाल छातीभित्र आफूलाई हराउन चाहन्छन् । प्रकृतिविना मान्छेको कुनै अस्तित्व छैन भन्ने कविले प्रकृतिको खुलेर प्रशंसा गरेका छन् । यसको सदैव जर्गेणा गर्नुपर्ने कुरा पनि कविले कवितामार्फत् उल्लेख गरेका छन् । पुडासैनीले **संविधान अवसान** कविता सङ्ग्रहमा प्रकृति चित्रणलाई गहनताका साथ उठाएका छन् । पुडासैनीले प्रकृति चित्रणलाई महत्त्व दिएर संविधान अवसान कविता सङ्ग्रहमा लेखिएका कवितामध्येको एक टुक्रा कवितालाई यसरी हेर्न सकिन्छ :

कहिल्यै प्रकाश न छिरेका
अँधेरी खोला र
डाँडापाखाका खोंचहरूमा
पन्छाउनै नसकिने
काई र लेउहरू जमेका छन्,
भूँइकुहिरोले छपक्कै छोपिएका
भिरकुनाका बस्तीहरूमा
पलाएका कलिला मुनाहरू
अव्रत किरणका अभावले
जमराजस्तै भएका छन् ।

(**संविधान अवसान**, २०६९:६२)

## ६.७. राजनीतिक विषय

कवि लोकनाथ पुडासैनीको कविताको मुख्य विषय नै राजनीतिक हो । राजनीतिक उतार चढावले देशमा परेको असरलाई कवितामार्फत् उद्घाटित गरेका छन् । नेपाली समाजमा हरेक क्षेत्रमा राजनीतिकको बोलबला चल्छ । बिना राजनीतिको कुनै पनि क्षेत्र पाउन असम्भव छ । हरेक क्षेत्रमा राजनीति चल्छ । त्यसै अनुरूप कविले आफ्नो कविताको विषयवस्तुलाई राजनीति बढी छानेका छन् । आफूले प्रत्यक्ष देखेका र भोगेका कुराहरूलाई विभिन्न बिम्ब र प्रतीकले सजाउँदै कवितालाई उर्वर बनाएका छन् । कविले देशको राजनीतिको गतिविधिलाई

नजिकबाट नियाल्दै त्यही अनुसारका कविता सिर्जना गरेका छन् । उनले आफ्नो कविता सङ्ग्रहको नाम नै **संविधान अवसान** भन्ने शीर्षक जुराएका छन् । त्यसैले उनका कवितामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कतै न कतै राजनीतिक विषयले पदार्पण गरेको छ । राजनीतिक विकृति विसङ्गतिले देशलाई क्षतविक्षत बनाएको प्रसङ्गलाई कवितामा कुनै न कुनै रूपमा आएका छन् । असक्षम नेताको फितलो नेतृत्वले देश बिग्रदै गएको यथार्थतिर कविले आफ्ना कवितामा सङ्केत गरेका छन् । पञ्चायत, बहुदलीय व्यवस्था, लोकतन्त्र र गणतन्त्रसम्मको कालखण्डमा आइपुग्दा समेत नेता पुरानै, उनीहरूको चाल पुरानै देखेर कविले आफ्ना कवितामा चोटिलो व्यङ्ग्य समेत हान्न भ्याएका छन् । कविले देशको समसामयिक राजनीतिक अवस्थाले असल खराब पक्षलाई केलाउँदै जनताको आवाज बुलन्द गर्नुपार्ने सुझाव पेस गरेका छन् । राजनीतिमा देखिएको उतार-चढाव, अस्थिरता, हत्याहिंसा आदि विषयमा कविता रचना गर्दै समाजलाई अग्रगतिमा लैजानुपर्ने विचार पुडासैनीले राखेका छन् । राजनीतिक परिवर्तनको महसुस नेपाली जनताले गर्न नपाएको यथार्थतिर सङ्केत गर्दै अब नेपाली जनताले स्वतन्त्रपूर्वक राजनीतिक अनुभूति गर्न पाउनु पर्ने भन्दै कविले **संविधान अवसान** कविता सङ्ग्रहमा यसरी लेख्छन्:

सावधान
ए देशभक्त इमान्दारहरू हो !
ए क्रान्तिका जुझारु योद्धाहरू हो !
होस गर !
कतै तिम्रो देशको
अस्मिता लुटिएला,
विखण्डनको भेलमा
धसाई देलान् पातालमा ।

**(संविधान अवसान, २०६९:६)**

## ६.८. सांस्कृतिक विषय

कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहका कविताहरूले कविता एक भाव अनेक बोकेका छन् । लोकनाथ पुडासैनीले प्रत्यक्ष भोगेका वा प्रत्यक्ष देखेका घटनाहरू आफ्नो कविताको विषयवस्तु बनाएका छन् ।

नेपाल बहुभाषी, बहुसंस्कृति र बहुजातीय भएको एक यस्तो मुलुक हो, जहाँ हरेक भाषा र संस्कृतिको उत्थान हुन्छ । जुनसुकै जातिको संस्कृति भए पनि समाजमा राम्रो छाप छोड्ने खालको संस्कृतिलाई सबै जातिले आफ्नो संस्कृति मानेर त्यसको सम्वर्द्धन गर्ने गर्दछन् । त्यही भएर पनि लोकनाथ पुडासैनी यी विविध संस्कृतिबाट टाढा रहेर कविता रचना गर्न असमर्थ छन् । कतै न कतैबाट उनका कवितामा यी विविध संस्कृतिको झल्को देख्न पाइन्छ । समाजमा हुने अनेक किसिमका संस्कृतिलाई नजिकबाट नियालेका कविले आफ्ना कवितामा पनि त्यसको प्रभाव छोडेका छन् । धर्म, संस्कृति र रीतिरिवाज भन्ने कुरा हरेक देश र समाजको हुन्छ । त्यसलाई कसरी मनाउने वा पालना गर्ने भन्ने कुरा होसियार भएर सोच्नु पर्नेतर्फ सङ्केत गरेका छन् । देशको राजनीतिसँग संस्कृतिलाई जोडेर देशमा हत्या हिंसाले प्रश्रय पाएका बेला संस्कृतिको महत्त्व फितलोतिर सचेत गराएका छन् । हामीले संस्कृतिका नाममा खराब कुरालाई बढावा दिन हुँदैन भन्दै असल संस्कृतिको मात्र अनुशरण गर्नुपर्ने विचार राखेका छन् । संस्कृतिसँग शिक्षाको नाता जोडिएकोले शिक्षाको विकास भएमा संस्कृतिको रक्षा हुने कुरा कविले आफ्ना कवितामा उठाएका छन् । अचेल संस्कृति रक्षाको नाममा हुने गरेको विकृतिलाई कविले सङ्केत गर्दै आफ्ना कवितामा संस्कृति रक्षा गर्नुपर्ने तर भड्किलो वा समाजलाई विकृत पार्ने खालको नभई असल र सभ्य तरिकाले संस्कृतिको रक्षा गर्न सके नेपाली समाजको उत्थान हुने कुरामा विश्वास राखेका छन् । कविले यसै प्रसङ्गमा एउटा संस्कृतिको जगेर्णा गर्दा अर्को संस्कृतिलाई हानि पुऱ्याउनु हुँदैन । हामी सबै नेपाली हौं । चाहे पहाडका हौं, चाहे हिमालका हौं वा तराईका हौं । हिमाल, पहाड, तराई जहाँ जुन संस्कृति माने पनि त्यो हो हाम्रो देश नेपालको संस्कृति, हाम्रो हिमालको संस्कृति, त्यसलाई रक्षा र सम्वर्द्धन गर्नु हामी सबै नेपालीको जिम्मेवारी हो भन्दै कवि पुडासैनीले **संविधान अवसान** कविता सङ्ग्रहमा यसरी लेख्छन् :

हिमाल, पहाड, तराईका
बलैँसी, करेसा र आँगनहरूमा
गोदावरी भूइचम्पा, जाइजुही
लालुपाते र गुराँस उमार्दै
लामा, पादरी, मैलामा, मौहल्वी

भिक्षु, पण्डित, पुजारी आदि मिलेर
मठ-मन्दिर गिर्जाघर
गुम्बा र मस्जिदहरू सबलाई
रङ्ग्याउँदै उजिल्याउँदै
कुँडा कर्कट बढारेर
बेहुली जस्तै सिगार्नु पर्दछ,
कुरान, बाइवल, मुन्धुम
वेद, पुराण, त्रिपिटक आदि ग्रन्थहरू
अध्ययन गर्ने खुला पाठशाला
सगरमाथाको धुरीदेखि
दशगजाका सीमानामा खाँवो गाडी
एउटै पालीमा भाँटाहरू भट्याउँदै
छानो छाएर सबैले ओतमा
थरिथरिका विचारोत्तेजक पुस्तकहरू
सङ्ग्रहित गर्न सकिने
विशाल पुस्तकालय स्थापना गर्नुपर्छ,
कहिल्यै नमक्किने सिन्को उनेर
मधेसी, पहाडी, थारु, मुस्लिम
सबै,
जाति जनजाति र सिमान्तकृत
नेपाली जातका पातहरूको
एउटै टपरी गाँस्नु परेको छ ।

(**संविधान अवसान, २०६९:११५**)

## ६.९. व्यङ्ग्यात्मक दृष्टिकोण

कवि लोकनाथ पुडासैनीले **संविधान अवसान** कविता सङ्ग्रहको मुख्य विशेषता समाजको हरेक क्षेत्रमा व्यङ्ग्य गर्दै सुधारको अपेक्षा राखेका छन् । उनका कविताको मुख्य विषय भनेको बिम्ब र प्रतीकको प्रयोग गर्दै समाजमा भइरहेको विकृति र विसङ्गतिप्रति चोटिलो व्यङ्ग्य प्रदान गर्न सक्षम रहेका छन् । समाजमा

हुने विकृति, विसङ्गति, शोषण, अन्याय, अत्याचार, हिंसा, हत्या, पीडित र पिल्सिएको जीवनप्रति सहानुभूति व्यक्त गर्दै आफ्ना कवितामार्फत् सम्पूर्ण पीडितको घाउमा मलम लगाउने काम कवितामा गरेका छन् । समाज सुधारको अपेक्षा राख्दै आफ्ना कवितामा कविले सामाजिक, राजनीतिक, सांस्कृतिक, राष्ट्र र राष्ट्रियतालाई विकृत पार्नेहरूप्रति सचेत गराउँदै आम जनसमुदाय बीच व्यङ्ग्यमार्फत् वास्तविक चित्र छर्लङ्ग पारिदिएका छन् ।

सामान्यतया सिधा र सोझो भनाइबाट भन्दा घुमाउरो तरिकाबाट व्यक्त गर्ने शैलीलाई व्यङ्ग्य भनिन्छ । साहित्य लेखनमा साहित्यिक व्यक्तिहरूले व्यङ्ग्यात्मक शैलीबाट समाजका विकृत र विसङ्गतिलाई पाठकसामू पुऱ्याउने गर्दछन् । समाजका खराब चरित्र, कार्य चालचलनलाई व्यङ्ग्य प्रहारद्वारा सही बाटोमा हिँडाउने कोसिस कविहरूले गरिरहेका हुन्छन् । कवि लोकनाथ पुडासैनीले पनि आफ्ना अधिकांश कवितामा समाज सुधारका व्यङ्ग्य प्रहार बारेका छन् । अति गर्नु, अत्याचार नगर्नु भन्दै कवितामार्फत् समाजमा भएका हरेक कुरामा नजर राखेर व्यङ्ग्य प्रदान गरेका छन् ।

कवि लोकनाथ पुडासैनीले आफ्ना कवितामार्फत् समाजलाई सही बाटोमा हिडाउन समाजका खराब तत्त्वहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् । विशेष गरी राजनीतिमा देखिएको अन्योल, अन्याय, अत्याचारप्रति कविले मुटु छुनेगरी च्वास्स घोच्ने भाषाको प्रयोग गरेर मिठो व्यङ्ग्य गरेका छन् । सामाजिक, आर्थिक, राजनीतिक, संस्कृति, धार्मिक आदि विषयका सन्दर्भमा देखिएका विकृति र विसङ्गतिप्रति तिखो व्यङ्ग्य गर्नु कवि पुडासैनीको विशेषता हो । निराशवादी कविताभन्दा आशावादी कविता लेख्ने कवि पुडासैनीका कवितामा व्यङ्ग्य र आक्रोशका स्वर पनि उरालिएको छ । यसका अतिरिक्त समाजमा रहेका विकृतिमा नजर राख्दै आफ्ना कवितामार्फत् समाज सुधारको अपेक्षा गरेर व्यङ्ग्य गरेका छन् । गुम्न लागेको राष्ट्रियता र लुटिन लागेको अस्मिता जोगाउनको लागि कविले जोडदारसँग आवाज उठाएका छन् । जुन **संविधान अवसान** कविता सङ्ग्रहमा यसरी व्यक्त गर्दछन् :

ए पारखीहरू हो,
होस गर !

जरै उखेलिएको
आभाष भए पनि
जुगौ पहिले
पृथ्वीको गर्भभित्र
जरियर बसेका
भुजेत्राहरू,
पाट बन्नु पूर्व
पलाउने मात्र हैन
पुनः झाङ्गिएर
मौलाउने चेष्टा गर्नेछन् ।

**(संविधान अवसान, २०६९: १२८)**

## ६.१०. अन्तर्राष्ट्रिय सन्दर्भ

कवि लोकनाथ पुडासैनीले नेपाली राष्ट्रिय राजनीतिका परिवेश मात्र नसमेटेर अन्तर्राष्ट्रिय परिवेशका चर्चित घटनाहरूलाई दृष्टान्त बनाएर राष्ट्रिय राजनीतिमा देखा परेको विसङ्गतिको पर्दाफास गरेका छन् । कविले राष्ट्रिय सन्दर्भ उठाउनका साथसाथै अन्तर्राष्ट्रिय सन्दर्भलाई पनि स्थान दिएका छन् । देश विदेशमा भएका समसामयिक घटनालाई कवितात्मक रूपमा व्यक्त गर्न खप्पिस पुडासैनीले अन्तर्राष्ट्रिय जगत्मा भएका महत्त्वपूर्ण घटनालाई सहज रूपमा आफ्ना कवितामा उतारेका छन् । अन्तर्राष्ट्रियस्तरमा घटेका मुख्य घटनालाई विषयवस्तु बनाएर आफ्ना कवितामा प्रतीकका रूपमा सजाएर कविले कविताको कथ्यलाई विषयवस्तु बनाएर नेपाली राजनीतिमा देखिएका ढिलासुस्ती र विसङ्गतिलाई कविले आफ्ना कवितामा सन्देशमूलक बनाएर सजाएका छन् । अन्तर्राष्ट्रिय परिवेशमा घटेका घटनालाई नेपाली राजनीति क्षेत्रमा नघटोस भनेर कविले आम नेपालीहरूलाई र हाम्रा देशका नेतालाई सजग तुल्याएका छन् । जुन कविले **संविधान अवसान** कविता सङ्ग्रहमा यसरी व्यक्त गरेका छन् :

मनोन्मत्त साँढेहरू
विकृत नसाले चुर भएर
बोको काट्ने नाममा

आफ्नै गर्धन काटिरहेछन्,
हिटलर एक जमानामा फलामकै मान्छे थियो
तर इतिहासमा पानीको फोका झैं फुट्यो
सावधान !
अर्को हिटलर यल्तसिन को कोखमा जर्जबुशको
पराग बनेर गर्भाधान भएको छ ।

(**संविधान अवसान**, २०६९: ७)

## ६.११. स्वच्छन्दतावादी

कवि लोकनाथ पुडासैनी स्वच्छन्दतावादी तथा प्रगतिवादी धारमा टेकेर समसामयिक विषयवस्तुमा कविता लेख्ने एक स्तम्भ हुन् । उनले नेपाली साहित्य जगत्मा गोपालप्रसाद रिमालले सुरुवात गरेका गद्यशैलीलाई आत्मासाथ गरेर गद्यशैलीलाई इँटा थप्ने काम गरेका छन् । समाजको वास्तविकतालाई राजनीतिक कोणबाट निहालेर यथार्थवादी ढङ्गले आफ्ना कवितामा व्यक्त गरेका छन् । कवि लोकनाथ पुडासैनीले लक्ष्मीप्रसाद देवकोटाले सुरुवात गरेका स्वच्छन्दतावादी धारालाई आत्मसाथ गर्दै उनले आफ्ना कविताहरू सिर्जना गरेका छन् । पुडासैनीले आफ्ना कवितामा यथार्थको झलक दिनुका साथै समाजलाई अग्रगमनतर्फ सङ्केत गरेकाले यिनका कवितामा स्वच्छन्दतावादी-प्रगतिवादी चिन्तन देख्न सकिन्छ । समाजको वास्तविक पक्षलाई उद्घाटन गर्दै क्रान्ति र परिवर्तनको चाहना गर्ने अग्रगामी शक्तिलाई प्रतिबिम्बित गरी कवि पुडासैनीले तीव्र क्रान्ति चेत र प्रजातान्त्रिक मूल्य-मान्यताको विगुल घन्काउने काम **संविधान अवसान** कविता सङ्ग्रहमा गरेका छन् ।

कवि लोकनाथ पुडासैनीले आफ्ना अधिकांश रचनामा सामाजिक उत्पीडन, थिचोमिचो, अन्याय-अत्याचार, विकृति-विसङ्गति, भ्रष्टाचार आदिको जीवन्त चित्रण उतार्नुका साथै त्यसबाट मुक्तिको आवाज घन्काएका छन् । पुडासैनीले समुन्नत, शान्त, सभ्य, विकसित समाजको परिकल्पना गर्दै मानव मात्रको समृद्धिका निम्ति सचेत र जागरुक हुन प्रेरित गरेका छन् । तसर्थ उनी स्वच्छन्दतावादी-प्रगतिवादी चेतनाका कवि हुन् । समाजको वास्तविकतालाई जस्ताको त्यस्तै सिर्जनामा देखाउने स्वच्छन्द दृष्टिकोण पुडासैनीले आत्मसात् गरेकाले यिनलाई स्वच्छन्दतावादी कवि

भनिन्छ भने ती समाजका वास्तविकतालाई स्विकार्दै अब आउँदा दिनमा समाजलाई अग्रगतिमा लैजानुपर्ने स्वर सुसेलेकाले यिनलाई प्रगतिवादी कवि पनि भन्नु युक्तिसङ्गत देखिन्छ । समाजका वास्तविकतालाई पक्रेर प्रगतिको धारणा राख्ने कवि पुडासैनी आधुनिक कविताको पछिल्लो चरण वि.सं. २०३० देखि यताको समसामयिक धाराका विशिष्ट सर्जक बनेका छन् । पुडासैनीले आफ्नो कविता सङ्ग्रह **संविधान अवसान** कवितामा स्वच्छन्दतावादी-प्रगतिवादी विषयवस्तुका साथै समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयवस्तुलाई उठाएका छन् ।

कवि लोकनाथ पुडासैनीले प्रगतिवादी कवितामात्रै लेखेका छैनन् । आफू पनि प्रगतिवादी राजनीतिमा सक्रिय भई देश र जनताको लागि सेवामा लागेका छन् । कविले राजनीति कुरा बुझ्ने भएपछि उनले सक्रिय राजनीतिक जीवन स्वीकारेका छन् । त्यसैले गर्दा उनले प्रत्यक्ष भोगेका र देखेका घटनालाई आफ्ना कविताका विषयवस्तु बनाएर कविता सिर्जना गरेका छन् । जसले गर्दा उनका कवितामा स्वच्छन्दतावादी-प्रगतिवादी चिन्तन प्रशस्त मात्र पाउन सकिन्छ । उनका कविता सङ्ग्रहले प्रगतिवादी धाराको प्रतिनिधित्व गरेको छ भन्दा फरक पर्दैन । स्वच्छन्दता झल्कने उनको **संविधान अवसान** कविता सङ्ग्रहका कविताको केही अंश यस्ता छन् :

तिमीले बुनेका अग्रगतिका सपना
तिमीले गरेका इमान्दार सङ्कल्पहरू,
भर्खरै पलाउन लागेका पालुवाहरू
मलजल र स्नेह गरी प्रेमले हुर्काऊ,
पढ्नेलाई पुस्तक देऊ
लेख्नेहरूलाई स्वतन्त्रताको कलम देऊ
विकास निर्माणाई गति दिन
उद्यमीलाई वातावरण देऊ
सप्तरङ्गी फूलहरूको बियाड राखी
करेसामा ढकमक्क फूल फुलाऊ,
भन्न र लेख्न चाहे जति
व्यक्त गर्न नसकिने
बग्रेल्ती छन्

मेरा मनका भावना,
फुलोस् फलोस् तिम्रो जीवन
कर्म गर लोभ नगर
यही नै मेरो तिमीलाई
पवित्र शुभकामना ।

**(संविधान अवसान, २०६९: ५)**

## ६.१२. राष्ट्र, राष्ट्रियता र देशभक्तिको दृष्टिकोण

कवि लोकनाथ पुडासैनी **संविधान अवसान** कवितामा देशभक्ति स्वरहरू मुखारकृत गरेका छन् । आफ्नो देश, आफ्नो माटो, सम्पदा, प्राकृतिक स्रोत, गाउँले जीवन भनेपछि हुरुक्क हुने कविले अधिकांश कवितामा राष्ट्र, राष्ट्रियतालाई प्राथमिकता दिएर कविता लेखेका छन् । हाम्रा देशका नेता भनाउँदाले हाम्रो देशको राष्ट्रियता धरापमा पार्दै गएको र जसले गर्दा नेपाली जनताहरूले पाउनुसम्म दुःख पाइरहेको अभिव्यक्ति आफ्ना कवितामार्फत् व्यक्त गरेका छन् । ठूला बडा भनाउँदाहरूले हाम्रो देशको अस्मितालाई विदेशी डलरमा साट्न थालेकोले हाम्रो राष्ट्र र राष्ट्रियता ठूलो सङ्कटमा परेको अभिव्यक्ति दिएका छन् । विदेशीहरूको लहलहैमा लागेर आफ्नो धर्म, संस्कृति, मूल्य र मान्यताहरू धरासायी बनाउँदै आर्थिक सङ्कलन गरेर धन कमाउनेहरूले आफ्नो देशको अस्तित्वमाथि खेलवाड गरेका हुन् भन्दै यस्तो व्यवहार सच्याउन कविले कवितामार्फत् आग्रह गरेका छन् ।

नेपालीहरू असल र सोझा छन् । तर आफ्नो देशको अस्मितामाथि कसैले खेलवाड गर्छन् भने त्यो कुरा कुनै नेपालीलाई सैह्य हुने छैन । आज नेपाली चेलीले बेचिएर विदेशमा गएर आफ्नो अस्मिता लुटाउनु परेको छ । जिन्दगीभर अर्काको बन्धक भएर मर्नु र बाँच्नुको अवस्थाको शिकार हुनु परेको छ । हाम्रो देशको धर्म र संस्कृतिलाई पर सार्दै विदेशीहरूको इसारामा उनीहरूको धर्म अनुसरण गर्नु परेको छ । उपयोगी नेपालका वस्तुहरूमा विदेशी हात पर्दासमेत नेपालीहरू टुलटुल हेरी रहेने अवस्था सिर्जना भएको छ । नेपालका नदी नालाहरू बेचिएका छन् । यहाँका खनिज पदार्थ र बहुमूल्य जडिबुटीहरू नेपालीहरूलाई थाहा नै नदिई विदेशमा प्रशोधन केन्द्र खोलेर अमूल्य वस्तु उत्पादन भइरहेका छन् । स्वार्थमा रमाउनेहरू

आफ्नै नेपाल आमालाई रुवाएर धन कमाउने उद्देश्यले जस्तोसुकै कुकर्म गर्नु परे पनि पछि परेका छैनन् । देशमा भष्ट्रचार बढेको छ । नेताहरू विलासित जीवन बिताउँछन् भने दुर्गम क्षेत्रका नेपाली जनताले एउटा सिटामोल खान नपाएर ज्यान गुमाउनु परिरहेको छ । यी यावत् कुरालाई सङ्केत गर्दै कविले आफ्ना कवितामार्फत् सचेत भएर सच्चा देशभक्त नेपालीहरूलाई उठ्न आग्रह गर्दै **संविधान अवसान** कविता सङ्ग्रहको कवितामा यसरी लेख्छन् :

ए देशभक्त इमानदारहरू हो<br>
ए देशका सच्चा पहरेदारहरू हो !<br>
ए क्रान्तिका जुझारु योद्धाहरू हो !<br>
होस गर,<br>
कतै तिम्रो देशको<br>
अस्मिता लुटिएला<br>
विखण्डनको भेलमा<br>
धसाई देलान् पैतालामा ।

(**संविधान अवसान**, २०६९: ६)

## ६.१३. ग्रामीण जनजीवनको परिवेश

कवि लोकनाथ पुडासैनीलाई **संविधान अवसान** कविता सङ्ग्रहमा गाउँले परिवेशका घटनालाई आफ्ना कविताको विषयवस्तु बनाएर कविता रचना गर्न पनि कविले भ्याएका छन् । कविको जन्म गाउँमा भएको हुनाले उनका कविताहरूमा गाउँले परिवेशको छनक पाउन सकिन्छ । सहरमा भन्दा गाउँमा हुने रमाइलो कुराको स्मृति गर्दै कविले आफ्ना कविताका विषयवस्तु बनाएका छन् । उकालो-ओरालो, बेंसी अनि भन्ज्याङ्गमा गाई चराएको स्मरण गर्दै जङ्गलमा फल्ने फलफूल खाएको जस्ता रमाइला अनुभव समेटेर उनले कविता रचना गरेका छन् ।

कविले आफू जन्मेर हुर्केको गोरखाको जराङ्वेँसीलाई प्रतीक बनाएर त्यस ठाउँ, त्यहाँको रीतिरिवाज र चाल चलनलाई समेटेर आफ्नो कविताको विषयवस्तु बनाएका छन् । यसका अतिरिक्त साथीसङ्गति मिलेर खेलेको, खोलानाला, पहाड, नदी, जङ्गल आदि स्मरण गर्न समेत कविले आफ्ना कवितामा भ्याएका छन् ।

चाडवाड आउँदा सहरमा भन्दा गाउँमा नै रमाइलो हुने कुरा आफ्ना कवितामा व्यक्त गर्दछन् । दसैँको एक महिना अगाडिदेखि नै गाउँमा घर सिगार्ने, बाटो घाटो बनाउने, मन्दिरहरू सफा गर्ने जस्ता परम्परादेखि चलिआएको चलन अहिलेसम्म पनि रहिरहेको कुरा व्यक्त गरेका छन् । केही चाडपर्वमा त सम्पूर्ण गाउँका मानिस भेला भई जागाराम बसी रमाइलो गर्ने चलन पनि यदाकदा गरेको कुरा आफ्ना कवितामा कविले व्यक्त गरेका छन् । गाउँको संस्कृति सहरको भन्दा उत्कृष्ट रहेको कविको ठम्याई छ । त्यसैले कविले **संविधान अवसान** कविता सङ्ग्रहका आफ्ना कवितामा यसरी व्यक्त गर्दछन् :

दसैँको बेला कमेरो छेप्दै
कालो पकाइ, रातो माटोको
प्राकृतिक रंग लगाउँदै
घरको भित्तामा पुरेनी भरेको,
मक्किएका पुराना सबै
पिर्का, पाखुरी, बाहाँ केरेर, नयाँ
होस्टेमा हैंसे, साथीभाइ मिली
लिङ्गे र रोटे पिङ थापेको,
खैंजडी, मादल, झुर्मा बजाई
हाँसखेल गरी रोधी बस्दै
पिङ पनि खेल्दै, झ्याउरे भाकामा
कम्मर मर्काइ रातभरि नाचेको,
गोठालो जाँदा
वनमा पाइने
प्राकृतिक फल
ऐसेलु, काफल
भलायो, भक्केम्लो
क्यामुना, जामुन
अँगेरी, धाँयरी चुस्दा

(**संविधान अवसान**, २०६९:१०१)

## ६.१४. मानवतावादी दृष्टिकोण

कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रहमा रहेका कविताहरूले मानवतावादी दृष्टिकोण पनि व्यक्त गरेका छन् । मानव-मानवमा हुने गरेको असमान खाडललाई कविले सुन्दर व्यङ्ग्य प्रदान गरेर आफ्ना कवितामा मानवतावादी दृष्टिकोण प्रस्तुत गरेका छन् । समाजमा रहेको अन्याय, अत्याचार, शोषण र दमनले गर्दा मानवको अस्मिता हराउन गएकोमा उनले कवितामार्फत् चिन्ता व्यक्त गरेका छन् । दुःख परेका मानवको घाउमा मलम लगाउनुको साटो उल्टो दुःख दिइएको देख्दा कविले आफ्ना कवितामा ती मानवहरूप्रति सहानुभूति व्यक्त गरेका छन् । मानवले आफ्नो संस्कार, रीतिरिवाज र चाल चलन जोगाइ राख्नको लागि पशुवली दिन्छन् । के यो नियम ठिक हो त ? एउटालाई हत्या गरेर अर्कोको आत्मा सन्तुष्ट पार्ने कस्ता खालका देवता हुन् भन्दै कविले पशुवलीको अन्त्य हुनुपर्ने भाव कवितामार्फत् व्यक्त गरेका छन् ।

यसको अतिरिक्त कविले आफ्ना कवितामा १० वर्षे जनयुद्धले कतिको परिवार सखाप भयो, कतिको पति मरे भने कतिको श्रीमती मरे र कतिका छोरा छोरीले ज्यान गुमाउनु पर्‍यो भन्दै युद्धले कुनै पक्षलाई पनि फाइदा पुग्दैन सहमती र सहकार्यबाट जुन काम थालिन्छ त्यो असल, राम्रो र दिगो हुन्छ भनेर कवितामा व्यक्त गरेका छन् । यसको अतिरिक्त वर्षेनी प्राकृतिक विपत्तिले कति नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूले ज्यान गुमाउनु परिरहेको सन्दर्भ उठाउँदै यी विषयलाई समयमा ध्यान पुर्‍याएर मानवीय क्षति हुनुबाट बचाउनु पर्छ । यसैमा हामी सबै नेपालीको कल्याण हुनेछ । एउटा नेपालीलाई दुःख परेको बेलामा अर्को नेपाली हाँस्न सक्दैन र हाँस्नु पनि हुँदैन । एक आपसमा उनीहरूलाई सहयोग गर्नु पर्छ भन्दै मानवतावादी दृष्टिकोण प्रस्तुत गरेका छन् । **संविधान अवसान** कविता सङ्ग्रहको कविताका केही अंश यस्ता छन् :

देवत्वको पूजा गर्ने रे
कुन प्रयोजनका खातिर
थान, कोट र मन्दिर हुँदै

धुरीबाटो, दोबाटो र चौबाटोमा
पुश पङ्क्षी मात्र नभई
मौका परे ? मानवकै बलि ?
खुदै चढाउँदै छ
एक्काइसौँ शताब्दीको मानव
भन्न त भन्दछ आफूलाई
गर्व पनि गर्दछ, ऊ
परमात्माको असल भक्त हुँ

चलन यो बस्न गयो कि ???
आत्मा एकै रगत एकै
लालाबाला सबै एकै,
आदर्शवादी कम छैन
सभ्य आफू मात्र ठान्दछ
पशु पङ्क्षी वध गरी
सभ्यताको डिङ हाँक्दै
शान्तिको कामना गर्दछ मानव ।

(**संविधान अवसान**, २०६९: १३)

## ६.१५. शैक्षिक दृष्टिकोण

कवि लोकनाथ पुडासैनीले शैक्षिक क्षेत्रको कमी कमजोरीलाई सुधार गर्नुपर्ने भाव आफ्ना कवितामा व्यक्त गरेका छन् । शैक्षिक क्षेत्र विस्तारै राजनीतिक अखडा बन्दै गएकोमा दुःख व्यक्त गर्दै शैक्षिक संस्थालाई राजनीतिबाट अलग राख्नु पर्ने भाव प्रकट गरेका छन् । बन्द, हड्ताल र तोडफोड जस्ता कार्यहरू शैक्षिक संस्थाबाट सर्वप्रथम सुरु हुने गरेको छ । जसले गर्दा पढ्ने उमेरका कलिला बालबालिकामा विध्वंशको छाप सानैदेखि पर्ने उनीहरू ठूलो भएपछि त्यही आचरण लिने र देशमा विभिन्न खालका युद्ध र विनाशका घटनाहरू घटिरहने भएकाले

शैक्षिक जगत्लाई राजनीतिक केन्द्रबाट टाढा राखी अबोध बालबालिकामा राम्रो शैक्षिक वातावरणमा शिक्षा दिनु पर्ने कुरामा कविताले जोड दिएका छन् ।

हाम्रो संस्कार गलत भएका कारण विद्यार्थीले पनि गलत संस्कार सिकिरहेका छन् । विद्यार्थीहरूलाई ज्ञानको ज्योति छर्ने विद्यालयमा तोडफोड र नोक्सान पुऱ्याएका छन् । विशेष गरी क्याम्पसका विद्यार्थीहरूले दुःख र सुखका क्षणमा समेत क्याम्पसको दूरगति पारिरहेका छन् । विद्यार्थीहरूले परीक्षा सकिँदा, नतिजा प्रकाशन हुँदा, पिकनिक खाएर फर्कंदा, स्ववियूको निर्वाचन हुँदा, निर्वाचनमा हार्ने र जित्नेले, खेलकुदमा हार्ने र जित्नेले क्याम्पसका झ्याल, ढोकाहरू अनायसैमा तोडफोड गरिन्छ । जसले गर्दा समग्र शैक्षिक क्षेत्रमा असर पर्दछ । कहिलेकाहीँ यसको मारमा शिक्षक तथा शिक्षिका र प्राध्यापकहरू पनि पर्ने गरेको छ । कलेजका कुर्सी र भवनहरू जलाइन्छन् । सुन्दर विधाको मन्दिरलाई तहसनहस पारिन्छ । यसले कसैलाई पनि फाइदा पुग्दैन भन्दै कविले विद्यार्थीहरूले र शिक्षकवर्गहरूले पनि व्यवहार सच्याउनु पर्नेछ नभए हाम्रो सम्पूर्ण शैक्षिक जगत् फेल हुने र भविष्यका कर्णधार विद्यार्थीहरूको भविष्य ओझेलमा पर्ने कुरा व्यक्त गरेका छन् । सबै जना मिली शैक्षिक क्षेत्रमा हुने गरेको राजनीतिक क्रियाकलापलाई बन्द गर्न सम्पूर्ण अभिभावक, विद्वत्वर्ग, राजनीतिककर्मी र शैक्षिक क्षेत्रसँग सरोकार राख्ने निकायहरूसँग आग्रह गरेका छन् । जुन **संविधान अवसान** कविता सङ्ग्रहको कवितामा यसरी व्यक्त गर्दछन् :

क्याम्पस, कलेजहरूमा
शैक्षिक आन्दोलनका हिमायती,
गोला बारुदका भाँती
लड्न, भिड्न असाह्यै आँटिला
जाँगर भएका
भविष्यका कर्णधार,
तपाईं हाम्रा
छोराछोरी, भाइभतिजा
अनि
राष्ट्रका होनाहार

विद्यार्थीहरू, जो
अतिरिक्त क्रियाकलापका साथ
"पढ्ने" गर्दछन् ।
(**संविधान अवसान**, २०६९: १२९)

## ६.१६. कृषि प्रधानता

नेपाल कृषि प्रधान देश हो । यहाँका असी प्रतिशत नेपालीहरूको पेसा कृषि हो । हाम्रो देश नेपालको मुख्य आयस्रोत भनेको पनि कृषि हो । कृषि क्षेत्रलाई जबसम्म सरकारले आफ्नो ठानेर अपनत्व ग्रहण गर्दैन तबसम्म नेपालको विकास हुन सक्दैन । हाम्रो देशको अधिकांश जग्गाहरू बाँझो बसेका छन् । देशका कर्मशील कर्मठ युवापुस्ताहरू विदेश पलायन भइरहेका छन् । आफ्नो देशमा उपर्युक्त रोजगारीको अवसर नभएपछि जीवन जीउनको लागि बाध्य भएर कर्मशील नेपालीहरू विदेशीन पुगेका छन् । जसले गर्दा हाम्रो देशलाई कतिवर्ष पछाडि धकेल्छ भन्ने कुरा कसैले पनि सोचेका छैनन् । सरकारले कृषि क्षेत्रमा लगानी बढाउँदै कर्मठ युवापुस्तालाई नेपालमै रोक्नु पर्छ भन्ने आग्रह कविले गरेका छन् ।

अहिले जति कृषि पेसामा आबद्ध छन् । उनीहरूले पनि आधुनिक कृषि व्यवसाय गर्न सकेका छैनन् । सरकारले समय सापेक्ष बीउ, बिजन, सिंचाइ आदिको व्यवस्था गर्न सकेको छैन । जलस्रोतको विश्वमा दोस्रो धनी देशमा सिंचाइको अभावमा जग्गाहरू बाँझै रहेका छन् र नेपाली पुस्ताहरू भने बेरोजगारी बनेका छन् । नेपाल सरकारले जबसम्म कृषिमा आफ्नो नजर पुऱ्याउँदैन तबसम्म नेपालीहरूको हविगत अब ५० वर्षपछि उस्तै हुने कुरामा दुई मत छैन । सरकार कति लाचार छ भने रोप्ने बेलामा बीउको व्यवस्था छैन भने विरुवामा हाल्ने मलको व्यवस्था पनि छैन । सिंचाइको उपर्युक्त व्यवस्था नहुँदा अधिंकाश कृषकहरू आकाशबाट पानी कहिले पर्ला र बाली लगाउन पाइएला भनेर कुरिरहेका हुन्छन् । हाम्रो देशको कृषि व्यवसायको यस्तो हालत छ भन्दै कवि लोकनाथ पुडासैनीले आफ्ना कविता मार्फत् सम्पूर्ण सरोकार निकायहरूलाई हातेमालो गरी उपर्युक्त वातावरण तयार गर्न आग्रह गरेका छन् । नेपाललाई विकासको खुट्किलोमा अगाडि बनाउन सर्वप्रथम कृषिलाई अगाडि ल्याएर नेपालमा कृषि फर्म निर्माण गर्नुपर्ने विचार व्यक्त गरी **संविधान अवसान** कविता सङ्ग्रहको कविताका हरफमा यसरी लेख्दछन् :

भोकालाई खान देऊ

नाङ्गाहरूको लाज बचाऊ

जोत्नेहरूलाई जमिन देऊ

किसानलाई मल, जल र बिउ देऊ,

फटाहालाई काखी नच्याप

बदमासलाई सजाय देऊ

बिर्सी देऊ दुःख पीर

घाउहरू गहिरा हुनन्

युद्धका चोटहरूमा निको हुने मलहम बन

डुबाइएकाहरूका लागि

स्नेहका हात देऊ

उद्धार गर्ने गोता खोर बन ।

(**संविधान अवसान**, २०६९: ५१)

## ६.१७. निष्कर्ष

साहित्यका विभिन्न विधामध्ये कविता प्राचीन र लोकप्रिय विधा हो । कवितामा रसात्मक अनुभूतिलाई लयात्मक ढङ्गबाट प्रस्तुत गरिने सशक्त माध्यम हो । कविताले कथ्य सम्प्रेषण गर्न शब्दहरूलाई लयात्मक संगठनमा बाँधेको हुन्छ । कविताले मानव मनको गहिराईसम्म पुगेर मानव मनमा उत्पन्न भएका भावलाई अभिव्यक्ति गर्दछ । कविताले कथ्यलाई अभिधा, लक्षणा र व्यञ्जनाको सहारा लिएर पाठकसामु पुऱ्याएको हुन्छ ।

कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रह २०६९ सालमा प्रकाशित भएको हो । कविता सङ्ग्रहमा ६३ वटा गद्य शैलीका कविताहरू समावेश गरिएका छन् । २०४१ सालदेखि २०६९ साल जेठ महिनासम्म लेखेका कविताहरू यस कविता सङ्ग्रहमा प्रकाशित गरेका छन् । उनका कवितामा विभिन्न भावलाई समावेश गरेर कविता सङ्ग्रह उत्कृष्ट बनेको छ । स्वच्छन्दतावादी तथा प्रगतिवादी धारामा आबद्ध हुँदै समसामयिक युगको प्रतिनिधित्व गर्न कविता सङ्ग्रह सक्षम बनेको छ । विशेषगरी २०४१ सालपछिको राजनीतिक, सामाजिक, आर्थिक,

सांस्कृतिक अवस्थाको चित्रण गर्दै मानवीय चरित्रको अध्ययन गर्न कविता सङ्ग्रह सक्षम देखिन्छ । कवि पुडासैनीको धेरैजसो कविताहरू प्रगतिवादी चिन्तनले ओतप्रोत भएका छन् । उनले समाजमा शोषित वर्गको प्रतिनिधित्व कवितामार्फत् गरेका छन् । उनका कवितामा प्रत्येक विषयले वा प्रत्येक कविताले प्रगतिका स्वर उरालेका छन् । कविले आफ्ना कवितामा शीर्षक र भावको संयोजन त गर्न कविले चाहेका छन् र गरेका पनि हुन् तर कुनै कवितामा भने शीर्षक एकातिर भाव अर्कोतिर हुन गएको हो कि भन्ने भान पनि हुन्छ ।

कवि लोकनाथ पुडासैनी मूलतः समसामयिक धाराका स्वच्छन्दवादी प्रगतिवादी कवि हुन् । उनका कवितामा स्वतन्त्र रूपमा प्रकृतिको वर्णन स्वतस्फूर्त रूपमा गरेका छन् । जङ्गलमा गोठालो गएको, नदीनाला पोखरीमा पौडी खेलेको, जङ्गलका लालीगुराँस र गाउँमा छँदा लालुपाते, गोदावरी, गोल्याइँचीसँग सानामा खेलेको इत्यादि प्रकृतिको देनसँग शब्दले खेल्न खप्पिस देखिन्छन् । शब्दले प्राकृतिक सुन्दरताको वर्णन गरेका छन् । आफ्नो जीवनमा प्रत्यक्ष भोगेका र अनुभव गरेका कुरालाई कविले शब्दका सहायताले आफ्ना कविताहरू रङ्गाएका छन् । उनको कवितामा घटेका प्रमुख घटनालाई विम्ब र प्रतीक बनाइ आफ्ना कवितामा सुन्दर रूपले सजाएका छन् । जसले गर्दा उनका कविताहरू अत्यन्त सुन्दर बनेका छन् । उनका कवितामा राजनीतिक विषयले प्रशस्त मात्रामा स्थान पाएका छन् । २०४१ साल पछिका राजनीतिकमा भएका परिवर्तन, त्यसले जनतामा पारेको प्रभाव र राजनीतिकमा भएका विकृति, विसङ्गतिलाई उनले आफ्ना कवितामा सजाएका छन् । राजनीतिक नेताले सही निर्णय लिन नसक्दा नेपाली जनताले खेप्नु परेको दुःख र कष्ट, कविले आफ्ना कविताको कथ्य बनाएका छन् । त्यसैले उनका प्रत्येक कविताले राजनीतिक भाषा बोलेका छन् ।

कविले आफ्ना कवितामा सामाजिक विषयवस्तुलाई पनि महत्त्वका साथ उठाएका छन् । समाजमा हुने विभिन्न किसिमका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै समाज सुधारको अपेक्षा गरेका छन् । समाजमा हुने गरेका विकृत कार्यलाई कविले भोगेका र देखेका घटनालाई मिठो भाषाशैली प्रयोग गरी आफ्नो कविता सङ्ग्रहमा सजाएका छन् । कविको मुख्य विशेषता भनेको राजनीतिक विषयवस्तुलाई कथ्य बनाई चोटिलो व्यङ्ग्य प्रस्तुत गर्नु हो । उनका हरेक कविताले समाज

सुधारको अपेक्षा गर्दै व्यङ्ग्य गरेका छन् । सरल र सहज भाषाशैली प्रयोग गरी मुटुमा च्वास्स घोच्ने व्यङ्ग्य आफ्ना कवितामा प्रस्तुत गरेका छन् । विशेष गरी देशका नालायकीपन नेताहरूको व्यवहार सच्याउनको लागि उनका कवितामा नपत्याउने पारामा व्यङ्ग्य कसेका छन् । प्रत्येक कवितामा नेताको व्यवहारले देश वर्वाद भएको कुरा उठाउँदै सम्पूर्ण नेपाली मिलेर खबरदारी गर्नुपर्छ भनेर आफ्ना भनाइ कवितामार्फत् व्यक्त गरेका छन् । यसका साथै उनका कवितामा ग्रामीण परिवेशको चित्रण, राष्ट्र, राष्ट्रियतालाई उच्च सम्मान दिएर कविले कविताका कथ्य बनाएका छन् । उनका कविता राष्ट्रप्रति हुरुक्क भएका छन् । राष्ट्रलाई उनका कविताले सम्मान गरेका छन् । देश बचँमात्रै देशका बासिन्दा रहने कुरा बुझ्न उनले आफ्नो कवितामार्फत् आब्हान गरेका छन् । कविले आफ्ना कवितामा शिक्षा क्षेत्रमा भएका कमी कमजोरी सुधार नगर्ने हो भने हाम्रो उज्ज्वल भविष्यका पिँढी बढी प्रभावित हुनेछ । शिक्षाले उज्यालो ज्योति दिन्छ तर सही शिक्षा भएमा मात्र । गलत शिक्षा भयो भने जीवन अन्धकार बन्ने कुरा कविले कवितामार्फत् सङ्केत गरेका छन् । कवि पुडासैनीको अर्को महत्त्वपूर्ण विषय मानवतावाद हो । सबै प्राणी जगत्मा ममता छर्न चाहने कवि काटमारको विरुद्धमा कविता लेख्छन् । मानव-मानवमा काटमार, प्राणी जगत्मा शिकार, चोरी लगायतका कार्यले विश्वमा मानवता हराउँदै गएकोमा कविले आफ्ना कवितामा सशक्त आवाज उठाएका छन् । उनका कवितामा अनेक भाव समावेश गरेर कविता लेखेका हुनाले **संविधान अवसान** कविता सङ्ग्रह उत्कृष्ट छ ।

कवि लोकनाथ पुडासैनी सरल, सहज भाषाशैली प्रयोग गरेर विम्ब प्रतीकलाई आफ्ना कवितामा प्रशस्त मात्रामा सजाउने स्वच्छन्दतावादी -प्रगतिवादी कवि हुन् ।

## अध्याय - सात

# उपसंहार तथा निष्कर्ष

लोकनाथ पुडासैनीको जन्म वि.सं. २०२१ फागुन २३ गते गण्डकी अञ्चल गोरखा जिल्ला पन्द्रुङ्ग गा.वि.स. वडा.नं. १ जराङ्बेँसीमा भएको हो । कृषि व्यवसाय गर्ने पिता गङ्गाप्रसाद पुडासैनी र माता पितादेवी पुडासैनीको कोखबाट जन्मेका पाँच सन्तानमध्ये पहिलो सन्तानका रूपमा जन्मिएका पुडासैनीले गाउँमै पाटीमा खरीले लेखेर कखरा सिके भने गाउँमै रहेको विद्यालयबाट प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक शिक्षा लिने अवसर प्राप्त गरे । विद्यालयमा अध्ययन गर्दा गर्दै सुरु भएको विद्यार्थी आन्दोलनले गर्दा लामै समयसम्म त्यहाँ पढाई हुन सकेन र उनले सोही बेलामा अन्य विकल्पको खोजी गर्दै पाँचदिन लगाएर चितवन पुगे । जहाँ उनका दाजु अर्थात ठुलोबुबाका जेठा छोराबुहारी केही वर्ष पहिलेदेखि बसोबास गर्ने गर्दथे । तर त्यहाँ पुग्दा झनै आन्दोलनले चर्को रूप लिँदै थियो । त्यसैले त्यहाँ पनि उनलाई पढ्ने अनुकूलता मिलेन र प्राविधिक शिक्षा र रोजगारीको समेत ग्यारेन्टी दिने संस्था भनेर बुटवल टेक्निकल इन्स्टिच्यूटको नाम सुनेका उनले घरै फर्कन्छु भनेर दाजु भाउजूसँग विदा लिएर हिँडेको भए पनि नारायणी नदीको फेरी तरेर एकाएक त्यसैको खोजीमा बुटवलसम्म पुगेको देखिन्छ । १५ वर्षको कलिलो उमेरमा बुटवल पुगेका उनले प्राविधिक शिक्षा अध्ययन पूर्व गोबर ग्याँस तथा कृषियन्त्र विकास कम्पनीमा सहायक हेल्परको समेत जागिर खाँदै त्यसैको प्रवेश परीक्षाको तयारीमा पनि जुटे । यसरी कक्षा १० को अध्ययनपश्चात् उनीमा विद्यालय शिक्षा छोडी प्राविधिक शिक्षा लिएर अध्ययन गर्दा छिटो छरितो मार्गबाट स्वरोजगार भइन्छ भन्ने तर्फ आकर्षण बढेको देखिन्छ । सोही उद्देश्यबाट प्रभावित भई  वि.सं. २०३७ सालमा United Mission to Nepal, द्वारा स्थापित Institute Of Technology & Industrial Development अन्तर्गतको बुटवल टेक्निकल इन्स्टियूट बुटवलद्वारा लिइएको प्रवेश परीक्षा उत्तीर्ण गरे र त्यहीँबाट सिभिल इन्जिनियरिङ अन्तर्गतको क्याविनेट मेकर विषयमा चार वर्षे डिप्लोमा तहको अध्ययन पूरा गरे । नभन्दै उनले डिप्लोमाको प्रमाण पत्र हातमा लिएको पाँचौँदिनकै दिनदेखि नै त्रि.वि. इ.अ.सं. पूर्वाञ्चल क्याम्पस धरानबाट वि.सं. २०४१ सालमा जागिरको यात्रा आरम्भ

गरेका हुन् । हिन्दू धर्मको अनुशरण गर्ने ब्राह्मण परिवारमा जन्मिएका उनले वैदिक विधि अनुसारको उपनयन गोरखा जिल्ला बधुवा गा.वि.स. वडा नं. १ सिखे गाउँमा पर्ने आफ्नो मामा घरमा गरे भने १८ वर्षको उमेरमा गोरखा जिल्लाकै माथिल्लो जराङ्गटारका स्व. पदमप्रसाद देवकोटा र स्व. भगवती देवकोटाकी १७ वर्षकी कान्छी सुपुत्री कमला देवकोटासँग वि.सं. २०३९ वैशाख १४ गते मागी विवाह गरेका हुन् । त्यसपछि पारिवारिक दायित्व निर्वाह गर्दै सामाजिक क्षेत्र र साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । यसरी हेर्दा उनले जागिर खाने क्रममा जन्मस्थान भन्दा बाहिर नै धेरै समय बिताएका छन् । हाल पनि जागिरकै सिलसिलामा पोखरामा बसोबास गर्दै आएका छन् । उनका मातापिताका तीन भाइ छोराहरूमा तीनै भाइ जागिरकै सिलसिलामा पोखरामा नै बस्छन् । कुनै पनि दाजुभाइ अलग नभएकाले जन्मथलो सबैजना आइजाइ गरिरहन्छन् भने उनका बुबाआमा अहिले पनि गोरखामा नै बसोबास गर्छन । उनको अमूल्य समय सरकारी शिक्षण सेवा, समाजसेवा तथा साहित्य सिर्जनाको कार्यमा खर्च गरेका छन् । सानै उमेरदेखि कविता विधामा कलम चलाउने उनी  वि.सं. २०४८ सालदेखि विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिकाहरूमा आफ्ना रचनाहरू प्रकाशित गर्दै वि.सं. २०६९ मा **संविधान अवसान** भन्ने कविता सङ्ग्रह प्रकाशित गरेका हुन् । उनले यस कविता सङ्ग्रहमा ६३ वटा गद्यशैलीका कविताहरू सङ्ग्रहित छन् । उनलाई यस कविता सङ्ग्रहले कवि तथा साहित्यकारको रूपमा चिनाएको छ ।

लोकनाथ पुडासैनी एक व्यक्ति र अनेक व्यक्तित्व भएका प्रतिभा हुन् । निम्न मध्यम वर्गीय परिवार र कृषि व्यवसायबाट अध्ययन रोजगार र समाजसेवा हुँदै जीवनलाई अगाडि बढाएका उनले त्यसै अनुसार व्यक्तित्वको पनि निर्माण गरेका छन् । व्यक्तिगत जीवनको व्यवहारिक पक्ष एकातिर र सामाजिक, राजनीतिक तथा शिक्षण सेवाजस्ता सार्वजनिक जीवनका बीचबाट साहित्यिक रचनाको सिर्जना र प्रकाशन गरेर उनले आफ्नो साहित्यिक यात्रालाई अघि बढाएका मात्र छैनन् सिङ्गो नेपाली साहित्यको विकासमा पनि सहयोग पुऱ्याएका छन् । साहित्येत्तर क्षेत्रमा सिभिल इन्जिनियरिङ प्रवीणको पाठ्यक्रममा आधारित काठ तथा काष्ठ प्रविधि नामक पाठ्यपुस्तक समेत लेखेका कवि पुडासैनीले कवितादेखि यात्रा सुरु गरेर मुक्तक, कथा, उपन्यास, नियात्रा र समालोचनाका आयमसम्मका लेखनबाट उनको

यो साहित्यिक यात्रा अगाडि बढेको छ । यसरी अन्य पाटाहरू जस्तै साहित्यिक व्यक्तित्वको पनि निर्माण भएको छ । जीवन भोगाइ, धार्मिक अनास्था, जनपक्षीय राजनैतिक आस्था, समसामयिक घटना आदि विषयको काव्यात्मक र वर्णनात्मक अभिव्यक्तिहरू कवितामार्फत् दिने उनको यो व्यक्तित्व स्वच्छ र छर्लङ्ग रहेको छ । नेपाली साहित्यमा सानै उमेरदेखि कलम चलाउन थालेका उनले विद्यालय उमेरदेखि विद्यालयमा भएका कवितावाचन प्रतियोगिता, निबन्ध लेखन प्रतियोगिता जस्ता विभिन्न कार्यक्रममा भाग लिएर पुरस्कार समेत प्राप्त गरेका छन् । उनले नेपाली भाषा र साहित्यलाई सानै उमेरदेखि माया गर्दै आएका छन् । उनी विशेष गरी कविता विधाका सर्जक हुन् । मन लागेका कुरा कागजमा उतारी हाल्ने बानीले उनलाई आज प्रगतिशील कविको रूपमा आफ्नो व्यक्तित्व निर्माण गर्न सफल भएका छन् । मनमा लागेका कुरा लेख्ने र साथीभाइहरूलाई सुनाउन मन पराउने पुडासैनीले नेपाली साहित्यमा वि.सं. २०४१/४२ देखि कलम चलाउन थालेका हुन् । आफ्नो लेख रचना पत्रपत्रिकामा प्रकाशन गर्नुभन्दा पनि साथीहरूलाई सुनाउन मन पराउँछन् । साथीहरूको सकारात्मक सुझावले हौसला प्राप्त गरेका उनले वि.सं. २०४८ मा **बराम जातिको एक परिचय** शीर्षकको लेख प्रकाशन गरेर समालोचनाको क्षेत्रमा प्रवेश गरेका हुन् । पूर्वाञ्चलको बसाइको क्रममा वि.सं. २०५० भन्दा पहिला नै लेखिसकेको **सावधान** शीर्षकको कविता प्रकाशित गरेपछि भने नेपाली साहित्यको उत्थान र सम्वर्द्धनमा ठूलो योगदान गर्दै आएका छन् । समय अनुकूल मन लागेका अभिव्यक्तिहरू कविताको विधामार्फत् व्यक्त गर्दै रहे । समाजमा देखिएका कुसंस्कार, थिचोमिचो, शोषण, अन्याय, अत्याचार, दमन र राजनीतिमा गैह्र जिम्मेवारीपनले गर्दा देशमा आएका बेथितिमाथि कलम चलाउँदै रहे । उनका कवितामा गद्यशैलीको प्रयोग गरी बिम्ब र प्रतीकले आफ्ना कवितालाई सजाएका छन् । साहित्य सिर्जना गर्न उनले पूर्वाञ्चलमा रहँदा प्रा.डा. कृष्णप्रसाद दाहाल, ध्यानबहादुर राई, खेमनाथ दाहाल, राजेश वान्तवा जस्ता व्यक्तित्वहरूबाट हौसला प्राप्त गरेका थिए भने पश्चिमाञ्चलको कास्की पोखरामा जागिर सरुवा भई गएपछि भने त्यहाँका वरिष्ठ साहित्यकार सरुभक्त, प्रा. डा. पशुपति तिमल्सेना, नारायण परिश्रमी, प्रा.डा. रविलाल अधिकारी, डा. कृष्णराज अधिकारी, भिम रानाभाट, मदन भण्डारी, पुण्यप्रसाद शर्मा र अल्पविराम जस्ता व्यक्तित्वहरूको साथ

र सहयोग प्राप्त भएको छ । नेपाली साहित्यमा निरन्तर कलम चलाउने पुडासैनीलाई साहित्यिक व्यक्ति र उनको घरपरिवारको ठूलो साथ तथा सहयोग रहेको छ । अत्यधिक पाठ्यपुस्तक पढ्न मन पराउने उनी नेपाली साहित्यका प्रायः जसो साहित्यकारहरूको रचना पढ्न मन पराउँछन् । त्यही पढ्ने बानीले गर्दा उनलाई यहाँसम्म आइपुग्न सजिलो भएको छ ।

जागिरको सिलसिलामा तथा साहित्यिक गतिविधिका क्रममा नेपालका धेरै जिल्लाको भ्रमण गर्नुका साथै भारतको पनि भ्रमण गरेको पाइन्छ । मिलनसार, मृदुभाषी, शालीन व्यक्तित्वका धनी पुडासैनी मझ्यौला किसिमको शारीरिक बनोट भएका व्यक्ति हुन् । यिनले साहित्यका विविध विधाहरूमा आफ्नो क्षमता प्रस्तुत गरेका छन् । कविता, उपन्यास, मुक्तक, कथा, निबन्ध, नियात्रा आदि विधामा यिनले कलम चलाएको देखिन्छ । उनको उर्वर साहित्यिक विधा भनेको कविता नै हो । उनले यस क्रममा थुप्रै संघसंस्थाका सदस्य, संस्थापक हुनुको साथै मानसम्मान पनि प्राप्त गरेका छन् । समाजसेवामा रुचि राख्ने पुडासैनीले हालसम्म ३१ औं पटक रक्तदान गरिसकेका छन् । नेपाल ब्लड डोनर्स एसोसियसनको विधान निर्माण कार्यमा सक्रिय सहभागी भई सोही एसोसियसनको सुनसरी जिल्ला कमिटीको सचिव भएर समेत काम गरेका छन् । उपभोक्ता मञ्च सुनसरी धरानको गठनमा सक्रिय र सो मञ्चको सचिव भई उपभोक्ता हित संरक्षणको निम्ति पनि काम गरेका छन् । मदन स्मृति प्रतिष्ठानको संस्थापक सदस्य हुन् भने समाजसेवाको लागि दिन रात खटिरहने कुशल व्यक्तित्व हुन् । उनले विभिन्न किसिमका सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् । विश्वविद्यालय सेवामा २० वर्षभन्दा बढी समयसम्म सेवा गरेबापत नेपाल प्राध्यापक सङ्घ पश्चिमाञ्चल क्याम्पस एकाइद्वारा र त्रि.वि. दीर्घ सेवा पदकबाट पनि सम्मानित भएका छन् । क्याम्पस रजत वर्ष २०६९ को उपलक्ष्यमा आयोजित **नारा** लेखन प्रतियोगितामा प्रथम भई प्रमाणपत्रसहित नगद पुरस्कार प्राप्त गरेका छन् ।

साहित्यका विविध विधाहरूले समाजमा आफ्नो प्रभाव छोड्दै आइरहेको परिप्रेक्ष्यमा कविता विधा साहित्यको एक पुरानो र सशक्त विधाका रूपमा चिनिँदै आएको छ । यसको अस्तित्वका बारेमा बेलाबेलामा आशङ्का गरिए तापनि यसले समाजमा आफूलाई लोकप्रिय गरेरै छाडेको देखिन्छ । विशेष गरी साहित्यको फाँटमा

एउटा गतिशील विधाका रूपमा कविताले पहिचान कायम गरेको छ । कथ्य भाषाबाट विस्तारै लेख्य भाषाका रूपमा विकसित हुँदै भाषाले समाजमा प्रभाव कायम गर्दै जाँदा कविताले पनि आफ्नो यात्रा अगाडि बढाएको पाइन्छ । यसै भाषिक यात्राका दौरानमा कविताको यात्रा अनेक युगीन घुम्तीहरू पार गर्दै विविध रूप र काँचुली फेर्दै आधारभूत तत्त्वका आधारमा आजसम्म आइपुगेको छ । कविता यात्राको लामो अन्तरालमा यसले आफ्नो स्वरूपलाई विस्तार गर्दै जाँदा पूर्वमा रस, अलङ्कार, ध्वनि, गुण आदिका प्रमुखतामा परिभाषित गऱ्यो भने पश्चिममा परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी, प्रयोगवादी, रीतिवाद, अस्तित्ववादी, विसङ्गतिवादी, अतियथार्थवादी आदि धाराहरूमा प्रवाहित भइरह्यो । पूर्वीय र पाश्चात्य दुवै वाद र धाराबाट नेपाली कविता क्षेत्र मुक्त हुन सकेको छैन अर्थात् नेपाली कविता यात्राले दुवै धाराबाट प्रभाव ग्रहण गरी आफूलाई अगाडि बढाएको पाइन्छ ।

नेपालको एकीकरणसँगै वीर भावनाबाट नेपाली कविताको थालनी भएको देखिन्छ । वि.सं. १८२६ मा सुवानन्द दासद्वारा लिखित **पृथ्वीनारायण शाह** शीर्षक कविता नै नेपाली कविताको पहिलो कविता हो । वीर रसबाट सुरु भएको नेपाली कविताको ऐतिहासिक परम्परालाई विभिन्न चरण र मोडहरूमा राखेर हेर्न सकिन्छ । नेपाली कविताको प्राथमिक कालको थालनी वीर भावनाबाट राष्ट्रवादी स्वर उराल्दै भक्ति धारामा पुगेर टुङ्गिन्छ । वि.सं. १८२६ बाट सुरु भएको प्राथमिक काल वि.सं. १९४० सम्म रहेको पाइन्छ । यस कालका प्रतिनिध कविका रूपमा भानुभक्त आचार्यलाई लिइन्छ । वि.सं. १९४० बाट नेपाली कवितामा माध्यमिक काल सुरु भएको हो यस कालमा शृङ्गारिक भावलाई महत्त्वका साथ अगाडि बढाएको देखिन्छ । यस कालका प्रतिनिधि कवि मोतीराम भट्टलाई लिइन्छ । माध्यमिक काल वि.सं. १९४० देखि १९७३/७४ सालसम्म कायम रहेको देखिन्छ । वि.सं. १९७५ बाट नेपाली कविताले आधुनिकतातिर आफ्ना पाइला विस्तार गरेको हो । परिष्कारवादी चेतबाट सुरु भएको आधुनिक काल विभिन्न चरण पार गर्दै निरन्तर अगाडि बढिरहेको छ । लेखनाथ पौड्यालद्वारा रचित परिष्कारवादी कविता रचनाद्वारा वि.सं. १९७५ बाट सुरु भएको आधुनिक काल वि.सं. १९९१ मा मुनामदनबाट महाकवि लक्ष्मीप्रसाद देवकोटाको उदयसँगै स्वच्छन्दतावादतिर लम्किएको देखिन्छ । वि.सं.

२०१६ सम्म स्वच्छन्दतावादले प्रभाव जमाएकोमा वि.सं. २०१७ बाट प्रयोगवादले आफूलाई अगाडि ल्याएको छ । इन्द्र बहादुर राई र मोहन कोइरालाबाट प्रतिनिधित्व गरिएको यस प्रयोगवादले नेपाली कविताका क्षेत्रमा वि.सं. २०२९ सम्म आफ्नो प्रभाव जमाएको देखिन्छ । वि.सं. २०३० बाट नेपाली कविताका क्षेत्रमा समसामयिक धारा सुरु भएको मानिन्छ । यही समसामयिक धारामा हाल विभिन्न वाद र विचारमा कविता क्षेत्र अगाडि बढिरहेको छ ।

नेपाली कविताको विकासक्रममा देखिने विविध धारामध्ये समसामयिक धारामा देखिने कवि लोकनाथ पुडासैनी स्वच्छन्दतावादी-प्रगतिवादी चेत भएका गद्य कवि हुन् । यिनका कविताले समसामयिक, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, भौगोलिक, पर्यावरणीय घटनाक्रम तथा वस्तुस्थितिको प्रतिनिधित्व गर्दछन् । सामाजिक, आर्थिक र सांस्कृतिक विसङ्गतिमाथि व्यङ्ग्य गर्दै सुधारका अपेक्षाहरू यिनका कविताहरूमा समावेश गरिएको छ । यिनको कविताहरूमा प्राकृतिक परिदृश्यका छटाहरू गुञ्जायमान् भएका छन् । राष्ट्रियता तथा अन्तर्राष्ट्रियताका विषयवस्तुहरू पनि यिनका कवितामा उठाइएका छन् । विविध प्रवृत्ति र प्रयोगहरूको साझा मझेरी पाएर आलोकित बन्न पुगेको समसामयिक प्रवृत्ति अँगालेर कवि पुडासैनीले कविता रचना गरिरहेका छन् । उनले नेपाली मुटु र माटोलाई साक्षी राखेर काव्यपरम्परालाई गति प्रदान गरेका छन् । स्थानीयताको छाप यिनका कवितामा देख्न सकिन्छ । आगन्तुक, तद्भव र तत्सम् शब्दहरूको प्रयोग यिनका कवितामा देख्न सकिन्छ । मुक्तक स्तरका देखि मझौला आयामसम्मका कविता रचना गर्ने पुडासैनीका कविताहरूमा प्राकृतिक, सांस्कृतिक, पौराणिक, ऐतिहासिक आदि बिम्बहरूको प्रयोग पाइन्छ । ती बिम्ब र प्रतीकहरूले अभिधात्मक, लाक्षणिक र व्यञ्जनात्मक अर्थसापेक्ष दिएका छन् । सुबोध्य र सरल भाषिक प्रयोग भए पनि अन्त्यानुप्रासको प्रयोग विशृङ्खलित देखिन्छ । उनका हरेक कविता सामाजिक उत्थान र मानवीय प्रेममा समर्पित रहेका छन् ।

लोकनाथ पुडासैनी मूलतः समसामयिक धाराका स्वचछन्दतावादी तथा प्रगतिवादी कवि हुन् । साहित्यका विभिन्न विधामध्ये कविता प्राचीन र लोकप्रिय विधा हो । कवितामा रसात्मक अनुभूतिलाई लयात्मक ढङ्गबाट प्रस्तुत गरिने सशक्त माध्यम हो । कविताले कथ्य सम्प्रेषण गर्न शब्दहरूलाई लयात्मक

सङ्गठनमा बाँधेको हुन्छ । कविताले मानव मनको गहिराईसम्म पुगेर मानव मनमा उत्पन्न भएका भावलाई अभिव्यक्ति गर्दछ । कविताले कथ्यलाई अभिधा, लक्षणा र व्यञ्जनाको सहारा लिएर पाठकसामु पुऱ्याएको हुन्छ ।

कवि लोकनाथ पुडासैनीको **संविधान अवसान** कविता सङ्ग्रह २०६९ सालमा प्रकाशित भएको हो । कविता सङ्ग्रहमा ६३ वटा गद्य शैलीका कविताहरू समावेश गरिएका छन् । २०४१ सालदेखि २०६९ साल जेठ महिनासम्म लेखेका कविताहरू यस कविता सङ्ग्रहमा प्रकाशित गरेका छन् । उनका कवितामा विभिन्न भावलाई समावेश गरेर कविता सङ्ग्रह उत्कृष्ट बनेको छ । स्वच्छन्दतावादी तथा प्रगतिवादी धारामा आबद्ध हुँदै समसामयिक युगको प्रतिनिधित्व गर्न कविता सङ्ग्रह सक्षम बनेको छ । विशेष गरी २०४१ सालपछिको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थाको चित्रण गर्दै मानवीय चरित्रको अध्ययन गर्न कविता सङ्ग्रह सक्षम देखिन्छ । कवि पुडासैनीको धेरैजसो कविताहरू प्रगतिवादी चिन्तनले ओतप्रोत भएका छन् । उनले समाजमा शोषित वर्गको प्रतिनिधित्व कवितामार्फत् गरेका छन् । उनका कवितामा प्रत्येक विषयले वा प्रत्येक कविताले प्रगतिका र भावको संयोजन त गर्न कविले चाहेका छन् र गरेका पनि हुन् तर कुनै कवितामा भने शीर्षक एकातिर भाव अर्कोतिर हुन गएको हो कि भन्ने भान पनि हुन्छ ।

कवि लोकनाथ पुडासैनीका कवितामा स्वतन्त्र रूपमा प्रकृतिको वर्णन स्वतःस्फूर्त रूपमा पोखरीमा पौडी खेलेको, जङ्गल, लालीगुराँस, लालुपाते आदिसँग सानामा खेलेको प्रकृतिको देनसँग शब्दले खेल्न खप्पिस देखिन्छन् । उनका कवितामा मानवीय र प्रेमप्रणयको भाव पनि पाइन्छ । यिनका कवितामा राष्ट्रप्रेम झल्किनुका साथै अन्तर्राष्ट्रिय चासोसमेत देख्न सकिन्छ । आशावादी कवि पुडासैनीका कवितामा व्यङ्ग्य र विद्रोहको स्वर उरालिएको छ । यिनका कवितामा राष्ट्रमा व्याप्त अन्याय र अत्याचारका विरुद्ध आक्रोश व्यक्त गर्नुका साथै खराब नेताहरूप्रति तीखो व्यङ्ग्य प्रहार गरिएको छ । यिनका कवितामा कतै स्वच्छन्दतावादी, कतै प्रगतिवादी, कतै यथार्थवादी र कतै राष्ट्रवादी स्वर पाइनुका साथै समग्रमा मानवतावादी, विसङ्गतिवादी र अस्तित्ववादी स्वर पाइन्छ । मझौला आकारका कवितादेखि केही मुक्तक भन्न मिल्ने खालका कवितासम्म यस सङ्ग्रहमा समाहित छन् । अभ्यासिक साहित्यिक यात्रा पार गर्दै यिनले पहिलो कविता सङ्ग्रह **संविधान अवसान** कविता

सङ्ग्रह प्रकाशनमार्फत् आफूलाई प्रतिभाशाली कविका रूपमा उभ्याएका छन् । २०४१ सालदेखि नेपाली साहित्यको कविता विधामा कलम चलाउन थालेका कवि पुडासैनीले **संविधान अवसान** कविता सङ्ग्रहमार्फत् राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश सार्वजनिक जीवन मानवीय चाहनाका प्रसङ्गप्रति कलात्मक प्रहार गर्दै सुन्दर सिर्जनात्मक अभिव्यक्ति प्रदान गरेका छन् । आफ्नो जीवनमा प्रत्यक्ष भोगेका र अनुभव गरेका कुरालाई कविले शब्दका सहायताले आफ्ना कविताहरू रङ्ग्याएका छन् । उनको समाजमा घटेका प्रमुख घटनालाई बिम्ब र प्रतीक बनाई आफ्ना कवितामा सुन्दर रूपले सजाएका छन् । जसले गर्दा उनका कविताहरू अत्यन्त सुन्दर बनेका छन् । उनका कवितामा राजनीतिक विषयले प्रशस्त मात्रामा स्थान पाएका छन् । २०४१ साल पछिका राजनीतिक घटनाक्रममा भएका परिवर्तन, त्यसले जनतामा पारेको प्रभाव र राजनीतिमा भएका विकृति, विसङ्गतिलाई उनले आफ्ना कवितामा सजाएका छन् । राजनीतिक नेताले सही निर्णय लिन नसक्दा नेपाली जनताले खेप्नु परेको दुःख र कष्टलाई कविले आफ्ना कविताको कथ्य बनाएका छन् । त्यसैले उनका प्रत्येक कविताले राजनीतिक भाषा बोलेका छन् ।

कविले आफ्ना कवितामा सामाजिक विषयवस्तुलाई पनि महत्त्वका साथ उठाएका छन् । समाजमा हुने विभिन्न किसिमका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै समाज सुधारको अपेक्षा गरेका छन् । समाजमा हुने गरेका विकृत कार्यलाई भोगेका र देखेका घटनालाई कविले मिठो भाषाशैली प्रयोग गरी आफ्नो कविता सङ्ग्रहमा सजाएका छन् । कविको मुख्य विशेषता भनेको राजनीतिक विषयवस्तुलाई कथ्य बनाई चोटिलो व्यङ्ग्य प्रस्तुत गर्नु हो । उनका हरेक कविताले समाज सुधारको अपेक्षा गर्दै व्यङ्ग्य गरेका छन् । सरल र सहज भाषाशैली प्रयोग गरी मुटुमा च्यास्स घोच्ने व्यङ्ग्य आफ्ना कवितामा प्रस्तुत गरेका छन् । विशेष गरी देशका नेताहरूको नालायकीपन र तिनका व्यवहार सच्याउनको लागि उनका कवितामा नपत्याउने पारामा व्यङ्ग्य कसेका छन् । प्रत्येक कवितामा नेताको व्यवहारले देश बर्बाद भएको कुरा उठाउँदै सम्पूर्ण नेपाली मिलेर खबरदारी गर्नुपर्छ भन्ने भनाइ व्यक्त गरेका छन् । यसका साथै उनका कवितामा ग्रामीण परिवेशको चित्रण, राष्ट्र, राष्ट्रियतालाई उच्च सम्मान दिएर कविले कविताका कथ्य बनाएका छन् । उनका कविता राष्ट्रप्रति हुरुक्क भएका छन् । राष्ट्रलाई उनका कविताले

सम्मान गरेका छन् । देश बचे मात्रै देशका बासिन्दा रहने कुरा बुझ्न उनले आफ्नो कवितामार्फत् आव्हान गरेका छन् । कविले आफ्ना कवितामा शिक्षा क्षेत्रमा भएका कमी कमजोरी सुधार नगर्ने हो भने हाम्रो उज्ज्वल भविष्यका भावी पिँढी बढी प्रभावित हुनेछन् । शिक्षाले उज्यालो ज्योति दिन्छ तर सही शिक्षा भएमा मात्र, गलत शिक्षा भयो भने जीवन अन्धकार बन्ने कुरा कविले कवितामार्फत् सङ्केत गरेका छन् । कवि पुडासैनीले अर्को महत्त्वपूर्ण विषय मानवतावादी हो । सबै प्राणी जगत्मा ममता छर्न चाहने कवि काटमारको विरुद्धमा कविता लेख्छन् । मानव-मानवमा काटमार प्राणी जगत्मा शिकार, चोरी लगायतका कार्यले विश्वमा मानवता हराउँदै गएकोमा कविले आफ्ना कवितामार्फत् सशक्त आवाज उठाएका छन् । उनका कवितामा अनेक भाव समावेश गरेर कवितामा लेखेका हुनाले **संविधान अवसान** कविता सङ्ग्रह उत्कृष्ट बनेको छ । कवि पुडासैनी सरल, सहज भाषाशैली प्रयोग गरेर बिम्ब प्रतीकलाई सहज रूपमा आफ्ना कवितामा प्रशस्त मात्रामा सजाउने समसामयिक धाराका सवच्छन्दवादी-प्रगतिवादी कवि हुन् ।

कवि लोकनाथ पुडासैनी समसायिक युगको प्रतिनिधित्व गर्दै मूलतः स्वच्छन्दवादी र प्रगतिवादी धारामा आबद्ध हुँदै कविता लेखेका छन् । उनको कविता सङ्ग्रह उत्कृष्ट भए तापनि केही ठाउँमा कवि चुकेका हुन् कि भन्ने लागेको छ । कविताको भाव अभिधा मात्र नभएर लक्षणा पनि बन्न पुगेको छ, जसले गर्दा कवितामा अध्ययन गर्न बानी नपरेका पाठकलाई फलामकै चिउरा चपाए बराबर हुने कुरा पक्का छ । **संविधान अवसान** कवितामा वर्णगत भेद पनि पाउन सकिन्छ । स्थानीय शब्द कवितामा परेकाले सबै पाठकले नबुझ्ने हुन् कि भन्ने मलाई लाग्छ । कुनै कुनै कवितामा शीर्षक र भावको तालमेल नमिलेको हो कि भन्ने पनि लागेको छ । कुनै कविता अत्याधिक लामा र कुनै कविताचाहिँ अति छोटा रहेका छन् । जसमा कवि भावनामा बगेको हो जस्तो लाग्छ । कविताको समानुपातिक मिलाएको भए अझ राम्रो हुने थियो । गद्य लयात्मकतामा पनि कवि कही कतै चुकेको भान हुन्छ । केही नगण्य कमजोरी **संविधान अवसान** कविता सङ्ग्रहमा भेटिए तापनि कविता सङ्ग्रह उत्कृष्ट छ यसका साथै आगामी दिनमा यी कमजोरीलाई पूर्ति गरी अगाडि बढ्नुहुनेछ भन्ने अपेक्षा छ ।

# सन्दर्भ सामग्री सूची


अवस्थी, प्रा.डा. महादेव, (२०६४), आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श, कीर्तिपुर, काठमाडौँ : इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

अधिकारी, रविलाल (२०५६) प्रगतिवादी नेपाली समालोचना, पोखरा : लेकाली प्रकाशन ।

आचार्य, बाबुराम (२०५०), पुराना कवि र कविता, छैटौं सं., ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद, (२०३९), मोतीरामको व्यक्तित्व र योगदान, मोती स्मृति ग्रन्थ, सम्पा, रमा शर्मा, काठमाडौँ : नेपाली शिक्षा परिषद् ।

उपाध्याय, केशवप्रसाद, (२०६७), विचार र व्याख्या, ते.सं., ललितपुर : साझा प्रकाशन ।

कुँवर, उत्तम, (२०५०) सष्टा र साहित्य, ललितपुर : साझा प्रकाशन ।

गौतम, लक्ष्मण, (२०६०), समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण, ललितपुर : साझा प्रकाशन ।

गौतम, लक्ष्मण, (२०६६), समकालीन नेपाली कविताका प्रवृत्ति, काठमाडौँ : पैरवी प्रकाशन ।

घिमिरे, माधव, (२०३०), आफ्नै बाँसुरी आफ्नै गीत, ललितपुर : साझा प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल, (२०६५), नेपाली कविता, काठमाडौँ : एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

तिमल्सिना, नवराज 'अवदोषी', (२०७०) पवन आलोकका कविता सङ्ग्रहको अध्ययन, काठमाडौँ : कृति बुक्स पब्लिकेसन ।

थापा, हिमांशु, (२०३६), साहित्य परिचय, ललितपुर : साझा प्रकाशन ।

थापा, हिमांशु, (२०३६), साहित्य परिचय, चौ.स., ललितपुर : साझा प्रकाशन ।

दाहाल, धनश्याम, (२०६६), नेपाली फुटकर कविता र काव्य, काठमाडौँ : हजुरको प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य, (२०५४), नेपाली कविता, भाग-४, तेस्रो.सं., ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य, (२०६०), नेपाली कविता, भाग-४, चौ.सं., ललितपुर : साझा प्रकाशन ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, नेपाली वृहत शब्दकोष, छैटौ संस्करण : काठमाडौँ, ने.रा.प्र.प्र. ।

पुडासैनी, लोकनाथ (२०६९), संविधान अवसान, काठमाडौँ : पाँचपोखरी बुक स्टोर ।

प्रधान, पारसमणि र माधवप्रसाद पौडेल, (२०६७), कविता सिद्धान्त र विकास प्रक्रिया, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बराल, ईश्वर र अन्य, (२०५५), नेपाली साहित्य शब्दकोश, काठमाडौँ : ने.रा.प्र.प्र. ।

लुइँटेल, खगेन्द्र प्रसाद, (२०६०), कविता सिद्धान्त र नेपाली कविताको इतिहास, कमलादी, काठमाडौँ : ने.रा. प्र.प्र. ।

शर्मा, रामकृष्ण, (२०४९), दश गोरखा (कवि), दो.सं., ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल (२०६२) शोध विधि, ललितपुर : साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०३९), नेपाली साहित्यको इतिहास, दो. सं., काठमाडौँ : सङ्कल्प प्रकाशन ।

शर्मा भट्टराई, शरद्चन्द्र (२०३७), नेपाली साहित्यको इतिहास, काठमाडौँ : त्रि.वि.वि. पाठ्यक्रम विकास केन्द्र ।

शर्मा नेपाल, वसन्तु कुमार (२०५७), नेपाली शब्द सागर, ललितपुर : साझा प्रकाशन ।

शर्मा, गोपीनाथ, (२०६३), साहित्यको रूपरेखा, काठमाडौँ : ने.सं.

सम, बालकृष्ण, (२०६१), आगो र पानी, ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६१) नेपाली समालोचनाःपरम्परा र प्रवृत्ति, वाराणसी : भूमिका प्रकाशन ।

सुवेदी अभि (२०५४) पञ्यात्य काव्यसिद्धान्त, दो.स. ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, (२०६४), नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, नवौं सं. ललितपुर : साझा प्रकाशन ।

**पत्रपत्रिका, स्मारिका तथा अभिनन्दन पत्रहरू**

**गोरखापत्र,** राष्ट्रिय दैनिक, (२०६९), वर्ष ११२ अङ्क ८९ श्रावण १८

**पोखरा आवाज,** राष्ट्रिय दैनिक, (२०६९), वर्ष ५ अङ्क ३३४, श्रावण १४

**हिमदूत,** राष्ट्रिय दैनिक, (२०६९), वर्ष ५२ अङ्क २५४, श्रावण १४

**आविष्कार,**राष्ट्रिय दैनिक, (२०६९), वर्ष १ अङ्क १५९, श्रावण १५

**चकलेट** राष्ट्रिय साप्ताहिक, (२०६९), वर्ष १ अङ्क ३,  श्रावण १८

**गोरखापत्र,** राष्ट्रिय दैनिक, (२०७०), वर्ष ११३ अङ्क १२४, भाद्र २२

# परिशिष्ट

## परिशिष्ट -१

# शोधनायकसँग शोधार्थीका केही सम्झनालायक तस्वीरहरू




शोधनायक



“पछाडिबाट क्रमशः छोरो इ. कौशल, म, ठुलो ज्वाइँ पुरुषोत्तम, ठुली छोरी इ. कुसुम, नातिनी आयुषी, बुहारी इ. सङ्गीता, मेरी जीवन सङ्गिनी कमला, सानी छोरी कला, नातिनी अंशु र सानो ज्वाइँ दिनेसका साथमा”

आफ्नो परिवारका साथमा शोधनायक



शोधनायक तथा शोधनायकको परिवारका साथमा शोधार्थी

परिशिष्ट-२

# साहित्यकार लोकनाथ पुडासैनीका बारेमा

# प्रा.डा. पशुपति नाथ तिमल्सिनासँग गरिएको अन्तर्वार्ता

१. **कवि लोकनाथ पुडासैनीलाई कसरी र कहिलेदेखि चिन्नुहुन्छ ?**

✍ २०६० को आसपासबाटै साहित्यिक र सामाजिक-शैक्षिक आन्दोलनका क्रममा उहाँसँग भेटघाट र चिनापरिचय भएको हो ।

२. **कवि लोकनाथ पुडासैनीका रचना साहित्यिक हुन् कि गैर साहित्यिक ?**

✍ लोकनाथ पुडासैनीका लेखनका दुई पाटा छन् । एउटा साहित्यिक पाटो र अर्को गैरसाहित्यिक, तर पेसा व्यवसायसँग जोडिएको । साहित्यिक लेखनमा उहाँमूलत; कविता विधासँग जोडिनु भएको व्यक्ति हो ।

३. **कवि लोकनाथ पुडासैनी कुन विधामा बढी सफल छन् ?**

✍ पुडासैनीको साहित्यिक लेखन आख्यान र कविताका क्षेत्रमा चलेको छ । यी दुई मध्ये उहाँको साहित्य लेखन कविता विधातर्फ बढि सशक्त र सफल छ ।

४. **आध्यात्मिक रचनाको कोटीमा उनका कृतिलाई कसरी लिन सकिन्छ ?**

✍ पुडासैनीका रचनाहरू कुनै धार्मिक/दार्शनिक वादलाई केन्द्र बिन्दुमा राखेर लेखिएका छैनन् यद्यपि आँफू बाँचेको समाज या पारिवारिक सेरोफेरोमा चल्दै आएको धार्मिक सांस्कृतिक प्रभावभित्रै उहाँका रचनाहरू सिर्जित छन् ।

५. **दार्शनिक मान्यताका आधारमा कवि लोकनाथ पुडासैनीका रचनालाई कसरी मूल्याङ्कन गर्न सकिन्छ ?**

✍ माथि नै भनी सकियो कुनै दार्शनिक या धार्मिक भावनालाई स्थापित गर्ने उद्देश्यले उहाँका साहित्यिक रचनाहरू लेखिएका होइनन् । तर आँफूले देखे भोगेका व्यवहारिक पाटोलाई सहजताका साथ ग्रहण गरेर देखाउने कार्य भने

भएको छ अर्थात् पूर्वीय अध्यात्मवादी संस्कृतिको छाप र त्यसप्रतिको रुचि उहाँका रचनामा देख्न सकिन्छ । तर धर्म र संस्कृतिका रुढिवादिता या अवस्तुवादी जडताका पक्षमा उहाँमा प्रशस्त मात्रामा असहमती पाइन्छ । अझ यसो भनौं भौतिक जीवन-जगतका यथार्थ मूल्य मान्यताप्रति उहाँको आकर्षण र विश्वास त छ तर त्यसले रचनामार्फत् स्पष्टता पाउन सकेको छैन । उहाँमा आउँदा लेखनहरूमा अमूर्ताभावबाट मूर्त वस्तु परकतावादी भाव आउने विश्वास गर्न सकिन्छ ।

६. **समग्रताका दृष्टिमा कवि लोकनाथ पुडासैनीलाई कुन रूपमा लिन सकिन्छ** ?

✍ वैयक्तिक जीवनमा सरल र व्यवहारिक, पेशागत क्षेत्रमा कर्तव्यनिष्ठ र इमान्दार तथा साहित्यिक क्षेत्रमा निरन्तर प्रयत्नशीलता उहाँमा पाइन्छ ।

७. **कवि लोकनाथ पुडासैनीको चिन्तन, साधना र प्रयासले साहित्यिक एवं प्राविधिक क्षेत्रमा वर्तमान तथा भावी पुस्तालाई कस्तो टेवा दिन सक्ला** ?

✍ प्रगतिशील र आशावादी दृष्टि उहाँमा पाइन्छ । साहित्यमा सरलभाव र यथार्थोन्मुखी दृष्टि छ । गैरसाहित्यिक लेखनमा पनि उहाँले आफू क्रियाशील प्राविधिक शिक्षणसँग जोडिएको व्यवहारिक अनुभवलाई सरल रूपमा देखाउने प्रयत्न गर्नु भएको छ । यसले वर्तमान र भावी पुस्ताका व्यक्तिहरूलाई सकारात्मक सन्देश दिने छ ।

८. **साहित्यिक विधा मध्ये उत्तम र सफल विधाको रूपमा कुनलाई लिन सकिन्छ कवि लोकनाथ पुडासैनीलाई** ?

✍ यो सापेक्षिक कुरा हो । विधा कुन हो भन्नु भन्दा पनि कुनै समयमा कविता विधा नै बढि लोकप्रिय थियो । तर अहिले आख्यान विधातर्फ पाठकहरूको रुचि ज्यादा बढेको छ । आख्यान र कवितातर्फ कलम चलाए पनि पुडासैनीको लेखन कवितातर्फ नै सशक्त देखिन्छ ।

९. **जीवन र जगतलाई हेर्ने दृष्टिकोण कस्तो पाइन्छ** ?

✍ स्पष्ट बनी सकेको छैन । तर प्राविधिक क्षेत्रको सिप र ज्ञानसँग जोडिएको हुनाले उहाँको जीवन र जगतलाई हेर्ने दृष्टिकोण व्यावहारिक, यथार्थवादी र वस्तुवादीतर्फ नै ढल्केको छ ।

**१०. कवि लोकनाथ पुडासैनीको साहित्यमा भाव र शैलीको स्तरलाई कसरी मूल्याङ्कन गर्न सकिन्छ ?**

✍ पुडासैनीजीले आफ्ना साहित्यिक रचनाहरूका अन्तर्वस्तुको रूपमा उपेक्षित वर्ग र समुदायका पीडा व्यथालाई नै अभिव्यक्ति दिनु भएको छ । कथ्यभाव सामाजिक जीवनका यथार्थलाई नै ग्रहण गरेको भए पनि आफूले अभिव्यक्ति दिन चाहेको भावनालाई उद्घाटन गर्ने शैली भने उहाँले सशक्त र प्रभावशाली बनाउन सक्नु भएको छैन । भाव र शैली बिचको तालमेल मिलाउन केही मिहिनेतको आवश्यकता छ ।

**११. नेपाली साहित्यमा कवि लोकनाथ पुडासैनीको योगदानको बारेमा शब्दद्वारा कसरी व्यक्त गर्न सकिन्छ ?**

✍ उहाँ अध्ययनशील चिन्तनशील व्यक्ति हो । साहित्यिक क्षेत्रमा उहाँ निरन्तर प्रयत्नशील साधना र जीवन दृष्टि निर्माणमा अझै क्रियाशील हुनु आवश्यक छ । यस्तो अवस्थामा नेपाली साहित्यमा उहाँले पुऱ्याउनु भएको योगदानको मूल्याङ्कन गर्ने कार्यतर्फ लाग्ने हतारो गरिहाल्ने बेलाभएको छैन ।

**१२. कवि लोकनाथ पुडासैनीसँगको सम्झन लायक घटना वा प्रसङ्ग कुनै छ कि ?**

✍ त्यस्तो खास विशेष छैन ।

**१३. वर्तमान लोकनाथ पुडासैनीलाई भन्नुपर्ने कुरा के छ ?**

✍ साहित्य यथार्थ जीवनजगतको कलात्मक प्रतिबिम्बन हो । कुनै पनि साहित्यकारले कलाको उपेक्षा गर्दा आफूले बाह्य जीवनबाट ग्रहण गरेका सामग्रीहरू जतिसुकै यथार्थ भए पनि पाठक समक्ष पुग्दा ती फितला र अप्रभावकारी हुन पुग्दछन् भन्ने कुरा किमार्थ पनि भुल्न हुँदैन । यस दिशातर्फ सचेष्ट हुन म पुडासैनीजीलाई सल्लाह दिन चाहन्छु ।

# परिशिष्ट-३

# साहित्यकार लोकनाथ पुडासैनीसँग गरिएको अन्तर्वार्ता

**१. तपाइँको जन्म, जन्मस्थान र साहित्यमा लाग्ने प्रेरणा यहाँलाई कसबाट प्राप्त भएको हो ?**

✍ मेरो जन्म वि.सं. २०२१ साल फाल्गुन २३ गते शनिबारका दिन पन्द्रुङ गा.वि.स. वडा नं १ जराङ्गबैंसी गोरखामा भएको हो । कुनै खास व्यक्ति विषेशको प्रेरणा भन्दा पनि जीवन भोगाइ र अनुभूतिका कारण स्वतस्फुर्त रूपमा साहित्य सिर्जनामा लागेको हुँ ।

**२. साहित्यलाई राजनीतिले बेलाबेलामा आक्रमण गर्ने गर्दछ , तपाइँ यसमा के भन्नु हुन्छ ?**

✍ साहित्य र राजनीति दुवै समाजका उपज भएकाले यिनीहरूका बिचमा अन्तर्सम्वन्ध रहन्छ नै । सिर्जनाका लागि उपयुक्त वातावरण राजनीतिले दिनु पर्दछ । अन्यथा भावना मर्न सक्तछ । यसले अभिव्यक्ति स्वतन्त्रता कुन्ठित पारेको दखिन्छ । मेरो **संविधान अवसान** कविता सङ्ग्रहमा सङ्ग्रहित **सावधान** र **साँढे** कविता धेरै प्रकाशनहरूले प्रकाशित गर्नै मानेन् । यसको कारण पनि राजनीति नै थियो । धेरै समय पछि तन्नेरी र गण्डकी साहित्य सङ्गम जस्ता प्रकाशनहरूले बढो हिम्मतका साथ प्रकाशित गरिदिए । म ती प्रकाशनहरू प्रति आभारी छु ।

**३. प्राविधिक विषय रोज्नुको कारण के थियो ?**

✍ ग्रामीण जनजीवनमा हुर्के बढेको मान्छे म । जहाँ अभाव र गरिबीले कहिल्यै मुन्टो उठाउन दिएको हुँदैन । त्यस्तो अवस्थामा जहाँ जुनसुकै हालतमा भए पनि रोजगारीको आवश्यकता पर्दथ्यो । त्यस्तै अभावग्रस्त जीवन गुजारा गरिरहेको मेरो परिवारको एक सदस्य ममा पनि छिट्छिटो आम्दानीको स्रोत जुटाउनु पर्ने टट्कारो आवश्यकता थियो । विद्यालयमा अध्ययन गर्दागर्दै

सोही अवसरको खोजिमा भौंतारिँदै जाँदा स्वरोजगारमूलक शिक्षा प्राप्त गर्ने अवसर प्राप्त भयो । यो मेरो सचेत रोजाइ भन्दा पनि परिवेशले तयार पारेको हो र सोही विषय अध्ययन गर्न थालेँ । जसले गर्दा डिप्लोमा तहको अध्ययन समाप्त हुनासाथ विश्वविद्यालय सेवामा नोकरी गर्ने सुअवसर प्राप्त हुन गयो र आजसम्म पनि इ.अ.सं. अन्तर्गतको पश्चिमाञ्चल क्याम्पसमा कार्यरत रहेको छु ।

४. **तपाईंले अहिलेसम्म कुन् कुन् क्षेत्रमा आँफूलाई क्रियाशील बनाउँदै आउनु भयो ?**

✍ प्राध्यापन कार्य नै मेरो मुख्य पेसा रह्यो । यस अतिरिक्त समयको तारतम्मे मिलाएर समाजसेवा र साहित्य लेखनतिरै क्रियाशील भई रहेको छु भने जीवनको कुनै क्षणमा राजनीतितर्फ पनि क्रियाशील भइयो ।

५. **तपाइँ एक कुशल प्राविधिक, तर हाल आएर एउटा साहित्यकारको रूपमा देखा पर्नु भएको छ । यसको खास कारण के हो ?**

✍ प्राविधिक त हुँ तर मेरो प्राविधिक मन भित्र पनि साहित्यानुरागी भावना छचल्किने भएकाले फुर्सदको समयमा समाजमा घट्ने तमाम घटना परिघटनाहरूले मनभित्र च्वास्स घोच्दा तिनै मनका भावनाहरूलाई लेखनका माध्यमबाट सार्वजनिक रूपमा अभिव्यक्त गर्ने प्रयत्न गरेको हुँ । साहित्य वा कविता भन्दा पनि मनका भावनालाई व्यक्त गर्ने क्रममा कोर्ने बानी परेको हो । तपाईंले त साहित्यकार भन्नु भयो तर मेरा यी लिखतहरू साहित्य भए भएनन् त्यो भने मलाई थाहा छैन । यसको समग्र मूल्याङ्कन गर्ने जिम्मा तपाइँहरूकै हो ।

६. **साहित्य जस्ता जटिल विषयलाई रोज्नुको कारण के हो ? यसबारे प्रकाश पारीदिनु हुन्थ्यो कि ?**

✍ हो, कहिलेकाहीँ म जस्तो विशुद्ध प्राविधिक व्यक्तिले साहित्य जस्तो गहन क्षेत्रमा हात हाल्नु कतै मेरो धृष्टता हुने त हैन भन्ने निकै डर लाग्ने गर्दछ । तथापि मैले आफ्ना भावनाहरूलाई लेखेरै भए पनि समाजका सामु प्रकट गर्ने प्रयत्न गरिरहेको छु । साहित्यका माध्यमबाट थोरै भए पनि समाजमा रहेको अन्तर्सम्वन्धलाई बुझ्न बुझाउन सकिन्छ भन्ने लाग्दछ । साहित्यका माध्यमबाट दीर्घकालिन सन्देश प्रवाह गर्न सकिन्छ र यो विषय

पनि प्राविधिक विषयजस्तै प्रयोगात्मक हुनुपर्दछ कि जस्तो लाग्दछ । साहित्य मेरा लागि रोजाइ भन्दा पनि मनमा लागेका कुराको अभिव्यक्ति दिने क्रममा व्यक्त भएको हो ।

७. **तपाईं आँफूलाई कस्तो साहित्यकारको रूपमा पाठकमाझ चिनाउन चाहनु हुन्छ ?**

✍ म त लेखनको प्राम्भिक चरणमा नै छु । तपाईंले भने पनि म आफूलाई साहित्यकारै भइसकेँ भन्ने ठान्दिनँ । लेखनका क्षेत्रमा म एउटा सामान्य र सिकारु सर्जक हुँ । तसर्थ आदरणीय पाठक र तपाइँ जस्ता विद्वान समीक्षकहरूले जे भन्नुहुन्छ म त्यही मात्र हुँ । योजनागत ढङ्गले यसै हुँ भनेर आँफूले आँफैलाई चिनाउने लक्ष्य राखेको छैन । मानिसलाई उसले गरेको कृतिका आधारमा समाजले चिन्ने र चिनाउने गर्दछ जस्तो लाग्दछ । त्यसैले म कस्तो भन्ने कुरा मैलेभन्दा पनि पाठक वर्गले निर्क्योल गरिदिने कुरा हो ।

८. **तपाईंका पुस्तक पढ्दा सामान्य पाठकहरूलाई अर्थबोध हुन कठिन हुने देखिन्छ । यसमा तपाईंको के भनाई छ ?**

✍ हुन त मलाई मेरा कविताहरूमा त्यस्तो क्लिष्टता छ जस्तो लाग्दैन । तथापि स्थानीय र आञ्चलिक शब्दहरूको संयोजन भने गरिएको छ । त्यसैले स्थान विषेशमा प्रयोग गरिने र बोलिने बिम्बात्मक शब्दहरूमा केही फरक पर्न जाँदा अस्पष्टताहरू रहेको हुन सक्तछ । तथापि ती शब्दहरूको अर्थ खोज्नु पाठकवर्गको पनि दायित्त्वभित्र पर्छ कि जस्तो लाग्दछ । अर्को कुरा कतिपय कवितामा तत्कालीन सन्दर्भ पनि जोडिएको छ । त्यसैले सन्दर्भ फरक पर्दा यस्तो लाग्न सक्तछ ।

९. **संविधान अवसान भन्ने कृतिभित्र यहाँले के कस्ता खोज अनुसन्धान गर्न खोज्नु भएको छ ?**

✍ राजनीतिक रूपमा नेपाली जनताले पुस्तौँदेखि आज पर्यन्त उस्तै प्रकारका दु:ख, कष्ट, पीडा र सामाजिक विभेदहरू झेल्न र भोग्न परिरहेको छ । केही मुट्ठीभर व्यक्तिबाहेक आम नागरिकहरूको जीवनस्तरमा केही सुधार हुन सकेन । मुलुकमा विगतदेखि भएका ठूल्ठुला जनआन्दोलनहरूको कारण सत्ता परिवर्तन समेत हुन पुग्यो । तापनि सत्ताको बागडोर आफ्नो

हातमा लिई राज्य व्यवस्था हाक्न पुगेकाहरूको दुष्प्रवृत्तिमा कुनै परिवर्तन भएन । निजी स्वार्थ र हरेक खाले अराजकताका कारणले देशमा झनै डरलाग्दो हिंसा भड्कियो र अन्तत मुलुक द्वन्दमा नराम्ररी फस्न पुग्यो । सत्ता सञ्चालकहरूको अकर्मण्यताले आपसी सद्भाव, भाइचारा र बन्धुत्वमा समेत खलल पुग्न गयो । यिनै घटना परिघटनाको सेरोफेरोमा रहेर त्यसको कारण खोतल्ने प्रयास गरेको छु । सर्वप्रथम देशमा दिगो शान्ति स्थापना गर्न जरुरी छ । त्यसका लागि सबै पक्ष इमान्दार हुनु पर्दछ भन्ने मेरो भनाइ हो । यस्तै एक्काइशौँ शताब्दीमा आएर पनि हामीहरू हिंसाप्रति विश्वास गर्दैछौँ । उन्नति प्रगतिका लागि धार्मिक आस्था र विश्वाशका नाममा पशुपक्षीको बली दिन लालायित भएका छौँ । के हिंसाका माध्यमबाट कुनै चाहना पुरा भएका छन् र ? अँह मलाई त विश्वाश लाग्दैन । तसर्थ कुनै पनि हालतमा हिंसात्मक गति विधि र बलिप्रथा उपयुक्त हुँदै हैन । यस किसिमको कुप्रथालाई रोक्नका निमित्त सचेत नागरिकहरूको ध्यानाकृष्ट गराउने अर्को उद्देश्य रहेको छ । यसका साथसाथै नेपालमा प्रचुर मात्रामा रहेको जल, जमिन, जडिबुटी, पर्यटन र कृषि उद्योग एवम् अन्य कलकारखाना लगायतका क्षेत्रमा प्रशस्त सम्भावनाहरू रहेका छन् । तिनको पहिचान गरी उचित सदुपयोग गरिएमा आफ्नै देशमा रोजगारीको अभिवृद्धि भई आम नागरिकले आआफ्नो योग्यता क्षमता अनुसारको कार्यमा खट्न सके आपसी कलह र द्वन्दको अन्त्य हुने थियो । शान्ति स्थापना हुन सके देश विकासको गतिलाई सगरमाथा जत्तिकै उचाइमा चुल्याउन सकिन्छ भन्ने तर्फ सबैलाई सचेत गराउने प्रयास पनि गरेको छु जस्तो लाग्दछ । भलै यसको नामाकरण भने संविधानसभा आफ्नो काम पुरा नगरी भङ्ग भएको सन्दर्भ पनि शीर्षकले सङ्केत गरेको छ ।

**१०. तपाईंले पुस्तकका माध्यमबाट आम पाठकहरूलाई के सन्देश प्रवाह गर्न खोज्नु भएको हो ?**

✍ यो र अघिल्लो दुवै प्रश्नहरूको जवाफ उस्तै उस्तै हुन सक्तछन् जस्तो लाग्दछ । नेपाल आमाका होनाहार सयौँ सपूतहरूले परिवर्तनका लागि

आफ्नो अमूल्य जीवन त्याग गरे । तिनले रगत बगाई स्थापना गरेको प्रजातन्त्र र लोकतान्त्रिक गणतन्त्रका आधारभूत मूल्य मान्यताहरूलाई चिरस्थायी बनाई राख्न विगतमा जहानिया शासन व्यवस्था, एकदलीय पञ्चायती व्यवस्था हुँदै पुनर्स्थापित बहुदलीय राज्य व्यवस्थाका अवधिमा पनि शाषक वर्गद्वारा शोषित उत्पीडित वर्गहरूको जीवन उद्धार नगरिकन वैयक्तिक उद्धारमा लागेको दखियो । राज्यसत्तामा पुगेका ती नेताहरूले जनताका माझ गरेका बाचाकबोलहरू तोडेर साठी सत्तरी वर्षदेखि चिर प्रतिक्षित जनताको संविधान लेख्ने सुअवसरलाई समेत मृत्युशैयामा पुऱ्याएर अन्तत एकजुगमा एकपटक आउने भनिएको संविधानसभाकै अवसान गराउने कार्य भएको छ । यस किसिमको गैर जिम्मेवार कार्य गर्ने गराउनेहरूको जति भत्सना गरे पनि पुग्दैन । त्यसैले फेरि पनि यिनलाई खबरदारी नगरी हुँदैन गरी राख्नु पर्दछ भन्ने तर्फ आम नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई सजग गराउने प्रयत्न गरेको छु जस्तो लाग्दछ । यस्तै समाजमा रहेका छुवाछुत र जातीय विभेदको अन्त्य, आपसी सद्भाव र मेलमिलाप कायम गर्दै सबै तह र तप्काका जाति, वर्ग, क्षेत्र र लिङ्गको उचित सम्मान हुनु पर्दछ । म आफू कसैले कसैमाथि रङ र वर्णका आधारमा विभेद गरिनु हुँदैन भन्ने मान्यता राख्ने मानिस भएकाले यस्तै होस् भन्ने चाहन्छु । जुनसुकै बहानाबाजीमा नै किन नहोस आखिर हिंसा हिंसै हो र यसले प्रतिहिंसा निम्त्याउँदछ । प्रतिशोधको भावना जगाउँछ । तसर्थ जुनसुकै निहुमा हुने हिंसा र काटमारले समस्याको समाधान नदिने भएकाले त्यस किसिमका सामाजिक अपराधलाई सदाका लागि अन्त्य गरिनु पर्दछ र यो धर्तीमा सक्नेले मात्र हैन निमुखा वर्ग र चराचर जगतका सम्पूर्ण प्राणीहरूले ससम्मान स्वतन्त्रतापूर्वक बाँच्ने अवसर पाउनुपर्दछ ।

**११. तपाईं प्राविधिक क्षेत्रमा काम गरेर पछि साहित्यमा कलम चलाउने साहित्यकारका रूपमा आँफूलाई चिनाउन खोज्नुको पछाडि के कारण छ ?**

✍ परिचय नै बदल्न खोजेको त कहाँ हो र ! पेशागत रूपले त म प्राविधिक क्षेत्र कै व्यक्ति हुँ नि । नाप्ने फिता, छिना, हथौडा, पेचकस जस्ता

ज्यावलहरू मेरा जीवन जिउन सघाउने असल मित्रहरू हुन् भने साहित्य मेरो रुचिको विषय बनिरहेको छ । तसर्थ मनमा लागेका भावनाहरूलाई लेख्दछु र बेलामौकामा अरुलाई पनि सुनाउने गर्दछु । त्यसैले प्रविधि र साहित्य दुवैलाई मैले छोड्न नसक्ने मेरा अभिन्न अङ्ग बनेका छन् ।

१२. **साहित्यमा खास गरेर कविता विधा रोज्नुको कारण के हुन सक्छ** ?

✍ यसअघि नै पनि भनिहालेँ कि मैले रोजाइ कै कारणले कविता विधामा कलम चलाएको भने हैन । सुरु सुरुमा त मैले छोटा छोटा निबन्धहरू नै लेखेँ । त्यसपछि क्रमश समालोचना, नियात्रा, कविता र मुक्तकहरू एकसाथ लेख्दै थन्क्याउँदै गर्न थालेँ । कहिलेकसो ती मध्ये केही रचनाहरू स्थानीय र राष्ट्रिय स्तरका पत्रपत्रिकाहरूमा फुटकर रूपमा प्रकाशित पनि भए । यसरी लेख्दै थन्क्याउँदै जाँदा कविताहरूको संख्या धेरै हुन पुगेछन् र मेरा अनन्य मित्रहरूलाई देखाउँदा सुनाउँदा उहाँहरू कै सरसल्लाहले यो कविता सङ्ग्रह प्रकाशन गर्न पुगेको मात्र हुँ । कविता मेरो रोजाइमा पर्नुको कारण आफ्ना भावनालाई कविताले व्यक्त गर्न सक्ने र पाठक श्रोतासँग पनि यसको निकटतम् सम्बन्ध रहने भएर पनि हो ।

१३. **तपाईं आँफूलाई कस्तो कविका रूपमा चिनाउन चाहनु हुन्छ** ?

✍ आफूले आफैलाई हेर्दा निश्चित आग्रह पूर्वाग्रह भन्दा माथि उठेर वास्तविकतालाई व्यक्त गर्न चाहने व्यक्ति हुँ जस्तो लाग्दछ । मेरा सिर्जनाहरूको अध्ययनपश्चात् विद्वान पाठक वर्गले मलाई जे उपमा दिन चाहनुहुन्छ म त्यही हुन चाहन्छु । तर पनि मेरा कविताले दोषारोपण र समस्याहरू औंल्याउने मात्र गरेको छैन, थोरबहुत् विकल्पहरू पनि पस्केको छ जस्तो लाग्दछ ।

१४. **तपाईंका कविता पढ्दा राजनीतिक विसङ्गति, राष्ट्रप्रेम र नैतिक मूल्य मान्यताले भरिएका देखिन्छन् । यसमा तपाईंको के भनाई छ** ?

✍ अवश्य समग्रतामा हाम्रो जस्तो अल्पविकशित देशको हरेक क्षेत्रमा राजनीतिले निकै ठुलो प्रभाव पर्दो रहेछ । राजनीतिक विसङ्गतिले नै देशमा अराजकता, अस्थिरता र भ्रष्टाचार मौलाएको दखिन्छ तापनि त्यही राजनीति असल मानिसका हातमा पर्‍यो भने मुलुकलाई सही मार्गमा

डोऱ्याउने काम पनि गर्दछ । अर्थात राजनीतिक स्थायित्व बिना मुलुकको विकास पनि सम्भव देख्दिन म । त्यसैले स्थिर राजनीतिले नै राष्ट्र, राष्ट्रियता र सार्वभौमिक अखण्डताको रक्षा गर्न सक्दछ । राजनीतिलाई विकृत ढङ्गले परिचालन गरेमा नैतिक मूल्य मान्यताहरू हराउँदै जान्छन् र जतातते अराजकतै अराजकता निम्त्याउँदछ । त्यसैले समग्र मुलुकको भाग्य र भविष्य राजनीतिसँग जोडिएको छ भन्दा पनि अत्युक्ति नहोला । तर दुर्भाग्य अहिले हाम्रो मुलुकको राजनीतिलाई भ्रष्टीकरणतर्फ उन्मुख गराईंदैछ कि भने जस्तो लाग्दछ । त्यसैले यसतर्फ साहित्यिक क्षेत्रबाट पनि हमेसा खबदारी आन्दोलन जारी राख्न जरुरी ठान्दछु ।

**१५. संविधान अवसान कविता सङ्ग्रहभित्र कुन कुन छन्दहरू अपनाउनु भएको छ ?**

✍ कुनै कुनै लयात्मक कविताहरू छन् जस्तो लाग्दछ । तर छन्दमा रचिएका कविताहरू छैनन्, सबै गद्य कविता नै हुन् ।

**१६. साहित्य मार्फत आधुनिक युवा पिडीलाई के कस्तो सन्देश दिन चाहनु हुन्छ ?**

✍ यो देशको भविष्य तपाईं युवाहरूकै हातमा छ । आफू असल र नैतिकवान बनेर अन्याय र अत्याचारको सशक्त विरोध गर्नुस् । मैले माथि पनि औंल्याएइ सकेको छु कि देशमा अहिले जतातते अस्थिरता, अराजकता, विकृति-विसङ्गति, कालाबजारी र भ्रष्टाचारले नराम्रोसँग जरो गाडेर बसेको छ । जहिले पनि यस्ताखाले प्रवृतिका विरुद्धमा ठाडो चुनौती बनेर उत्रिनु होस्, दुनियाँले तपाईंलाई साथ दिनेछन् र तपाईंहरू जस्ता युवाले नै त्यसलाई उखेलेर मिल्काउन सक्नु हुन्छ । त्यस्ता विषवृक्षलाई जरैदेखि थुतेर मिल्काउनुस् र सबैलाई साथमा लिई मुलुकको उज्वल भविश्य सुनिश्चित गर्न सफल हुनुहोस् ।

**१७. तपाईंको संविधान अवसान कविता सङ्ग्रहमा छन्द नमिलेको आभास पाठकले गरेको आरोपलाई स्वीकार्नु हुन्छ ?**

✍ सबै कविताहरू गद्य कवितै हुन् । साहित्य मेरो पढाइ र कार्यक्षेत्र भन्दा फरक भएकाले कमी कमजोरी हुन सक्छ र म यसलाई कुरालाई सहर्ष स्वीकार गर्दछु । तसर्थ पाठक महानुभावहरूले लगाएको आरोप अस्वभाविक हैन ।

**१८. नेपाली भाषा साहित्यको उत्थानमा लाग्नु भएको तपाईं जस्ता सर्जकले झर्रो नपाली शब्दमा किन कन्जुस्याइँ गर्नु भएको ?**

✍ कविताको बान्की मिलाउनका निमित्त पनि स्थानीय वा आञ्चलिक शब्दहरूको बिम्बात्मक संयोजन गरिएको छ । ती शब्दहरूको संयोजन मिलाउँदा कविताले मिठो र चोपिलो आस्वाद पस्कन्छ र यसले नेपाली भाषालाई अझै समुन्नत बनाउन मद्दत पुऱ्याउँछ जस्तो लाग्दछ । यसलाई कन्जुस्याइँ नै भनिहाल्न त मिल्दैन कि ?

**१९. तपाईंका समग्र कवितामा कुन चेतना पाइन्छ ।**

✍ तपाइँको जिज्ञासा मेटिन्छ मेटिँदैन त्यो त मलाई थाहा भएन । यद्येपि मेरा कवितामा सामाजिक चेतना तथा विसङ्गति चेतना परिस्थितिले सिर्जना गरेको हो । मानवीय संवेदना, आपसी सद्भाव, सहिष्णुता, वर्गसमन्वयकारीभाव, घृणा, आक्रोश र त्यसप्रति सचेत गराउने व्यङ्ग्य चेतना पनि पाइन्छ कि जस्तो लाग्दछ ।

**२०. तपाई राष्ट्रमा कस्तो व्यक्तित्वको रूपमा चिनिन चाहनु हुन्छ ?**

✍ अहिल्यै ममा त्यस्तो कुनै महत्वकांक्षा पलाएको छैन । समाजले यथार्थ मूल्याङ्कन गरिदिए पुग्छ ।

**२१. तपाईंको विचारमा साहित्य कस्तो हुनु पर्दछ ?**

✍ कसैको स्तुतिगानभन्दा पनि सरस, सुस्पष्ट, सन्देश मूलक र निश्चित वर्ग लक्षित हुनु पर्दछ ता कि त्यसले आवाज विहीनहरूको आवज बुलन्द गर्न सकोस् । यसो भन्दैमा साहित्यिक मान्यतालाई बिर्सन भने हुँदैन ।

**२२. वैज्ञानिक शिक्षा पद्धति, समाज सेवा, राष्ट्रप्रेम, विकास जस्ता महत्वपूर्ण कार्यमा योगदान दिन के गर्नु उपयुक्त होला ?**

✍ आदर, सम्मान लिन-दिनै नजान्ने र नैतिक मूल्यमान्यतालाई सवैतिरबाट लत्याउँदै पर निर्भरतामा रमाउँदै गएका हामीजस्ता आम नागरिकहरूले प्रथमत; नैतिक शिक्षा लिन-दिन अत्यन्त जरुरी देख्दछु । शिक्षाले राष्ट्रिय भावना, आत्मसम्मान र मूलत नैतिक मान्यताको जागरण गराउन आवश्यक देखिन्छ । जसले हाम्रो मुलुकमा बिग्रँदै भत्कँदै गएको थिति

बसाल्न सकोस् । यसो हुनसकेमा शिक्षामा मात्र हैन विकास निर्माण र हरप्रत्येक क्षेत्रमा वैज्ञानिकीकरण, समाजसेवा, राष्ट्रप्रेम र समग्र मुलुक निर्माण कार्यमा योगदान पुग्न सक्दछ जस्तो मलाई लाग्दछ ।

२३. **तपाइँले नेपाल सरकारका विभिन्न निकायमा रही के कस्ता कार्यहरूगर्नु भएको थियो ?**

✍ मैले अहिलेसम्म जम्माजम्मी नेपाल सरकारको निकाय भनुँ वा संस्थान वि.सं. २०४१ सालदेखि हालसम्म निरन्तर त्रि. वि. सेवामै क्रियाशील रहेको छु । यस अतिरिक्त सोही अवधि अर्थात वि.सं. २०४५ सालमा त्रि. वि. बाटै काजमा गइ सुदूर पश्चिमाञ्चलको सेती अञ्चलको सेती अञ्चलमा लागु गरिएको "ग्रामीण विकासका निम्ति शिक्षा परियोजना" अन्तर्गत रहेर विद्यायलको पूर्वाधार तथा पुननिर्माण गर्ने कार्यमा सरिक भई काम गर्ने अवसर पनि पाएको थिएँ ।

२४. **सन्तान के कति र अहिले वहाँहरू के कस्तो क्षेत्रमा परिचालित हुनुहुन्छ ?**

✍ हाम्रा एक छोरा र दुइटी छोरीहरू छन् । छोरो कौशल सिभिल इन्जिनियर हुन् । हाल उनी सानिमा हाइड्रो पावरमा डिजाइन इन्जिनियरको रूपमा कार्यरत रहेका छन् भने बुहारी सङ्गीता पनि सिभिल इन्जिनियर हुन् । उनी DRSP बझाङ्ग जिल्लामा कार्यरत छिन् । ठुली छोरी कुसुमले पनि सिभिल इन्जिनियरिङ गरेर इ.अ.सं. अन्तर्गतको पश्चिमाञ्चल क्याम्पस पोखरामा प्राध्यापन कार्य गर्दछिन् भने कान्छी छोरी त्रि.वि. अन्तर्गत नै नर्सिङ्-स्नातक तहमा अध्ययन गर्दैछिन् । यसैबिच छोरीहरूका तर्फबाट एक एकवटी नातिनीहरू अंशु र आयुषी जन्मिसकेका छन् । त्यसैले म एउटा प्राविधिक, समाज सेवक र तपाइँले भन्नु भए जस्तो साहित्यकार मात्र नभइ एउटा परिपक्को हजुरबा समेत भई सकको छु । हा हा हा.........., हामीबिच एकछिन् हाँसो गुन्जियो ।

**२५. नेपाली साहित्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्ने व्यक्तिहरू को को हुन् ।**

✍ नामै लिएर भन्नु पर्दा पूर्वाञ्चलमा छँदा मेरा लिखत अध्ययन गरेर त्यस तर्फ कलम चलाउन अभिप्रेरित गराउनेमा मेरा अनन्य मित्रहरू प्रा.डा. कृष्णप्रसाद दाहाल तथा धरानका पूर्व मेयर ध्यानबहादुर राईहरू नै हुन् । यस्तै प्रा.डा. खेमनाथ दाहालज्यूले पनि मलाई यथोचित सल्लाह दिने गर्नु हुन्थ्यो ।

**२६. नेपाली साहित्यको अवस्था कस्तो छ ? वर्तमान पुस्ताका राम्रा साहित्यकारहरूको नाम लिनुपर्दा कसकसको नाम लिनु हुन्छ ?**

✍ म त नेपाली साहित्यको भविष्य अत्यन्त राम्रो देख्दछु । नयाँ पुस्ताका सर्जकहरू जन्मँदै छन् । तिनका नयाँ नयाँ सिर्जनाहरू पाठक समक्ष आईरहेका छन् । पक्कै पनि तिनले नेपाली भाषा साहित्यमा महत्वपूर्ण टेवा पुर्‍याएका छन् । पहिले पहिलेको तुलनामा पठन संस्कृति पनि बढेको देख्दछु । साहित्यमा हरेकका आआफ्ना रुचिका विधाहरू हुने गर्दछन् । जस्तोसुकै भए पनि सबैलाई आआफ्ना सन्तानको माया लाग्दछ । त्यसैले म त कसैको नाम लिनु भन्दा पनि सबैखाले सर्जकका सिर्जनाहरूको उचित मूल्याङ्कन र सम्मान गरिनु पर्दछ भन्ने मान्यता राख्दछु ।

**२७. नेपालको शिक्षा नीति कस्तो हुनु पर्दछ ?**

✍ समाजोपयोगी, स्वरोजगारमूलक, राष्ट्रिय भावना र नैतिक मूल्य मान्यतालाई अक्षुण राख्ने खालको हुनु पर्दछ ।

**२८. जीवन र जगतलाई हेर्ने दृष्टिकोण कस्तो हुनु पर्दछ ?**

✍ संसारलाई समृद्ध बनाउने वा विकृतितिर धकेल्ने अरु कोही हैन मानव नै हो । मानव चेतना र शक्तिलाई सही बाटोमा हिडाउन सके राष्ट्रको उन्नति र प्रगति हुन्छ । जगत जीवका लागि हो र मूलत चेतनशील मानिसका लागि हो । जीवन अमूल्य छ । जगतमा असल काम गरेर नाम राख्नु पर्दछ भन्ने मेरो मान्यता रहेको छ ।

**२९. आधुनिक समयमा नेपाली साहित्य सन्तोषजनक रूपमा विकास भएजस्तो लाग्छ कि लाग्दैन ?**

✍ आधुनिक नेपाली साहित्यलाई हेर्दा पश्चिमी अनुकरण अलि बढे जस्तो लाग्दछ । जसलाई पूर्ण समर्थन गर्न सकिन्न । मानवलाई केन्द्रमा राख्नु, अनुभूतिप्रति इमान्दारीता देखाउनु सकारात्मक पक्ष हो भने आफैमा सङ्कीर्ण र निराशाग्रस्त देखाउनु राम्रो होइन । तापनि साहित्यप्रतिको बढ्दो रुचिले यसको भविष्य सुन्दर देख्दछु ।

**३०. नेपाली साहित्य हिजोआज पैसामा किनबेच हुन्छ भन्ने सुनिन्छ । तपाईंलाई कस्तो लाग्दछ ?**

✍ खै त्यस्तो त हुन नपर्ने हो । जस्तोसुकै कुरूप भए पनि हरेकका आमाबाबुलाई आआफ्नो सन्तानको अगाध माया लाग्दछ । कस्तै आपत् विपद् आईलागे पनि सन्तानलाई पैसामा बेच्न त कहाँ सकिन्छ र ! यद्यपि पैसामा साहित्य लेखन गर्ने गराउने र विज्ञापन गरेर भव्य समारोहको आयोजना गरी ठुलो धनरासी खर्च गर्ने प्रवृत्ति भने यदाकदा देखिने गरेको पाइन्छ । सम्पन्न वर्गका सिर्जनाले प्रकाशनमा स्थान र चर्चा पाए तापनि त्यो दीर्घजीवि भने हुँदैन । दाम पैसामा विकाऊ हुने साहित्य त साहित्यै हुन सक्तैनन् नि । त्यो त कसैको स्तुतिगान र फुटपाथमा बेच्न राखिएको जुत्ता मोजा जस्तो मालसामान बन्न पुग्दछ ।

**३१. तपाईंका विचारमा साहित्य कसका लागि लेखिनु पर्दछ ?**

✍ प्रश्न दोहोरिए जस्तो लाग्यो । मैले माथि पनि भनिसकेँ मेरो बिचारमा साहित्य समाजका लागि लेखिनु पर्दछ । सिधासादा र दीनदुःखी वर्गहरू प्रति परिलक्षित हुनु पर्दछ । ता कि त्यसले दमित, उत्पीडित र आवज विहीनहरूको इमान्दार प्रतिनिधित्व गर्न सकोस् ।

**३२. तपाईंको सम्झनालायक घटना कुन हो ?**

✍ तपाईंले सम्झनलायकको घटना सोध्नु भो । तर मैले बिर्सनै नसकिने र साथीभाइसँगै बसेको बेलामा कसैले खुट्टा हल्लाउँदा पनि त्यही भिउसिना आउँने र सम्झँदा आङै सिरिङ्ग सिरिङ्ग हुने अर्को गरेर दुइटा घटनाले

मलाई झस्काई रहन्छ । लामो भए पनि आज म त्यो घटना यहाँलाई सुनाउन चाहन्छु । नब्बे सालको भूकम्पका बारेमा हामी सबैले सुनेका मात्र हौँ । भोगिएको त हैन । तर वि. सं. २०४५ साल भाद्र ५ गते विहान करिब पाँचबजेको समयमा पूर्वाञ्चलको उदयपुरमा केन्द्रविन्दु बनाई त्यस वरपर र धरानमा गएको महा भूकम्प र त्यसले निम्त्याएको त्रास अनि जनधनको क्षतिको घटना विभत्स थियो । भत्किएका भौतिक संरचानाहरूले च्यापेर कति मानिसहरू उद्दार कार्य ढिला हुँदा छटपटाई रहेका थिए । तिनको उद्दारका लागि खट्न जाँदा प्रशासनले उल्टै हामीलाई गिरफ्तार गऱ्यो । त्यहाँ हामीलाई तत्काल उद्दारमा खट्न दिइएन् । समयमै उपचार गर्न पाएको भए बाँच्न सक्नेहरू तड्पी तड्पी मरे । यस्तै ०६२/०६३ सालको जनआन्दोलनमा पहिलो पटक गोली लागेर पोखरामा सहादत प्राप्त गर्ने सहिद भिमसेन दाहाललाई गोली लाग्दा यदि दोस्रो गोली पनि ठोकिएको भए मलाई नै लाग्ने थियो । किन भने उनलाई गोली लाग्दा म उनीसँगै रहेछु । सुकेको पात रूखबाट खसे झैँ हावामा तैरिँदै तैरिँदै उनी मेरै अघिल्तिर गर्लम्म ढले । महेन्द्रपुल नजिकै रगतको खोलो बग्यो । चलाउनेले त्यसपछि गोली चलाएन र म बाँच्न सफल भएँ । जब उनी ढले, उनको जीवन रक्षाका निम्ति हारगुहार गरेँ चिच्याएँ । गोली चल्नासाथ मसँगै आएको जुलुसको ठुलो मास एकाएक कता विलुप्त भएको थियो । पछि जव म कराएँ तब पिएन क्याम्पसका कालीदास सर, मेरो क्याम्पसका देउकाजी गुरुङ्ग र चिरन्जिवी चापागाइँ सरहरू आउनु भयो । त्यस लगत्तै जानुका अधिकारी पनि चिच्याउँदै आउनुभयो । विस्तारै मानिसहरूको जमघट हुन र नारा लाग्न थाल्दै थियो, हामीले उनलाई उठाउँदा उठाउँदै सशस्त्र प्रहरीहरूले खोसेर कता लगे हामीलाई पत्तो भएन । पछि थाहा पायौँ उनी त सहिद भएछन् । सायद यी दुई घटनाहरू मैले कहिल्यै बिर्सन सक्दिन होला ।

**३३. तपाईंले आफ्नो देशबाट के कस्तो प्रेरणा पाउनु भएको छ ?**

✍ मैले हाम्रो देशबाट उज्यालोतिर लाग्ने प्रेरणा पाएको छु । हाम्रो देशमा उब्जनि नै नहुने मरुभूमि कतै छैन । सँधै कठ्याङ्ग्रीनु पर्ने हिउँ छैन । न

अति जाडो न त अति गर्मी, विषमता कतै छैन । अध्ययन भ्रमणका सिलसिलामा म विदेश पनि गएँ । तर उपयुक्त किसिमको वातावरण निर्माण गरेर अघि बढ्ने प्रेरणा मलाई मेरै देशबाट मिलेको छ । यहाँको हिमालयले उज्यालो भविष्य र नदीनालाहरूले गतिशीलताका लागि सदैव हौसला र प्रेरणा प्रदान गरिरहेको छ जस्तो लाग्दछ ।

**३४. तपाईं नेपाली भएकोमा गर्व गर्नु हुन्छ कि हुन्न ?**

✍ अवश्य गर्दछु, किन नगर्ने ! एउटा नेपालीले आफू नेपाली हुनुमा गर्व नगर्ने को पटमूर्ख होला र खै ? हुन त राजनीतिक खिचातानी र अस्थिरताका कारणले मुलुक प्रति नै घृणाभाव राख्ने व्यक्तिहरू पनि समाज नभेटिने हैन, भेटिने गर्दछन् । प्रकृति, हार्दिकता, सहिष्णुता र अपनत्व भएको देश मेरा लागि गर्वको विषय हो । शासकहरूको इन्छाशक्ति हुनासाथ अनन्त सम्भावना बोकेको नेपालको नागरिक हुनुमा मलाई गर्व छ । यहाँ भविष्य नदेख्नु सरासर गलत र राष्ट्र प्रतिको घात हो ।

**३५. तपाईंले नेपाली पाठकलाई भन्नु पर्ने केही कुरा छन् कि ?**

✍ नाम चलेका र ठुलाठुला विज्ञापनले चुल्याइएका पुस्तकहरूका अतिरिक्त नामै नसुनिएका तर नेपाल र नेपाली माटोलाई माया गरेर लेखिएका हरेक सर्जकका सिर्जनाहरूलाई अध्ययन गरी स्वच्छ भावनाका साथ लेख्ने सर्जकहरूलाई एकपछि अर्को उत्कृष्ट रचनाहरू सिर्जना गर्दै जानका लागि अभिप्रेरित गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

## परिशिष्ट-४

# साहित्यकार लोकनाथ पुडासैनीका बारेमा उनकी धर्मपत्नी श्रीमती कमला पुडासैनीसँग गरिएको अन्तर्वार्ता :

१. **तपाईं कति समयदेखि वहाँसँग जीवन चलाउँदै आउनु भएको छ ?**

✍ वि.सं. २०३९ सालदेखि ३२ वर्ष भई सकेछ ।

२. **उहाँलाई साहित्यकार बनाउन आफ्नो केही योगदान छ जस्तो लाग्छ तपाईंलाई ?**

✍ लाग्छ नि किन नलाग्ने । मैले घरायसी कामकाज र बालबच्चा स्याहार गरेर वहाँको लेखन कार्यमा समय उपलब्ध गराइदिएकी छु र त लेखिराख्न पाउनु भएको छ ।

३. **जीवनमा दुःख सुख देख्नु भोग्नु भो, जीवन के हो जस्तो लाग्छ ?**

✍ जीवन तिनै दुःख सुखको संयोग हो जस्तो लाग्दछ ।

४. **तपाईंलाई साहित्यकार लोकनाथ पुडासैनीको कुन व्यक्तित्व मन पर्छ ?**

✍ सुख दुःखमा सवैलाई सहयोग गर्न मन पराउने एउटा असल सहयोगी र जिम्मेवार अविभावकको भूमिका निभाउने व्यक्तित्व हुनुहुन्छ ।

५. **के उहाँले तपाईं घरायसी कार्यमा पनि सहयोग गर्नुहुन्छ ?**

✍ गाउँमा छँदादेखि खेतीपाती गर्ने भएकाले अहिले यहाँ बस्दा पनि खाना पकाउने, लुगा धुने र कहिलेकाहीँ भाँडा माझ्ने जस्ता हरेक काममा मलाई सघाउनु हुन्छ ।

६. **तपाईंको विचारमा वहाँ कस्ता कस्ता काम गर्न बढी रुचि राख्नुहुन्छ ?**

✍ सबैलाई समान देख्न चाहने र अरुको दुःखलाई आफ्नै दुःख जस्तो ठानेर हरतरहले सहयोग गर्न तम्सने  र आफ्नो दशकाम बिताएर पनि सँधै समाजसेवामा खट्न रुचाउने खालको व्यक्ति हुनुहुन्छ ।

७. **उहाँका राम्रा र नराम्रा पक्षहरू के के हुन् ?**

✍ अलि चाँडो रिसाउनु हुन्छ । सबैकुरो आफूले भने जस्तो दुरुस्तै होस् भन्ने चाहना राख्नुहुन्छ । घर परिवारलाई भन्दा समाजसेवामा बढी खट्ने भएकाले घरको चासो कम गर्ने बानी छ । अरु बानी त सबै राम्रो लाग्दछ ।

८. **परिवारका सदस्यहरूलाई कतिको समय दिनु हुन्छ ।**

✍ मैले अघि पनि भनि हालें नि, यो मामिलामा उहाँको अलि कमी रहेको छ । खाली समाजसेवा वा यस्तै साहित्यिक गतिविधिका कार्यक्रमहरूमा कुदिरहनु हुन्छ तर घर आएपछि भने लेख्न पढ्न क्यै छैन भने हाम्रा लागि समय दिनुहुन्छ । अहिले त उहाँलाई सानी नातिनीले गर्दा लेख्न पनि भ्याईराख्नु भएको छैन । तिनकै गोठालो लाग्दै हुनु हुन्छ । यसलाई त सघाएकै भन्न पर्‍यो नि, हैन र ।

९. **तपाईंलाई वहाँले अँझ के गरिदिए हुन्थ्यो जस्तो लाग्छ ?**

✍ वहाँका इच्छा अनुसार दुःखी गरिब र समाजको उन्नति प्रगतिका लागि सहयोग पुग्ने खालको साहित्य लेख्ने र घर परिवारलाई पनि समय दिँदै त्यस किसिमको कार्य गरे हुन्थ्यो भन्ने लाग्दछ ।

१०. **अन्त्यमा वहाँका बारेमा भन्नु वा उहाँबाट अरुले सिक्नु पर्ने केही कुरा छन् कि ?**

✍ विहान उठेदेखि राति अबेरसम्म पढाउने, पढ्ने र लेख्ने काममा खट्नुहुन्छ । धपेडी गरेर समाज सेवामा खट्ने उहाँको अर्को बानी छँदै छ । त्यसैले आफ्नो स्वस्थ्यका बारेमा पनि ध्यान दिनुस् भन्दछु । पढाउने भएर हो कि कुन्नि, समयलाई खेर नफाली हरेक काम तोकिएकै समयमा गर्ने गर्नुहुन्छ । कहिल्यै पनि ठगठाग नगरी काम गर्ने उहाँको बानी अरुले पनि सिक्न लायक छ जस्तो लाग्दछ ।